
सर्वेश्वर महादेव



डा. वीणा पौड्याल

सर्वेश्वर महादेव

ग्रन्थकार
सह–प्रा. डा. वीणा पौड्याल
त्रिभुवन विश्वविद्यालय
नेपाली इतिहास, संस्कृति तथा
पुरातत्त्व केन्द्रीय विभाग
कीर्तिपुर

प्रकाशक
डा. ठाकुरनाथ पन्त स्मृति गुठी
सानो गौचरण, काठमाडौं
२०६०

पुस्तक : सर्वेश्वर महादेव

प्रकाशक : डा. ठाकुरनाथ पन्त स्मृति गुठी, काठमाडौं

प्रथम संस्करण : २०६० माघ १३ गते

प्रति : १,०००

मूल्य : रु. २२५।-

तस्बिर सौजन्य : पुरातत्त्व विभाग
वसन्त महर्जन
वर्षा घिमिरे

मुद्रक : लुष प्रेस, नयाँ बानेश्वर
फोन/फ्याक्स : ४४७२५९६
email : lusha@mos.com.np

प्रकाशकीय

सृष्टिको सुरूवात कहाँबाट भयो ? सृष्टिकर्ताले चल्ला पहिला बनाए कि अन्डा ? यी यस्ता प्रश्नहरू मानिसको दिमागमा हजारौं वर्षदेखि पलाए पनि अहिलेसम्म अनुत्तरित नै छन् । हिन्दूधर्ममा सृष्टिकर्ता ब्रह्मा, पालनकर्ता विष्णु र संहारकर्तालाई शिवको नाम दिए तापनि शिवलाई सृष्टिकर्ताकै रूपमा पनि हेरिन्छ । कुनै कुराको पनि सृष्टि नभइकन संहार हुन सक्तैन । त्यसैले सृष्टि नै संहारको टूसो हो । अर्को अर्थमा भन्नुपर्दा संहारबिना सृष्टि सम्भव पनि छैन, त्यसैले जो संहारकर्ता हो परोक्ष रूपमा उही नै सृष्टिकर्ता हो । यो शाश्वत् सत्य हो । त्यसैले होला त्रिदेव (ब्रह्मा, विष्णु, महेश्वर) मध्ये अनादिकालदेखि नै महेश्वरको विशेष किसिमले अनुष्ठान पूजा गरिँदै आएको छ (त्यसो भन्नुको मतलब ब्रह्मा र विष्णुको विशेष रूपमा पूजाआराधना गरिँदैन भन्न खोजिएको भने होइन) । शिव कालस्वरूप पनि हुन् जसलाई खुसी राखेर मानिस आफू चिरञ्जीवी बन्न चाहन्छ । शिव आसुतोष पनि हुन् जसलाई थोरै समयमा नै खुसी पारेर आफ्नो मनोवाञ्छा पूरा गर्न सकिन्छ । फेरि हाम्रो देश हिमालय, भगवान् आराध्यदेव पशुपतिनाथकी अर्धाङ्गिनी पार्वतीको जन्मभूमि । शिवको तपोभूमि । यहाँ हजारौंवर्षदेखि किरातेश्वर महादेवको पारुहाङ्सँगै आराधना हुँदै आइरहेको छ । मृगस्थली पार्वतीसहितका महादेवले मृगको रूप लिई क्रीडा गर्ने स्थान, भगवान् पशुपतिनाथको मन्दिर ज्योतिर्लिङ्ग उत्पत्ति भएको स्थान, विश्वका कुनाकाप्चासमम छरिएर रहेका हिन्दूहरूको पवित्रस्थल बनेको छ । यसरी हिन्दू धर्मावलम्बीहरूले हजारौं वर्ष अघिदेखि साकार वा निराकार शिवस्वरूपको ध्यान गर्दै आएका छन् ।

कर्क प्याट्रिकले काठमाडौंमा घरभन्दा बढी मन्दिर र मान्छेभन्दा बढी देवता छन् भनेर वर्णन गरेका थिए । त्यसैअनुसार भने पनि काठमाडौंको कुनाकाप्चामा प्रशस्त शिवालय तथा मठमन्दिरहरू रहेका छन् । यस पुस्तकमा चर्चा गरिएको सर्वेश्वर महादेवको मन्दिर पाटन ललितपुर नगरपालिका वडा नं. २२ मा स्थित छ । यस मन्दिर र यसको परिसरलाई अचेल कुम्भेश्वर महादेवको नामले पनि चिनिन्छ । मन्दिरभित्र सर्वेश्वर महादेवको लिङ्गसँगै कुम्भेश्वर महादेवको लिङ्गरूप पनि रहेको छ । यस पुस्तकमा लेखकले यसको फोटो पनि दिनुभएको छ । प्रस्तुत पुस्तकमा सर्वेश्वर (कुम्भेश्वर) महादेवको विषयमा धार्मिक, पौराणिक, सांस्कृतिक तथा लोक संस्कृतिको आधारमा उहापोह व्याख्या गरिएको छ । कुम्भेश्वर मन्दिर

परिसरमा छरिएर रहेका मूर्तिहरूको प्रतिमा विज्ञानका आधारमा पहिचान गरी तिनीहरूको वर्णन गरिएको छ। यसवाहेक पुस्तकमा भएका विशेषताहरू मध्ये केहीको मोटामोटी रूपमा उल्लेख गर्नु पनि सान्दर्भिक नै हुनेछ।

नेपाल अधिराज्यमा दुइवटा मात्रै पाँचतले मन्दिर रहेका छन्। यीमध्ये भक्तपुरको न्यातपोल एक हो भने दोस्रो कुम्भेश्वर हो। दुवै मन्दिरहरू आफ्नो विशिष्ट वस्तुशैलीले प्रसिद्ध छन्।

दश महाविद्याको थलोको रूपमा चिनिने पाटनको दश महाविद्यामध्ये एक महाविद्या बगलामुखी पनि सर्वेश्वर महादेवको मन्दिरको दक्षिणतर्फ रहेको छ। प्रसिद्ध बगलामुखी मन्दिरमा हरेक बिहीवार विशेष पूजा हुने गर्दछ।

नेपाली समाजमा धामी झाँक्री परम्परा कायमै छ। धामी झाँक्रीहरू मन्त्रसिद्धिको लागि जनैपूर्णिमाको दिन कुम्भेश्वरमा जाने गर्दछन्।

मन्दिर परिसरको गौरीकुण्डमा स्नान गर्दा कुष्ठरोगले सताएको एकजना घाँसी ललितारण्य रोगमुक्त भएको, राजा वीरदेवले वन फडानी गरी घाँसी ललितलाई मन्त्री बनाएर ललितपट्टन बनाए भन्ने किम्वदन्ती छ। एकातर्फ गौरीकुण्डमा गोसाइँकुण्डको जल प्रवाह भई कुण्ड वनेको हो भन्ने भनाइ रहेको छ भने अर्कोतर्फ सर्वेश्वरक्षेत्र अगस्त्य ऋषिको कुटी भएको ठाउँ हो। रावण वध गरेपछि ब्रह्महत्याको पाप लागेका रामकहाँ अगस्त्य ऋषि जान नमानेपछि रामले पापमोचन गर्न वाण हानी कोटी तीर्थजलको पानी निकाली सो ले स्नान गरे भन्ने किम्वदन्ती रहेको छ।

यस्तो खोजमूलक पुस्तक लेखेर हामीलाई प्रकाशन गर्न दिनुभएकोमा त्रि.वि.का सह-प्राध्यापक डा. वीणा पौड्याललाई म गुठीको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु। यो गुठीको तेस्रो प्रकाशन हो। यस अघि गुठीले *डा. ठाकुरनाथ पन्त*को प्रथम वार्षिक पुण्यतिथि पारेर *'डा. ठाकुरनाथ पन्त स्मृतिग्रन्थ'* प्रकाशित गरेको थियो। त्यस पछि गुठीको दोस्रो प्रकाशनको रूपमा *'प्रथम वार्षिक श्रद्धाञ्जलि सभा'* पुस्तिका प्रकाशित भएको छ।

अन्त्यमा, निरन्तर हाम्रा प्रकाशनहरू प्रकाशित गरी सघाउ पुऱ्याउनुहुने मित्र गुहनाथ पौडेल र लुषप्रेस परिवारप्रति हार्दिक आभार व्यक्त गर्दछु।

ॐ शिवसङ्कल्पमस्तु !

मिति : २०६० माघ १३ गते।

सीताराम थपलिया
महासचिव
डा. ठाकुरनाथ पन्त स्मृति गुठी

दुइ शब्द

ब्रह्माण्डका रचनाकार परमात्माको अनुकम्पाविना आँखा पनि झिम्काउन सकिँदैन । यो पुस्तक पनि उनै परमात्माको अनुग्रह हो । १०/१५ वर्षपहिलेदेखि नै शैवधर्म र शिवलिङ्गवारे अध्ययन/अनुसन्धान गरिरहेकी थिएँ । सर्वेश्वर मन्दिरक्षेत्रमा दर्शन गर्न र विद्यार्थी भाइवहिनीसँग अध्ययनको क्रममा बेलाबेलामा भ्रमण गर्दा उठेका विभिन्न प्रश्नहरूको उत्तर नै यस पुस्तकमा छ । धर्म अति नै विस्तृत रहस्यमय विषय हो । त्यसबारेमा एउटा रौंजति पनि मलाई ज्ञान छैन । धर्मका विभिन्न पुस्तकमध्ये केहीको मात्र अध्ययनका आधारमा धर्मबारे लेख्न आँट गरेकोमा मलाई डर लागिरहेको छ ।

अध्ययन गरेका पुस्तकहरू पादटिप्पणी र सन्दर्भग्रन्थमा उल्लेख गरिएका छन् तैपनि छुटपुट भएका पुस्तकका लेखक, सम्पादकहरूलाई भूमिकामार्फत् धन्यवाद टक्र्याउँछु ।

कला, बास्तुकला र चाडपर्वका बारेमा हजारौं शव्दले व्यक्त गर्न नसकिएको भाव एउटा चित्रले गर्दछ । त्यसैले यस पुस्तकमा पनि चित्रहरू समावेश गरिएका छन् । सिद्धहस्त लेखक र फोटोग्राफर वसन्त महर्जनले यस पुस्तकका लागि खिच्नु भएका फोटोहरूका लागि म ज्यादै आभारी छु । सर्वेश्वर मन्दिरक्षेत्रमा नापेर नक्सा वनाउन मद्दत गर्ने इन्जिनियरिङ क्याम्पसका उपप्राध्यापक हरि थापालाई पनि धेरैधेरै धन्यवाद छ ।

विषयवस्तु पढेर सल्लाहसुझाव दिने प्रा.डा. जगदीशचन्द्र रेग्मी, सह-प्रा. जगमान गुरुङ र भूपहरि पौडेलप्रति आभार व्यक्त गर्दछु । घरको चाँजोपाँजो मिलाएर मलाई लेख्न, पढ्न हौसला प्रदान गर्ने श्रीमान् विनोद, छोरी वर्षा र छोरा विशाल घिमिरेलाई पनि साधुवाद टक्र्याउँछु । मलाई अध्ययन-अनुसन्धान गर्न सधैं घच्घच्याउने ससुराज्यू अम्बिकाप्रसाद घिमिरे, सासू मित्रविन्दा, माहिला ससुरा शारदाप्रसाद घिमिरे, काका डा. लक्ष्मण पौड्याल र काकी उर्मिला पौड्यालप्रति पनि आभारी छु ।

पाण्डुलिपिका रूपमा रहेको यस पुस्तकलाई प्रकाशन गर्ने जिम्मा डा. ठाकुरनाथ पन्त स्मृति गुठीले लिएकोमा हृदयदेखि नै गुठीप्रति आभार व्यक्त गर्दछु । छिमेक समाजसेवा संस्थाका अध्यक्ष श्रीमती भुवनेश्वरी पन्तले यो पुस्तक प्रकाशन गर्न साह्रै चासो राखेर मद्दत गर्नुभएकोले उहाँप्रति म साह्रै नै कृतज्ञ छु । पुनः एकपल्ट डा. ठाकुरनाथ पन्त स्मृति गुठी, भुवनेश्वरी पन्त र गुठीका महासचिव सीताराम थपलियालाई धन्यवाद दिन्छु ।

लुष प्रेसका गुहनाथ पौडेलज्यूले छपाइ कार्यमा साह्रै गुन लगाउनुभएको छ । कम्प्युटर टाइपसेटिङ्ग गरेर सहयोग गर्नुहुने समीर मुखिया (सुनुवार) र रूपेशराज खनालप्रति आभारी छु । साथै, कम्प्युटर टाइपमा सहयोग गर्नुहुने प्रज्ञा घिमिरे र वर्षा घिमिरेप्रति धन्यवाद दिन चाहन्छु ।

विभिन्न पुस्तक पढ्न दिएकोमा केशर पुस्तकालय, मदन पुस्तकालय र त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय परिवारप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

अन्त्यमा, म कसलाई अभिवादान गरूँ, कसप्रति आभार व्यक्त गरूँ यतिखेर मलाई असजिलो परेको छ । प्रस्तुत पुस्तक प्रकाशनमा धेरैको सुभेच्छा र प्रेरणा भएकोले नाम उल्लेख नगरे पनि सबैलाई भूमिका मार्फत् नै कृतज्ञता ज्ञापन गर्दछु । सबैप्रति म कृतकृत्य छु ।

पुस्तकमा भएका सम्पूर्ण त्रुटि र दोषको जिम्मेवारी ममा छ ।

हे उमामहेश्वर ! तपाईंहरूको असीम निगाहबाट कोरिएको यो पुस्तक पाउमा अर्पण गर्दछु ।

त्वदीयं वस्तु गोविन्द तुभ्यमेव समर्पये !

सह-प्रा. डा. वीणा पौड्याल
त्रिभुवन विश्वविद्यालय
नेपाली इतिहास, संस्कृति तथा
पुरातत्त्व केन्द्रीय विभाग
कीर्तिपुर

विषय-सूची

श्री गणेशाय नमः

प्रथम अध्याय

परिचय

काठमाडौं उपत्यका मन्दिरै-मन्दिरको सहरको रूपमा परिचित छ। विश्वसम्पदा सूचीभित्र पर्ने काठमाडौं, पाटन र भक्तपुर दरबारक्षेत्र, पशुपति, चाँगुनारायण, स्वयम्भू र बौद्धजस्ता धार्मिक र पुरातात्त्विक महत्त्वका प्राचीन स्मारकहरू काठमाडौं उपत्यकाभित्र थुप्रै छन्। काठमाडौं, पाटन र भक्तपुरमा विभिन्न विशेषता भएका सुन्दर दरवार, मन्दिरहरूको कमी छैन। तीनवटै सहरमध्ये पाटन सुन्दर कलाकृतिको लागि प्रसिद्ध छ। सुन्दर कला र वास्तुकलाको सम्मिश्रण भएको सहरको नाम नै ललितपुर (सुन्दर कलाकृतिको सहर) हो। नेपालकै सबैभन्दा पुरानो पाँचतले मन्दिर **सर्वेश्वर** (बोलीचालीको भाषामा कुम्भेश्वर) रहेकोले पनि पाटनको प्रसिद्धि बढेको हो।

मङ्गलबजारस्थित मल्लकालीन दरबारबाट उत्तरतर्फ लागेपछि कोन्ती टोलमा रहेको सर्वेश्वर महादेवको मन्दिरमा पुगिन्छ। पाटनदरबार क्षेत्रबाट उत्तरतर्फको इँटा ओछ्याएको बाटोबाट हिँड्दा लाङटाङ हिमालका मनोरम सेता टाकुरा र पहाडको प्राकृतिक दृश्य सँगसँगै सुन्दर मन्दिर, विहार, पाटीपौवा, ढुङ्गेधारा, काष्ठकलाले सिंगारिएका सुन्दर र आकर्षक घरहरू, पर्यटकका रुचिअनुसार प्रदर्शन गरिएका विभिन्न सामानका पसलहरूको अवलोकन गर्दै सर्वेश्वर मन्दिर पुग्न सकिन्छ।

पाटनढोकाबाट पाटन संयुक्त क्याम्पसलाई बायाँ पारेर पूर्वतर्फ अगाडि बढ्दै अशोक सिनेमा हलको उत्तरतर्फको गल्लीबाट पूर्वलाग्दा तपाहिटी (सूर्य, विष्णु, उमामहेश्वर र बुद्धका सुन्दर मूर्तिहरू भएको पानी आइरहने ढुङ्गेधारो) वा शङ्खमूलबाट दक्षिणपश्चिमतर्फको बाटो लागे पनि सर्वेश्वर मन्दिरमा पुग्न सकिन्छ।

कुम्भेश्वरको मन्दिर परिसर फराकिलो र चारैतिर पर्खालले घेरिएको छ। मन्दिरको पश्चिमपट्टि मूल ढोका छ। सुन्दर काष्ठकलाले सिँगारिएको ढोका र सूर्यमुखी झ्याल भएको कारणले गर्दा पनि त्यहाँ पुग्ने जो कोही

पनि टक्क त्यहीँ अडिन्छ । सर्वेश्वर मन्दिरको पश्चिमपट्टि दुइवटा ढुङ्गेधारा छन् । पुरातात्त्विक र धार्मिक महत्त्व भएका यी ढुङ्गेधाराले त्यस भेगका जनताको ठूलो सेवा पुऱ्याइआएका छन् । खानेपानीका साथसाथै नुहाउने र लुगा धुने कार्य पनि यही ढुङ्गेधारामा गरिन्छ । सर्वेश्वर मन्दिरको पश्चिमतर्फको ठूलो सत्तलसँग जोडिएको मिसा:हिटीमा नुहाउने र लुगा धुनेहरूको घुइँचो लाग्दछ । हिन्दू र बौद्धधर्मसँग सम्बन्धित प्राचीन र आकर्षक मूर्तिहरू र चैत्य भएकाले विदेशी पर्यटक र अध्ययन/अनुसन्धान गर्न इच्छुक व्यक्तिहरूका निम्ति यस ठाउँमा थुप्रै सामग्रीहरू उपलब्ध छन् ।

मन्दिरको पश्चिमतर्फको ढोकाबाट प्रवेश गरेपछि नेपाल संवत् ८५५ कुँदिएको आसनीमा बसेको धातुको बसाहको पृष्ठभागको दर्शन पाइन्छ । त्यसपछि पाँचतले सुन्दर भव्य सर्वेश्वर (कुम्भेश्वर) मन्दिर र महादेवको दर्शन हुन्छ । मन्दिरको चोकमा पुगेपछि हिन्दूधर्मप्रति आस्था भएका वा नभएका र त्यहाँको कला र वास्तुकलाको अध्ययन अनुसन्धान गर्न चाहने व्यक्तिहरू अत्यन्तै मोहित हुन्छन् । नेपाली छाने शैलीमा निर्मित यस सर्वेश्वर मन्दिरका काष्ठकला, झिँगटीको छानाको बनोट, ढोका, झ्याल, तोरण, दलिनका कलाकृति सब उत्कृष्ट छन् । विक्रम संवत् १९९० को भुइँचालोमा भत्किएर यो मन्दिर पुन: निर्माण गरिएको हो तर पुरानै वास्तुकला र कलालाई आधार मानेर निर्माण कार्य गर्ने चलन यस मन्दिरमा पनि लागू भएको पाइन्छ । विभिन्न समयमा काठमाडौ उपत्यकाका मन्दिरहरूमा तला थप्ने र मन्दिरलाई ठूलो बनाउने क्रममा गाह्रोबाहिर अर्को गाह्रो थप्ने कार्य भने थुप्रै मन्दिरहरूमा भएको देखिन्छ । यस सर्वेश्वर मन्दिरमा पनि मन्दिरको दोहोरो ढोकासहितको गाह्रो छ। हाल मन्दिरको जुन स्वरूप देखिएको छ त्यो स्वरूप विभिन्न समयमा जीर्णोद्धार र मर्मतसम्भार गरिएपछिको हो ।

योगी देवीनाथले सम्पादन गरेका देवमाला वंशावलीमा ललितपट्टन (ललितपुर) सहर, गौरीकुण्ड, सर्वेश्वर महादेव र नब्ब सालको भुइचालोको वर्णन गरिएको छ । नब्वेसालको भुइचालोले धेरै जनधनको क्षति गरेको थियो, थुप्रै मान्छे, मन्दिर र घर जमिनभित्र पुरिएका थिए । भुइँचालो गएको बेला पाटन डौवहालका साहु जितगोविन्दकी छोरी सवालाख लावा चढाउन सर्वेश्वर मन्दिर गएको तर देवलभित्रै उनी र पुजारीसमेत पुरिएका थिए । सर्वेश्वर मन्दिर परिसरभित्र पसेपछि इतिहास भइसकेका यस्ता धेरै कुरा पनि अगाडि आउछन् । देवमाला वंशावलीका अनुसार राजा जयस्थिति मल्लले चौघरासत्तल

र दुइतल देवालय बनाइ गजुर चढाएका र विभिन्न मूर्तिहरू स्थापना गरेको उल्लेख छ । राजा जयस्थिति मल्लको राज्यकालमा नेपाल सवत् ५१२ (इ.सं १३९१) जयभीम नामका महाजनले आफ्नी पत्नी अनन्तलक्ष्मीको परलोकवासी आत्माको चिरशान्तिका लागि सर्वेश्वर मन्दिरको निर्माण गराएको वणन उन्मत्तभैरवको पेटीमा रहेको शिलापत्रबाट थाहा पाइन्छ । यस मन्दिरपरिसरमा श्रीनिवास मल्ल, योगनरेन्द्र मल्ल, भीमशमशेर, जुद्धशमशेर, श्री ५ त्रिभुवन, महेन्द्र र वीरेन्द्रका साथै जनताहरूले राखेका थुप्रै शिलापत्र रहेका छन् ।

सर्वेश्वर मन्दिर क्षेत्रमा प्राप्त विभिन्न शिलालेखहरूका आधारमा राजा र प्रजाहरूले पूजाआजा, आरती, मन्दिर-जीर्णोद्धार र सरसफाइका लागि विभिन्न गुठीको व्यवस्था गरेको पाइन्छ । राजा योगनरेन्द्र मल्लको समयमा (ने.सं.८२१) राउत गङ्गाशङ्कर बाबले सर्वेश्वर महादेवका पुजारी बस्ने घरसमेत व्यवस्था गरेका थिए । हाल सर्वेश्वर महादेवका धेरै गुठी लोप भइसकेका छन् । हालका पुजारी माधव शर्मा आफ्नै पुर्ख्यौली घर मङ्गलबजारमा बस्छन् ।

ललितपुर उपमहानगरपालिकाको २२ नं. वडामा अवस्थित पाँचतले यस मन्दिरको गर्भगृहका बीचमा स्थापना गरिएको लिङ्ग नै सर्वेश्वर हो । यस मन्दिरभित्र उत्तर-पूर्व कुनामा सानो कुम्भेश्वरको शिवलिङ्ग पनि स्थापना गरिएको छ । यस क्षेत्रका बारेमा बताउने अधिकांश साहित्यिक र पुरातात्त्विक स्रोत दुवैमा सर्वेश्वर नाम नै प्रयोग गरिएको पाइन्छ । बोलीचालीको भाषामा भने कुम्भेश्वर मन्दिरको नामले यो क्षेत्र प्रसिद्ध छ । त्यसैले पुस्तकमा सर्वेश्वरको वर्णन गर्दा कुम्भेश्वर शब्द पनि प्रयोग गरिएको छ । प्रस्तुत पुस्तकको शीर्षक नै **'सर्वेश्वर महादेव'** राखिएको छ ।

सर्वेश्वर मन्दिरका मुख्य पुजारी माधवश्याम शर्मा (वर्ष ३८) उनका भाइहरू शिवश्याम शर्मा (वर्ष ३६) र बद्रीश्याम शर्मा (वर्ष ३०) ले विगत पन्ध्र वर्षदेखि कुम्भेश्वरका साथै यस क्षेत्रमा अवस्थित अन्य मन्दिरका देवदेवीको पनि पूजाआराधना गर्दैआएका छन् । त्यसैले प्रस्तुत अनुसन्धानका क्रममा उपर्युक्त पुजारीहरूबाटै विभिन्न जानकारी प्राप्त भएका छन् । अत्यन्त सरल स्वभाव र सहयोगी पुजारीहरू भएकाले यस मन्दिरबारे सत्यतथ्य जानकारी प्राप्त गर्न जोकोहीलाई पनि धेरै नै सजिलो भएको छ ।

सात अध्यायमा विभाजित प्रस्तुत पुस्तकमा समाविष्ट विषयवस्तुको उल्लेख प्रथम अध्यायमा गरिएको छ । पहिलो अध्याय सर्वेश्वर मन्दिरको संक्षिप्त परिचयका रूपमा 'परिचय अध्याय' प्रस्तुत छ ।

त्यसैगरी दोस्रो अध्यायमा धर्मको परिभाषाका साथै शैवधर्मका प्रमुख शाखाहरूको पनि संक्षिप्त रूपमा उल्लेख गरिएको छ। प्रस्तुत पुस्तकमा वर्णन गरिएका कला, वास्तुकला, जात्रा आदि सबै पक्ष धार्मिक र आध्यात्मिक पक्षसँग सम्बन्धित भएकाले यसको उल्लेख गर्नु आवश्यक ठानिएको छ।

तेस्रो अध्यायमा शिवप्रियअन्तर्गतका शिवभक्तहरू, शिवपञ्चाक्षरी मन्त्र, शतरुद्रीय स्तोत्र, रुद्राक्ष, गङ्गा, पार्वती, भष्म, त्रिशूल तथा डमरुका बारेमा संक्षिप्त परिचय दिइएको छ। शिवको व्यापकस्वरूप र शैवदर्शनबारे बुझ्न उनको पहिरन, खानपान र परिवारका सदस्यका बारेमा पनि संक्षिप्त रूपमा तथ्य कुरा थाहा पाउनु आवश्यक भएको हुँदा तेस्रो अध्यायमा उपर्युक्त विषय समावेश गरिएको छ।

चौथो अध्याय विभिन्न प्रकारका शिवलिङ्गसित सम्बन्धित छ। नेपालमा बाहेक छिमेकी राष्ट्र भारतमा प्राप्त भएका शिवलिङ्गका प्रकारको पनि यसमा उल्लेख गरिएको छ। शिवलिङ्ग बनाउने तरिका, जलहरी, पीठिका आदिको पनि यसमा वर्णन छ।

पुस्तकको पाँचौं अध्याय मूलमन्दिरका साथै वरिपरिका अन्य मन्दिरका, कला, वास्तुकलासँग सम्बन्धित छ। मन्दिर-परिसरमै केन्द्रित रहेको यस अध्यायमा पश्चिमढोका बाहिरको ढुङ्गेधाराका प्रमुख मूर्तिहरू र श्रीललितवन महाविहार (कुन्तीवही) स्थानको बुद्धको मूर्तिको संक्षिप्त चर्चा पनि गरिएको छ। कुम्भेश्वर परिसरमा रहेकी दश महाविद्यामध्येकी एक महाविद्या वगलामुखी, उन्मत्तभैरव, उमामहेश्वर, सूर्य, नाग, विष्णु-चतुर्मूर्ति आदिको चर्चा ***प्रतिमा विज्ञान*** पुस्तकका आधारमा गरिएको छ।

छैठौ अध्यायमा सर्वेश्वर परिसरमा हरेक वर्ष जनैपूर्णिमाको दिन लाग्ने भव्य मेलाका साथै अक्षयतृतीया, शिवरात्रि वर्षबन्धनपूजा आदिका बारेमा पनि संक्षिप्त चर्चा गरिएको छ।

सातौं अध्याय निष्कर्षका रूपमा प्रस्तुत छ। निराकार, निर्विकार, व्यापक पुरुषतत्त्वको प्रतीक लिङ्ग र महाशक्ति प्रकृतिको संयोगबाट सम्भव भएको सृष्टि र प्रलयको चुरोको रूपमा रहेको लिङ्गको अर्चनाबारे यस अध्यायमा वर्णन गरिएको छ।

मन्दिर परिसरका महत्त्वपूर्ण अभिलेखहरू परिशिष्ट खण्डमा सन्दर्भग्रन्थ, चित्र तथा रेखाचित्रका साथै मन्दिर परिसरको नक्सासमेत प्रस्तुत गरिएको छ। यस पुस्तकको दोस्रो खण्डमा सर्वेश्वर महादेवको परिसरका सम्पूर्ण अभिलेख तथा साँस्कृतिक सम्पदाको विस्तृत अध्ययन गरिएको छ।

दोस्रो अध्याय

शैवधर्म र यसका प्रमुख सम्प्रदायहरू

धर्म

मन्दारमालाकुलितालकायै कपालमालाङ्कितशेखराय
दिव्याम्वरायै च दिगम्बराय नमः शिवायै च नमः शिवाय

मन्दार फूलका मालाले दबिएकी, दिव्य (उज्यालो) लुगा लगाएकी, कल्याणकारिणी पार्वतीलाई नमस्कार छ। कपाल अर्थात् मुण्डमालाले शिर शोभायान भएका पूर्व, पश्चिम, दक्षिण, उत्तर दिशा र अन्य चार उपदिशाको वस्त्र लगाएका अर्थात् नाङ्गा र सबैको कल्याण गर्ने शिवलाई नमस्कार छ।

नागपति कृतवासं पारिजाते निषण्णं
त्रिनयनमखिलेशं शूलपाणिं महेशम्
मुनिजनशुधचिते वीतदोषे विभात
मजगणकरमेतं नौम्यहं भक्तियुक्त :

म भक्तिपूर्वक भगवान शङ्करलाई प्रणाम गर्दछु। यिनी गिरिराज हिमालयमा निवास गर्दछन् र कल्पवृक्षको छायाँमा बस्छन्। यिनका तीनवटा आँखा छन्। सबैका स्वामी, हातमा त्रिशूल र शत्रु-विनाशको समयमा पिनाकनामक धनुष धारण गर्दछन्। काम र क्रोध आदि दोष रहित, मुनिजनको मनमन्दिरमा यिनको प्रकाश सधैंनै रहन्छ। यी महेश्वर हुन्।

परमेश्वर निर्गुण, निराकार, सबतिर पुग्नसक्ने सच्चिदानन्दस्वरूप हुन् भनेर सनातनधर्मका सम्पूर्ण ग्रन्थहरूमा उल्लेख गरिएको छ। सनातनधर्म दर्शनले निराकार स्वरूप भनेर वर्णन गरेको परमेश्वरको विभिन्न गुण र सर्वव्यापी पक्षवारे वेद, उपनिषद्, पुराण, महाकाव्य आदि ग्रन्थमा विभिन्न ढङ्गले वर्णन गरिएको छ। सर्वसाधारण मानिसलाई विभिन्न ढङ्गले बुझाउने क्रममै परमेश्वरको विविध चिन्ह र रूपको कल्पना तथा वर्णन पनि सम्पूर्ण धार्मिक ग्रन्थहरूमा पाइन्छ।

शिवलाइ सृष्टि, पालन र संहारकर्ताका रूपमा स्वीकार गरिएका स्तोत्रहरू थुप्रै छन् जसमध्ये गन्धर्वराज पुष्पदन्ताचार्यले स्तवन गरेका श्री शिवमहिम्नःको विशेष चर्चा छ। बन्दीगृहमा थुनिएपछि गन्धर्वराज पुष्पदन्ताचार्यले आफ्ना इष्टदेवशिवलाई पुकारेको स्तोत्र नै "शिवमहिम्नः" नामले प्रसिद्ध छ।

बहलरजसे विश्वोत्पतौ भवाय नमोनम :
प्रवलतमसे तत्संहारे हराय नमोनम :
जनसुखकृते सत्वोदृक्तौ मृडाय नमोनम :
प्रमहसि पदे निस्त्रैगुण्ये शिवाय नमोनम : ॥३०॥

(शिवमहिम्नः स्तोत्र, ३०)

रज गुण लिई स्रष्टा वन्ने विधातृ तिमी नम :
सत गुण लिई पाल्छौ सारा तिमी हरिमा नम :
तम गुण लिई नास्छौं आफै उमापतिमा नम :
त्रिगुण पुरका मायातीत त्र्यैम्वकैमा नम :[१]

सृष्टि गर्न र रजोगुण स्वीकार गरी ब्रह्मा बन्ने, पालन गर्न सत्व गुण स्वीकार गरी विष्णु बन्ने र संहार गर्न तमोगुणी भई रुद्र बन्ने उनै शिव स्वप्रकाशरूप मोक्षदायी त्रिगुणातीत तुरीय अवस्थामा मायारहित निर्गुण, निर्विकल्प, निर्विशेष, अद्वैत परमात्मालाई बारम्वार प्रणाम गर्दछु। हजुर नै एक-एक गुणलाई धारणा गरेर ब्रह्मा, विष्णु र रुद्र हुनुहुन्छ तर वास्तवमा हजुर निर्गुण, सच्चिदानन्द, घन, अद्वैत, शान्त, शिव हुनुहुन्छ। त्रिगुणात्मका सांसारिक विषय चाहनेले ब्रह्मा, विष्णु र शिवरूपको उपासना गर्छन् तर मोक्ष चाहनेले भने त्रिगुणातीत, पूर्णब्रह्म सदाशिवको नै चिन्तन गर्नुपर्छ।

रुद्रको स्वरूप र चरित्रमा परिवर्तन हुँदै शिव नै पूर्णब्रह्म र त्रिदेवका एकाकार स्वरूपको रूपमा पूजित हुनुभएको हो। शिवपुराणमा ब्रह्मलाई नै शिवको रूपमा वर्णन गरिएको छ। शिवपुराणको वायवीयसंहिता पूर्वखण्डमा ऋषिहरूको प्रश्नको उत्तर दिदै वायुदेवताले शिवको स्वतन्त्र र सर्वानुग्राहक स्वरूपको प्रतिपादन गरेका छन्। त्यस्तै, शिवपुराणकै कोटिरुद्रसंहितामा शिवलाई वेदलाई प्रकट गर्ने तथा वेदपति भनिएको छ। कर्ता, भर्ता, हर्ता साक्षी तथा निर्गुण पनि उनै शिव भएको कुरो वर्णन गरिएको छ।[२]

शिवपुराणमा वर्णन भएअनुसार भयानक पराक्रमी रुद्र शिवरूप नै हुन् । भक्तको कार्यसिद्धिका लागि विष्णु र ब्रह्माको सहायता गर्नलाई प्रकट हुन्छन् ।[३] शिवपुराणमा शिवको स्तुति र मङ्गलको कामना विविध सुन्दर ढङ्गले गरिएको छ । प्रभु ! तपाइँका पाँच मुख र दस हातहरू छन् । तपाइँको अङ्गको कान्ति शुद्ध स्फटिकमणिसमान निर्मल छ । वर्ण, ब्रह्म र कला तपाइँको विग्रहरूप हो । तपाइँ सकल र निष्कल देवता हो । शिवमूर्तिमा सदैव व्याप्त रहने तपाई नै हो । शान्त्यतीत पदमा विराजमान सदाशिव तपाई नै हो । मैले भक्तिभावले तपाइँको अर्चना गरेको छु । तपाई मलाई प्राथित कल्याण प्रदान गर्नुस ।[४]

यसरी रुद्र शिवको महिमा विभिन्न धार्मिक ग्रन्थमा विस्तृत रूपले भएको पाइन्छ । शिवपुराणमा भनिएको छ, जुन मानिसले शिवको मुखको दर्शन गर्दछ, उसलाई तीर्थको फल प्राप्ति हुन्छ । भगवान् शिवको नाम स्मरण, विभूति धारण एवं रुद्राक्ष धारण गर्नु अत्यन्त पावन त्रिवेणी समान नै हो । शिवको नाम लिने मनुष्य पवित्र हुन्छ, पाप पनि नष्ट हुन्छ । शिव नामको उच्चारण गर्नेबित्तिकै ब्रह्महत्या आदि पाप पनि समूल नष्ट हुन्छन् ।[5] महाभारत, अनुशासनपर्वको चौधौं अध्यायमा युधिष्ठिरको प्रश्नको उत्तर दिदै भीष्मपितामहले शिवको व्यापकताबारे अत्यन्त सुन्दर ढङ्गले चर्चा गर्नुभएको छ । भीष्म भन्नुहुन्छ-

"राजन् ! म परमबुद्धिमान् महादेवजीको गुणको वर्णन गर्न असमर्थ छु । जो भगवान सर्वत्र व्यापक छन् तर (सबैको आत्मा भएको कारणले) सर्वत्र देखिदैनन्, ब्रह्मा, विष्णु र देवराज इन्द्रको स्रष्टा र प्रभु, ब्रह्मा आदि देवतादेखि पिशाचसम्म जसको उपासना गर्दछन् जो प्रकृतिभन्दा पर र पुरुषभन्दा विलक्षण छन् । योगवेत्ता तत्त्वदर्शी ऋषि जसको चिन्तन गर्दछन्, जो अविनाशी परमब्रह्म एवं सदसत्स्वरूप छन, जो देवाधिदेव प्रजापति शिवले आफ्नो तेजले प्रकृति र पुरुषलाई क्षुब्ध गरेर ब्रह्माजीको सृष्टि गरे, उनै देवाधिदेव बुद्धिमान् महादेवको गुणको वर्णन गर्न गर्भ, जन्म, जरा र मृत्युयुक्त कुन मानिस समर्थ हुन सक्दछ ? शङ्ख, चक्र र गदा धारण गर्ने भगवान नारायणलाई छाडेर मजस्तो कुन पुरुषले परमेश्वर शिव तत्त्व जान्न सक्दछ ?"[६]

सत्ययुगका प्रसिद्ध ऋषि तण्डीले दस हजार वर्षसम्म महादेवको आराधना, ध्यान, तप गरेको वर्णन महाभारतको अनुशासनपर्वअन्तर्गत दान

धर्मपर्वमा छ । तण्डी ऋषिको तपस्याबाट प्रसन्न भई शिवले आफ्नो स्वरूपको दर्शन दिनुभयो । शिवको दर्शन पाएपछि तण्डीले गरेका स्तुतिका श्लोकहरू बहुचर्चित छन् । शिवलाई सम्पूर्ण देवताका स्वरूप, स्वर्ग र मोक्ष, परमब्रह्म, साङ्ख्यवेत्ता र योगीका गति भनेर तण्डीले स्तुति गरेका छन् ।[७] शिवपुराण, महाभारत र रामायणमासमेत शिवको स्तुति र महात्म्य बताइएको छ ।

विश्वका विभिन्न स्थानमा धर्म, मत र सम्प्रदायहरू प्रचलित छन् । यी विभिन्न धर्मसम्प्रदायहरूमध्ये शैवधर्मको लामो इतिहास छ । मानिसले निर्माण गरेको सभ्यता र संस्कृतिमा धर्मको ठूलो भूमिका छ । भय र श्रद्धाबाट सुरु भएको ईश्वरप्रतिको आस्था विस्तारै धर्म र दर्शनको स्वरूपमा परिवर्तन भएको देखिन्छ । संक्षिप्तमा भन्ने हो भने धर्म एउटा विश्वास हो । हजारौं वर्षको इतिहासमा मानिसले धर्म शब्दको विभिन्न ढङ्गले परिभाषा गरेका छन् । धर्म शब्दको अर्थमा परिवर्तन भइरहेको छ । ईश्वरीय सत्ता, आत्मा, पूर्वजन्म र पुनःजन्म दुवै मान्ने हिन्दू र नमान्ने बौद्ध दुवै धर्म नै हुन् । त्यसैले नैतिकताको पाठ सिकाउने, मार्गनिर्देशन गर्ने, समाजलाई विभिन्न वन्देज लगाएर सुकर्म गर्न सिकाउने भनेर पनि धर्मको परिचय दिइन्छ । मनलाई शुद्ध पार्ने र आफ्लाई हेर्ने ज्ञान नै धर्म हो भनेर पनि विद्वान् चिन्तकहरूले बताएका छन् । धर्मलाइ खुकुलो रूपमः मानवमूल्य एवं मान्यतालाई नैतिक दिशा एवम् शक्ति प्रदान गर्न मानिसले तर्जुमा गरेको संस्कार, व्यवहार, चिन्तन प्रणाली समेतलाई समेट्न प्रयोग गरिएको छ ।

उन्नाइसौं शताब्दीका प्रसिद्ध समाजवादी दार्शनिक कार्लमार्क्सले धर्मलाई अफिम भन्ने संज्ञा दिए । खप्तड स्वामीले धर्मबारेको शाश्वत उद्गार यसरी उद्धृत गरेका छन्,

अद्रोहश्चाऽप्यलोभश्च दमो भूतदया तप :
ब्रह्मचर्य तथा सत्यमनुक्रोश : क्षमा धृति :

(धर्म विज्ञान)

उपर्युक्त श्लोकमा अद्रोह, अलोभ, इन्द्रिय-निग्रह, भूतदया, तप, ब्रह्मचर्य, सत्य, अनुक्रोश, क्षमा तथा धृतिलाई धर्मको मूल भनिएको छ । ईश्वरोपासनाको पद्धति जुनसुकै किन नहोओस्, सत्यवादी, दयालु, परोपकारी व्यक्तिलाई धर्मात्मा तथा हिंसावृत्ति भएका र लोभीलाई अधर्मी भन्ने चलन लोकव्यवहारमा पनि

देखिन्छ। धर्म र सम्प्रदायका बारेमा पनि खप्तडस्वामीले सरल र सहज ढङ्गले वर्णन गर्नुभएको छ । धर्म शब्दलाई सम्मान दिनु पर्दछ । मजहव (सम्प्रदाय) लाई पनि वहिष्कारको विषय ठान्नु हुन्न, न हँसीमजाकको छ।

यसै क्रममा खप्तडस्वामीले नैतिकताको पतनको मूल कारण नै धर्मको मूल सिद्धान्तको प्रचार नहुनु हो भनेर वताउनु भएको छ।[७क] विभिन्न विद्वान्हरूले आफ्ना नया-नयाँ विचारको प्रचारप्रसार विभिन्न समयमा गरेका छन्। यसै क्रममा फ्रान्सका दार्शनिक *अगस्त कोन्त*ले आफनो पुस्तक ***पोजिटिभ फिलोसफी र पोजिटिभ पोलिसी*** नामक ग्रन्थमा मानवताको धर्मको पूर्ण रूपले विवेचना गरेका छन्। समस्त मानवजातिप्रति प्रेमभाव राखेर उसको कल्याणको लागि सदैव प्रयत्न गर्नु नै मनुष्यको परमधर्म हो ।[७ख] धर्मको परिभाषाको कुरो उठाउँदा जो *मिल्टन थिङ्गर* र *रबर्ट नेत्ला*ले धर्मवारे व्यक्त गरेका अभिव्यक्तिहरू पनि उल्लेख गर्नु आवश्यक छ। रवर्ट वेत्लाले धर्म प्रतीकहरू एवम् त्यस्ता क्रियाकलापको एक खाल हो, जसले मानिसलाइ उसको अस्तित्वको अन्तिम अवस्थासित आवद्ध गर्दछ भनेका छन्।[८] धर्मकै बारेमा चर्चापरिचर्चा चल्दा *जे. मिल्टन*को विचार पनि मननयोग्य छ। उनले धर्मलाई व्यवहारको एकपद्धतिको रूपमा व्याख्या गरेका छन्। धर्म आस्था र व्यवहारको एक पद्धति हो, जसद्वारा मानिसको एक समूह मानवजीवनका अत्यावश्यक समस्यासित जुद्छ।[९] *इमानुएल कान्त*ले धर्मलाइ नैतिकता हो भनी परिभाषित गरेका छन्। स्वामी ईश्वरानन्दले पनि गीतातात्पर्य नामक पुस्तकको भूमिकामा गीता धर्म भनेर कर्तव्य कर्मलाई नै धर्मको रूपमा व्याख्या गरेका छन्।[१०] *राधाकृष्ण शास्त्री*ले पनि गीताको उदाहरण दिदै धर्म भनेको दार्शनिक सिद्धान्त वा प्रतिज्ञा पनि हैन् र ऐतिहासिक जीवन पनि हैन भन्नु भएको छ। श्रीमद्भागवतगीतामा पनि यही कुरा वताइएको छ।[११]

दिन दोब्बर रात चौबर परिवर्तन र विकास भइरहेको आजको समाजमा सबैलाई चित्तबुझ्दो ढङ्गले धर्मको परिभाषा दिनु र यसको दायरा तोक्नु त्यति सहज छैन। त्यसैले विद्वान्हरूले भनेकोजस्तै अहिलेको युगमा आएर समाजशास्त्री मानवशास्त्री एवम् धर्मवेत्ता सबै विषयका विद्वान्हरूका लागि धर्मको सर्वमान्य परिभाषा तोक्नु सजिलो छैन।[१२] हिन्दूधर्मका विभिन्न ग्रन्थहरूमा धर्मको लक्षणवारे थुप्रै चर्चापरिचर्चा गरिएको छ। हिन्दधर्म कोशमा प्रत्येक पदार्थको व्यक्तित्व जुन वृत्तिमा निर्भर छ त्यही कमीवाट त्यस पदार्थको क्षय हुने र धर्मको वृद्धिवाट त्यस पदार्थको वृद्धि हुन्छ भनिएको छ।[१३] मनुस्मृतिमा

पनि श्रुति, स्मृति, सदाचार र आफ्नो आत्मा सन्तोष नै साक्षात् धर्मको चार लक्षण (पहिचान, कसौटी) हो भनेर वताइएको छ ।

वेदः स्मृतिः सदाचारः स्वरूप च प्रियमात्मनः
एतच्चातुर्विध प्राहुः साक्षद्धर्मस्य लक्षणम्

(मनु. २.११)

हिन्दू धर्मशास्त्रमा विभिन्न धर्मको दशवटा लक्षण व्याख्या गरिएका छन् । **धृति, क्षमा, यम, अस्तेय, शौच, इन्द्रियनिग्रह, धी विद्या, सत्य, अक्रोध** लाई नै आफ्नो जीवनमा आत्मसात् गर्न सके धार्मिक भइने चर्चा पनि सनातन धर्मका विविध पुस्तकमा गरिएको पाइन्छ । धर्मका दशवटा लक्षणलाई एक-एक गरेर मनन गर्दै व्याख्या गरेमा हिन्दूधर्म संस्कार र कर्मकाण्डमा मात्रै अल्झिएको छैन भन्ने कुरो प्रस्ट हुन्छ,

१. धृति

हिन्दूधर्मको निचोडको रूपमा धैर्यको व्याख्या गर्न सकिन्छ । भौतिक सुखसयललाई महत्त्व नदिनु र जस्तोसुकै दुःख आइपरे पनि धैर्य धारण गर्नुपर्ने शिक्षा हिन्दूधर्मका पुस्तकमा पाइन्छ ।

२. क्षमा

आफूलाई विभिन्न ढङ्गले सताएका, दुख दिएका मानिससँग बदला लिने विचार गर्नुभन्दा क्षमा दिनुलाई हिन्दूधर्ममा उच्च मानिएको छ । क्षमा गर्ने वित्तिकै एकअर्काप्रति द्वन्द्वको भावना रहँदैन र झगडा भड्किनुको सट्टा साम्य हुन्छ ।

३. यम

हिन्दूधर्मका ग्रन्थहरूमा अनुशासन विशेष आत्मअनुशासनलाई बढी जोड दिइएको छ । हिन्दूधर्मले थुप्रै ग्रन्थहरूका आधारमा धार्मिक र नैतिक निर्देशन तोकेका छ । महात्मा गांधीले हिन्दत्वका बारेमा व्यक्त गरेका राय मननयोग्य छन् ।

हिन्दुत्व भनेको हामी के खान्छौ, के खादैन इत्यादि बाहिरी कुरामा सामित छैन । हिन्दत्वको सारतत्त्व भनेको सही आचरण र सत्य तथा अहिंसाको ठीकसग पालन हो ।[१४] त्यसैले यम अर्थात् आत्म अनुशासनलाइ हिन्दधर्मले विशेष जोड दिएको छ ।

४. अस्तेय (चोरी नगर्ने)

हिन्दूधर्मले भौतिक सुखसयललाई कहिले पनि महत्त्व दिएको पाइँदैन । पराकम नगरी अर्काको भौतिक सम्पत्तिमा मन, वचन र कर्मले आँखा लगाउनु र त्यसलाई विभिन्न ढङ्गले प्राप्त गर्नुलाई ठूलो अपराध मानिएको छ । त्यसैले मन, वचन र कर्मले चोरी नगर्नु भन्ने उपदेश दिइएको छ ।

५. शौच (राम्रो आचरण)

हिन्दधर्मका सम्पूर्ण ग्रन्थहरूमा शौचलाइ वढी महत्त्व दिइएको छ । धार्मिक ग्रन्थमा पढेका कुरा, व्यवहारमा उतार्न सक्नु नै सफल जीवनको लक्ष्य हो । ग्रन्थपाठ गर्ने मात्र हैन, त्यसमा भएका नीतिनिर्देशनलाइ आफ्नो जीवनमा लाग् गर्न प्रयत्न गर्दै जानुपर्दछ । राम्रो आचरण र समदर्शी अर्थात् सबलाइ समान दृष्टिले हेर्ने कुरामा हिन्दग्रन्थले विशेष जोड दिएको पाइन्छ ।

६. इन्द्रियनिग्रह (इन्द्रियहरूलाई आफ्नो वशमा)

मानिस र पशुको विभेद नै इन्द्रियहरूलाई आफ्नो वशमा राख्नु हो । पशुले खाने र सन्तान उत्पादन गर्ने कार्य मात्रै गर्दछ तर मानिसले भने त्यसभन्दामाथि उठ्ने प्रयत्न गर्नुपर्दछ । शारीरिक सुख अर्थात् भौतिक सुखसयललाई भन्दा आध्यात्मिक तृप्तलाई हिन्दूदर्शनले महत्त्व दिएको छ । आँखा, नाक, कान, छाला, जिब्रो आदि पञ्च ज्ञानेन्द्रियहरूलाई मानिसले आफ्नो वशमा राख्न सक्नुपर्दछ ।

७. धी (ज्ञान)

हिन्दूधर्मका ग्रन्थहरूले कर्म, भक्ति र ज्ञान तीनै मार्गद्वारा मोक्षप्राप्ति हुने कुरो वताएका छन् । ज्ञान प्राप्त भएपछि ज्ञानी भइन्छ । ज्ञानी हुनु भनेको तत्त्ववेत्ता, ब्रह्मसम्वन्धी ज्ञान हुनु नै हो ।

८. विद्या

विद्या उपार्जन गर्न सकिएन भने संसारै अन्धकार हुन्छ । विद्याआर्जन गरेपछि व्यक्ति नम्र हुन्छ । त्यसैले विद्या आर्जन गर्न सधैं प्रयत्नशील नै हुनुपर्दछ । ब्रह्मविद्या प्राप्त गर्न प्रयत्न गर्नुपर्दछ । पुस्तकमा पढेको विद्या व्यवहारमा लगाउन सक्नुपर्दछ । धार्मिक ग्रन्थहरूमा दानहरूमध्ये सर्वश्रेष्ठ विद्यादान मानिएको छ ।

९. सत्य

हिन्दूधर्म/दर्शनको निचोडको रूपमा सत्य बोल्नुलाई नै प्रमुख धर्म मानिएको छ। जीवनका सम्पूर्ण कार्य नै सत्यद्वारा निर्देशित हुनुपर्दछ भनेर व्याख्या गरिएको छ। सत्यवादीको रूपमा युधिष्ठिरको उपमा दिइन्छ। पाण्डव र कौरवहरू गुरुकुलमा बसेर शिक्षा हासिल गर्दाको एउटा घटना यसै प्रसङ्गमा स्मरणयोग्य छ।

गुरुले चेलाहरूलाई "सत्यं वद" भनेर पाठ दिनुभयो। भोलिपल्ट युधिष्ठिरबाहेक सबैले पाठ बुझाए। युधिष्ठिरले व्यवहारमै सत्य बोल्न कोसिस गरेर मात्रै पाठ बुझाए। त्यसैले आज पनि सत्यवादी राजाको रूपमा युधिष्ठिर प्रसिद्ध छन्। सबैभन्दा सरल शिक्षा साँचो बोल्नु व्यवहारमा लागू गर्न धेरै नै कठिन छ। आजको संसारमा प्रत्येक व्यक्तिले साँचो बोलेर यही अनुरूप कार्य गरेमा विश्वको मुहार नै फेरिनेछ।

१०. अक्रोध

रिसलाई आफनो वशमा राख्न सकेमा धेरै झगडा, युद्धहरू टर्न सक्दछन्। इतिहासका विभिन्न घटनाबाट मानिसले एउटा शिक्षा के लिनु पर्दछ भने रिसले विनाशलाई निम्त्याउँछ, त्यसैले मानिसले रिसलाई आफ्नो कब्जामा लिनुपर्दछ।

मनुस्मृतिमा पनि धर्मका दश लक्षणको वर्णन गरिएको छ।[१५] दश लक्षण भएको धर्मको ज्ञान गरेर त्यसको पालन गर्दछन्, तिनीहरू परमगति प्राप्त गर्दछन् भन्ने आशय मनुस्मृतिमा छ।[१६]

प्रमुख शैवसम्प्रदायहरू

नेपालका प्राचीन धर्ममध्ये शैवधर्म पनि एक हो। नेपाल महात्म्य र हिमवत्खण्डमा नेपालमा प्रचलित शैवधर्म र सम्प्रदायबारे उल्लेख छ। काठमाडौं, उत्तर भारत र दक्षिण भारतमा प्रचलित शैव सम्प्रदायहरूको मुख्य सिद्धान्त उस्तैउस्तै भए पनि दर्शन र नियमहरू फरक-फरक छन्। कूर्म पुराणले शैवधर्मलाई तीन वर्गमा बाँडेको छ।[१७]

१. वैदिक २. तान्त्रिक ३. मिश्र शैव। नेपाल र उत्तर भारतमा प्रचलित शैवसम्प्रदायका विविध हाँगाहरू यसप्रकार छन्-

(क) पाशुपत

(ख) शैव

(ग) कापालिक (मुण्ड श्रृखलिक)

(घ) कालामुख

(ङ) काश्मीरी शैवमत (त्रिकदर्शन)

(च) वीर शैवदर्शन (लिङ्गायत सम्प्रदाय)

(छ) नाथसम्प्रदाय (योगिनी कौलमार्ग)

पाशुपत सम्प्रदाय

शैवधर्मका विभिन्न हाँगाहरू समाजमा प्रचलित गराएर यस सम्प्रदायलाई जोगाउन विभिन्न व्यक्तिहरूको ठूलो योगदान छ । पाशुपत सम्प्रदायका संस्थापक श्रीकान्तलाई पञ्चमुखी महादेवसरह नै पूजा गरेका प्रमाणहरू भेटिएका छन् । चिन्त्रा प्रशस्तिमा पञ्चमुखी श्रीकान्तको मन्दिरको उल्लेख छ । शैवसिद्धान्त सम्प्रदायमा पनि श्रीकान्तलाई आठ जना विधेश्वरमध्ये एउटा मानिएको छ ।[१८]

श्रीकान्त लकुलीश पाशुपत सम्प्रदायका संस्थापक मानिन्छन् । नेपाल दरबार पुस्तकालयमा राखिएको तन्त्रसार हस्तलिखित श्रीकान्तले तन्त्रसार लेखेको उल्लेख छ । शक्ति र शक्तिमान्को प्रकृतिको चर्चा श्रकिान्तले गरेका छन् । मानवगुरु लकुलीश, गोरक्षजस्तै श्रीकान्तलाई पनि पछि देवताका रूपमा स्वीकार गरियो । पाँचमुख भएका सदाशिवसँगै श्रीकान्तको पनि चर्चा गरिन्छ । त्यसको कारण पाँचस्रोत भएको सिद्धान्त प्रतिपादन गरेका हुनाले धेरै सम्भव छ, चिन्त्रा प्रशस्तिले श्रीकान्तको एउटा मन्दिरको उल्लेख गरेका छन्, जसमा पाँच मुख छन् । शैवसिद्धान्त सम्प्रदायमा उनलाई आठवटा विधेश्वरमा गणना गरिएको छ । **विष्णुर्धोत्तर**ले पनि **विधेश्वर**मा नै गणना गरेका छन् । आर.जी. भण्डारकर अनुसार लकुलीसले पाशुपत सम्प्रदायको स्थापना गरेका थिए । डा. विश्वम्भशरण पाठकको भनाइअनुसार लकुलीशले लकुलीश पाशुपतसम्प्रदायको मात्रै स्थापना गरेका हुन् ।

लकुलीश

सर्वदर्शक सङ्ग्रहले ल (न) कुलिश पाशुपत स्कुलको उल्लेख गरेको छ । पाशुपत सम्प्रदायका संस्थापक लकुलीश शिवका अवतारका रूपमा

मानिन्छन् । पुराणअनुसार अट्ठाइसौं शिवको अवतार नै लकुलीश हुन् । सबै परिस्थितिको अध्ययन गर्दा के देखिन्छ भने पाशुपत सम्प्रदाय श्रीकान्तले स्थापना गरे जसको हाँगाबिगा फैलियो र लकुलीशले सुरु गरेको हाँगापछि लकुलीश पाशुपतको नामले प्रख्यात भयो ।

(क) शिवशासन सम्प्रदाय

श्रीकान्तले स्थापना गरेको पाशुपत सम्प्रदायलाई साहित्यमा शिवशासन पनि भनिन्छ । तन्त्र सारका रचयिता श्रीकान्तलाई शिवकोस्वरूप मानेर शिवशासन सम्प्रदायका अनुयायीहरू पूजा गर्दछन् ।

(ख) लकुलीश पाशुपत सम्प्रदाय

यस समप्रदायको जन्मदाता लकुलीश हुन् । पुराण र शिलालेखमा कौशिक, मैत्रेय, गार्ग्य, कौरुश उनका चेलाहरूको पनि उल्लेख पाईन्छ । आर.जी. भण्डारकरले पाशुपत सम्प्रदायको विकास इ.पू. दोस्रो शताब्दीमा भएको मानेका छन् । लकुलीशका चारजना चेला कौशिक, गार्ग्य, मैत्रेय र कौरुशले पनि एउटाएउटा सम्प्रदाय चलाएका थिए ।

नेपालमा लकुलीश पाशुपत सम्प्रदाय चलेको प्रमाण जिष्णुगुप्तको पशुपति छत्रचण्डेश्वर शिलालेख हो । त्यो शिलालेखअनुसार आचार्य प्रणर्दः प्रणकौशिक नामका व्यक्तिले छत्रचण्डेश्वरको मूर्ति वा मन्दिरको खेतमा कुलो बनाउने व्यवस्था मिलाएका थिए । मूर्ति थाप्ने व्यक्ति आचार्य प्रणर्दनलाई शिलालेखमा कौशिक विशेषण दिइएको छ । यो नाउ लकुलीशका चार शिवमध्ये एक कौशिकसँग सम्बन्धित छ । लकुलीश पाशुपत सम्प्रदायमा पाँचार्थिक दर्शन को ठूलो महत्त्व छ । यस दर्शनमा कार्य, कारण, विधि, योग र दु:खान्तका सिद्धान्त हुन्छन् । लिच्छविकालका शिलालेखमा पनि कारणविधि र योगको सङ्केत पाइन्छ । सर्वदर्शन सङ्ग्रहमा लकुलीश सम्प्रदायका व्यक्तिहरूले बिहान, दिउँसो र साझ भस्म स्नान गर्ने र भस्ममै सुत्ने कुरो वताइएको छ ।

पाशुपत उपसम्प्रदाय

लिच्छविकालका केही शिलालेखमा वा मुण्ड श्रृखलिक, (कापालिक) श्रृखलिक, वंशपाशुपत, दानपाशुपत उपसम्प्रदायको नाम पनि उल्लेख भएको पाइन्छ ।

शैवसम्प्रदाय

यस सम्प्रदाय तीन कुरामा जोड दिन्छ । (I) पति (II) पशु (III) पाश ।

पति

पतिको अर्थ स्वामी या मीलक हो । ती मालिक नै शिव हुन् । शिवलाई पञ्चमन्त्र तथा ईशान, तत्पुरुष, घोर, कामदेव र सद्योजात प्रतिरूप मानिन्छ । शिवका मुख्य पाँचवटा कार्य मानिन्छन् । सृष्टि, पालन, संहार, तिरोभाव (अवरण) र प्रसाद (अनुग्रह) हुन् । शिवका दुइवटा अवस्थालाई लय र भोगअवस्था भनिन्छ । शिव र शक्ति संयुक्त हुने अवस्थालाई लय अवस्था भनिन्छ । भोगावस्थामा शक्ति कार्यउत्पादनको कारण वन्दछे ।

पशु

प्रत्येक जीवात्मा पशु हो । जबसम्म उसलाई बाँधेर राखिन्छ ऊ मुक्त हुँदैन । विज्ञानकाल, प्रलयकाल, शकल तीनवटा पशुको उल्लेख शैवग्रन्थमा छ । विज्ञानकाल पशु भनेको विज्ञान, योग या सन्यास (भोग) ले आफ्नो कर्मलाई क्षीण गराउने पशु हो । आफ्नो मनको सबै विचार समाप्त गर्न सकेको र मन भित्रको विकार समाप्त गर्न नसकेको दुइ प्रकारको पशुको वर्णन शैवग्रन्थमा पाइन्छ । पशुको वर्गीकरण अझ विस्तृत रूपमा गरिएको छ । अनन्त, सूक्ष्म, शिवोत्तम, एकनेत्र, एकरुद्र, त्रिमूर्ति, कण्ठ र शिखण्डी । यी विभिन्न प्रकारका स्थिति भए पनि शिवत्व प्राप्त गर्नु र मोक्ष प्राप्त गर्नु यसको उद्देश्य हो ।

पाश

जीवात्माले दुवै आँखा खुलेको अवस्थामा पनि आफ्नो स्थिति पशुत्व प्राप्त गरिराखेमा त्यसलाई पाश भनिन्छ । पाशको शाब्दिक अर्थ बन्धन, विचार आदि हो चार प्रकारका पाशको उल्लेख शैवग्रन्थमा छ । मल, कर्म, माया र रोध शक्ति । यी सबै बन्धनबाट छुट्ने उपाय साधनमार्ग हो । शिवको अनुग्रह शक्ति नै एउटै मात्र स्वधन मार्ग हो । दीक्षा शब्दद्वारा पनि यसलाई सम्बोधन गरिन्छ । शैव सिद्धान्तमा ३६ तत्त्वहरूको विवरण छ । शिव तत्त्व, विद्यातत्त्व र आत्मतत्त्व नामकरण गरेर छत्तीस तत्त्वलाई तीन खण्डमा विभाजन गरिएको छ । हिन्दूदर्शनका विभिन्न चिन्तनभन्दा शैव दर्शन निकै फरक छ, त्यसैले केही विद्वान्हरूले यसैलाई मौलिक दर्शनको

नाम दिएका छन् । दक्षिण भारतमा शैवसम्प्रदाय निकै नै फष्टाएको थियो । सातौं आठौं शताब्दीका केही सन्तहरूले यसको प्रचारप्रसार गरेका थिए । २४ सन्तहरूमध्ये औप्पार, ज्ञानसम्वन्ध, सुन्दर, माणिक्य वाचक मुख्य मानिन्छन् ।

मुण्डश्रृखलिक (कापालिक)

रुद्रको कपालिक स्वरूपको उपासना गर्दछन्। शिवको कापालिक चरित्र र व्यक्तित्त्वको अनुसरण जसले गऱ्यो तिनीहरू नै कापालिकका रूपमा प्रख्यात भए । नेपालमा प्राप्त विभिन्न शिलालेखमा कापालिक सम्प्रदायकालाई मुण्डश्रृखलिक नामकरण गरिएको छ । सम्प्रदायको नामका आधारमा यसका अनुयायीहरूले शिवले मुण्डमाला लगाएको रूपको पूजा गर्ने गरेको प्रस्ट हुन्छ । शिवको उग्रस्वरूप महाङ्काल र भैरवको विशेष पूजा कापालिकहरू गर्दछन् । कापालिक शैवमार्गीहरूका विभिन्न मुद्रमा बसेर ध्यान गर्ने नियमहरू छन्। चिनियाँ यात्री ह्वेनसाङ्गले पनि आफ्नो यात्रावर्णनमा कापालिक सम्प्रदायको उल्लेख गरेका छन् । लिच्छविकालका शिलालेखमा मृण्डश्रृखलिक सम्प्रदायको नाम मात्रै छ, त्यसैले उनीहरू कस्तो प्रकारको पूजा गर्दथे र कसरी गर्दथे अनुमान नै गर्नुपर्दछ । यस सम्प्रदायका अनुयायीहरू जटा पाल्ने, खरानी घस्ने र हाड लगाउने गर्दथे । अघोरी (औघड) परम्परा पनि यसैबाट अतिमार्गीको रूपमा विकसित भएको देखिन्छ । ब्रह्मसूत्र र आनन्दगिरीद्वारा लेखिएको शङ्करदिग्विजय ग्रन्थमा कापालिक सम्प्रदायबारे उल्लेख छ। यमुनाचार्यको आगमप्रामाण्य ग्रन्थमा पनि कापालिक सम्प्रदायको उल्लेख छ साथै, यसको कूर्मपुराणमा पनि वर्णन छ। कापालिकहरूको स्वभाव अत्यन्त क्रूर र घिनलाग्दो हुन्थ्यो । सुरा, नरवलि भैरवलाइ चढाउने भनेर कापालिकहरूको उल्लेख साहित्यिक ग्रन्थमा भेटिन्छ। हातमा खप्पर लिने र खप्परकै माला लगाउने कापालिकहरू समाजमा बहिष्कृत मानिएका खानपानहरू ग्रहण गर्दछन् । तान्त्रिक पद्धति र योगाभ्यास दुवैको चलन कापालिक सम्प्रदायमा छ । पञ्चमकार मत्स्य, मध्य, मैथुन, मांस र मुद्राको प्रयोजनको विशेष महत्त्व कापालिक सम्प्रदायमा छ। लट्टा पाल्ने, खप्परको माला लगाउने, रुद्राक्ष लगाउने, शरीरमा खरानी घस्ने देख्दै डरलाग्दो रूपका हुन्छन्- कापालिक । शङ्कराचार्यलाई कापालिकहरूको रहनसहन मन नपरेर वादविवाद परेको प्रसङ्ग शङ्करदिग्विजय ग्रन्थमा छ । उज्जयिनीमा शङ्कराचार्य र कापालिकहरूको

आचार्यबीचमा वैचारिक मतमतान्तर भएको र पछि शङ्कराचार्यलाई मार्न प्रयत्न गरेको तर असफल भएको वर्णन छ । कापालिकहरूको प्रमुख क्रकचले खप्परमा सुरा भरेर भैरवको आव्हान गरे । भैरव प्रकट भएपछि शङ्कराचार्यलाई मार्न अनुरोध गर्दा भैरव आफ्नै अवतार भएकोले मार्न नसक्ने बताएपछि भैरवले क्रकचलाई नै मारे । उनीहरू पनि रुद्राक्ष धारण गर्दछन् तर जपको लागि प्रयोग गर्दैनन्, भष्मलेपन, सुरापान, रूद्राक्ष र जटाधारण, पञ्चमकारको प्रयोग, नरकपाल धारण आदि कापालिक सम्प्रदायका विशेषता हुन् ।

कालामुख

धेरै विद्वान्हरूले कापालिकको हाँगाको रूपमा कालामुख सम्प्रदायको उल्लेख गरेका छन् । कापालिक सम्प्रदायकै सम्पूर्ण कुरा मनन गर्ने कालामुखले आफ्नो अनुहारमा कालो खरानी घस्छन् । यस सम्प्रदायमा पसेर दीक्षा ग्रहणगरेपछि जो कोही ब्राह्मण हुने कुरामा जोड दिइएको छ । शिवको भैरव रूपलाई पूजा गर्ने र मोक्षदाता भनेर भैरवलाई मान्दछन् । शिवपुराणमा महाव्रतधर भनेर वर्णन गरिएको छ । आर.जी. भण्डारकारले कालामुखहरूको महाव्रत भनेको मानिसको खप्परमा हालेर खानु, लासको भष्म घस्नु, सुरापान गर्नु हो भनेका छन् । योगको अभ्यास पञ्चमकार र तान्त्रिक आचरणहरूमा पनि बढी जोड दिन्छन् ।

काश्मीरी शैवसम्प्रदाय (त्रिकदर्शन)

भारतको काश्मीरमा विकास भएको सम्प्रदाय भएकोले यसलाई काश्मीरी शैवसम्प्रदाय भन्नु उपयुक्त हुन्छ । वसुगुप्त, कल्लर र सोमानन्द यस मतका लेखक र प्रचारक हुन् । शक्तिका पाँचरूप चित्त, आनन्द, इच्छा, ज्ञान र क्रियाशक्ति काश्मीरी शैवधर्ममा स्वीकार गरिएका छन् । प्रारम्भमा शैवमतको दुइवटा सम्प्रदाय थिए । पाशुपत र आगमिकपछि तिनका थुप्रै उपसम्प्रदायहरू भए । अद्वैतवेदान्त र काश्मीरी शैवमतमा साम्प्रदायिक अन्तर यस्तो छ । अद्वैतवादको ब्रह्म निष्क्रिय छ तर काश्मीरी शैवमतका ब्रह्म (परमेश्वर) कर्तृ सम्पन्न छन् । काश्मीरी शैवमतमा ज्ञान र भक्तिको सुन्दर समन्वय छ ।

अद्वैतवेदान्तमा जगत् ब्रह्मको विवर्त (भ्रम) हो काश्मीर शैवमतमा जगत् ब्रह्मको (स्वातन्त्र्य) आभास हो । काश्मीर शैवदर्शनका दुई प्रमुख

शाखा छन्- स्पन्द शास्त्र र प्रत्यभिज्ञा शास्त्र । पहिलो शाखाको मुख्य ग्रन्थ शिव (दृष्टि सोमानन्दकृत) ईश्वरप्रत्यभिज्ञाकारिका (उत्पलाचार्यकृत), ईश्वर-प्रत्यभिज्ञ कारिकाविमर्शिनी र अभिनवगुप्तरचित तन्त्रलोक छन् । दुवै शाखामा तात्त्विक भेद छैन, खाली बाटो मात्र फरक हो । दुवै शाखाको दर्शनलाई त्रिकदर्शन अथवा ईश्वरद्वयवाद भनिन्छ । केही विद्वान्हरूले काश्मीरी शैवमतको तीन शाखाको उल्लेख गरेका छन् जसमा आगमशास्त्र पनि समावेश छ । काश्मीरी शैवधर्मका ईश्वर, जगत् र जीवतत्त्वलाई विभिन्न ढङ्गले वर्णन गरिएको छ ।

१. ईश्वरतत्त्व

ईश्वरतत्त्व परमतत्त्व हो । शिव र शक्तिको कामेश्वर र कामेश्वरीको संयुक्त र समन्वित रूप हो । ईश्वर विश्वमा सर्वव्यापी छ भने विश्वात्मक र ईश्वर सबै पदार्थभन्दा अलग छ भन्ने विश्वोत्तीर्ण दुवै भावना काश्मीरी शैवधर्ममा पाइन्छ । सृष्टि नै ईश्वर अर्थात् शिवको इच्छामा निर्भर छ भन्ने कुरामा यस मतले जोड दिएको छ ।

२. जगत्तत्त्व

ईश्वरतत्त्वमा सृष्टिको इच्छा सिर्जना हुनेबित्तिकै उसको जगत् रूप प्रकट हुन्छ । शिवको परिवर्तितरूप शक्ति नै जगततत्त्व हो । ईश्वरतत्त्वलाई आफ्नो अस्तित्व, कर्तव्यको बोध शक्तिको कारणले नै हुने गर्दछ । त्यो कर्तव्यबोध र ज्ञान भएपछि सृष्टि स्वतः हुन्छ ।

३. जीवतत्त्व

विश्वको सम्पूर्ण जीवात्माको भित्र ईश्वरतत्त्व व्याप्त छ । विभिन्न परिस्थितिमा जीवले आफूभित्र रहेको ईश्वर तत्त्वको बोध गर्न सक्दैन । ज्ञान, ध्यान, योगद्वारा उसको भित्री ज्ञान खुलेपछि ईश्वर र जीव एउटै रूपमा रहेका सूक्ष्म तथ्य उसले मनन गर्दछ ।

४. ज्ञान एवं भक्तितत्त्व

काश्मीरी शैवमतमा ज्ञान र भक्ति दुवैको समन्वय रहेको छ । मोक्ष ज्ञान र भक्तिको अन्तिम बिन्दु हो । काश्मीरी शैवदर्शन अर्थात् त्रिकदर्शनमा यसलाई चिदान्दलाभ भनिएको छ । ज्ञानभक्ति दुवै मार्ग संयुक्त रूमा मनन

गरेपछि मात्र ईश्वरतत्त्वलाई बुझ्न सकिने र त्यही ईश्वर शिवतत्त्व बुझेपछि त्यही नै मोक्ष हो। त्रिकदर्शनमा "चिदानन्दलाभ" भनेर यही स्थितिको व्याख्या गरिएको छ। ज्ञान एवं भक्ति तत्त्वमा गुरुको भूमिका अहं छ। त्यसैले गुरुद्वारा प्राप्त ज्ञान मनन गरेर आफ्नै शिवतत्त्व हो भन्ने तथ्य जानेपछि त्यही नै प्रत्यभिज्ञा अर्थात् मोक्ष हो। मोक्षको मार्गको रूपमा या अन्तिम लक्ष्यको रूपमा प्रत्यभिज्ञालाई लिइएको छ।

काश्मीरी शैवमतका विभिन्न पक्ष

काश्मीरी शैवदर्शन एउटा शुद्ध आगमिक दर्शन हो। त्यसैले वेदले भनेका सम्पूर्ण कुरा यसले स्वीकार गर्नुपर्ने बाध्यता छैन तर यसले वेदको विरोध पनि गरेको छैन।

वाह्यपूजा

काश्मीरी शैवदर्शनमा वैदिक यज्ञभन्दा शिवपूजन धेरै प्रचलित छ। षडक्षर शिवमन्त्र ऊँ नमः शिवाय जप, रुद्राक्ष र भष्म त्रिपुण्ड धारण गर्नु, शिव स्तोत्रको पाठ, कीर्तन र नृत्य आदिको विशेष महत्त्व छ।

साधना

साधनाको सम्बन्धमा काश्मीरी शैवको विचार सङ्कुचित छैन। योग्य गुरुले पनि एउटै उपायबाट सबै शिष्यको उद्धार गर्न सक्दैनन्। त्यसैले सबै तन्त्रलोकमा सबैलाई एउटै साधनाको उपदेश दिइएको छैन। त्यसैले भगवान शिवले सबै प्रकारका मानवको हित गर्न संसारमा अनेक शास्त्र प्रकट गरे।

भक्ति

काश्मीरी शैवदर्शनका आचार्यले जनसाधारणलाई सदाचार र भक्तिको मार्गमा हिँड्न उपदेश दिएका छन्। यसमा विधिभन्दा भक्तिको प्रधानता छ। भक्तिद्वारा पूजा, पाठ, स्तुति, जप, कीर्तन गरेर आफ्ना आराध्यदेव शिवलाई प्राप्त गर्ने प्रयास गर्दछन्। विधि कठोर, कठिन र कष्टसाध्य हुन्छ, भक्ति सरल, सुगम र सुखसाध्य छ। वैदिंक धर्मविधिप्रधान छ र शैवधर्म भक्तिप्रधान भन्दै शैवशास्त्रमा यस धर्मलाई वैदिक धर्मभन्दा उत्कृष्ट भनिएको छ।

समावेश

शैव साधनामा एउटा कुरामा अधिक ध्यान दिइन्छ त्यो हो प्राणी मानव शरीरमा रहे पनि मुक्त शिवको अवस्थाको अनुभव गर्न सकोस् । नाशवान् शरीर भए पनि उसलाई शिवतत्त्वको ऐश्वर्यको साक्षत् अनभूति भै रहोस् । जीवभावको भित्र नै आफनो स्वाभाविक शिवभावको साक्षत् अनुभूतिलाई नै समावेश भनिन्छ । काश्मीरी शैवदर्शनको साधनामा यसको समावेशलाई नै मुख्य प्रयोजन ठहऱ्याइएको छ । समावेशको अवस्थामा परतन्त्र जीवभाव स्वतन्त्र शिव, भावभित्र निमग्न हुन्छ र जीवलाई आफू नै स्वयं साक्षात् शिव लाग्न थाल्दछ ।

आचार भेद

कश्मीरी शैवदर्शनमा वामचार, दक्षिणचार, कौलचार, मताचार, समपाचारको साथै त्रिक आचारको पनि विस्तृत वर्णन छ र त्रिक आचारलाई सर्वोत्तम आचार मानिएको छ । विचार सङ्कुचित छैन । आफूलाई उपयुक्त हुने कुनै पनि बाटो रोजेर साधना गर्दै शिवभावलाई चिन्न सक्दछ ।

लिङ्गायत सम्प्रदाय (वीर-शैवदर्शन)

शैवधर्ममा सुधार ल्याउने सन्दर्भमा वीर-शैवसम्प्रदाय सुरु भएको देखिन्छ । शङ्कराचार्य र रामानुज दुवै जनाको प्रभाव यसमा परेको देखिन्छ । यस सम्प्रदायले वर्णभेदको विरोध पनि राम्रो ढङ्गले गरेर छोरा र छोरी दुवैको व्रतबन्ध गराएर जनैको सट्टा शिवलिङ्ग धारण गराइने यिनीहरूको विधि हुनाले यसको नाम नै लिङ्गायत रहेको देखिन्छ । सत्यता/भक्ति र सदाचारमा यस सम्प्रदायले जोड दिएको पाइन्छ । वशव पुराणका अनुसार यस सम्प्रदायका प्रवर्तक अल्लभ प्रभु र उनका शिष्य वशव (मदिराजका छोरा) नामक व्राह्मणद्वारा भएको थियो । यसमतका अनुयायीहरूको विश्वास-अनुसार शिवको आज्ञाअनुसार सोमनाथ आदि शिवलिङ्गबाट दिव्यदेह धारण गरेर जगद्गुरु रेणुक, दासक, एकोराम, पण्डिताराध्य, विश्वराध्य नामक पाँच आचार्य विभिन्न समयमा आए र धर्मपीठको स्थापना गरें । यी पाँच आचार्यहरूले मानवजातिको उद्धारको लागि शक्ति विशिष्टद्वैतको बाटो अपनाएर शिवसूत्र तथा ब्रह्मसूत्रमा भाष्य लेखेर आफ्नो सिद्धान्तलाई दृढ गरे । शिखामणि वीर शैवहरूको पूजनीय ग्रन्थ हो । अधिकांश ग्रन्थ कन्नड

भाषामा लेखिएका छन् । केही विद्वान्हरूले सय डेढ सय वर्षअघि मात्र यो सम्प्रदाय सुरु भएको मानेका छन् । यस सम्प्रदायमा अष्टावरणका गुरु, जङ्गम, लिङ्ग, विभूति, रुद्राक्ष, मन्त्र, पादोदक, प्रसादको ठूलो भूमिका छ ।

नाथसम्प्रदाय (योगिनी कौलमार्ग)

नौ जना नाथहरूलाई दिव्यपुरुषको रूपमा मानिन्छ । वङ्गालमा जन्मिएका मत्स्येन्द्रनाथले नाथमतको प्रचार गरेको पाइन्छ । दशौं शताब्दीमा मत्स्येन्द्रनाथले आसाम र नजिकैको ठाउँमा आफ्नो मतको प्रचार गरेका थिए । नाथसम्प्रदायअन्तर्गत योगिनी कौल नामक नयाँ सिद्धान्तको प्रतिपादन नै मत्स्येन्द्रनाथले गरेका थिए । कौलज्ञान निर्णय र अकुलवीरतन्त्रमा योगिनी कौल सिद्धान्तको व्याख्या छ । यी दुवै पुस्तक मच्छेन्द्रनाथले रचना गरेका थिए । अकुल पुरुष अर्थात् शिवको लागि र कुलशक्तिको लागि प्रयोग गरिएको छ । सृष्टिको गति नै अकुल र कुलको मिलनबाट हुने कुराको वर्णन नै योगिनी कौलमा पाइन्छ । मत्स्येन्द्रनाथको यस नयाँ मतलाई एघारौं शताब्दीतिर गोरखनाथले फैलाएका थिए । हिन्दूहरूको सबभन्दा ठूलो कमजोरी छुवाछुत र विभिन्न अनावश्यक कर्मकाण्डको विरोध गरेर गोरखनाथले सही कदम उठाएका थिए । गोरखनाथले आफ्ना अग्रज मच्छेन्द्रनाथका कतिपय कुराको खण्डन/विरोध पनि गरे । ब्रह्मचर्यलाई बढी महत्त्व दिए । त्यसैले यस सम्प्रदायको साधना मार्गमा स्वास्नीमानिसको प्रवेश निषेध गरियो । योगमार्ग र गोरखा, सिद्धान्तसङ्ग्रहमा नाथसम्प्रदायका सिद्धान्तलाई नयाँ रूप प्रदान गरिएको छ । गोरखनाथका अनुयायीहरूलाई योगी, गोरखनाथी, दर्शनी र कर्नफट्टा भनेर सम्बोधन गरिन्छ । हठयोग गर्ने भएकोले योगी, सम्प्रदायका संस्थापकका नाममा गोरखनाथ विशेष चिन्ह ठूलो कुण्डल र कानको कुरकुरे हाड (ढुङ्ग्री लगाउने ठाउँ) मा ठूलो प्वाल पारेर कुण्डल लगाउने भएकोले दर्शनी र कनफट्टा भनिएको हो । नाथ र नाथी भनेर केटा र केटी कानफट्टालाई पञ्जाव बम्बइतिर भनिन्छ । कानमा लगाउने रिङ् गोलो वा थेप्चो दुवै हुन सक्दछ । माटो, गैंडाको खाग र प्लास्टिकको रिङ् लगाउने चलन पाइन्छ । गैंडाको खागवाट वनेको रिङ्लाई सुनले मोडेर लगाएको वर्णन ***जर्ज वेस्टन ब्रीगास***ले गरेका छन् ।[१९] नेपालमा यस सम्प्रदायका अनुयायीहरूको धार्मिक र ऐतिहासिक क्षेत्रमा ठूलो योगदान छ । नाथसम्प्रदायका प्रसिद्ध व्यक्तित्वहरूमध्ये योगी नरहरिनाथ अग्रपङ्क्तिमा

पर्दछन् । पशुपति मृगस्थलीमा गोरखनाथ मन्दिर र प्रसिद्ध मठ छ । समाजमा धार्मिक क्रान्ति ल्याउन र ऐतिहासिक सामग्री सङ्कलन गर्न जुम्लाका योगी नरहरिनाथले (१९६७-२०५९) गरेका योगदान विशेष उल्लेखनीय छन् । नयाँ रूपअनुसार यस सम्प्रदायका मूल तत्त्वहरू यसप्रकार छन् ।

१. शिवतत्त्व, शक्तितत्त्व र योगतत्त्व

गोरखनाथ पछिका विभिन्न सिद्धहरूले नाथसम्प्रदायलाई जोगाउन विभिन्न नियमहरू लागू गरेका थिए । चौरङ्गीनाथ, गोपीनाथ, चरपटी आदि मुख्य सिद्ध हुन् । अलख निरञ्जन भन्दै हातमा चिम्टा लिएर कानमा ढुङ्गी लगाउने ठाउँमा गोलो मोटो रिङ् लगाउँछन् । सात्विक खानामा जोड दिने यस सम्प्रदायमा विस्तारै खुला छुट समावेश हुन थाल्यो । नाथसम्प्रदायका एकजना आचार्य इन्द्रभूर्तिको ग्रन्थ ज्ञान सिद्धिमा जोगीले खाने, पिउने, जाने कहा नजाने आदि कुरामा विचार गर्नु हुँदैन भनेर लेखिएको छ ।

"कुलरावितन्त्र" मा पनि जोगीहरूले सबै कुरा खानपिउन हुने निषेध गरिएका ठाउँहरूमा जानहुने भनिएको छ । नाथसम्प्रदायको कौल अनुयायीमा मासु, रगत, मूत्र, दिसा आदिसमेत ग्रहण गर्न सकिने सिद्धान्त प्रतिपादन भएको देखिन्छ । नाथसम्प्रदायका अनुयायीहरूले त्यसबेला समाजका विभिन्न क्रियाकलापप्रति असन्तोष प्रकट गरेर व्यङ्ग गर्न विभिन्न कार्यहरू गरेको देखिन्छ । नेपालमा प्राचीनकालदेखि नाथसम्प्रदाय प्रचलित थियो । छैटौं शताब्दीका लिच्छविकालका अभिलेखमा नाथसम्प्रदायको उल्लेख पाइन्छ । इ.सं. ५३३ को भष्मेश्वर शिलालेख र इ..सं. ५४७ को मृगस्थली शिवलिङ्गको अभिलेखमा नाथेश्वरको उल्लेख ग इन्छ । आदिश्वरमा रहेको जिष्णुगुप्त र ध्रुवदेवको शिलालेखमा पनि नाथेश्वरको उल्लेख छ । आदेश्वरमा नाथ सम्प्रदायसँग सम्बन्धित मठहरू अझै छँदैछन् । वंशावलीमा गोरखनाथ र मत्स्येन्द्रनाथको विवरण छ । श्रीनाथतीर्थावली नामक ग्रन्थले काष्ठमण्डपमा रहेको ताम्रपत्र र सुर्वणपत्रहरूमा मध्यकालीन नाथ सम्प्रदायसँग सम्बन्धित विवरणहरू परेका छन् ।

❖❖❖

पादटिप्पणी

१. हेमराज ज्ञवाली (अनु), श्री *शिवमहिम्नः स्तोत्रम*, काठमाडौं, गीता समुदाय प्रकाशन, २०५७, पृ.३७-३८.

२. हनुमानप्रसाद पोद्दार (सम्पा.), *संक्षिप्त शिवपुराण*, गोरखपुर गोविन्द भवन कार्यालय, २०५२, पृ. ४८७

३. पूर्ववत्, पृ. ४८७.

४. पूर्ववत, पृ. ६७८.
पञ्चवक्त्रो दशभुजः शुद्धस्फटिकसंनिभः ॥२०॥
वर्णब्रह्मकलादेहो देवः सकलनिष्कल :
शिवमूर्तिसमारुढ : शान्त्यतीतः सदाशिव :
भक्त्या मयार्चितो मह्य प्रर्थितं शं प्रयच्छतु ॥२१॥

५. श्रीराम शर्मा आचार्य (सं) शिवपुराण, प्रथम खण्ड, वरेली, संस्कृति संस्थान, १९९६, पृ.१४७

६. महाभारत अनुशासपर्व, चातुर्दशोऽध्यायः ३-७

७. **त्वंवै स्वर्गश्चा मोक्षश्चा कामः क्रोधस्लेभन च**
सत्वं रजस्तामश्चौव अधश्चोर्ध्व त्वमेवहि ॥२१॥
व्रह्मा भवश्च विष्णुश्च स्कन्देन्द्रा सविता यमः
वरुणेन्दु मनुर्धाता विधाता त्वं धनेश्वरः ॥२२॥
भर्तायुः सलिलाग्निश्चा रवं वणवुद्धिः स्थितिर्मतिः
कर्म सत्यानृते चोभे त्वमेवास्ति चा नास्ति चा ॥२३॥
इन्द्रियाणीन्द्रियार्थाश्चा प्रकृतिम्यः परं ध्रुवम्
विश्वाविश्वपरोभावश्चिान्त्याचिन्त्यस्त्वभेव हि ॥२४॥
यचौतत् परम् व्रह्म यच्चतत् परमं पदम्
या गतिः सांख्ययोगगाना सभवान् नात्र संशयः ॥२५॥
(महाभारत, दानधर्मपर्व, षोऽशोऽध्यायः २१-२५)

७.क खप्तडस्वामी, *धर्म विज्ञान* चतुर्थ खण्ड, काठमाडौं २०४७, पृ. ३१-३२

७.ख पूर्ववत्, पृ. ३४-३७., आज परमामार्थको स्थान दम्भले सेवाको स्थान स्वार्थ साधनले, कर्तव्यको स्थान छलकपटले भक्ति ज्ञानको स्थान आडम्वरले, दानको स्थान चोरीले, वजारको स्थान कालो वजारले, नाफाको स्थान लुटले, शुद्धताको स्थना मिसावटले लिएर सम्पूर्ण स्थान पैसारूपी पिशाचले लिएको छ । दिनप्रतिदिन नैतिकताको पतन भइरहेको छ । यसको एकमात्र कारण हो जनतामा मानवता स्थित रहेको धर्मका मूल सिद्धान्तहरको प्रचार नहुनु ।

सृष्टिको मूल तत्त्व खोजिरहनाले केही लाभ छैन, त्यो त अगम्य छ, त्यसलाई बुझ्नु कहिल्यै सम्भव छैन, त्यसकारण त्यसको कल्पित जगत्मा कुनै शास्त्रको घर उभ्याउनु भूल हो ।

८. प्रेम खत्री, *उत्पत्तिः मानवसभ्यताका केही पक्षको ऐतिहासिक एवम् मानवशास्त्रीय अध्ययन*, काठमाडौं, ने. ए.अ. के., २०५६, पृ. ११८-११९

Religion is a Set of Symbolic forms and acts which relate man to the Ultimate Condition of his existence.

९. पूर्ववत्, पृ. ११९

Religion, than can be defined as a system of beliefs and practices by means of which a group of people struggles with these ultimate problems of human life.

१०. ईश्वरानन्द, *गीता तात्पर्य*, काठमाडौं, गीता अध्ययन मण्डल, २०५०, पृष्ठ ६.

लोकमा धर्म शब्दले पूजा पाठ आदिको अनुष्ठानलाई मात्र बुझाएको छ तर गीतामा धर्म शब्दको अर्थ कर्तव्य कर्म यस्तो व्यापक अर्थमा गरिएको छ । यस्तो अर्थ भएपछि गीता धर्म कुनै साम्प्रदायिक धर्म नभएर व्यापक धर्म हुन जान्छ । यसैले गीता एउटा मानवमात्रको पथप्रर्दशक धर्मग्रन्थ मानिन्छ अथवा यसलाई कर्मको दृष्टिबाट कर्तव्यशास्त्र भने पनि हुन्छ, किनकि कर्तव्य र धर्म यी दुई शब्द गीतामा एउटै अर्थमा प्रयुक्त भएका छन् ।

११. Radha Krishna S., Religion and culture P. 107

तस्मात्प्रणाम्य प्रणिधाय कायं
प्रसादये त्वामहमीशमीऽयम्
पितेव पुत्रस्य सखेव सख्युः
प्रियः प्रियायार्हसि देव ! सोढुम

अन्वयार्थः (गीता, अध्याय ११ ४४)

त्यसकारण हे देव ! म साष्टाङ्ग प्रणाम गरेर स्थुत्यं, समर्थवान् तपाईलाई प्रसन्न हुनको निम्ति प्रार्थना गर्दछु । जस्तै पिताले पुत्रको, साथीले साथीको पतिले प्रिय स्त्रीको अज्ञानवश भएको अपराधलाई क्षमा गर्दछन् त्यस्तै मेरो पनि अपराध क्षमा गर्नुहोस् ।

१२. प्रेम खत्री, पूर्ववत्, पृष्ठ. ११९-२०
सर्वप्रथम कुन कुरो धर्म हो, कुन कुरो धर्म होइन, यसका क्षेत्र, प्रकृति के हो यो निश्चित गर्नु नै कठिन अभ्यास हुन सक्छ- त्यस अभ्यास पश्चात्को निष्कर्ष नै सर्वमान्य हुन्छ भन्ने दृढ विश्वासकासाथ तिनको उपासना हुन्छ । फेरि कुनै सम्प्रदायमा भने ईश्वरको दर्जाका कुनै उपास्य छैनन्, तर पनि उपासना स्थल छन् । उपासकहरूका सङ्घ-सङ्गठन छन्, । कही ईश्वरीय स्थान दिइएका आफ्नै कुलपितृ छन्, जसको वाकायदा पूजाउपासना हुन्छ । कहींकहीं सम्पन्न गरिने पर्वसंस्कार (rites) हेर्दा धार्मिक क्रियाकलापका प्रकृतिका छन् । अतएव, तिनलाई धर्मको परिधिमा राख्न कठिन पर्दैन ।

समाजशास्त्री वा मानवशास्त्रीहरूमा धर्मको अध्ययनं, अनुसन्धान, विश्लेषण गर्ने प्रवृत्ति निकै लामो भइसकेको छ, तर उनीहरूले धर्मको जसरी परिभाषा दिएका छन् त्यो वास्तवमा परिभाषा नभएर एउटा अध्ययनविधि (methodology) मात्र हुनसक्छ । सामान्यतया धर्मको परिभाषा गर्दा समाजशास्त्रीहरू धर्मलाइ दुई ढङ्गले गर्छन्- (क) सारगत (Substantive), अर्थात् धर्म के हो ? र, (ख) कियागत (Functional) - अर्थात् धर्मले के गर्छ ?

पहिलो वर्गको परिभाषामा धर्मलाई गैर-धार्मिक विषयवाट पृथक गर्ने प्रयास गरिएको छ । धर्म कुनै एक संस्थागत मान्यता हो,

व्यवहार हो भन्ने धारणा यस वर्गामा परेको छ । जस्तो कि- ***स्पाइरा*** (१९६६:६६) उल्लेख गर्छन्- धर्म एक संस्था हो, जसमा संस्कारगत रूपले निर्मित व्यवहारहरूमा संस्कारगत रूपले प्रस्थापित ईश्वरीय शक्तिसित अन्तक्रिया गर्छन्" (…an institution consisting of culturally postulated superhuman beings) । यस परिभाषाले धर्मलाई ईश्वरीय शक्तिसित अन्तर्क्रिया गर्ने माध्यम मानेको छ अथवा, ईश्वरमा बढी शक्ति छ तर मानव क्रियाकलापले त्यसलाई प्रभावित गरी आफ्नो हितमा पनि लगाउन सक्छ र धर्म नै त्यस्ता क्रियाकलापको संयोजन हो भन्ने ***स्पाइरो***को अभिव्यक्तिको मुख्य मर्म बुझिन्छ। यस्तो मानव क्रियाकलाप, व्यवहार कुनै विशेष स्थलसित मात्र सम्बन्धित छैन्, यो निरन्तर गरिने प्रक्रिया हो । पश्चिमी सभ्यतामा धर्म भन्नासाथ चर्च विशेष प्रकारले गरिने संस्कार वा क्रियाकलापको बोध हुन्छ । धर्म र गिर्जाघर पर्यायवाची भएकों महसुस हुन्छ । यस मापदण्डले हेरेमा ***कन्फ्युसिअस***का विचारहरू, जो एसिया महादेशका ठूलो भूभाग चीनमा व्यापक तथा लोकप्रिय छन्, धार्मिक भाव र स्तरका हुनसक्दैनन् । यसैले सारगत परिभाषा गर्दा धर्मको व्यापक अर्थमा जानु आवश्यक देखिन्छ ।

१३. राजवली पाण्डेय, *हिन्दु धर्मकोश,* उत्तर प्रदेश हिन्दी संस्थान, लखनउ, पृ ३३९

१४. महात्मा गान्धी, *हिन्दुत्त्व समुदाय,* वर्ष ८, पूर्णाङ्क ३०, पृष्ठ. ४-५

१५. **धृतिः क्षमा दमो ऽस्तेयं शौचामिन्द्रियनिग्रहः**
धीर्विधा सत्यमक्रोधो दशकं धर्मलक्षणम् ॥९१॥
(मनुस्मृति, षष्ठ अध्याय, ९१)

१६. सुरेन्द्रनाथ सक्सेना, *मनुस्मृति,* दिल्ली, मनोज पव्लिकेसन्स, (नो डे)., पृ. २३४

१७. V.S. Pathak, History of Siva cults in Northern India, Allahabad, Abhinash, 1980, p.2
तान्त्रिकं वैदिकं मिश्रं त्रिधा पाशुपतं शुभम्
तप्तलिगांशूलादि धारणं तान्त्रिकं मतम्

लिगंरुद्राक्षभस्मादि धारणं वैदिक भवेत्
रविं शम्भुं तथा शक्तिं विध्नेशं च जनार्दनम्
यजन्ति समभावेन मिश्रं पाशुपतं हि तत्

(कुर्मपुराण)

१८. पूर्ववत् (पादटिप्पणी नं. १७) पृष्ठ ६.
श्री कण्ठपञ्चमुखवासमधिष्ठितानि ।
योनक्रियन्त कृतिनायतानि पंच

अनन्तेशस्तथा सूक्ष्मश्शिवोत्तमश्चैक्रनेत्रकः
एकरुद्रस्त्रिमूर्तिश्च श्रीकण्ठश्च शिखाण्डिनः

१९. George Weston Briggs, Gorakhnath and the Kanphatayogis, Delhi, Motilal Banassidass Reprint 2001, P. 7

❖❖❖

तेस्रो अध्याय

शिवप्रिय

भक्ति

हिन्दूधर्मका विभिन्न शास्त्रहरूमा ईश्वर प्राप्तिका अनेक उपायहरू वर्णन गरिएका छन् । कर्म, ज्ञान र भक्ति तीनै उपाय ईश्वर प्राप्त गर्न सकिने तरिकाहरूको विस्तृत ढङ्गले शास्त्रमा उल्लेख गरिएको छ । ईश्वर र भक्त दुवैको उत्तिकै महत्त्व बताइएको छ । गीतामा (९.३४) प्रस्टसँग कृष्णले भन्नुभएको छ । मनमा सधैं मेरो चिन्तन गर, मेरो पूजा गर र मेरो भक्त बन । यसरी पूर्ण रूपमा ममा तन्मय भएर तिमीले मलाई प्राप्त गर्न सक्छौं भन्नुभएको छ ।[1] के शैव के वैष्णव सबै ग्रन्थमा भक्तिका बारेमा प्रशस्त चर्चा गरिएको छ । ईश्वरमा अत्यन्त अनुरागको नाम नै भक्ति हो । वैराग्य र भगवान्को दिब्यगुणहरूको स्मृति नभई मन, वचन र कर्मले भक्ति गर्न सकिँदैन । त्यसैले पूर्णरूपमा आफूलाई ईश्वरमा समर्पण गर्ने भक्तहरूको जीवनी स्मरण र पूजालाई हिन्दूधर्मका ग्रन्थहरूले ईश्वर पूजनसरह नै महत्त्व दिएका छन् । सधैं नै भगवान्को शरणागत हुने भक्तलाई शुद्धभक्त भनेर बयान गरिएको छ । शरणागतिका छवटा अवस्था बारेमा पनि ग्रन्थहरूमा उल्लेख गरिएका छन् । ती अवस्था निम्न प्रकारका छन्-

१. भक्तिको अनुकूल वस्तुहरू ग्रहण, २. भक्तिको प्रतिकूल वस्तुहरू त्याग, ३. भगवान्को संरक्षणमा अटल विश्वास, ४. एकमात्र भगवदकृपाको आश्रयता, ५. भगवान्को सेवाबाहेक कुनै स्वार्थ नराख्नु, ६. सधैं विनम्र र दीनभाव राख्नु । भगवान् यी छवटा निर्देशअनुसार प्रत्येक जीवलाई आफ्नो शरणमा आउने आदेश गर्नुहुन्छ ।[2] धार्मिक ग्रन्थहरूमा भक्तिका नौवटा भेद बताइएको छ । जस्तै–

१. **श्रवण–** ईश्वरको लीला, कथा, महत्ता, शक्ति आदिलाई परमश्रद्धासमेत अमृतमनबाट निरन्तर सुन्नु,

२. **कीर्तन**- ईश्वरको गुण, चरित्र, नाम, पराक्रम आदिको आनन्दपूर्वक उत्साहसँग कीर्तन गर्नु,

३. **स्मरण** - सधैं अनन्यभावले परमेश्वरको स्मरण गर्नु, परमेश्वरकै महात्म्य र शक्तिको स्मरण गरेर त्यसमा मुग्ध हुनु,

४. **पाद सेवन**- ईश्वरको चरणको आश्रय लिनु र उनैलाई आफ्नो आधार सम्झनु,

५. **अर्चन**- मन, वचन र कर्मले जुटाएका पवित्र सामग्रीहरूले भगवान्को चरणको पूजा गर्नु,

६. **वन्दना**- भगवान्को मूर्ति अथवा भगवान्को अंशबाट व्याप्त भक्तजन, आचार्य, ब्राह्मण, गुरुजन्, मातापिता आदिलाई परमआदरसत्कारसँग पवित्रभावले नमस्कार गर्ने र सेवा गर्ने,

७. **दास्य**- ईश्वरलाई स्वामी र आफूलाई दास सम्झेर परमश्रद्धाले सेवा गर्ने,

८. **साथी**- ईश्वरलाई नै आफ्नो परमसखा सम्झेर आफ्नो सर्वस्व उसलाई समर्पण गरेर सच्चाभावले आफ्नो पाप-पुण्यको निवेदन गर्नु,

९. **आत्मनिवेदन**- आफूलाई भगवान्को चरणमा सधैंको लागि समर्पण गर्ने र कुनै पनि स्वतन्त्र सत्ता नराख्नु । यो उच्चतम अवस्था हो । यो नै भक्तिको अन्तिम सिढी हो । यसमा आरूढ हुनेवितिकै भगवत्प्राप्तिको द्वार खुला पाइन्छ ।

भक्तिका यीं नौ प्रकारमध्ये तीन श्रवण, कीर्तन एवं स्मरण ईश्वरको नामसँग सम्बन्धित छ। अर्चन, वन्दन र पादसेवन, ईंश्वरको रूपसंग सम्बन्धित छ भने दास्य, सख्य र आत्मनिवेदन भगवान्को भावसँग सम्बन्धित छन् । यी सबैको ईश्वरको नाम, रूप र भावसँग सम्बन्धित छन् । यस मार्गमा हिँड्ने भक्तका लागि भगवान् प्रत्यक्ष छन् । भिन्नभिन्न भक्तमा बेग्लाबेग्लै विषयको प्रभाव बढी पाइन्छ । नौवटा भेदमध्ये कुनै पनि भक्त कुनै एउटा अङ्गप्रति बढी प्रवृत्त हुन सक्दछ ।

मायाको बन्धनबाट मुक्ति पाउने उपाय नै भक्ति हो । भक्ति परमशान्ति र परमानन्द स्वरूप छ, यसको साधनामा शान्ति र आनन्द प्राप्त हुन्छ। वास्तवमा सत्य तथा सुखको प्राप्तिका लागि भक्तिभन्दा अर्को साधन नै छैन । सच्चा भक्त तिनै हुन् जसले साँचो एकचित्त भएर इन्द्रियद्वारा विषयको भोग गरे पनि सम्पूर्ण चराचर जगत्लाई उनै सर्वशक्तिमान् भगवान्को माया भन्ने बुझेर कसैसँग पनि रागद्वेष राख्दैनन् । भक्त काम, क्रोध, लोभ, मोह आदिको वशमा हुँदैनन् । भक्तलाई खाली ईश्वरको मात्रै भरोसा हुन्छ । जगत्का सम्पूर्ण प्राणीलाई भक्तले समान दृष्टिले हेर्दछन् । तीनैलोकको राज्य प्राप्त हुँदा पनि एक छिनको लागि भगवान्को चरण परित्याग गर्दैनन् । यस्ता भक्तलाई बिनाप्रयास नै भगवतप्राप्ति हुन्छ । कर्म तथा ज्ञानका लागि त ठूलाठूला नियम र बन्धनहरू छन् तर भक्तिको ढोका सबैको लागि खुला छ, त्यसमा कसैलाई रोकटोक छैन ।[३] यसरी भक्तका बारेमा चर्चा धार्मिक ग्रन्थहरूमा गरिएको छ ।

शिवका सुर असुर, यक्ष, गन्धर्व, पशु, पन्क्षी आदि भक्तहरूमध्ये यहाँ केहीको सङ्क्षिप्त चर्चा गरिँदैछ । शिवभक्तको उल्लेखबिना प्रभुको महत्ता कम हुने भएकोले भक्तलाई यहाँ स्थान दिइएको छ ।

शिवभक्तहरू

नन्दी

शिवका अनन्त भक्तहरूमध्ये नन्दी विशेष चर्चित छन् । शिवलिङ्ग स्थापना गरिएको मन्दिरको अगाडि वहानको रूपमा नन्दीको प्रतिमा स्थापना गरिन्छ । शिवका विभिन्न मूर्तिहरू जस्तो- उमामहेश्वर आदिमा नन्दी पशु र मानव दुवै रूपमा प्रस्तुत गर्ने प्रचलन छ । नन्दीको प्रतिमाबिनाको शिवपूजा अवैध हुन्छ भन्ने शैव-धार्मिक ग्रन्थहरूमा वहर्णन पाइन्छ । नन्दीका पिता शिलाद शिवभक्त थिए । उनको कठिन तपस्याबाट शिव प्रसन्न भए । शिवपुराणमा शिवले शिलादको छोरो नन्दीको रूपमा जन्मिएको वर्णन छ ।[४] शिवको अवतारकोरूपमा नन्दीको पूजा अर्चना गर्ने प्रचलन भारत र नेपालमा छ ।

मुनि शिलादको अयोनीज पुत्रका रूपमा नन्दीको जन्म भएको थियो । शिलाद मुनिले यज्ञ गर्नका लागि यज्ञक्षेत्र जोत्दा उनको शरीरबाट नन्दीश्वरको

जन्म भयो । नन्दीको शरीर अग्नि समान थियो । त्रिनेत्र, चार हात, जटामुकुटधारी, त्रिशूल आयुध धारण गरेका नन्दी साँच्चिकै प्रलयकालीन सूर्यसमान थिए । शिलादले नन्दीका जातकर्म आदि सम्पूर्ण संस्कार सम्पन्न गरे । नन्दीले पाँच वर्षको उमेरमै आफ्ना बावु शिलादबाट वेद र अन्य शास्त्रको ज्ञान प्राप्त गरेका थिए । नन्दी सात वर्षका भएपछि मित्र र वरुण शिलाद मुनिको घरमा आएर नन्दीको अल्प आयुको बारेमा भविष्यवाणी गरे । नन्दी सात वर्ष भएपछि मर्ने भन्ने कुरो सुन्ने वितिकै शिलाद अलापविलाप गर्न थाले । शिलादले छोरा नन्दीको अल्पायुका बारेमा सुनेपछि नन्दीलाई छातीमा टाँसेर ह्वाँह्वाँ रुन थाले । नन्दीले भने सहजभावले आफ्ना बाबलाई सम्झाए देवता, दानव, यम, काल सबै मिले पनि मलाई मार्न सक्दैनन् । नन्दीले आफूले तप वा विद्याद्वारा मृत्युलाई हटाउन नखोजेर शिवभजनद्वारा प्रयत्न गर्ने कुरो बताए । वनमा गएर नन्दीले सदाशिवको ध्यान गर्दै रुद्र मन्त्रको जप गर्न लागे । शिवले नन्दीको भक्तिबाट प्रसन्न भएर जन्म, जरा र मृत्युले छुन नसक्ने वर प्रदान गरे । वर प्रदान गरे पछि शम्भूले कमलको फूलको माला आफ्नो घाँटीबाट झिकेर नन्दीलाई लगाइदिनु भयो । कमलको फूलको माला घाँटीमा पर्ने वितिकै नन्दीको तेस्रो आँखा र दशवटा हात प्रादुर्भाव भए । शिवले पार्वतीसँग सल्लाह गरेर आफ्नो गणको अधिपतिको रूपमा नन्दीको अभिषेक गर्न गणहरूलाई आज्ञा गरे । विभिन्न सामग्री जुटाएपछि देवता र मुनिहरूले संयुक्तरूपमा नन्दीको अभिषेक गरे । त्यसपछि मरुतकी छोरी सुयशाासँग नन्दीको विवाह सम्पन्न गराए । नन्दीले आफ्नी पत्नी सहित शिव, पार्वती, ब्रह्मा र श्रीहरिको चरणमा प्रणाम गरे । त्यसपछि शिव, पार्वती र अन्य देवगणले पनि नन्दी र सुयशालाइ थुप्रै वर प्रदान गरे । शिवभक्त नन्दीश्वरको जन्म, वर प्राप्ति, अभिषेक र विवाहको वर्णन शिवपुराणमा विस्तृत ढङ्गले गरिएको छ ।

रूपमण्डन नन्दीको मूर्ति पूर्व दिशातर्फ फर्किएको र हातमा विभिन्न आयुध मातुलिङ्ग नागेन्द्र (सर्प) डमरु र बीजपूरक आदि लिएको बनाउनुपर्ने निर्देशन दिइएको छ । शिवका अष्ट प्रतिहारहरूका नाम, स्थिति, दिशा र आयुध पनि रूपमण्डनमा तोकिएका छ ।[५] मानसारमा पनि नन्दीको प्रतिमा निर्माण गर्ने विधान वर्णित छ । शिवको मन्दिरभित्र वा बाहिर, बसेको वा उभिएको स्थितिमा नन्दीको प्रतिमा बनाउनु पर्दछ । नन्दीको प्रतिमा

शिवलिङ्गभन्दा सानो वा ठूलो हुन सक्दछ । नन्दीको रङ सेतो भए पनि चारवटा पाउलाई सेतो रङ बनाउनु पर्दैन । नन्दीको कान र जुरो रातो रङ्गको बनाउनु पर्दछ । नन्दीलाई ढाडमा व्याघ्रचर्म ओढाउनु पर्दछ । घाँटीमा माला र औंलामा औंठी लगाएको बनाउनु पर्दछ ।[६] गोपीनाथ रावले पनि आफ्नो पुस्तकमा नन्दीको शुभ-विवाह र प्रतिमालक्षणबारे वर्णन गरेका छन् ।[७]

जैगीषव्य योगाचार्य

काशीका एकजना प्रसिद्ध महर्षि जैगीषव्य शिवभक्तको रूपमा प्रसिद्ध छन् । विश्वनाथको दर्शन गरेर मात्र उनी भोजनग्रहण गर्दथे । एकपल्ट विश्वनाथजी पार्वतीलाई लिएर मन्दराचल पर्वततिर यात्रा गर्न जानुभयो । यता शिवभक्त जैगीषव्यलाई फसाद पऱ्यो । शिवजी फर्केर नआएसम्म अन्न/जल त्यागेर बसे । शिव काशी फर्केर आएपछि आफ्नो भक्तको दशा देखेर दुःखी भए । अमृतसमान लीलाकमलले जैगीषव्यको शरीरमा स्पर्श गर्ने कार्यको जिम्मा नन्दीलाई दिए । नन्दीले पनि शिव आदेशअनुसार जैगीषव्यको हाडछाला मात्रै बांकी रहेको शरीरमा लीलाकमलले स्पर्श गरे । लीलाकमलको स्पर्शपछि जैगीषव्यको शरीर पहिलेको जस्तै भयो । नन्दीले उनलाई महादेवकहाँ पुऱ्याए । सर्वज्ञ, मङ्गलमय शिवले जैगीषव्य महर्षिलाई योगशास्त्र प्रदान गरे र योगाचार्य नामले प्रसिद्ध हुने वरदान प्रदान गरे । योगाचार्थ जैगीषव्यले शिवलिङ्ग स्थापना गरे जुन जैगीषव्यश्वर नामले प्रसिद्ध भयो । शिवले जैगीषव्यलाई उनले स्थापना गरेको शिवलिङ्ग जैगीषव्यश्वरको दर्शनपूजन गर्नाले तीन वर्षमै योगसिद्धि हुने वरदान दिए । स्कन्दपुराणको काशीखण्ड उत्तर. अ. ६३ मा योगाचार्य जैगीषव्यको शिवभक्तिबारे विस्तृत वर्णन छ ।

महर्षि गृत्समद

वीतहव्यका छोरा गृत्समदको रूप इन्द्रसँगको मित्रता र शिवभक्तिको बारेमा महाभारतको अनुशासनपर्वमा उल्लेख छ । एक समयमा शतक्रतुले एक हजार वर्षसम्म चलिरहने यज्ञको आयोजना गरे । त्यस यज्ञमा महर्षि गृत्समदले साम-गान गरिरहेका थिए । बेला बेलामा सामगानमा स्वर-भङ्ग

भइरहेको थियो । चाक्षुष मनुका छोरा भगवान् वरिष्ठले महर्षि गृत्समदलाई पाठ अशुद्ध भएकोले, यज्ञको फल प्राप्त हुँदैन, त्यसैले वन्द गर्न आग्रह गरे । तर गृत्समदले टेरेनन् र पाठ जारी नै राखे । भगवान् वरिष्ठलाई अति नै रिस उठ्यो र उनले गृत्समदलाई एघार हजार आठ शयवर्षसम्म क्रुर स्वभावको पशुयोनीमा जन्म लिने श्राप दिए । पशुयोनीमा पुगेपछि महर्षि गृत्समद सरै दुःखी भए । पशुजुनीबाट पार पाउने विभिन्न प्रयत्न गरे । आफूलाई पूर्णरूपमा शङ्करको भक्तिमा समर्पण गरे । छिटो खुसी हुने भगवान् आशुतोषले आफ्नो भक्तलाई शरणमा लिएर उनलाई अजर-अमर हुने वरदान पनि दिए । शिवले यजमान इन्द्र र पूरोहित गृत्समदको यज्ञ अभिवृद्धिको पनि जिम्मा लिए ।

ऋषिगण बालखिल्य

वाल्मीकी रामायणको अरण्यकाण्डमा बालखिल्य ऋषिगणको उल्लेख आएको छ । आकारमा साना बालखिल्यहरूको साठी हजारको समूह थियो । बालखिल्यहरू आकारमा साना भए पनि निरन्तर तपस्यामा लागेर जीवहरूको भलो गर्दथे । कश्यपको पुत्र कामनाको यज्ञमा देव, ऋषि सबैले समिधा जम्मा पार्ने कामको जिम्मा लिएका थिए । बालखिल्य मुनिहरूलाई पनि समिधा जम्मा गर्ने काम थियो । साना आकारको भएकाले कमिलाले जस्तै बालखिल्य सबैले मिलेर पलाशको हाँगो बोकेर ल्याए । इन्द्रले त्यो देखेर खिल्ली उडाए । बालखिल्यहरूलाई सारै हिनताको बोध भयो । देवराज इन्द्रसँग प्रतिशोध लिने विचारले शिवको कडा तपस्या गर्न थाले । गरुडले अमृत हरण गरेर देवराज इन्द्रलाई दुःख दिने कुरोको विस्तार महादेवले गरे । यसरी भक्तवत्सल शिवले बालखिल्यहरूको भक्तिको कदर गरे ।

परशुराम

विष्णुका अवतार परशुराम शिवभक्त थिए । जमदग्नि ऋषिकी पत्नी रेणुकाको छोरो परशुराम पिताको आज्ञापालनको लागि प्रख्यात छन् । एकपल्ट क्रोधित जमदग्निले पुत्र परशुरामलाई आफ्नी आमा रेणुकाको टाउको काट्ने आज्ञा दिए । परशुरामले आफ्नो बाबुप्रतिको विश्वासले आमाको शिर बिनाहिचकिचाहट काटे । यिनै परशुरामले सहस्रबाहु सहस्रार्जुनलाई मार्नुका

साथै एक्काइस पल्टसम्म पृथ्वीको परिक्रमा गरेर अन्यायी क्षत्रियहरूको वध गरेका थिए । हत्याको पाप प्रायश्चित्त गर्न परशुरामले यज्ञ, विभिन्न नदीमा स्नान, तीर्थयात्रा र कठिन तपस्या गरे तर पाप पखाल्न सफल भएनन् । नारदमुनिको सल्लाहअनुसार महाकालवन (अवन्तिका/उज्जैने)मा अवस्थित जटेश्वर शिवलिङ्गको आराधना गरे । शिव प्रकट भए र हत्याको पापबाट मुक्त गराए । जटेश्वर शिवलिङ्ग रामेश्वरको नामले प्रसिद्ध छन् । शिवभक्त परशुरामको क्रोधको बारेमा रामायणमा पनि उल्लेख आउँछ । रामले सीता स्वयंवरमा (जनकपुर) शिवधनुमा ताँदो चढाउन खोज्दा भाँचियो । राजा जनकको दरबारमै परशुराम पुगे र रामसँग वादविवाद गरे । पछि विवाद सहमतिमा टुङ्गियो । शिवभक्त परशुराम र उनका प्रसिद्ध चेला कर्णबारे पनि महाभारतमा उल्लेख छ। स्कन्दपुराणको अवन्तीखण्डमा महाकालवन, अवन्तिका (उज्जैन) को जटेश्वर महालिङ्ग (रामेश्वर) को महात्म्य लेखिएको छ ।[८] परशुरामको एकनिष्ठ आराधनाबाट प्रसन्न भएर भगवान् शङ्करले जटेश्वर शिवलिङ्गबाटै प्रकट भएर दर्शन दिएको वर्णन पुराणमा आउँछ ।

कुबेर (वैश्रवण, ऐडविड)

लङ्कापति कुबेरको जन्म-जन्मको शिवभक्तिबारे पुराण, रामायण र महाभारतमा वर्णन गरिएको छ। ब्रह्माका मानसपुत्र कुबेरलाई विश्रवा र इडविडाको छोराकारूपमा पनि वर्णन गरिएको छ। कुवेंरको (वैश्रवण) लालनपालन ब्रह्माकै रेखदेखमा भएको थियो । कुबेर ब्रह्माकहाँ बसेको पुलस्यलाई चित्त बुझेको थिएन । ब्रह्मा भने कुबेरसँग प्रसन्न थिए । ब्रह्माले कुबेरलाई लोकपालमा नियुक्त गरे र धनसम्पत्तिको संरक्षक (मालिक) बनाए । ब्रह्माले लङ्काका स्वामी नियुक्त गरेर इच्छाअनुसार उड्ने पुष्पकविमान पनि उपलब्ध गराएका थिए । कुबेरको सबै सम्पत्ति एकपल्ट शुक्रले लुटेर लगे । कुबेरले शिवलाई त्यसबारे जानकारी दिए । रिसाएका शिवले आफ्नो त्रिशूल उठाएर शुक्रलाई फाल्दा, शुक्र शिवकै काखमा खसे । आफ्नो ज्यान बचाउन शुक्र शिवकै पेटभित्र पसे । शिव त्रिशूल उठाई तयार भएर बसेको बेला शुक्र शिवकै पेटबाहिर निस्किए । माता पार्वतीले आफ्नो पेटबाट निस्किएपछि छोरो समान भयो भनेर पछि शिवजीले रिस शान्त पार्नु भयो । शिवको रिसबाट शुक्र त बचे तर कुबेरले भने आफ्नो केही सम्पत्ति गुमाउनु पर्‍यो । राजराज कुबेर र

उनकी पत्नी भद्राको शिवभक्तिबारे पनि महाभारतमा उल्लेख छ। पद्मपुराणमा कुबेरको शय वर्षको लामो तपस्यापछि शिवले यक्षहरूका राजा भनेर उपाधि दिएको वर्णन गरिएको छ। यस्तै गरेर सरस्वती नदीको किनारमा जम्मा भएका देवगणले कुबेरलाई विभिन्न उपाधि प्रदान गरे। धनसम्पत्तिका मालिक, शिवको मित्रता, देवत्व र विश्व चलाउने भार कुबेरलाई सुम्पियो। मरुदगणले कुबेरलाई राजा नियुक्त गरेको र छोरा नलकुबेर पनि प्राप्त गरेको वर्णन महाभारतको शल्यपर्वमा छ। कुबेरलाई सौतेनी भाइ रावणले सताएका थिए। कुबेरको पुष्पकविमान पनि रावणले खोसेर लिए। विभिन्न प्रकारका दुःखकष्ट पर्दा पनि कुबेरले धैर्य गरेर शिवभक्ति नछोडेको प्रसँग पुराण र महाकाव्यहरूमा छ। भारत र नेपालमा कुबेरका विभिन्न मूर्तिहरू भेट्टिएका छन्। हात्ती, भेडा वा मानिसमाथि चढेका कुबेरको चार हात, एक शिर, तीन खुट्टा, एउटा आँखा, हातमा पैसा वा रत्नले भरिभराउ थैली, दायाँवायाँ डरलाग्दो अनुहारको शङ्खनिधि र पद्मनिधि बनाउने चलन छ। शिवभक्त कुबेरले विष्णुका अवतार रामलाई पनि रावणसँगको युद्धमा मद्दत गरेका थिए। कुबेरले विशेष मन्त्रले मन्त्रिएको जल रामलाई पठाए। त्यो जल आँखामा लगाएपछि मायाले अदृश्य प्राणी पनि देख्न सकिने घटनाको वर्णन रामायणमा छ। अमरकोशमा कुबेरको गुण अनुसारका सत्र नामहरू दिइएका छन्।[१] पुराणमा कुबेरको पूर्वजन्मको वृत्तान्त पनि दिइएको छ। गुणनिधि र दमको रूपमा जन्मिएको बेलामा पनि उनी शिवभक्त थिए। कुबेरले लामो समयसम्म तपस्या गरेपछि शिव-पार्वतीले दर्शन दिए। देवताको विशेष तेजले गर्दा सुरुमा कुबेरले आँखा खोलेर हेर्न सकेनन् पछि दिव्यदृष्टि प्रदान गरेपछि आँखा खोले। आँखा खोल्नेवितिकै सबभन्दा पहिला कुबेरको दृष्टि गिरिजा (पार्वती) माथि पर्‍यो। कुबेरले घुरेर पार्वतीलाई हेरे, तुरुन्तै उनको देब्रे आँखा दृष्टिविहिन भयो। शिवले पार्वतीलाई कुबेर पुत्रसमान भएको कुरा सम्झाए र गुह्यक, यक्ष, किन्नर तथा पुण्यजनको अधिपति हुने वर प्रदान गरे।

भृङ्गी

शिवको अनन्य भक्त भृङ्गीको बारेमा रोचक वर्णनहरू शिवपुराणमा पाइन्छ। ऋषि भृङ्गीको पूर्वजन्मको विस्तृत वर्णन पुराणमा पाइन्छ। शिवपुराणको रुद्र संहितामा शिवको पसीनाबाट अन्धकासुरको उत्पत्ति भएको

वर्णन छ । हिरण्याक्ष राक्षसले पुत्रप्राप्तिको लागि तपस्या गरेर शिवद्वारा पुत्ररूपमा अन्धकासुर नै पाएको उल्लेख शिवपुराणमा छ ।[१०] एकपल्ट शिव शिवासँग मन्दराचलमा विभिन्न क्रीडा गर्दै थिए । शिवा (पार्वती)ले ख्यालठट्टा गर्दै शिवको आँखा हातले छोपीदिइन । शिवको निधारमा रहेको अग्नि स्वरूप आँखा वन्द भए पछि त्यहां मदजल प्रकट भएर गर्भको रूप धारण गऱ्यो र डरलाग्दो जीव जन्मियो । अन्धो, कुरूप, जटाधारी, कालो त्यो जीव देखेर पार्वती डराइन् । शिवले अन्धकलाई आफ्नै सन्तानसरह हुर्काउन पार्वतीलाई अनुरोध गरे । पार्वतीले पनि अन्धकलाई हुर्काइन् । त्यही बेलामा राक्षस हिरण्याक्षले पुत्रप्राप्तिको लागि शिवको कठोर तपस्या गरे । शिव प्रसन्न भएर पुत्रकारूपमा अन्धकलाई हिरण्याक्षलाई दिए । शिवपुराणमा उल्लेख भएअनुसार तीनै अन्धकले शिवको १०८ नामको जप गरेर गणाध्यक्ष पद प्राप्त गरेका हुन् ।[११] अन्धक राक्षस नै जुनी फेरेर भृङ्गी भएर जन्मिए । शिवका परमभक्त भृङ्गीलाई उमामहेश्वर मूर्ति फलकमा गणहरूका स्थानमा दर्शाइन्छ ।[१२] भृङ्गी शिवका अनन्यभक्त भएकाले परिक्रमा गर्दा पनि पार्वतीलाई घुम्न चाँहदैन थिए । पार्वतीले यो कुरो विचार गरीराखेकी थिइन् । एकपल्ट पार्वतीले भृङ्गीको कडा परीक्षा लिने विचार गरिन् । शिव र पार्वती छुट्टाछुट्टै नबसेर अर्धनारीश्वर (आधा पुरुष आधा स्त्री) रूपमा एकाकार भएर बसे । भृङ्गीले पनि तुरुन्तै अक्कल निकाले । एउटा कीराको रूप धारण गरेर शिव-पार्वतीको एकाकार स्वरूपमा बीचमा प्वाल बनाएर शिवलाई मात्र परिक्रमा गरे । भृङ्गीको यस्तो कार्य देखेर पार्वतीलाई झनक्क रिस उठ्यो । आँखामा रिसको आगो दन्काउँदै पार्वतीले भृङ्गीलाई हेरीन् । भृङ्गीको शरीरबाट मासु गलेर खस्न थाल्यो र उनले आफ्नो शरीर सन्तुलन गर्न सकेनन् । भक्तवत्सल शिवलाई दया लाग्यो र तुरुन्तै तेस्रो खुट्टा प्रदान गरे । तेस्रो खुट्टा पाएपछि शिवभक्त नाच्न/गाउन थाले । शिवपुराणमा विस्तृत वर्णन गरिएको यो कथाको आधारमा गोपीनाथ रावले पनि अजमेरस्थित अजमेर सङ्ग्रहालयको उमामहेश्वर मूर्तिमा कुँदिएको नृत्य मुद्राको भृङ्गीको उल्लेख गरेका छन् ।[१३] नेपालमा बनेका विभिन्न समयका उमामहेश्वर मूर्ति फलकमा पनि भृङ्गीको प्रस्तुति सुन्दर ढङ्गले गरिएको छ । मध्यकालमा लेखिएको नेपाल महात्म्यममा भृङ्गी सम्वन्धी वर्णन छ । त्यहाँ वर्णन गरिएअनुसार एकपल्ट शिवले पार्वतीलाई भनेको पुराण भृङ्गीले कालो मौरीको रूप लिएर सुने । लुकेर सुनेकाले उनी

पापको भागी भए । शिवले यो कुरो थाहा पाएपछि भृङ्गीलाई सराप दिए । जसअनुसार भृङ्गी पृथ्वीलोकमा ब्राह्मण भएर जन्मनु पर्ने र नौ लाख कथा र अन्य धार्मिक कथा लेखेपछि पाप मोचन हुने कुरा बताए । भृङ्गी पृथ्वीलोकमा गुणाध्याय नामक ब्राह्मण भएर जन्मिए । गुणाध्याय (भृङ्गी) ले नै पैशाची भाषामा नौ लाख कथाहरू लेखे । 'वृहत्खण्ड' नामक यो ग्रन्थ रामायण, महाभारत जत्तिकै महत्त्वपूर्ण मानिन्छ । साधारण मानिसलाई पैशाची भाषा *स्याटानिक ल्याङ्ग्वेज* बुझ्न गाह्रो भएकोले क्षेमेन्द्रले 'वृहत्कथा मञ्जरी' नामकरण गरेर सम्पूर्ण कथा संस्कृत भाषामा उल्था गरे ।[१४] यो ग्रन्थ पूरा गरेपछि गुणध्या विभिन्न ठाउंमा तीर्थयात्रा गर्न गए । तीर्थयात्राकै क्रममा उनी नेपाल पनि आएको बुझिन्छ । उनले पाटन सुनागुठीमा पूर्वजन्मको आफ्नो नाम भृङ्गीबाट भृङ्गारेश्वर शिवलिङ्ग स्थापना गरेको अनुमान गर्न सकिन्छ ।[१५] शिवभक्त भृङ्गीको पूर्वजन्म, पुनरजन्म सबैको विस्तृत वर्णन पुराणमा पाइन्छ ।

महर्षि दधीचि

शान्ति र अथर्वा ऋषिको पुत्रका रूपमा दधीचिको उल्लेख पाइन्छ । परमशैव महर्षि दधीचिका बारेमा पुराणहरूमा विस्तृत वर्णन गरिएको छ । पुत्र दधीचिको लामो समयसम्मको शिव आराधनाबारे लिङ्गपुराणमा पनि सविस्तार वर्णन पाइन्छ । दधीचिले शरीर त्याग्दा उनका छोरा पिप्पलाद आमा प्रातिथेयीको गर्भमै थिए । प्रातिथेयीले आफैंले पेट चिरेर बालक झिकेर पीपलको फेदीमा राखिन् र दधीचिको शरीरको बाँकी रहेको रौं आदि जम्मा पारेर त्यसैसँग चितामा सती गइन् । दधीचि र प्रातिथेयीका छोरा पिप्पलादको रक्षा र पालन वनस्पतिका राजा सोमले गरे ।

अगस्त ऋषिकी पत्नी लोपामुद्राकी बहिनी प्रातिथेयीको (गर्भास्तनी) विवाह दधीचि ऋषिसँग भएको वर्णन पनि ब्रह्मपुराणमा छ । एकपल्ट सम्पूर्ण देवगण ऋषि दधीचिकहाँ आए । देवताहरूले आफ्नो अस्त्रसस्त्र सुरक्षित ढङ्गले गोप्यसँग राख्न सबैभन्दा उचित स्थान ऋषि दधीचिको आश्रम भएकोले त्यहाँ आएको बेलिबिस्तार गरे । दधीचिको तपस्याले सुरक्षित भएको स्थानमा देवताहरूले आफ्ना अस्त्रसस्त्र भण्डार गरेर स्वर्ग फर्किए । जप, ध्यान, तप गरेर निश्चिन्त बस्ने ऋषि दधीचिलाई अस्त्र सुरक्षाको

जिम्मा लिएपछि चिन्ता वढ्न थाल्यो । ऋषि पत्नी प्रातिथेयीले पनि पति दधीचिलाई देवगणको अस्त्रसस्त्र नराख्नु नै उचित हुने कुरो वारम्वार सम्झाइन् । राक्षसगणले पनि दधीचिलाई दागा धर्न थाले । ऋषि दधीचि अस्त्रको सुरक्षाको लागि चिन्तित हुन थाले । मन्त्र गरिएको जलले सम्पूर्ण अस्त्रसस्त्रलाई धोए । अस्त्र धोएपछि त्यसको तेज सबै जलमा आयो । दधीचिले सम्पूर्ण अस्त्रको तेज भएको जल आफैले पिए । तेज निस्किए पछि शक्तिहीन अस्त्रसस्त्रको सुरक्षाको पिर ऋषि दधीचिलाई भएन । लामो समयसम्म देवगण पनि आफ्ना हातहतियार लिन आएनन् । कालक्रम बित्दैजाँदा तेजविहीन हतियार नष्ट हुँदै गए । राक्षसहरूले देवताहरूलाई आक्रमण गर्ने योजना बनाएको पत्तो पाएर देवगण आफ्ना हातहतियार माग्न ऋषि दधीचिकहाँ पुगे । दधीचिले तेजविहीन नष्ट भइसकेको हतियार देखाएर आफूले त्यो तेज जलको माध्यमबाट पिएको कुरो बताए । देवताहरूले पनि हतियार लिएर मात्रै फर्कने आफ्नो प्रण सुनाए । ऋषि दधीचिले आफ्नो हाडमै अस्त्रको तेज एकाकार भएको तथ्य देवताहरूलाई बताए । देवगण दधीचिको आश्रममा आउँदा ऋषिपत्नी प्रातिथेयी बनमा समिधा लिन गएकी थिइन् । ऋषि दधीचिले आफूले प्राण त्यागे पछि हाड लग्ने सल्लाह देवताहरूलाई दिए । समाधिद्वारा दधीचिले प्राण त्यागे । देवताहरूले दधीचिको हाड लगेर विश्वकर्मालाई अस्त्र बनाउन दिए । सुरुमा विश्वकर्माले अस्वीकार गरे तर पछि उनले दधीचिको हाडबाट बज्रको निर्माण गरे । यही बज्रको प्रयोगले देवताहरूले राक्षसगणलाई हराए । ब्रह्मपुराणको यो आख्यान सामान्य फेरबदल गरेर महाभारतमा पनि वर्णन गरिएको छ । वृत्रासुरद्वारा लडाइँमा पराजित भएपछि देवगणले विष्णुको सल्लाहअनुसार दधीचिसँग उनकै हाड मागेर अस्त्र निर्माण गरेर युद्धमा विजय प्राप्त गरेको उल्लेख छ ।

शिवभक्त दधीचिले दक्षप्रजापतिको यज्ञमा शिवलाई भाग नछुट्याएको देख्दा विरोध गरे । त्यस यज्ञमा रमाएर बसिरहेका देवगण र दक्षप्रजापतिलाई पनि श्राप दिएर आफूले पनि यज्ञस्थान त्यागे । डा. राजवली पाण्डेयले पनि दधीचिको त्यागको वर्णन गरेका छन् । दधीचिले योगवल द्वारा प्राणत्याग गरे । उनकै हड्डीद्वारा वज्रको निर्माण गरियो र त्यसैद्वारा इन्द्रले वृत्रासुरको वध गरे । विष्णु र शिवको धनुष पनि दधीचिको हड्डीबाटै बनाइएको थियो ।[१६]

मार्कण्डेय

मार्कण्डेय पुराणका उपदेशक मार्कण्डेयलाई शिवभक्त पुराणाचार्य भनेर पनि चिनिन्छ । ऋषि मार्कण्डेयसँग वार्तालाप गर्न शिव पनि लालयित भएको प्रसँग पुराणमा आउँछ । मार्कण्डेयले सधैं भगवान्मा अविचल भक्तिको मात्र कामना गरेका थिए । पद्मपुराणमा उल्लेख भएंअनुसार मुनि मृकण्डुले आफ्नी पत्नीसहित शिवको घनघोर तपस्या गरेर पुत्रकारूपमा मार्कण्डेयलाई प्राप्त गरेका थिए । शिवले मार्कण्डेयको आयु सोन्ह वर्ष मात्रै हुने जानकारी मृकण्डलाई दिएका थिए । सन्तानको मुख हेर्न आतुर ऋषिले सोन्है वर्षमात्र भए पनि पुत्र सुख प्राप्त गर्ने इच्छा व्यक्त गरे । मार्कण्डेयको लालनपालन र शिक्षादीक्षामा आँखा झिक्क्याउँदा नै सोन्ह वर्ष बित्यो । मुनि मृकण्डु आफ्नो छोरोको काल नजिकै आइसकेको थाहा पाएर सारै दुःखी भएर विलौना गर्न थाले । आफ्ना बाबुलाई सम्झाउँदै मार्कण्डेयले शिवआराधना गर्ने आफ्नो लक्ष्य बताए । समुन्द्र किनारमा शिवलिङ्ग बनाएर मार्कण्डेयले पूजा, जप, आराधना गर्न थाले । मार्कण्डेयको मृत्युको समय आएपछि उनलाई लिन काल त्यहाँ आइपुगे । मार्कण्डेयले आफूले शिवको मृत्युञ्जयस्तोत्र पाठ गर्दै गरेकोले पर्खन अनुरोध गरे । कालले त्यस्तो हुन नसक्ने कुरो बताएर मार्कण्डेयलाई बलपूर्वक लान खोज्दा शिव त्यही लिङ्गबाटै प्रकट भए । वादलले जस्तै गर्जना गरेर शिवले कालकै छातीमा लात हाने । शिवको लात हनाइबाट काल पर उछिट्टिए । त्यो देखेपछि मार्कण्डेयले भक्तिभावद्वारा शिवको स्तुति गर्न थाले ।[१७] त्यसरी लिङ्गबाटै उत्पन्न भएर आफ्ना भक्तको उद्धार गरेको विषयवस्तु समावेश गरेर निर्माण गरिएको शिवमूर्तिलाई लिङ्गोद्भव मूर्ति भनिन्छ। भारतमा यस्ता मूर्तिहरू थुप्रै प्राप्त भएका छन् । मार्कण्डेयले शिवको भक्तिमा गाएका स्तोत्रको भावार्थ यस प्रकार छ–

कैलासको शिखरमा जसको निवासगृह छ, जसले मेरुपर्वतलाई धनुष, नागराज वासुकिलाई प्रत्यञ्चा र भगवान् विष्णुलाई अग्निमय वाण बनाएर दैत्यहरूको तीनै पुरलाई भस्म गरे, सम्पूर्ण देवता जसको चरणको वन्दना गर्दछन्, उनै भगवान् चन्द्रशेखरको म शरण पर्दछु । यमराजले मलाई के गर्न सक्दछन् ?

जसको चरणकमल मन्दार, पारिजात, सन्तान, कल्पवृक्ष र हरिचन्दनजस्ता दिव्यवृक्षको फूलले सुगन्धित छ, जसले निधारको तेस्रो

आँखाको ज्वालाले कामदेवको शरीरलाई भस्म गरे, जसको शरीर भस्मले विभूषित छ, जो भवको उत्पत्तिको कारण भएर पनि भव संसारको नाशकको रूपमा छन्, जसको कहिले पनि विनाश हुँदैन, उनै भगवान् चन्द्रशेखरको म शरण लिन्छु । यमराजले मलाई के गर्न सक्दछन् ?

मत्ता हात्तीको छाला ओढेर मनोहर देखिने ब्रह्मा र विष्णुले समेत जसको चरणकमलको पूजा गर्दछन्, देवता र सिद्धको नदी गङ्गाको तरङ्गले भिजेको शीतल जटा धारण गर्ने उनै चन्द्रशेखरको म शरण लिन्छु । यमराजले मलाई के गर्न सक्दछन् ?

गुडुल्किएको सर्पराज जसको कानको कुण्डलको रूपमा छ । जो नन्दीमा सवार गर्दछन्, नारद आदि मुनिश्वरले जसको वैभवको स्तुति गर्दछन्, समस्त भुवनका स्वामी अन्धकासुरको नाश गर्ने, आश्रितजनकालागि कल्पवृक्षसमान यमराजलाई पनि शान्त गर्ने उनै भगवान् चन्द्रशेखरको शरण लिन्छु । यमराजले मलाई के गर्न सक्दछन् ?

यमराज कुबेरका साथी, भगदेवताको आँखा फोड्ने, सर्पको गहना लगाउने, जसको बायांतर्फको भागमा उमा सुशोभित छिन, कालकूट विषपान गरेका कारण जसको घाँटी नीलो छ, जसको एक हात मृगमुद्रामा र अर्कोमा फरसा छ, उनै भगवान् चन्द्रशेखरको शरण लिन्छु । यमराजले मलाई के गर्दछन् ?

जन्ममरणको रोगबाट ग्रस्त पुरुषकालागि जो औषधरूप हुन, समस्त आपत्तिको निवारण र दक्ष यज्ञका विनाशकारी, सत्त्व, रज, तमो तीनै गुण जसको स्वरूप हुन्, जसको तीन नेत्र छन्, भोग र मोक्षरूपि फल दिने तथा सम्पूर्ण पापराशिका संहार गर्ने, उनै भगवान् चन्द्रशेखरका म शरण लिन्छु। यमराजले मलाई के गर्दछन् ?

भक्तलाई दया गर्ने आफ्नो पूजा गर्नेहरूकालागि अक्षयनिधि भएर पनि आफू दिगम्बर, सबै भूतका स्वामी, परात्पर, अप्रमेय र उपमारहित, पृथ्वी, जल, आकाश, अग्नि र चन्द्रमाद्वारा जसको श्रीविग्रह सुरक्षित छ उनै भगवान् चन्द्रशेखरको म शरण लिन्छु । यमराजले मलाई के गर्दछन् ?

जसले ब्रह्मरूपमा सम्पूर्ण विश्वको सृष्टि गर्दछन, फेरि विष्णुरूपमा सबलाई पालन गर्नमा संलग्न रहन्छन् र अन्त्यमा सम्पूर्ण प्रपञ्चको संहार गर्दछन् । सम्पूर्ण मानिसमा जसको निवास छ, जो गणेशजीको साथीहरूबाट

घेरिएर दिनरात भाँतीभाँतीको खेल गर्दछन्, उनै भगवान् चन्द्रशेखरको म शरण लिन्छु । यमराजले मलाई के गर्दछन् ?

जसलाई दुःखलाई हटाउने भएकाले रुद्र, पशुहरूको पालन गर्ने भएकोले पशुपति, स्थिर भएकाले स्थाणु, घाँटीमा नीलो चिन्ह धारण गरेकाले नीलकण्ठ र उमाका स्वामी भएकाले उमापति भनिन्छ, उनै भगवान् शिवलाई म शिर झुकाएर प्रणाम गर्दछु । यमराजले मलाई के गर्दछन् ?

जसको घाँटीमा कालो दाग छ, जो कालमूर्ति, कालाग्निरूप र कालका नाशक हुन्, उनै भगवान्लाई म शिर झुकाएर प्रणाम गर्दछु । मृत्युले मलाई के गर्न सक्दछ ?

जसको घाँटी नीलो र आँखा डरलाग्दो भएर पनि अत्यन्त निर्मल र उपद्रवरहित छन्, उनै भगवान्लाई शिर झुकाएर प्रणाम गर्दछु । मृत्युले मलाई के गर्न सक्दछ ?

जसको वामदेव, महादेव, विश्वनाथ र जगद्गुरु आदि नाम छन्, उनै भगवान् शिवलाई म मस्तक झुकाएर प्रणाम गर्दछु । मृत्युले मलाई के गर्न सक्दछ ?

जो देवताहरूका पनि आराध्यदेव, जगत्का स्वामी र देवताहरूलाई पनि शासन गर्ने, जसको ध्वजामा वृषभको चिन्ह बनाइएको छ, उनै भगवान् शिवलाई म शिर झुकाएर प्रणाम गर्दछु । मृत्युले मलाई के गर्न सक्दछ ?

जो अनन्त, अविकारी, शान्त, रुद्राक्षमालाधारी र सबैको दुःख हरण गर्ने भगवान् शिवलाई म शिर झुकाएर प्रणाम गर्दछु । मृत्युले मलाई के गर्न सक्दछ ?

जो परमानन्दस्वरूप, नित्य एवं कैवल्यपद, मोक्ष प्राप्तिको कारण हुन्, उनै भगवान् शिवलाई म शिर झुकाएर प्रणाम गर्दछु । मृत्युले मलाई के गर्न सक्दछ ?

जो स्वर्ग र मोक्षका दाता तथा सृष्टि पालन र संहारकर्ता हुन्, उनै भगवान् शिवलाई म शिर झुकाएर प्रणाम गर्दछु । मृत्युले मलाई के गर्न सक्दछ ?

यसरी मार्कण्डेयले शिवको स्तुति निष्कपटभावले गरेपछि मृत्युमाथि विजय प्राप्त गरेको उल्लेख पद्मपुराणमा छ ।

उपमन्यु

महर्षि व्याघ्रपादका जेठा छोराको रूपमा उपमन्युको जन्म भएको थियो । उनको बाल्यकालको विवरण पुराणहरूमा गरिएको छ । गाई पाल्न नसक्ने महर्षि व्याघ्रपादकी पत्नीले छोराको दूधको आग्रह टार्न चामलको पीठो पानीमा घोलेर दिइन् । मामाघर बस्दा उपमन्युले दूध चाखिसकेका थिए, त्यसैले स्वाद थाहा पाए । उपमन्युले आमालाई आफूले खाएको पीठोको झोल दूध हैन भने । आमाले पनि साँचो कुरो बताइन् । दूध आफ्नो कुटीमा उपलब्ध हुन नसक्ने र त्यस्तो इच्छा भए शिवजीलाई प्रसन्न पार्ने जुक्ति बताइन् । बालसुलभ कौतूहलले उपमन्युले आमालाई विभिन्न प्रश्नहरू सोधे । शिवजी भनेका को हुन् ? कहाँ बस्दछन् ? उनको कस्तो रूप छ ? उनलाई कसरी भेटिन्छ ? उनलाई कसरी प्रसन्न पार्न सकिन्छ ? आफ्नो बच्चाको जिज्ञासा देखेर आमाका आँखामा हर्षका आँसु छचल्किए । आमाले उपमन्युलाई शिवतत्त्व बताइन् । 'नमः शिवाय' यस महामन्त्रको जप गर्ने, शिवमा विश्वास गरेर मन उनैमा लगाउने र भजन गर्ने उपाय सिकाइन् । उपमन्यु पनि तुरुन्तै शिव प्राप्त गर्ने इच्छाले वनतिर लागे । वनमा पुगेपछि हरेक दिन नमः शिवाय यो मन्त्र ठूलो स्वरले जप्न थाले । घनघोर वनमा एक्लै तपस्या गर्दा उपमन्युलाई अलिकता पनि डर लागेन । त्यही वनमा विचरण गर्ने पिशाचले भने उपमन्युलाई विभिन्न तरिकाले सताउन थाले । उपमन्यु भने आफ्नो धुनमा एकोहोरो लागेर ठूलो स्वरले कराएर मन्त्र जप्न थाले । शिवको नामको प्रभावले पिशाच पनि त्यस योनीबाट छुटेर मुनि रूपमा फर्कियो । उपमन्युको कठोर तपस्या, शिवभक्ति र पिशाचले मुनि योनी प्राप्त गरेको खबर स्वर्गसम्म पुग्यो । भोलेनाथ उपमन्युको तपस्याबाट प्रसन्न भए तर परीक्षा लिने उद्देश्यले इन्द्रराजको स्वरूप लिएर सेतो हात्तीमा चढेर (ऐरावत) उपमन्युकहाँ आए । उपमन्युले उठेर इन्द्रराजलाई स्वागत गरे । इन्द्ररूपी महादेवले पनि उपमन्युलाई आफू प्रसन्न भएको कुरो वताउदै वर माग्न आग्रह गरे । उपमन्युले आफूले शिवको भक्ति गरेकोले शिवद्वारा नै वरदान लिने अठोट सुनाए । स्वर्ग र स्वर्गको ऐश्वर्य दुवैको चाहना नभएको तथ्य उपमन्युले बताए । उपमन्युले आफ्नो दोषको कारणले यस जन्ममा शिवदर्शन नपाए जन्मजन्म पर्खने आफ्नो दृढ संकल्प पनि व्यक्त गरे । शिवमाथि नै अक्षय र अनन्य भक्ति रहने सङ्कल्प पनि

व्यक्त गरे । इन्द्ररूपा महादेवलाई सबै कुरो बताएपछि उपमन्यु फेरि तपस्यामा लागे । शिवलाई अझ कठोर परीक्षा लिने इच्छा भयो । उनले आफै शिवलाई अनेक तरहले निन्दा गर्न थाले । उपमन्युलाई शिवनिन्दा सुनेपछि सारै रिस उठ्यो । उनले इन्द्रलाई मार्ने उद्देश्यले अघोरास्त्रले अभिमन्त्रित भस्म लिएर इन्द्रलाई छ्यापे र शिवनिन्दा सुनेको प्रायश्चित्तस्वरूप आफ्नो शरीरमा पनि आग्नेयी धारणाको प्रयोग गर्न ठिक्क परे । भगवान् शङ्कर उपमन्युसँग प्रसन्न भएर आग्नेयी धारणाको निवारण गरे । नन्दीले अघोरास्त्रको निवारण गरे । तुरुन्तै ऐरावत चढेका इन्द्र नन्दीमा चढेका शिवमा परिवर्तन भए । सेतो ध्वजा, वस्त्र र विभिन्न गहनाले यज्ञोपवित सजिएका शिवको साथमा माता उमा पनि उपस्थित हुनुहुन्थो । उमाको शोभा-सौन्दर्य पनि अवर्णनीय थियो । उपमन्युले शिवपार्वतीको एकैचोटि दर्शन पाएपछि साह्रै भावविभोर भए । उनले शिवपार्वतीको प्रशंसा गर्न थाले । उपमन्युको निष्कपट र सरल प्रार्थनाबाट प्रसन्न भएर शिवले भने– तिमीलाई के चाहिन्छ ? याद राख उपमन्यु तिमीलाई दिन मेरो लागि जे पनि सहहम्भव छ। भगवान्का स्नेहमय वचन सुनेर उपमन्युका आँखाबाट हर्षका आँसु खस्न थाले । उनले भगवान्का चरणमा अविचल र अनन्य भक्ति सदा रहिरहोस् भन्ने वरदान मागे । शिवले उपमन्युको मस्तक सुँघेर पार्वतीको हातमा दिए । पार्वतीले अविनाशी कुमार पद प्रदान गरिन् । शिवले अजर, अमर, तेजस्वी, यशस्वी र दिव्य ज्ञानयुक्त हुने वरदान दिए । उपमन्युको सारा दुखको अन्त्य होस् भन्दै शिवले वर दिए । यिनै अनन्य शिवभक्त उपमन्युले श्रीकृष्णलाई पनि शिवमन्त्रको दीक्षा प्रदान गरेका थिए ।

भगीरथ

गङ्गालाई भगीरथ प्रयत्न गरेर पृथ्वीमा ल्याएका हुनाले यी प्रतापी राजालाई भगीरथ भनिन्छ । राजा भगीरथले लामो समयसम्म शिव भगवान्को कठिन तपस्या गरेर गङ्गालाई पृथ्वीलोकमा अवतरण गराएका थिए ।

एकपल्ट ऋषि कपिलले रिसाएर राजा सगरका साठी हजार छोराहरूलाई भस्म गरिदिए । ऋषिको क्रोधाग्निबाट जलेका सगरका छोराहरू गङ्गाजलको अभावमा नतरीकनै वसेका थिए । त्यसैले सगरको वंशमा जन्मिएका दिलापका छोरा भगीरथले गोकर्णतीर्थमा लामो समयसम्म तपस्या गरेर ब्रह्मालाई

प्रसन्न पारे । ब्रह्मा पनि भगीरथको तपस्याबाट प्रसन्न भएर इच्छा गरेको वर माग्न अनुरोध गरे । भगीरथले आफ्ना पर्वजहरूलाई तार्न गङ्गा नदीलाई पृथ्वीमा पठाइदिन अनुरोध गरे । ब्रह्माले गङ्गालाई पृथ्वीमा पठाउन कुनै अवरोध नभएको तर नदीको प्रवाह थाम्न सक्ने कुनै व्यक्ति पृथ्वीमा नभएको सत्यको उद्घाटन गरे । ब्रह्माले भगीरथलाई शिवजीलाई प्रसन्न पार्नसके कार्यसिद्धि हुने रहस्यको उदघाटन पनि गरिदिए । भगीरथले निमेष खेर नफालेर शिवको तपस्या गर्न थाले । अन्न, जल केही नखाई खुट्टाको बूढीऔंलाले मात्रै टेकेर भगीरथले शिवको ध्यान गरे । एक वषसम्म अटूटरूपमा तपस्या गरेपछि शिव प्रकट भए । शिवले आफूले गङ्गालाई मस्तकमा धारण गर्ने कुरा खुसीसाथ बताए । शिवले भने, म गिरिराजकुमारी गङ्गादेवीलाई आफ्नो मस्तकमा धारण गरेर तिम्रो प्रिय कार्य गर्दछु ।[१९] गङ्गालाई आफ्ना बेगको साह्रै गर्व थियो। स्वर्गबाट पृथ्वीमा झर्ने क्रममा शिवको जटामा झर्दा, पानीको बेगले उनलाई नै पातालमा प्रवेश गराउने सुर गङ्गाले लिइन् । गङ्गा ठूलो स्वरूप धारण गरेर स्वर्गबाट झरिन् । शिवले पनि गङ्गाको मनसाय बुझेर आफ्नै जटामा अलमलिने र बस्ने चाँजोपाँजो मिलाए । गङ्गाजी पूरा बेगले शिवको जटामा झरिन् र त्यसैमा अलमलिइन् । शिवको जटामण्डलबाट गङ्गा प्रयत्न गर्दा पनि पृथ्वीमा झर्न सकिनन् । यता भगीरथलाई फसाद पऱ्यो । राजा भगीरथले फेरि शिवको आराधना गर्न थाले । शिव भगीरथको प्रार्थनाले प्रसन्न भए । आफ्नो जटाबाट गङ्गालाई मुक्त गरे । पृथ्वीमा झरेपछि गङ्गाको मुख्य सातवटा नदीहरू बग्न थाले । हलदिनी, पावनी, नलिनी, सुचक्षु, सीता र सिन्धु गरी पूर्व र पश्चिम दिशातर्फ बग्न थाले र सातौं नदी पतीत पावनी गङ्गा राजा भगीरथको रथको पछ्याडिपछाडि बग्न थालिन् । भगीरथको पछिपछि गङ्गा नदी बहेको दृश्य देवता, गन्धर्व, यक्ष आदि सबैले आश्चर्य मानेर हेरे । ऋषिगणहरू शिवको शिरबाट झरेको गङ्गाजलको स्पर्श गरेर सेचन पनि गर्दै थिए । गङ्गा बहँदै-बहँदै रसातलसम्म पुगिन् र भगीरथका पूर्वजको उद्धार गरिन् । यस्तो साह्र कठिन कार्य राजा भगीरथको शिवभक्तिको परिणाम हो ।

पुष्पदन्त

गन्धर्वराज पुष्पदन्तको नाम परमशिव भक्तमा पर्दछ । पुष्पदन्त आफ्ना विशेष योगबलले अदृश्य हुनसक्दथे । शिवपूजा गर्न उनी अदृश्य

भएर एउटा राजाको बगैंचाबाट फूल टिप्ने गर्दथे । एकपल्ट राजाले कर्मचारीसँग सरसल्लाह गरेर सर्वसम्मति अनुसार उपवनको चारैतिर शिव निर्माल्य फैलाए अर्थात् शिवपूजाको निर्माल्य जल बगैंचाको वरपर छरिदिए । पुष्पदन्त सधैँझै वगैंचामा दाखिल हुँदा अज्ञानले निर्माल्य जल नाघेकोले सशरीर देखिए । पुष्पदन्तलाई पक्रेर जेलमा राखियो । त्यही बेला हृदयदेखि नै उनले रचना गरेको स्तोत्र नै शिव महिम्नस्तोत्रको नामले प्रसिद्ध छ । नेपालीमा पनि शिवमहिम्नस्तोत्र विभिन्न विद्वान् भक्तहरूले उल्था गरेका छन् । हेमराज ज्ञवालीजीको श्री शिवमहिम्नस्तोत्रम् पनि नेपाली पद्यानुवादसहित प्रकाशित छ । त्यसमा उनले प्रष्टसँग शिवभन्दा ठूला अरू देवता छैनन्, शिवमहिम्नस्तोत्रम् भन्दा ठूलो अर्को स्तुति छैन, शिवजीको अघोरभन्दा ठूलो अर्को मन्त्र छैन, गुरुभन्दा ठूलो तत्त्व अरू छैन भनेका छन् ।[२०] परिशिष्टमा सम्पूर्ण शिवमहिम्नस्तोत्रम् समावेश गरिएको छ ।

पुष्पदन्तले प्रभासक्षेत्रमा 'पुष्पदन्तेश्वर' शिवलिङ्ग पनि स्थापना गरेका थिए । स्कन्दपुराण, अवन्ती खण्ड, लिङ्ग-महात्म्यको ७७ औं अध्यायमा पुष्पदन्तको शिवभक्तिको विषयमा रोचक वर्णन छ ।[२१] प्राचीन कालमा एकजना शिनि नाम अयोनीज ब्राह्मण थिए । उनले अयोनिज पुत्र प्राप्तिको लागि लामो समयसम्म तपस्या गरे । शिवको नामको जप, आराधना, स्तुति गरेर वर्षौं बिताए । लामो समयसम्मको कठोर तपस्याले गर्दा यिनी तेजस्वी भए । उनको तेजले नदीको जल सुक्न लाग्यो, पृथ्वीमा कम्पन हुन थाल्यो । स्वर्गमा देवगण पनि विचलित हुन थाले । पार्वतीले शिवलाई आफ्नो भक्तको मनोकामना पूरा गर्न अनुरोध गरिन् । शिवले पनि भक्त शिनीको इच्छा पूर्ण गर्न आफ्ना गणहरूलाई स्मरण गरे । तरुन्तै सहस्र गणहरू शिवसमक्ष उपस्थित भए । ती गणहरूमध्ये पुष्पदन्त पनि थिए । सबैले एकै स्वरमा शिवलाई कार्यको लागि अनुरोध गरे । कठिन तपस्या गरेर पुत्र प्राप्तिको इच्छा गर्ने शिनीको पुत्रको रूपमा पृथ्वीमा जन्मन गणहरूमध्ये कसलाई इच्छा छ भनेर शिवले सोधे । आफूले भक्तको इच्छा पूर्ण गर्ने कुरो बताउँदै शिवले आफ्ना भक्तको संकल्प कुनै पनि प्रकारले झूटो नहुने कुरो बताए । तर गणहरूमध्ये कसैले पनि शिवपार्वतीको सामीप्य छोडेर पृथ्वीलोकमा शिनीको पुत्र भएर जन्मने इच्छा व्यक्त गरेनन् । पुष्पदन्तले भने मुखै फोडेर– हे देव ! यो उत्तम गति प्राप्त गरिसकेपछि हामी भूलोकमा जान

तयार छैनौं भने। पुष्पदन्तसँग शिव रुष्ट भएर मनुष्यलोकमा जन्मने श्राप दिए। शिवका गण वीरक शिनी ब्राह्मणको पुत्रको रूपमा धर्तीमा आए। धर्तीमा आएका पुष्पदन्त किंकर्तव्यविमूढ भएर के गर्ने के नगर्ने ? दोधारमा परे। महादेवकै शरण परेर भजन गर्न थाले।[२२] पुष्पदन्तको भक्तिनिष्ठा र स्तुतिबाट पार्वती र शिव प्रसन्न भए। शिवपार्वतीको सल्लाहअनुसार महाकालवनमा गएर पुष्पदन्तले लिङ्गरूपमा शिवको पूजा आराधना गर्न थाले। शिवपार्वती र गणहरू महाकालवनमा गए। शिवले पुष्पदन्तलाई फेरि गणको अधिपति बनाए। पुष्पदन्तले महाकालवनमा गएर शिवको लिङ्ग रूपमा अर्चना गरे। उनले स्थापना गरेको शिवलिङ्ग पुष्पदन्तेश्वर शिवलिङ्गको नामले प्रसिद्ध छ।

पञ्चाक्षरी शिवमन्त्र

कुनै पनि देवताप्रति समर्पित सूक्ष्म प्रार्थनालाई मन्त्र भनिन्छ। शैव, शाक्त, वैष्णव, सौर्य, गणपत्य आदि विभिन्न सम्प्रदायका अनुयायीहरूका आ-आफ्ना मन्त्रहरू छन्। विभिन्न अक्षर, वाक्य प्रयोग गरेर बनाइएका मन्त्रहरू दैनिक जीवनमा बारम्बार दोहऱ्याउनाले विविध सिद्धि प्राप्त हुने विश्वास गरिन्छ। सनातन धर्मावलम्बीहरूका विभिन्न संस्कारमध्ये बटुकहरूले गर्ने व्रतबन्धको निकै ठूलो महत्त्व छ। व्रतबन्धका विभिन्न कर्महरूमध्ये गुरुले प्रदान गर्ने मन्त्रदानको सबैभन्दा ठूलो भूमिका हुन्छ। व्रतबन्ध सम्पन्न भइसकेको वटुकले नियमित रूपमा मन्त्रजप गर्नुपर्ने नियमको कडाइसँग पालना गर्नुपर्दछ। गायत्री मन्त्रको साह्रै ठूलो महत्त्व छ। प्रायः व्रतबन्ध भइसकेको वटुकले मात्रै नियमित रूपमा जप्ने गायत्री मन्त्रको विशिष्ट स्थान छ। राजवली पाण्डेयले मन्त्रकण्टकीको बारेमा पनि वर्णन गरेका छन्। परम्परागत मान्यताअनुसार ऋषि, छन्द, देवता र विनियोग विना वेद मन्त्र पढ्नु वा पढाउनु दोषप्रद हो। कुन मन्त्र कुन छन्दमा छ, त्यसलाई कसरी पढ्ने, त्यो मन्त्रमा कुन देवता विषयक वर्णन छ त्यो मन्त्रको प्रयोग कुन कामको लागि गरिन्छ आदि कुरा थाहा नपाई जसले मन्त्रको प्रयोग गर्दछ त्यसलाई 'मन्त्रकण्टकी' भनिन्छ।[२३] वेदको ऋचा, संहितालाई पनि मन्त्र भनिन्छ। नेपाली बृहत् शब्दकोशमा स्पष्टसँग टुन्याहा, बोक्सी, भूतप्रेत आदिको लागो वा नराम्रो असर शान्त गर्न र सर्प विच्छी आदिको विष झार्न झारफुकेले प्रयोग गर्ने शब्द समूह, लागोफागो

हटाउन झारफुक गर्दा उच्चारण गरिने वचन। यस्तै देवदेवीबाट असाधारण शक्ति प्राप्त गर्न जपिने शब्द वा वाक्य भनेर पनि अर्थ गरिएको छ।[२४] ऋषिमुनिहरूले भनेअनुसार सर्वशक्तिमान् श्रीभगवान्को सबैभन्दा ठूलो नाम आदि वाचाक प्रणव हो। प्रणव त्रिगुणात्मक छ। त्यसमा सृष्टिकर्ता ब्रह्मा पालनकर्ता विष्णु र संहारकर्ता शिव विद्यमान छन्। त्यसैले मन्त्र शास्त्रको यस्तो सिद्धान्त छ कि प्रणव सेतु पुल हो। जसरी बाटो सजिलो गर्न नदीहरूमा पुल बनाइन्छ त्यस्तै प्रणवयुक्त मन्त्रले पनि दैवीजगत् पुऱ्याउन बाधारहित भएर पूर्ण शाक्ति प्राप्त गर्दछ। आदिमन्त्र प्रणवको दुइ स्वरूप बताइएको छ। एउटा वर्णात्मक, दोस्रो ध्वन्यात्मक। अ, उ, म को संयुक्त स्वरूप ॐकारको जुन स्वरूप अक्षरात्मक बन्छ र जसलाई सबै मानिसहरूले उच्चारण गर्न सक्दछन्। त्यो नै शब्दात्मक हो। ध्वन्यात्मक प्रणवको बारेमा मन्त्रशास्त्रले बताएअनुसार, मुखले उच्चारण गर्न नसकिने, योगयुक्त अन्तःकरणद्वारा आफ्नो चित्त आकाशमा मात्रै सुन्न सकिन्छ। मन्त्रशास्त्रका विभिन्न वीजमन्त्रले दृश्य र अदृश्य दुवैसँग सम्बन्ध गराएर, तत्तद् बीजसँग सम्वन्धयुक्त देवदेवीलाई साधक नजिक पुऱ्याइदिन्छ। वैदिक र लौकिक गरी मन्त्र विभिन्न प्रकारका हुन्छन्। शावरमन्त्र विभिन्न प्रकारका हुन्छन्। मरण-वशीकरण आदि काममा पनि मन्त्र प्रयोग गरिन्छ। मन्त्रशास्त्रसँग अन्तःकरणको घनिष्ट सम्बन्ध छ। मन्त्रमा जुन शक्ति छ, त्यो शक्तिमन्त्रको आश्रयबाट अन्तःकरणमा प्रंकट हुन्छ। काठमा आगो हुन्छ तर अरणीद्वारा रगडेपछि मात्र त्यो प्रज्वलित हुन्छ। त्यस्तै, योगयुक्त अन्तःकरणमा व्यवस्थित रूपबाट मन्त्रको कार्य गरी राखियो भने शक्ति प्रकट भएर कार्य गर्न सकिन्छ। अलौकिक वेदोक्त मन्त्र सिद्ध गर्न धेरै परिश्रम गर्न पर्दैन, किनकि ती स्वतः सिद्ध अनादि मन्त्र हुन्। तर मिश्र मन्त्र अर्थात् जसमा वैदिकत्व र लौकिकत्व वास्तवमा दुवै मिसिएको हुन्छ, त्यस्ता मन्त्रको सिद्धि प्राप्त गर्न विशेष अनुष्ठानको आवश्यकता पर्दछ, मन्त्रले मात्रसिद्धि प्राप्त हुँदैन।[२५]

ॐ नमः शिवाय वा नमः शिवाय मन्त्रको महात्म्य महादेवले पार्वतीलाई बताएका छन्। पुराणहरूमा लेखिएअनुसार पञ्चाक्षर-मन्त्रको पूरा महात्म्य करोडौं वर्षसम्म पनि कसैले भन्न सक्दैनन्। महादेवले पार्वतीलाई बताएअुसार प्रलयकालमा सम्पूर्ण वस्तु नष्ट हुन्छन्। पार्वती (शक्ति) पनि प्रकृतिको रूपमा लीन हुन्छिन्। त्यसबेला वेद, शास्त्र शिवको शक्तिद्वारा पालन

गरिएका पञ्चाक्षर मन्त्रमा निवास गर्दछन् । शिवले दुइ रूप धारण गरेपछि प्रकृति नै मायामय शरीर धारण गरेर नारायण रूपमा समुद्रमा सुत्दछन् । उनको नाभीबाट निस्किएको कमलबाट ब्रह्माले सृष्टि गर्न सामर्थ्यको लागि प्रार्थना गरे । एकपल्ट शिवले ब्रह्माजीको प्रार्थना सुनेर पाँच मुखले पाँच अक्षरको उच्चारण गरे । ब्रह्माजीले पनि यो पञ्चाक्षर मन्त्रको विधिपूर्वक लामो समयसम्म जप गरेर सिद्धि प्राप्त गरेका थिए ।

गौरीशङ्करजीले पञ्चाक्षर मन्त्रको राम्रो अर्थ लगाएका छन् । वेदको सार, मुक्ति दिने, असन्दिग्ध, अनेक सिद्धि प्रदान गर्ने, सुखले उच्चारण गर्न योग्य, समस्त कामनालाई पूर्ण गर्ने, सबै विधाका बीज्र सबै मन्त्रका आदि, वरको बीजजस्तै ज्यादै विस्तारयुक्त र परमेश्वरको वाक्य पञ्चाक्षर नै हो, जसको हृदयमा पञ्चाक्षर मन्त्र विद्यमान छ, त्यस व्यक्तिले सबै शास्त्र र वेद पढेको जत्तिकै हुन्छ, किनकि शिवनै ज्ञान हुन्, उनै परमपद हुन् । त्यसैले सधै पञ्चाक्षर मन्त्रको जप गर्नुपर्दछ । पञ्चाक्षर भगवान् शिवजीको हृदय, गुह्य भन्दा पनि गुह्य र मोक्ष ज्ञानको सबै भन्दा उत्तम साधन हो ।

सबै प्रकारका यज्ञमध्ये जपयज्ञ उत्तम हो । सबै प्रकारका यज्ञमा हिंसा हुन्छ तर जपयज्ञ हिंसारहित हुन्छ । जप गर्नाले देवता प्रसन्न हुन्छन् र भोग तथा मोक्ष दुवै दिन्छन् । यक्ष, राक्षस, पिशाच, ग्रह आदि पनि जप गर्नेसँग भयभीत भएर टाढा भाग्दछन्, जपबाट जीवले मृत्युमाथि पनि विजय प्राप्त गर्न सक्दछ ।[२६] पूर्व या उत्तर मुख गरेर एकग्रचित्त भएर मौन भावले जप गर्नुपर्दछ । अन्त्यमा १०८ बीज (ॐ) मन्त्रको जप गर्नु उत्तम हो । मोक्षको इच्छा गर्नेले निष्कामभावले निरन्तर प्रेमपूर्वक जप गर्नु पर्दछ । निरन्तर निष्काम जप गर्नाले अवश्य कल्याण हुन्छ ।[२७] शिवनामको महिमा र जपबारे शिवपुराण र शिवस्तोत्रमा प्रशस्त व्याख्या गरिएको छ । ब्रह्माले महर्षि गौतमलाई शिव नामको महत्त्व बुझाएको पनि रोचक छ । शिव नामरूपा मणि जसको घाँटीमा सधैं रहिरहन्छ, उनी नीलकण्ठको स्वरूप नै बन्दछन्, यसमा सन्देह छैन । हे द्विजवर ! तिमी सधैं शङ्करको पूजा गर र शिव नामरूपी अमृत पिउ । शिव नाम भन्दा ठूलो अर्को अमृत नै छैन । मृत्युको समयमा 'शिव' यो दुइ अक्षर भगवान् शङ्करकै कृपाबिना मानिसको ओठमा आउँदैन ।[२८] कलियुगमा शिव नाम सबै नाम भन्दा महत्त्वपूर्ण मानिन्छ । कर्मपुराणमा विभिन्न देवदेवीको नाम उल्लेख गरेर शिवको नाम नै सर्वश्रेष्ठ मानिएको छ ।[२९] शिवको महिमा

कति सम्म गर्ने ? पुष्पदन्ताचार्यले शिवमहिम्नः स्तोत्रममा भनेका छन्– कालो पहाड जत्रो मसीको ढिक्कालाई समुद्ररूपी मसीदानीमा घोलेर कहिल्यै नसकिने कल्पवृक्षका हाँगालाई कलम बनाएर पृथ्वी तललाई लेख्ने कागज तुल्याई सरस्वती माताले सबै काम छाडी अनन्तकालसम्म लेखे पनि हजुरको महिमा लेखी सकिँदैन । झन् हामी जस्ता साधारणले के सकिएला ?[३०] यसरी शिवमन्त्र र शिवको महिमाबारे विभिन्न ग्रन्थमा उल्लेख गरिएको छ । आशुतोष र उदार शिरोमणि शिवको मन्त्र जपबारे पुराणहरूमा विस्तृत व्याख्या गरिएको छ । वत्सुमुनिले आफूले ॐ नमः शिवाय मन्त्रको फल प्रभाव भोगेको वर्णन सुतजीलाई बताए । वत्समुनिअनुसार शिवजीको छ अक्षरको मन्त्र प्रतिदिन जप्नाले उनको युवावस्था तीनैकालमा समान रहेको थियो । वत्समुनि एक हजार वर्षका भए पनि युवावस्थाका नै देखिन्छन् । वत्समुनिले भस्म शरीरभरी घसेर, षडक्षर मन्त्रको जप गरेकाले उनको यौवन स्थायी भएको, आकाश मार्गबाट आउने जाने शक्ति पनि प्राप्त भएको र एउटै ठाउँमा बसेर अन्य ठाउँको वत्तान्त जान्न सक्ने भएको तथ्य सुतजीलाई बताए । यसरी शिव मन्त्रको महत्त्व र प्रभावबारे वत्समुनिले विस्तारसँग व्याख्या गरेको वर्णन पुराणमा पाइन्छ ।

शास्त्रमा पूजाका पाँच प्रकार बताइएको छ । अभिगमन, उपादान, योग, स्वाध्याय र इज्या । मूर्ति लिङ्ग स्थापना गरिएको ठाउँ सफा पार्नु, पुछ्नु, पोत्नु, आदि अभिगमन अन्तर्गत पर्दछ । देवतालाई अर्पण गरिने वस्तु चन्दन, पुष्प, फलफूल आदि जम्मा पार्नु उपादान अन्तर्गत पर्दछ । देवस्वरूपलाई आत्मस्वरूपले भावना गर्नु योगअन्तर्गत पर्दछ । मन्त्रको अर्थ जानेर विभिन्न समयमा जप गर्नु स्तोत्र पाठ गर्नु, कीर्तन गर्नु स्वाध्याय अन्तर्गत पर्दछ । यी सबै विधि भइसकेपछि भगवान्को पूजा गर्नु इज्या हो । पूजाको विभिन्न विधिविधान भए पनि जपलाई विशेष महत्त्व दिइएको छ । जप गर्दै शिवलाई जल र (बेलपत्र) बिल्वपत्र मात्रै चढाए पनि शिवको कृपा प्राप्त हुन्छ ।

रुद्रको (शिव) शतरुद्रीय स्तोत्र

शिवको नाम विभिन्न ढङ्गले जपिन्छ । ती विविध तरीकामध्ये शतरुद्रीय स्तोत्रको विशेष महत्त्व छ । कैवल्योपनिषद्मा बयान गरेअनुसार

शतरुद्रीयको एक पल्ट मात्रै सम्यक-रूपले पाठ गरेमा समस्त पातकबाट परिशुद्ध भएर संसारसागरबाट मुक्त हुन्छ । मोह ममता परित्याग गरेर जो रुद्राध्यायको सधैं जप गर्दछन्, ती यही शरीरमा सक्षात् रुद्र बन्दछन् ।

यजुर्वेद र तैत्तिरियोपनिषद्मा शिवको शतरुद्रीय स्वरूप र कार्यको विस्तृत वर्णन गरिएको छ । यजु संहिताको पन्ध्रौं अध्यायमा शतरुद्रीय मन्त्रद्वारा रुद्र होमको व्यवस्था गरिएको छ । अग्निचयन विधिद्वारा जगाइएका अग्निमा रुद्ररूप वसेका छन् जसको तृप्तिको निम्ति शतरुद्रियमन्त्रद्वारा हवन गर्न ब्राह्मण ग्रन्थ तथा श्रौतसूत्रहरूले निर्देशन गरेका छन् । यजुः संहितामा चराचर रूपमा व्याप्त भएका रुद्रलाई विभिन्न मन्त्रले व्याख्या गर्दै नमस्कार गरिएको छ । हिरण्यवाहु रुद्र, सेनानी, सम्पूर्ण दिशाका मालिक, हरिया पातरूपी केश भएका वृक्षरूप, पशुहरूका मालिक नयाँ पालुवाको जस्तो वर्ण भएका, तेजोमय, रक्त वर्णको केश भएका, यज्ञोपवीतधारी समृद्धजनका मालिकलाई हामी नमस्कार गर्दछौं भनिएको छ । यस्तै प्रकारले स्वर्ग अन्तरिक्ष र पृथ्वीमा वस्ने वर्षारूपी वाण भएका तथा वायुरूप वाण प्रहार गर्ने तथा रोग उत्पन्न गर्ने रुद्रलाई दशऔंला जोडेर दशै दिशामा नमस्कार गर्दछौं, ती रुद्रले हाम्रो रक्षा गरुन्, हामीलाई सुखी बनाउन ज़सले हाम्रो द्वेष गर्छ, ती व्यक्तीहरू रुद्रका मुखमा जाऊन् भनेर प्रार्थना गरिएको छ ।

श्वेताश्वेतर उपनिषद्मा रुद्रको रूप उपासनासम्बन्धी धारणा विकसित भयो । जीव र प्रकृतितत्त्वसँग रुद्रको ईश्वररूपको सम्बन्ध श्वेताश्वेतरो उपनिषद्मा गरिएको छ । रुद्रलाई यस्तो भनिएको छ, जुन देवता अग्निमा, जलमा, यो विश्व र तीनै भुवनमा व्याप्त छन्, जो औषधि वनस्पतिहरूमा पनि व्यापक रूपले रहन्छन्, ती देवतालाई नमस्कार छ । श्वेताश्वेतरो उपनिषद्मा रुद्रको प्रार्थना यसरी गरिएको छ ।

जो एक्लै प्रत्येक योनीका प्राणीमा अधिष्ठित छन्, जसमा यो सम्पूर्ण दृश्यजगत्को प्रलय कालमा लय हुन्छ र सृष्टिकालमा जसबाट विविध रूप प्रकट हुन्छ, ती वरदायक स्तुति गर्न योग्य परमेश्वरलाई जानेर निरन्तर रहने मुक्तिरूपी शन्तिलाई पाउन सकिन्छ । यसरी रुद्रको ईश्वररूप र उनको सम्बन्ध जीव र प्रकृतिसँग गाँसिएको वर्णन श्वेताश्वेतरो उपनिषद्मा गरिएको छ । यसैमा रुद्र (शिव)लाई एकमात्र अक्षर तत्त्वको रूपमा मान्दै शिव प्रकाश

हो र उसैबाट ज्ञानको प्रसार भएको हो भन्ने पाइन्छ। ऋग्वेद र पछिल्लो ऋग्वेदको समयमा रुद्रको प्रकृति फरकफरक पाइन्छ। स्वर्ग र पृथ्वी दुवै स्थानका देवताको रूपमा रुद्रको वर्णन पाइन्छ। रुद्रलाई खराब आत्मा र डरलाग्दा जीवजन्तुसँग सम्बन्धित देखाइएको छ। रगतको भोको र मानिसको मासु पनि ग्रहण गर्ने देवताको रूपमा रुद्रको वर्णन पाइन्छ। अपकारी र हानिकारक देवताको रूपमा रुद्रको वर्णन गर्दै, प्रार्थना गर्दा आफ्ना परिवारमा खराब भाग्य नल्याउन अनुरोध गरिएको छ। पछि विस्तारै रुद्रको स्वभाव परिवर्तन हुँदै गएर वैद्यको पनि वैद्य भनेर पनि उनैलाई सम्बोधन गरिएको छ। गत्यसूत्रमा 'सुलगभ' यज्ञको वर्णन विस्तृत ढङ्गले गरिएको छ। रुद्रलाई गारुको बलि चढाउँदा गाउँबाहिर दिने नियमको पनि चर्चा गरिएको छ। आर.एन. डण्डेकरले वैदिक देवता रुद्रदेखि महाकाव्यका शिवसम्म लगातार सम्बन्ध रहन सक्नु संजोगको बारेमा मुक्तकण्ठले प्रशंसा गरेका छन्। ***स्टेला क्याम्प्रिस***ले ***'द प्रिजेन्स अफ शिव'*** नामक पुस्तकमा रुद्र अग्नि भनेर वर्णन गरेकी छिन्। जनावरको मालिक, योगका मालिक, का रूपमा रुद्रलाई सम्बोधन गनुर्न बेग्लै खाले रवाफ हो भन्ने विचार स्टेलाको छ।[३१] ***स्टेला***ले रुद्रलाई आदिम शिकारी र दण्डदिने र बदला लिने व्यक्तित्वको रूपमा चर्चा गरेकी छिन्।[३२] वैदिक साहित्यमा रुद्रको भयावह स्वरूप क्रमिक रूपमा परिवर्तन हुँदै आएर शिव, महादेव भनेर सम्बोधन गरिएको छ। यिनै रुद्रको सम्झनामा आज पनि सनातन धर्मावलम्बीहरू रुद्री, होम र पूजाको आयोजना गर्दछन्।

रुद्राक्ष

शिवले शरीरमा धारण गर्ने महत्त्वपूर्ण आभूषण रुद्राक्ष हो। शिव उपासनामा रुद्राक्ष मुख्य अङ्ग हो, त्यसैले रुद्राक्षको विशिष्ट महत्त्व छ। शिव र शिवभक्त दुवैले रुद्राक्ष धारण गर्दछन्। शिवभक्तले शिवनाम जप्दा पनि रुद्राक्षलाई जप मालाको रूपमा प्रयोग गर्दछन्।

"रुद्रस्य अक्षि रुद्राक्षः, अक्ष्युपलक्षितम् अश्रु, तज्जन्यः वृक्षः" रुद्रको आँसुबाट उम्रिएको वृक्षमा फलेको फल नै रुद्राक्ष हो। श्री मद्देवीभागवतमा रुद्राक्षको वृक्ष उम्रेको वर्णन गरिएको छ। शिवले त्रिपरासरको वध गर्न एक सहस्र वर्षसम्म तपस्या गरे र अधोरास्रको चिन्तन गरे। शिवको आँखाबाट अश्रुबिन्दु खस्यो र त्यही नै रुद्राक्षको रूख उम्रियो। श्रीमाधवश्रमजीले शिव

उपासनामा रुद्राक्षको महत्त्व साह्रै राम्रोसँग वर्णन गरेका छन् ।[३३] सेतो, रातो, पहलो र कालो चार प्रकारका रङ्गको रुद्राक्ष हुन्छन् । ब्राह्मणले सेतो, क्षत्रीयले रातो, वैश्यले पहेलो र शूद्रले कालो रङ्गको रुद्राक्ष धारण गर्नुपर्दछ । सबै आश्रम एवं वर्ण तथा स्त्री र शूद्रले पनि सधै रुद्राक्ष धारण गर्नुपर्दछ भन्ने शिवजीको आज्ञा छ ।[३४] शिवपुराणमा रुद्राक्षको आकार, धारण गर्ने अङ्ग रङ्ग, मुखको भेद, चौध प्रकारका मन्त्र सबैको वर्णन गरिएको छ ।[३५] सूतजीले शौनकलाई रुद्राक्ष धारणको महिमा र विविध भेदको वर्णन शिवपुराणमा छ । शिवलाई रुद्राक्ष अति नै मन पर्दछ । रुद्राक्षको दर्शन, स्पर्श र त्यसैलाई हातमा लिएर जप गर्नाले समस्त पाप हरिने विश्वास गरिन्छ । पूर्वकालमा परमात्मा शिवले समस्त जनको उपकार गर्न देवी पार्वतीलाई रुद्राक्षको महिमा वर्णन गर्नुभएको थियो । शिवपुराणमा भोग र मोक्षको इच्छा राख्नाले शिवपार्वतीको प्रसन्नताको लागि रुद्राक्षको फल धारण गर्नु पर्दछ भनिएको छ । रुद्राक्षको आकारको बारेमा पनि शिवपुराणमा वर्णन गरिएको छ । अमलाको फलजत्रो रुद्राक्ष श्रेष्ठ, वयरको फलजत्रो मध्यम, चनाको गेडाजत्रो रुद्राक्षलाई निम्नकोटीको मानिएको छ । यही क्रममा विविध आकारका रुद्राक्ष धारण गर्दाको फल पनि शिवपुराणमा बताइएको छ । सानो रुद्राक्षले धेरै फल पनि प्रदान गर्दछ । अमलाजत्रो रुद्रक्षले समस्त अरिष्टलाई विनाश गर्दछ । गुञ्जाफलजत्रो सानो रुद्राक्षले सम्पूर्ण मनोरथ पूर्ण गर्दछ । जुन रुद्राक्ष वयरको फलजत्रै हुन्छ त्यसले सुखसौभाग्यको वृद्धि गर्दछ । फुटेको, कीराले खाएको, गोलो आकार नभएको दानादाना नभएको रुद्राक्षलाई त्याग्नु नै उत्तम हो । टिप्दाखेरी नै धागो छिराउने प्वालको भएको रुद्राक्ष उत्तम र मानिसले प्वाल पारेको मध्यम कोटिको मानिन्छ । शिवभक्तले साढे पाँचसय वटा (५५०) रुद्राक्ष दानाबाट वनेको मुकुट शिरमा लगाएर शिव मन्त्र जप गर्नुपर्दछ । त्यस्तै तीन सय साठीवटा दानाको माला बनाउने । तीनसय साठी दाना हालेर तीनवटा बेग्लाबग्लै माला बनाएर जनैको रूपमा प्रयोग गर्ने । शरीरको विभिन्न भागमा रुद्राक्ष धारण गर्दा विविध मन्त्र पनि जप गर्नु पर्दछ । शिरमा इशान मन्त्र, कानमा तत्पुरुष मन्त्र घाँटी र हृदयमा अघोर मन्त्र पढेर रुद्राक्ष धारण गर्नुपर्दछ । विद्वानले दुवै हातमा अघोर बीजमन्त्रले रुद्राक्ष धारण गर्नुपर्दछ। पन्ध्रवटा रुद्राक्ष उनिएको माला पेटमा वामदेव मन्त्र पढेर लगाउनु । विभिन्न मन्त्रवाहेक मूलमन्त्र नमः शिवाय जपेर पनि रुद्राक्ष धारण गर्न सकिन्छ।

शरीरमा रुद्राक्ष लगाएपछि खानपानमा पनि विचार पुऱ्याउनु पर्दछ । रक्सी, मासु, लसुन, प्याज, स्वेजन आदि खानु हुँदैन । रुद्राक्ष धारण गरेका, निधारमा त्रिपुण्ड लगाएका, मृत्युञ्जय मन्त्रको जप गरेका पुरुषको दर्शन गर्नु साक्षात रुद्रको दर्शन गर्नु समान हो । शिवपुराणमा एक मुखदेखि चौध मुखसम्मको रुद्राक्ष धारण गर्ने मन्त्र पनि बताइएको छ ।[३६] शिवपुराणमा बताएअनुसार रुद्राक्षको माला धारण गरेपछि भूत, प्रेत, पिशाच, डङ्किनी, शाकिनी, द्रोहकारी राक्षस सबै टाढाटाढा भाग्दछन् ।[३७] शिवपुराण, रुद्राक्षवाल, देवीभागवत आदि ग्रन्थमा एकदेखि चौधमुखे रुद्राक्षको धारण विधि, मन्त्र र फल प्रस्ट बताइएको छ–

१. एकमुखी रुद्राक्ष साक्षत शिव तथा परब्रह्मस्वरूप मानिन्छ । एकमुखी रुद्राक्ष धारण गर्नाले भोग र मोक्षरूपी फल प्राप्त हुन्छ । यस्तो स्थानबाट लक्ष्मी टाढा जाँदिनन्, त्यहाँको समस्त उपद्रव नष्ट हुन्छ र त्यहाँ बस्ने सम्पूर्णजनको कामना पूर्ण हुन्छ ।[३८] देवी भागवतमा त एकमुखी रुद्राक्षले ब्रह्महत्यासमेत नाश गर्दछ भनिएको छ ।

   'ब्रह्महत्यां व्यपोहति' ।

२. दुइमुखे रुद्राक्ष अर्धनारीश्वर स्वरूप हो । यस्तो रुद्राक्ष धारण गर्नाले शिवपार्वती प्रसन्न हुन्छन् । यस्तो रुद्राक्षलाई देवदेवेश्वर पनि भनिन्छ ।

   'द्विवक्त्रं तु मुनिश्रेष्ठ चार्धनारीश्वरात्मकम्' ।

३. त्रिमुखी रुद्राक्ष तीन अग्नि -गार्हपत्य, आहवनीय र दक्षिणग्नि) को स्वरूप हो ।

   'त्रिमुखं चैव रुद्राक्षंमग्नित्रयस्वरूपकम्'

४. चारमुखे रुद्राक्ष सृष्टिकर्ता ब्रह्माको स्वरूप हो । यस्तो रुद्राक्ष धारण गर्नाले संन्तति प्राप्त हुन्छ ।

   'चतुर्मुखं तु रुद्राक्षं चतुर्वक्त्रस्वरूपकम्' ।

५. पञ्चदेव (विष्णु, शिव, गणेश, सूर्य र देवी) को स्वरूप भनेर पञ्चमुखी रुद्राक्षलाई धारण गरीन्छ । विभिन्न पापको साथसाथै नरहत्याको पापबाट पनि प्राणीलाई मुक्त गर्दछ ।

   'पञ्चवक्त्रं तु रुद्राक्षं पञ्चब्रह्मस्वरूपकम्' ।

६. ६ मुखी रुद्राक्ष कार्तिकेयको प्रतीक हो ।

'षड्वक्त्रमदि रुद्राक्षं कार्तिकेयाधिदैवतम्'

यस्तो रुद्राक्ष धारण गर्नाले श्री एवं आरोग्य प्राप्ति हुन्छ ।

७. सप्तमुखी रुद्राक्षलाई अनङ्ग भनिन्छ । यो रुद्राक्ष धारण गर्नाले दरिद्रता जान्छ ।

'सप्तवक्त्रो महाभागो ह्यनङ्गो नाम नामतः'

८. अष्टमुखी रुद्राक्षलाई अष्टमुखी भैरव वा साक्षी विनायकस्वरूप मानिन्छ अष्टमुखी रुद्राक्ष धारण गर्नाले पञ्च पातक पनि नाश हुन्छ ।

'अष्टवक्त्रो महादेवः साक्षी देवो विनायकः'

९. नौमुखे रुद्राक्ष नवदुर्गाको प्रतीक हो । भक्तिपरापण मानिसले देब्रे हातमा नौमुखे रुद्राक्ष धारण गर्दछन् ।

'नववक्त्रं तु रुद्राक्षं नवशक्त्याधिदैवतम्
तस्य धारणमात्रेण प्रीयन्ते नव शक्तयः'

१०. दशमुखी रुद्राक्ष जनार्दनको प्रतीक हो यस्तो रुद्राक्ष धारण गर्नाले मानिसको सम्पूर्ण कामना पूर्ण हुन्छ । पूर्ण आयु र शान्ति प्राप्त हुन्छ ।

'दशवक्त्रस्तु देवेशः साक्षद्देवो जनार्दनः'

११. एघारमुखी रुद्राक्ष स्वरूप हो । यस्तो रुद्राक्ष धारण गर्नाले सबैतिर विजय प्राप्त हुन्छ ।

'एकादशमुखो यस्तु रुद्राक्षः परमेश्वरी
स रुद्रो धारणात् तस्य सर्वत्र विजयी भवेत्'

१२. द्वादशमुखी अर्थात् बाह्रमुखे रुद्राक्ष साक्षात् महाविष्णुको स्वरूप हो । बाह्रमुखे रुद्राक्षलाई कानमा धारण गर्नुपर्दछ । यो धारण गर्नाले अश्वमेधको फल प्राप्त हुन्छ । बाह्रमुखे रुद्राक्ष धारण गरेपछि शिरमा बाह्र सूर्यको तेजजस्तै चम्कन्छ ।

१३. तेह्र मुख भएको रुद्राक्ष विश्वदेवको प्रतीक हो । यस्तो रुद्राक्ष धारण गर्नाले कामदेव प्रसन्न हुन्छन् ।

'त्रयोदशमुखं त्वक्षं कामदं सिद्धिदं शुभम्
तस्य धारणमात्रेण कामदेवः प्रसीदति'

१४. चौध मुख भएको रुद्राक्ष परमशिवरूप मानिन्छ । भक्तिपूर्वक शिरमा धारण गर्नाले समस्त पाप नास हुन्छ ।

'चतुर्दशमुखं त्वक्षं रुद्रनेत्रसमुद्भवम्
सर्वव्याधिशरं चैव सर्वदारोग्यमाप्नुयात्'

यसरी चौधवटै मुख भएको रुद्राक्षको वर्णन गर्दै त्यसलाई धारण गर्ने शुभ मुहूर्तको बारेमा पनि उल्लेख पाइन्छ । आयुर्वेदमा रुद्राक्षको व्यावहारिक वा स्वास्थसम्बन्धी महत्त्वको वर्णन प्रचुर मात्रामा पाइने उल्लेख विष्णुप्रसाद देवकोटाले गर्नुभएको छ । रुद्राक्ष अमिलो, उष्णा, वायुनाशक, कफनाशक, शिरोरोगनाशक, रुचिकर र भूतवाधा वा मानसिक रोग र ग्रहबाधाविनाशक पनि छ ।

'रुद्राक्षमम्लमुष्णाञ्च वातध्नं कफनाशनम्
शिरोऽर्त्तिशमनं रुचयं भूतग्रहविनाशनम्' ।

मन्त्र उच्चारण गरेर मात्रै रुद्राक्ष धारण गर्नुपर्दछ । ग्रहणमा, विषुवत्संक्रान्ति (मेषार्क तथा तुलार्क) को दिन कर्कसङ्क्रान्ति र मकरसंक्रान्ति, अमावास्या, पूर्णिमा एवं पूर्णा तिथिमा रुद्राक्ष धारण गर्नाले सम्पूर्ण पापबाट निवृत्ति भइन्छ ।[३९] रुद्राक्षको महिमा बुझेपछि शिवभक्तले त्यसलाई धारण गर्नुपर्दछ । शिवाक्ष, भूतनाशन, पावन, नीकंण्टाक्ष, हराक्ष, शिवप्रिय, अमर, पुष्प चामर आदि विविध नाम भएको रुद्राक्षको महिमा अपरम्पार छ ।

गङ्गा

शिवका विभिन्न नाममध्ये गङ्गाधर पनि एउटा हो । शिवले आफ्ना शिरमा स्वर्गबाट अवतरण गरेका गङ्गालाई धारण गरेर पृथ्वीमा बग्न मद्दत गरेका थिए । वायुपुराण, महाभारत, भागवत, मनुस्मृति, शिवपुराण आदिमा गङ्गाका विभिन्न नाम र महत्त्वबारे विस्तृतरूपमा वर्णन गरिएको छ । देवीदेवताका पूजाआजामा बासी जल र फूल नचढ्ने विधान छ । तर गङ्गाजल बासी भए पनि चढ्ने भएकोले त्यसको महत्त्व सहजै बुझ्न सकिन्छ । पुराणहरूमा वर्णन गरिएका घटना अनुरूप गङ्गाका विभिन्न नामहरू प्रचलित छन् । विष्णुपदी,

जान्हवी, भगीरथी, त्रियथगा, सुरनिम्नगा त्रिसोता, स्वरापगा, अलकनन्दा, मंदाकिनी, सुसदी भीष्मसु आदि प्रचलित नाम हुन् ।

हाम्रो सामाजिक जीवनमा पानीको साह्रै ठूलो महत्त्व छ । हावाबिना तुरून्तै र पानी बिना केही दिनमै यो नश्वर शरीर नष्ट हुन्छ । हाम्रा दैनिक क्रियाकलापमा पानीबिना कल्पना पनि गर्न सकिँदैन । संसारका प्रमुख नदीहरूको किनारमै मानवले आफ्ना बस्ती बसालेका थिए । अन्वेषण, उत्खनन्बाट पत्ता लागेका प्रमुख सभ्यताहरू नदीकै किनारमा भेट्टिएका छन् । पानी संस्कृति हाम्रो महत्वपूर्ण विधा हो । पशुपतिको आर्यघाट, सूर्यघाट, राजराजेश्वरीघाट, गौरीघाट, पाटनको शङ्खमूल, थापाथलीको कालमोचन, टेकुदोभानघाट राजघाट आदि वागमती किनारका केही प्रमुख धार्मिक स्थलहरू हुन् । पानीसँग पूर्णरूपमा गाँसिएको हाम्रो धार्मिक र सामाजिक जीवनको क्रियाकलापबाटै नदीको (गङ्गा) महत्त्व बुझ्न सकिन्छ । साफल्यजीले पनि वागमती नदीको महत्त्व बताइएका ग्रन्थहरू बराहपुराण, पशुपतिपुराण, नेपालमहात्म्यको नाम उल्लेख गरेका छन् ।[४०] गङ्गालाई शिवले शिरमा धारण गरेका दृश्य चित्रहरू र मूर्तिहरूमा अङ्कित गरेको पाइन्छ । काठमाण्डौं उपत्यकामा कुँदिएका उमामहेश्वर मूर्तिफलकमा गङ्गालाई सुन्दर स्त्रीरूपमा स्वर्गबाट पृथ्वीमा झर्दै गरेको कलात्मक रूपमा प्रस्तुत गरिएका छन् । शिवलिङ्गमा मुहार कुँदिएको छ भने शिवजटामा घाँटीसम्म गङ्गाको स्वरूप पनि देखाइन्छ । गङ्गालाई सम्पूर्ण नदी स्वरूपमा वा स्त्री रूप दुवैमा देखाउने चलन छ । नेपालका अधिकांश उमाभहेश्वर फलकको सबैभन्दा माथि स्त्री रूपमा गङ्गालाई दर्शाइन्छ । गङ्गाका चारवटा हातमध्ये दुइ हातले समातेको पछ्यौरीको छाट र शरीरको हाउभाउ आकर्षक ढङ्गले बनाइएको हुन्छ । शैव मूर्तिहरूका आर्कषक शैली र पात्रको रूपमा गङ्गाको वर्णन गर्न सकिन्छ । उमामहेश्वर मूर्तिको मथिल्लो भागको बीचमा कुँदिएको गङ्गामूर्तिबाहेक फलकको दायाँतर्फ पनि कुँदिएका छन् । पाटनको घैयवुको संवत् १०७ (इ.सं. ९८६) को अभिलेख भएको उमामहेश्वर मूर्ति-फलकमा छेउमा गङ्गा कुँदिएको छ । शैव मूर्तिहरूमा बाहेक, मन्दिरको ढोकाको दायाँबायाँ, दरबारको चोकमा पनि गङ्गा र जमुनाका मूर्ति बनाइएका छन् । पशुपति ब्रह्मा मन्दिरको गङ्गा र मल्लकालीन दरबारका गङ्गा मूर्तिहरू कलाको दृष्टिबाट उत्कृष्ट छन् ।

पार्वती

शिवलिङ्गको उत्तरतर्फको मुहारमा शक्तिस्वरूप पार्वतीको मुहार कुँदिएको हुन्छ। शक्तिविना शिवको कल्पना गर्न सकिँदैन। छुट्टाछुट्टै मूर्तिमा शिव, पार्वती र एउटै मूर्तिमा आधा शिव र आधा पार्वती अर्धनारीश्वर स्वरूपमा कुँदने प्रचलन पनि व्यापक छ। शैव दर्शनमा प्रकृति र पुरुषको सारै ठूलो भूमिका छ। देवीको अपार शक्तिको वर्णन चण्डी शप्तशतीमा गरिएको छ। काली, दुर्गा, महाषमर्दिनी, चण्डी, अम्बिका, चामुण्डा आदि विभिन्न देवी पार्वतीकै रूप मानिन्छन्। हिमवान्ले परमेश्वरीको एक हजार आठ नामले स्तुति गरेको वर्णन कूर्मपुराणमा छ।[४१] शिव र शक्तिको बारेमा कूर्मपुराणमा यसरी वर्णन गरिएका छन्। शक्ति एक छ र शिव पनि एक छन्। शिव शक्तिमान् मानिन्छन्। अरू सबै शक्ति तथा शक्तिमान् शक्तिबाटै उत्पन्न हुन्छन्। शक्ति र शक्तिमानमा भेद छ भनिन्छ तर तत्त्वको चिन्तन गर्नेले योगीजन परमार्थतः अभदको दर्शन गर्दछन्। जति पनि शक्ति छन् ती गिरीजादेवी र जति पनि शक्तिमान् छन् उनी शङ्कर हुन्। ब्रह्मवादहिरूद्वारा पुराणमा यसको बारेमा विशेष रूपले वर्णन गरिएको छ।[४२] यसरी शक्ति र शक्तिमान् एउटै विन्दुबाट उत्पन्न भएको र एकै स्वरूप भएको वर्णन पुरांणमा पाइन्छ। यही दर्शनअनुरूप शिवलिङ्गमा उत्तरतर्फको मुहारमा आधा शिव र आधा पार्वतीको मुहार कुँदिन्छ। तत्पुरुष, सद्योजात, वामदेव, अघोर र इशान यी पाँच मुख पाँचै दिशामा कुँदिने विधानअनुरूप वामदेव मुहारपट्टि शक्तिस्वरूप पार्वतीको चेहेरा बनाइन्छ। काठमाण्डौंमा स्थापित मुख शिवलिङ्गहरूमा उत्तरतर्फ अर्धनारीश्वर स्वरूप झल्कने ढङ्गले कुँदिएका मूर्ति थुप्रै छन्। शिवतर्फको आधा भागमा तेस्रो आँखा सर्पकुण्डल, मुण्डमाला वा सर्पजनै, जटामुकुट, अर्धचन्द्र, नर खप्पर वा रुद्राक्ष धारण गरेको पाइन्छ भने पार्वती तर्फको आधा भागमा सुन्दर जुरो र मुकुट, टीका, पत्रकुण्डल, गलामा हार आदि मिलाएर कुँदिएको हुन्छ। सिद्धहस्त कलाकारले कुँदेको शिवलिङ्ग छ भने उत्तरतर्फको मुहार नै स्त्रीको भल्को आउँने खालको बनाइएको हुन्छ।

भस्म

सृष्टिकर्ता, पालनकर्ता र संहारकर्तामध्ये शिवलाई संहारकर्ताको रूपमा वर्णन गरिएको छ। शिवले शरीरमा धारण गर्ने सम्पूर्ण वस्तुको साङ्केतिक

अर्थ छ । त्यस्तै मनुष्यचोला नाशवान् हो, खरानी भएर जाने शरीरको सम्झना दिलाउन निधार, पाखुरा, छाती वा सम्पूर्ण शरीरभरी नै खरानी घसेको शिवको वर्णन पाइन्छ । शिवभक्तले पनि शिव आराधना, पूजा गर्दा भस्मलेपन गर्ने प्रचलन छ । शिवभक्त गृहस्थहरूले समेत शिवप्रसाद स्वरूप भस्म निधार वा घाँटीमा त्रिपुण्ड वा बिन्दुको रूपमा लगाउँदछन् । विभूति, खरानी, भासित, क्षार, रक्षा आदि विभिन्न नामले सम्बोधन गरिने भस्म घस्नु र त्यसैमा सुत्ने नियम पनि शैव सम्प्रदायमा पाइन्छ । शिवभक्तहरूले श्वेतभस्मक निधारमा त्रिपुण्ड धारण गर्नुपर्दछ । वैष्णवहरूले चन्दनद्वारा लगाउने ऊर्ध्वपुण्ड र शैवहरूको त्रिपुण्ड दुवैले ब्रह्मा, विष्णु र महेश्वरको एकाकार स्वरूपलाई सम्झाउँछ । शिवपुराणमा भस्मको महात्म्य साह्रै राम्रोसँग प्रष्ट पारिएको छ । सुतजीले शिवपुराणमा दुइप्रकारको भस्मको वर्णन गरेका छन् । क) महाभस्म ख) स्वल्पभस्म । महाभस्म पनि विभिन्न प्रकारका छन् । त्यसमध्ये तीनथरीलाई मुख्य मानिन्छ । श्रोत, स्मार्त र लौकिक । एवं रीतले स्वल्प भस्म पनि अनेक प्रकारका छन् । ब्राह्मणहरूको लागि स्रोत र स्मार्त भस्मको विधान छ । अरूहरूको लागि लौकिक भस्म उपयुक्त हुन्छ । ब्राह्मणहरूले भस्म लगाउँदा पनि मन्त्र पढ्नु पर्दछ तर अरूहरूलाई पर्दैन । गोबरबाट बनेको भस्मलाई आग्नेय भनिन्छ । त्रिपुण्डको द्रव्य आग्नेयलाई मानिन्छ । विद्वानहरूले अग्निहोत्रको भस्म धारण गर्न सक्दछन् । अरू यज्ञबाट उपलव्ध भएको भस्म पनि त्रिपुण्डको रूपमा धारण गर्न उचित मानिन्छ । जावलिउपनिषदमा बताएअनुसार मन्त्र पढेर भस्मलाई जल योगद्वारा सातपल्टसम्म शरीरमा लाउनुपर्दछ । श्रद्धापूर्वक शरीर भस्म लेपन र त्रिपुण्ड धारण नगर्ने मानिसलाई सय करोड कल्पमा पनि शिव ज्ञान प्राप्त हुँदैन । जो मानिस तीनवटै सन्ध्यामा सेतो भस्मद्वारा त्रिपुण्ड धारण गर्दछन्, ती सम्पूर्ण पापबाट छुटेर शिव प्राप्त गरेर प्रसन्न हुन्छन् । भस्मले स्नान नगरीकन षडक्षर मन्त्रको जप गर्नुहुँदैन । भस्मको त्रिपुण्ड लगाएर विधिपूर्वक जप गर्नु उचित हो ।[४३] त्रिभुवनको सम्पूर्ण कुरो नै भस्मरूप हो भन्ने बुझाउन नै निधारमा त्रिपुण्ड लगाएकोभाव प्रेमराज शर्माले शिवस्तोत्रमा प्रस्ट्याएका छन् ।[४४] "... त्रिलोकमा सबैकुरो अवश्य भस्मरूप हो । ललाटको त्रिपुण्डले बताउने रहस्य यो" जुन शिवविधान ज्योति वस्तु हो, त्यही नै विभूति हो । विभूति, भस्म, भासित क्षार एवं रक्षा आदि विभिन्न नामले

सम्बोधन गरिने खरानी शरीरको सम्पूर्ण भाग, निधार, पाखुरामा भस्म घसिन्छ । वीर शैवहरूले शरीरको पन्ध्र ठाउँमा भस्म लगाउँदछन् । विभूति वा भस्मको शैव दर्शनधर्ममा साह्रै ठूलो स्थान छ ।

त्रिशूल

शिवले धारण गर्ने विभिन्न आयुधहरूमध्ये त्रिशूलको विशिष्ट स्थान छ । शैव मन्दिरमा गजुरसँगैं वा मन्दिर परिसरमा उमामहेश्वर मूर्ति फलक वा एकल शिव मूर्ति त्यस्तै चतुर मूर्तिमा (ब्रह्मा, विष्णु, शक्ति र शिव) कुँदिएको शिव, हरिहर स्वरूप वा अर्धनानीश्वर सबैमा नै त्रिशूल कुँदिएको हुन्छ । शिवको चित्र र मूर्ति पहिचान गर्ने मुख्य आधारमा त्रिशूल पर्दछ । त्रिशूल आयुधको प्रयोग शिवबाहेक उनको परिवारका सदस्यहरू गण र देवीहरूले पनि गरेको पाइन्छ । शिवले धातुको त्रिशूल प्रयोग गरेर घमण्डी असुरहरूलाई पाठ सिकाएको उल्लेख पुराणहरूमा थुप्रै छन् । त्रिगुण सत्व, रज र तम त्यस्तै त्रिदेव ब्रह्मा, विष्णु र महेश्वर र तिनको कार्य सृष्टि, स्थिति र प्रलयको प्रतीकको रूपमा पनि त्रिशूललाई लिइन्छ ।

त्रिशूल जन्मको बारेमा पनि रोचक वर्णन पुराणहरूमा पाइन्छ । विश्वकर्माकी छोरी संज्ञाको विवाह सूर्यसँग सम्पन्न भएको थियो । तेजिला सूर्यको राप खप्न संज्ञालाई गाह्रो भयो । विभिन्न उपाय गर्दा पनि केही नलागेपछि अन्त्यमा संज्ञाले आफ्ना बाबु विश्वकर्मालाई सबैकुरोको बेलिविस्तार गरिन् । बाबुको मन न हो पग्लियो । विश्वकर्माले धेरै सोचविचार गरेर सूर्यलाई घोटे । घोटेपछि सूर्यको राप कम भयो । सूर्यलाई घोटेर निस्किएको धुलोबाट विश्वकर्माले पुष्पक विमान, चक्र, शक्ति र त्रिशूल बनाए । यसरी त्रिशूलको निर्माण भएको थियो । समुन्द्र मन्थन गर्दा अमृत, कामधेनु, चन्द्रमा, लक्ष्मी, ऐरावत हात्ती, पारिजात आदि बहुमूल्य वस्तुसँगै कालकूट विष पनि निस्कियो । महत्त्वपूर्ण वस्तु देवता र दानवहरूले बाँडफाँड गरेर लिए । कालकूट विष निस्किएपछि कसैले पनि स्वीकार गरेनन् । परोपकारी शिवले विश्वको रक्षार्थ त्यो विष आफैंले पान गरे । शिवको योगको बलले विष घाँटीभन्दा तल झर्न सकेन । विषको प्रभावले शिवको घाँटी नीलो भयो । उनलाई छटपटी र डाह भयो । विषको प्रभाव कम गर्न शिव शितल चिसो जलको खोजीमा हिडे । गोसाइकुण्ड पुगेपछि शिवले आफ्नो आयुध

त्रिशूल हिमालमा गाडेर तीनधारा छुटेको पानी पिए । शिवको त्रिशूलले प्वाल पारेपछि निस्किएको हिमजलले नजिकैको पोखरी जल मग्न भयो । शिव त्यही कुण्डमा सुते । त्रिशूलको भेदनबाट निस्किएको जल नै बगेर त्रिशूली नदीको निर्माण भयो । आजसम्म पनि गोसाइँकुण्डको उत्तरी भागमा त्रिशूलले बनाएको तीनधाराबाट अविरल जल बगिरहेको छ । यसरी त्रिशूलले जन्माएको त्रिशूली नदी र गोसाइँकुण्ड (निलकण्ठ) दुवैको सामाजिक र धार्मिक महत्त्व छ ।

प्रतिमाविज्ञानका पुस्तकमा त्रिशूललाई आयुध पुरुषको रूपमा पनि चित्रण गर्ने विधान छ । शङ्ख, चक्र, गदा, पद्म, त्रिशूल, वज्र, शक्ति, दण्ड, पाश, अङ्कुश, ध्वज आदि आयुधहरूलाई पुरुष, स्त्री, नपुंसक मानेर त्यही रूपमा कुँदने परम्परा मूर्तिकलामा छ । त्यसरी कुँदिएको भगवान्का आयुधलाई आयुध पुरुष र आयुध स्त्री भनिन्छ ।[४५] अष्टताल विधिअनुसार आयुध पुरुष र स्त्रीको मूर्ति कुँदने पम्रपरा छ । नीलकण्ठ पुरुषोत्तमजीले आयुध पुरुषको मूर्ति बनाउने सामान्य परिपाटिको चर्चा गरेका छन् । जसअनुसार गदा एवं शक्तिलाई छोडेर शङ्ख, चक्र, वज्र, धनुष, वाण, त्रिशूल, खड्ग आदि आयुध स्थुलकाय र वाउन्ने स्वरूपको वनाउनु पर्दछ ।[४६] तीनवटा धारिलो चुच्चो भएको त्रिशूलशिवको मुख्य अस्त्र हो ।

डमरु

शैव ग्रन्थहरूमा डमरु वाजा र त्यसबाट निस्कने आवाजको ठूलो महत्त्व छ । डमरुलाई वाद्ययन्त्रको रूपमा मात्रै शैव पुराणहरूमा उल्लेख गरिएको छैन । ब्रह्माण्डको सृष्टिमा डमरुको ठूलो भूमिका छ । शिवको विभिन्न प्रकारका चित्र र मूर्तिमा त्रिशूलसँगै वा छुट्टै डमरु बनाइन्छ। डमरुको आवाजबाटै ब्रह्माण्डको सृष्टि र संगीतको स्वर निस्किएको विश्वास गरिन्छ । दुइवटा त्रिकोणको मिलनबाट बनाइएको डमरुले स्त्री र पुरुषको एकाकारबाट नै सृष्टि हुने कुराको समेत सङ्केत गरेको छ । शिवका विभिन्न प्रकारका मूर्ति डमरु त्रिशूलकै डन्डीमा झुन्डिएको देखाइन्छ। शैवमन्दिरहरूमा गजुरसँगै लामो डन्डीमा डमरु पनि राख्ने परंम्परा छ। शिवको नटराज स्वरूपमा डमरुको प्रस्तुति विशेष रूपमा गरिन्छ । पशुपति मन्दिरको पश्चिम-उत्तर कुनामा स्थित ब्रह्मा मन्दिरको बाहिरी गाह्रोको

नटराज, पशुपति नाशः चोकको नटराज, रानीपोखरीको शिवमन्दिरमा स्थित अठारवटा हात भएको नटराज, पाटन भण्डारखाल र सुलिम्हटोलको मन्दिरको तोरणमा भएको नटराज, छाउनी र विशाल वजारको नटराज मूर्तिमा विविध आयुधसँगै डमरु पनि चित्रण गरिएको छ ।

शिवको नृत्युमूर्तिमा वजाइने डमरुवाट सृष्टिको शुभारम्भ र संरक्षकत्वको भाव सँगसँगै संहार र मुक्तिको आभास पनि पाइन्छ । जे.एन. वनर्जीले शिवको डमरुबाटै सृष्टि प्रारम्भ हुने र शिवको अभय मुद्रावाटै संरक्षणको भाव शुरु हुने वर्णन सविस्तार गरेका छन् ।[४७] नेपाली वृहत्कोषमा डमरुको वर्णन यसरी गरिएको छ, समातिने माझ भाग झिनो भएको, दुइपट्टि फराक मुखमा छालाले मोढेको र दुइ तुनामा झुन्डिएको गेडाले वजाइने माटा, काठ वा धातुले वनेको वाजा । शैवदर्शनमा भने वाजावाहेक सृष्टिमा शव्दको प्रवर्तकको रूपमा डमरुको उल्लेख पाइन्छ ।

शिवजीले प्यारो गर्ने र शिवलाई प्यारो गर्ने दुवै शिव प्रिय हुन् । शिव प्रियमा गणेश र कुमार अग्रपङ्क्तिमै पर्दछन् । यस्तै शिव प्रियमा नाग, व्याघ्रचर्म गजचमा आदि पनि पर्दछन् ।

पादटिप्पणी

१. **मन्मना भव मभ्दक्तो मद्याजी मां नमस्कुरू**
मामेवैष्यसि युक्त्वैवमात्मानं मत्परायणः
(गीता, राजविद्या राजगुह्ययोग ९-३४)

२. प्रभुपाद, भगवान *श्रीचैतन्य महाप्रभु*, मुम्बई, भक्ति वेदान्त वुक ट्रष्ट, १९९९, पृ २-३

३. राधेश्याम खेमका (सम्पादक), *शिवोपासानाङ्क, वर्ष ६७, सं. १*, गोरखपुर, गोविन्द भवन कार्यालय, पृ . ३२०-२१

४. हनुमान प्रसाद पोद्दार (सम्पादक), *संक्षिप्त शिवपुरण*, गोरखपुर, गोविन्द भवन कार्यालय, पृ ३७४(७६.

५. वलराम श्रीवास्तव (सम्पादक), *रूपमण्डन*, वाराणसी, मोतीलाल वनारसीदास, सं. २०२१, पृ. ६८.

क्र. प्रतिहार	स्थिति	दिशा	आयुध
१. नन्दी	वाम	पूर्व	मातुलिङ्ग, नागेन्द्र, डमरू, वीजपूरक
२. महाकाल	दक्षिण	पूर्व	खट्वाङ्ग, कपाल, डमरू, वीजपूरक
३. हेरम्ब	वाम	दक्षिण	तर्जनी, त्रिशूल, डमरू, गज
४. भृङ्गी	दक्षिण	दक्षिण	गज, डमरू, खट्वाङ्ग, तर्जनी
५. दुर्मुख	वाम	पश्चिम	त्रिशूल, डमरू, खट्वाङ्ग, कपाल
६. पाण्डुर	दक्षिण	पश्चिम	कपाल, डमरू, दण्ड, बीजपूरक
७. सित	वाम	उत्तर	मातुलिङ्ग, मृणाल, खट्वाङ्ग, पद्यदण्डक
८ असित	दक्षिण	उत्तर	पद्य, दण्ड, खट्वाङ्ग, मृणाल, वीजपूरक

६. प्रसन्नकुमार आचार्य (सम्पादक), *मानसार II*, दिल्ली, लो प्राइस पब्लिकेशन, १९९५, पृ.८२ ।

७. T.A.G. Rao, The Elements of Hindu Iconography, vol II, part II, Motilal Banarsidass Delhi, 1985, p. 457-58

८. राधेश्याम खेमका, पूर्ववत् (पादटिप्पणी नं.३) पृ. ३२७

भक्त्या ये पूजयिष्यन्ति देवं रामेश्वरं परम्
आजन्मप्रभवं पांय तेष्क नइपति तत्क्षणात्
यच्चादि पातकं धोरं ब्रह्महत्यासहस्रकम्
तत्यायं विलयं याति रामेश्वरसमर्चनात्

(स्कन्दपुराण, अक्तीखण्ड, लिङ्गमाहात्म्य २९/४९–५०)

९. अमरकोश अनुसार कुबेरका सत्र नाम
१) कुबेर २) त्रयम्वकसख ३) यज्ञराज ४) गुह्यकेशर ५) मनुष्यधर्मन ६) धनद ७) राजराज ८) धनाधिप ९) किन्नरेश १०) वैश्रवण ११) औलस्त्य १२) नरवाहन १३) यज्ञ १४) एकपिङ्ग १५) ऐलविल १६) श्रीद १७) पुष्पजनेश्वर

१०. हनुमानप्रसाद पोद्दार (सं.), *संक्षिप्त शिवपुराण,* पूर्ववत् (पादटिप्पणी नं.४) पृ. ३३६-३३८

११. हनुमानप्रसाद पोद्दार (स.) *संक्षिप्त शिवपुराण,* पूर्ववत, पृष्ठ ३५०-५१

१२. Stella Kramrisch, The Presence of Shiva, New Jersey, Prinecton university press, 1981. P. 379.

१३. T.A.G. Rao, The elements of Hindu Iconography, vol II, Part I, op. cit. (f.n.7) P. 137-38

१४. Vettam Mani, Puranic Encyclopaedia, Delhi, Motilal Banrsidass, 1993, P. 30.

१५. Hariram Joshi, Rolamba, 1991, July-Sept. editorial

१६. राजवली पाण्डेय (सम्पादक), *हिन्दु धर्मकोश, लखनऊ,* उत्तरप्रदेश हिन्दी संस्थान हिन्दी समिति प्रभाग, १९७८, पृ. ३१३

१७. राधेश्याम खेमका (सं.), *शिवोपासानाङ्क* (पूर्ववत्, पादटिप्पणी नं.३) पृ. ३८-४० ।
मार्कण्डेयले गरेका भगवान् शङ्करजीको स्तुति

रत्नसानुशरासनं रजताद्रिश्रङ्गनिकेतनं
शिञ्जिनीकृतपन्नगेश्वरमच्युतानलसायकम् ।

क्षिप्रदग्धपुरत्रयं त्रिदशालयैरभिवन्दितं
चन्द्रशेखरमाश्रये मम किं करिष्यति वै यमः ॥
पञ्चपादपपुगन्धिपदाम्बुजद्वयशोभितं
भाललोचनजातपावकदग्धमनमथविग्रहम् ।
भस्मदिग्धकलेवरं भवनाशिनं भवमव्ययं
चन्द्रशेखरमाश्रये मम किं करिष्यति वै यमः ॥
मत्तवारणमुख्यचर्मकृतोत्तरीयमनोहरं
पक्तजासनपद्मलोचनपूजिताङ्घ्रिसरोरूहम् ।
देवसिद्धतरङ्गिणीकरसिक्तशीतजटाधरं
चन्द्रशेखरमाश्रये मम किं करिष्यति वै यमः ॥
कुण्डलीकृतकुवरकुण्डलं वृषवाहनं
नारददिमुनीश्वरस्तुवैभवं भुवनेश्वरम् ।
अन्धकान्तकमाश्रितामरपादपं शमनान्तकं
चन्द्रशेखरमाश्रये मम किं करिष्यति वै यमः ॥
यक्षराजसखं भगाक्षिहरं भुजङ्गविभूषणं
शैलराजसुतापरिष्कृतचारूवामकलेवरम् ।
क्ष्वेडनीलगलं परश्वधधारिणं मृगधारिणं
चन्द्रशेखरमाश्रये मम किं करिष्यति वै यमः ॥
भेषजं भवरोगिणामखिलापदामपहारिणं
दक्षयज्ञविनाशिनं त्रिगुणात्मक त्रिविलोचनम् ।
भुक्तिमुक्तिफलप्रदं निखिलाघसङ्खनिबर्हणं
चन्द्रशेखरमाश्रये मम किं करिष्यति वै यमः ॥
भक्तवत्सलमर्चतां निधिमक्षय हरिदम्बर
सर्वभूतपतिं परात्परमप्रमेयमनूपमम् ।
भूमिवारिनभोहुताशनसोमपलितस्वाकृतिं
चन्द्रशेखरमाश्रये मम किं करिष्यति वै यमः ॥
विश्वसृष्टिविधायिनं पुनरेव पालनतत्परं
संहरन्तमथ प्रपञ्चमशेषलोकनिवासिनम् ।
कीडयन्तमहर्निशं गणनाथयूथसमावृतं
चन्द्रशेखरमाश्रये मम किं करिष्यति वै यमः ॥

रूद्र पशुपति स्थाणुं नीलकण्ठमुमापतिम् ।
नमामि शिरसा देवं कि नो मृत्युः करिष्यति ॥
कालकण्ठ कलामूर्ति कालाग्रिं कालनाशनम् ।
नमामि शिरसा देवं कि नो मृत्युः करिष्यति ॥
नीलकण्ठ विरूपाक्षं निर्मलं निरूपद्रवम् ।
नमामि शिरसा देवं कि नो मृत्युः करिष्यति ॥
वामदेवं महादेवं लोकनाथं जगद्गुरूम् ।
नमामि शिरसा देवं कि नो मृत्युः करिष्यति ॥
देवदेवं जगन्नाथ देवेशमृषभध्वजम् ।
नमामि शिरसा देवं कि नो मृत्युः करिष्यति ॥
अनन्तमव्ययं शान्तमक्षामालाधरं हरम् ।
नमामि शिरसा देवं कि नो मृत्युः करिष्यति ॥
आनन्दं परमं नित्यं कैवल्यपदकारणाम् ।
नमामि शिरसा देवं कि नो मृत्युः करिष्यति ॥
स्वर्गपवर्गदातारं सृष्टिस्थित्यन्तकारिणम् ।
नमामि शिरसा देवं कि नो मृत्युः करिष्यति ॥

१८. पूर्ववत्, पृ. ४०

१९. पूर्ववत्, पृ. ५२-५३/ प्रतिस्ते इहं नरश्रेष्ठ करिष्यामि तव प्रिगम् शिरसा धारयिष्यामि शैलराज सुतामहम्
(वाल्मिकी रामायण, वालकाण्ड ४३/३७

२०. हेमराज ज्ञवाली (अनु), *श्री शिवमहिम्न, स्तोत्रम्,* काठमाण्डौं, गीता समुदाय प्रकाशन, २०५७, पृ. ४२
महेशान्नापरो देवो महिम्नो नापरा स्तुतिः
अघोरान्नापरो मन्त्रो नास्ति तत्वं गुरोःपरम ॥३७॥
शिवभन्दा छैनदेव महिमासरिको स्तुति
गुरूभन्दा छैन तत्व एकै मन्त्र अधोर हो
परिशिष्टमा शिवमहिमा स्तोत्रम समावेश गरिएको छ ।

२१. राधेश्याम खेमका, पूर्ववत्, (पादटिप्पणी नं.३) पृ. ५१-५२

२२. पूर्ववत्, पृ. ५२

दीनो ऽस्मि ज्ञानहीनो ऽस्मि प्रणतो ऽस्मि च शंकर
कुरू प्रसाद देवेश अपराधं क्षमस्व मे
न हि निर्वहणं यान्ति प्रभूणामाश्रिता रूषः
प्रसीद देवेदेवेश दीनस्य कृपणस्य च
अपि कीटपतंगत्व गच्छेयं तव शासनात्
भक्तो ऽहं सर्वदा देव पुत्रत्वे हि प्रतिष्ठितः

(स्कन्दपुराण, अवन्ती, लि.मा. ७७/४४-४६)

२३. राजवलि पाण्डेय, पूर्ववत्, (पादटिप्पणी नं. १६) पृ. ४९६.

२४. वासुदेव त्रिपाठी र अन्य (संपादक), *नेपाली वृहत् शब्दकोश,* काठमाण्डौं, ने.रा.प्र. प्रतिष्ठान, २०४०, पृ. १०४९

२५. हनुमानप्रसाद पोद्दार, चिम्मनलस्त्र गोस्वामी (संपादक), *कल्याण हिन्दू संस्कृति अङ्क,* गोरखपुर, गोविन्द भवन कार्यालय, पृ. ४६२-६३.

२६. राधेश्याम खेमका, (सं), *शिवोपासानाङ्क,* पूववत्, पादटिप्पणी नं. ३, पृ. २२१

२७. पूर्ववत्, पृ. २३०

२८. पूर्ववत्, पृ. २२७

२९. पूर्ववत्, पृ. २२८

ब्रह्मा कृतपुर्ग देवस्रेतायां भगवान रविः
द्वापरे दैवत विष्णुः कर्लो देवो महेश्वर :

(कूर्मपुराण अ. १८)

३०. हेमरज ज्ञवाली (अनु.) *श्री शिवमहिम्नः स्तोत्रम,* काठमाण्डौं, गीता समुदाय प्रकाशन, २०५७, पृ.३९

असितगिरिसमं स्यात् कज्जलं सिन्धुपात्रे
सुरतरूवटशाखा लखेनी पत्रमुर्वी ।
लिखिति यदि गृहित्वा शारदा सर्वकालम्
तहपि तप गुणानामीश पारं न याति ॥३२॥

❖❖❖

जलनिधि मसिदानी होस् मसिको पहाड
त्रिभुवन पट लेख्ने लेखनी कल्पशाखा
हरदम यदि लेखुन शारदाले तक्षापि
शिवगुण महिमा त्यो पार के होस् कथापि ॥३२॥

३१. Stella Kranrisch, The presence of siva, New Jersy, Prineeton University press, 1981, P. 15.

३२. पूर्ववत्, (पादटिप्पणी नं. ३१) पृ. १९

३३. राधेश्याम खेमका, पूर्ववत्, पादटिप्पणी नं. ३, पृ. १११-११३.

३४. पूर्ववत्, पृ. १११.
सर्वाश्रमाणां वर्णानां स्रीशूद्राणां
शिवाज्ञया धार्याः सदेव रूद्राक्षः
(शिवपुराण, विद्येश्वरसंहिता २५/४७)

३५. हनुमानप्रसाद पोद्दार (सं), *संक्षिप्त शिवपुराण*, पूर्ववत्, पादटिप्पणी नं. ४., पृ. ७०-७३ ।

३६. पूर्ववत्, पृ. ७३.
१) ॐ ह्रीं नमः २) ॐ नमः ३) ॐ ल्कीं नमः ४) ॐ ह्रीं नमः ५) ॐ ह्रीं नमः ६) ॐ ह्रीं हुं नमः ७) ॐ हुं नमः ८) ॐ हुं नमः ९) ॐ ह्रीं हुं नमः १०) ॐ ह्रीं नमः ११) ॐ ह्रीं हुं नमः १२) ॐ ह्रीं कौं क्षौं रौं नमः १३) ॐ ह्रीं नमः १४) ॐ नमः

३७. पूर्ववत्, पृ. ७३.

३८. पूर्ववत्, पृ. ७२.

३९. राधेश्याम खेमका, पूर्ववत्, (पादटिप्पणी नं. ३) पृ. ११३

४०. Shaphalya Amatya, The Bagmati, Kathmandu, Heritage Nepal, 1994, P. 10

४१. राधेश्याम खेमका (सम्पा) *कुर्मपुराणाङ्क*, गोरखपुर, गोविन्द भवन कार्यालय, वर्ष ७१, संख्या १, पृ. ५५-६२

शिवोमा परमा शक्तिरनन्ता निष्कलामला ।
शान्ता माहेश्वरी नित्या शाश्वती परमाक्षरा ॥७६॥
अचिन्त्या केवलानन्त्या शिवात्मा परमात्मिका।
अनादिरव्यया शुद्धा देवात्मा सर्वगाचला ॥७७॥
एकानेकविभागस्था मायातीता सुनीर्मला ।
महामाहेश्वरी सत्या महादेवी निरञ्जना ॥७८॥
काष्ठा सर्वान्तरस्था च चिच्छक्तिरतिलालसा ।
नन्दा सर्वात्मिका विद्या ज्योतीरुपामृताक्षरा ॥७९॥
शाान्तिः प्रतिष्ठा सर्वेषां निवृत्तिरमृतप्रदा ।
व्योममूर्तिर्व्योमलया व्योमाधाराऽच्युताऽमरा ॥८०॥
अनादिनिधनामोघा कारणात्मा कलाकला ।
क्रतुः प्रथमजा नाभिरमृतस्यात्मसंश्रया ॥८१॥
प्राणेश्वरप्रिया माता महामहिषघातिनी ।
प्राणेश्वरी प्राणरुपा प्रधानपुरुषेश्वरी ॥८२॥
सर्वशक्तिकलाकारा ज्योत्स्त्रा द्यौर्महिमास्पदा ।
सर्वकार्यनियन्त्री च सर्वभतेश्वरेश्वरी ॥८३॥
अनादिरव्यक्तगुहा महानन्दा सनातनी ।
आकाशयोनिर्योगस्था महायोगेश्वरेश्वरी ॥८४॥
महामाया सुदुष्पूरा मूलप्रकृतिरीश्वरी ।
संसारयोनिः सकला सर्वशक्तिसमुभ्दवा ॥८५॥
संसारापारा दुर्वारा दुर्निरीक्ष्या दुरासदा ।
प्राणशक्तिः प्राणविद्या योगिनी परमा कला ॥८६॥
महाविभूतिर्दुर्धर्षा मलप्रकृतिसम्भवा ।
महाद्यनन्तविभवा परार्था पुरुषारणिः ॥८७॥
सर्गस्थित्यन्तकरणी सुदुर्वाच्या दुरत्यया ।
शब्दयोनिः शब्दमयी नादाख्या नादविग्रहा ॥८८॥
प्रधानपुरुषातीता प्रधानपुरुषात्मिका ।
पुराणी चिन्मयी पुंसामादिः पुरुषरुपिणी ॥८९॥
भूतान्तगत्मा कूटस्था महापुरुषसंज्ञिता ।
जन्ममृत्युजरातीता सर्वशक्तिसमन्विता ॥९०॥

व्यापिनी चानवच्छित्रा प्रधानानुप्रवेशिनी ।
क्षेत्रज्ञशक्तिरव्यक्तलक्षणा मलवर्जिता ॥९१॥
अनादिमायासमुत्पन्ना त्रितत्वा प्रकृतिर्गुहा ।
महामायासमुत्पन्ना तामसी पौरुषी ध्रुवा ॥९२॥
व्यक्ताव्यक्तात्मिका कृष्णा रक्ता शुक्ला प्रसुतिका ।
अकार्या कार्यजननी नित्यं प्रसवधर्मिणी ॥९३॥
सर्गप्रलयनिमुक्ता सृष्टिस्थित्यन्तधर्मिणी ।
हृम्गर्भा चतुर्विंशा पद्मनाभाच्युतात्मिका ॥९४॥
वैद्युती शाश्वती योनिर्जगन्मातेश्वरप्रिया ।
सर्वाधारा महारुपा सर्वेश्वर्यसमन्विता ॥९५॥
विश्वरुपा महागर्भा विश्वेशेच्छानुवर्तिनी ।
महीयसी ब्रह्मयोनिर्महालक्ष्मीसमुभ्दवा ॥९६॥
महाविमानमध्यस्था महानिद्रात्महेतुका ।
सर्वसाधारणी सूक्ष्मा हृगविधा पारमार्तिका ॥९७॥
अनन्तरुपान्तस्था देवी पुरुषमोहिनी ।
अनेकाकारसंस्थाना कालत्रयविवर्जिता ॥९८॥
ब्रह्माजन्म ब्रह्म्जन्मा हरेर्मूर्तिर्ब्रह्मविष्णुशिवात्मिका ।
ब्रह्मेविष्णुजननी श्रह्मख्या ब्रह्मसंश्रया ॥९९॥
व्यक्ता प्रथमजा ब्रह्मी महती ज्ञानरुपिणी ।
वैराग्यश्वर्यधर्मात्मा ब्रह्ममर्तिर्हृदिस्थिता ।
अपांयोनिः स्वयम्भूतिर्मानसी तत्वसम्भवा ॥१००॥
ईश्वराणी च शर्वाणी शंकरार्धशरीरिणी ।
भवानी चैव रुद्राणी महालक्ष्मीरथाम्बिका ॥१०१॥
महेश्वरसमुत्पन्ना भुक्तिमुक्तिफलप्रदा ।
सर्वेश्वरी सर्वविन्द्या नित्यं मुदितमानसा ॥१०२॥
ब्रह्मेन्द्रोनमिता शंकरेच्छानुवर्तिनी ।
इश्वरार्धासनगता महेश्वरतिव्रता ॥१०३॥
सकृद्विभाविता सर्वा समुद्रपरिशोषिणी ।
पार्वती हिमवत्पुत्री परमानन्ददायिनी ॥१०४॥
गुणढ्या योगजा योग्या ज्ञानमूर्तिर्विकासिनी ।
सावित्री कमला लक्ष्मीः श्रीरनन्तोरसिस्थिता ॥१०५॥

सरोजनिलया मुद्रा योगनिन्द्रासुरार्दिनी ।
सरस्वती सर्वविद्या जगज्ज्येष्ठा सुमङ्गला ॥१०६॥
वाग्देवी वरदा वाच्या कीर्तिः सर्वार्थसाधिका ।
योगिश्वरी ब्रह्मविद्या महाविद्या सुशोभना ॥१०७॥
गुह्मपिद्यात्मविद्या च धर्मविद्यात्मभाविता ।
स्वाहा विश्वम्भरा सिद्धिः स्वधा मेधा धृतिः श्रुतिः ॥१०८॥
नीतीः सुनीतिः सुकृतिर्माधवी नरवाहिनी ।
अजा विभावरी सौम्या भोगिनी भोगदायिनी ॥१०९॥
शोभा वंशकरी लोला मालिनी परमेष्ठिनी ।
त्रैलोक्यसुन्दरी रम्या सुन्दरी कामचारिणी ॥११०॥
महानुभावा सत्वस्था महामहिषमर्दिनी ।
पद्यमाला पापहरा विचित्रा मुकुटानना ॥१११॥
कान्ता चित्राम्बरधरा दिव्याभरणभूषिता ।
हंसाख्या व्योमनिलया जगत्सृष्टिविवर्धिनी ॥११२॥
निर्यन्त्रा यन्त्रवाहस्था नन्दिनी भद्रकालिका ।
आदित्यवर्णा कौमारी मयूरवरवाहिनी ॥११३॥
वृषासनगता गौरी महाकाली सुरार्चिता ।
अदितिर्नियिता रौद्री पद्यगर्भा विवाहना ॥११४॥
विरुपाक्षी लेलिहाना महापुरनिवासिनी ।
महाफलानवद्याङ्गी कामपूरा विभावरी ॥११५॥
विचित्ररत्नमुकुटा प्रणतार्तिप्रभञ्जिनी ।
कौशिकी कर्षणी रात्रिस्त्रिदशार्तिविनाशिनी ॥११६॥
बहुरुपा सुरुपा च विरुपा रूपवर्जिता ।
भक्तार्तिशमनी भव्या भवभावविनाशिनी ॥११७॥
निर्गुणा नितयविभवा निःसारा क्लिपत्रपा ।
यशस्विनी सामगीतिर्भवाङ्गनिलयालया ॥११८॥
दीक्षा विद्याधरी दीसा महेन्द्रविनिपातिनी ।
सर्वातिशायिनी विद्या सर्वसिद्धिप्रदायिनि ॥११९॥
सर्वेशवरप्रिया तार्क्ष्या समुन्द्रान्तरवासिनी ।
अकलक्ता निराधारा नित्यसिद्धा निरामया ॥१२०॥
कामधेनुर्बृहद्गर्भा धीमती मोहनाशिनी ।
निःसत्कल्पा निरतक्ता विनया विनयप्रदा ॥१२१॥

ज्वालामालासहस्त्राढ्या देवदेवी मानेन्मनी ।
महाभगवती दुर्गा वासुदेवसमुभ्दवा ॥१२२॥
महेन्द्रोपेन्द्रभगिनी भक्तिगम्या परावरा ।
ज्ञानज्ञेया जरातीता वेदान्तविषया गति ॥१२३॥
दक्षिणा दहना दाह्ममा सर्वभूतनमस्कृता ।
योगमाया विभावज्ञा महामाया महीयसी ॥१२४॥
संध्या सर्वसमुद्भूतिर्ब्रह्मवृक्षाश्रयानतिः ।
बीजाड्कुरसमुद्भूतिर्महाशक्तिर्महामतिः ॥१२५॥
ख्यातिःप्रज्ञा चितिः संवित महाभोगीन्द्रशाायिनी ।
विकृतिः शांकरी शास्त्री गणगन्धर्वसेविता ॥१२६॥
वैश्चानरी महाशाला देवसेना गुहप्रिया ।
महारात्रिः शिवानन्दा शचीदुःस्वप्ननाशिनी ॥१२७॥
इज्या पज्या जगद्धात्री दुर्विज्ञेया सुरुपिणी ।
गुहाम्बिबका गुणेत्पत्तिर्महापीठा मरुत्सुता ॥१२८॥
हव्यवाहान्तरागादिः हव्यवाहसमुभ्दवा ।
जगद्योनिर्जगन्माता जन्ममृत्युजरातिगा ॥१२९॥
बुद्धिमाता बुद्धिमती पुरुषान्तरवासिनी ।
तरस्विनी समाधिस्था त्रिनेत्रा दिविसंस्थिता ॥१३०॥
सर्वेन्द्रियमनोमाता सर्वभतहृदिस्थिता ।
संसारतारिणी विद्या ब्रह्मवादिमनोलया ॥१३१॥
ब्रह्मणी बृहती ब्राह्ममी ब्रह्माभूता भवारणि ।
हिरणमयी महारात्रिः संसारपरिवर्तिका ॥१३२॥
सुमालिनी सुरुपा च भाविनी ताारिणी प्रभा ।
उन्मीलनी सर्वसहा सर्वप्रत्ययसाक्षिणी ॥१३३॥
सुसौम्या चन्द्रवदना ताण्डवासक्तमानसा ।
सत्वशुद्धिकरी शुद्धिर्मलत्रयविनाशिनी ॥१३४॥
जगत्प्रिया जगन्मूर्तिस्त्रिमूर्तिरमृताश्रया ।
निराश्रया निराहारा निरङ्कुरवनोभ्दवा ॥१३५॥
चन्द्रहस्ता विचित्राङ्गी स्त्रग्विणी पद्यधारिणी ।
परावरविधानज्ञा महापुरुषपर्वजा ॥१३६॥

विद्येश्वरप्रिया विद्या विद्युज्जिह्व जितश्रमा ।
विद्यामयी सहस्त्राक्षी सहस्त्रवदनात्मजा ॥१३७॥
अचिन्त्याचिन्त्यविभवा हृल्लेखा कनकप्रभा ।
कूष्माण्डी धनरत्नाढ्या सुगन्धा गन्धदायिनि ॥१५२॥
त्रिविक्रमपदोद्भता धनुष्पाणिः शिवोदया ।
सुदुर्लभा धनाध्यक्षा धन्या पिङ्गललोचना ॥१५३॥
शान्तिः प्रभावती दीप्तिः पत्कजायतलाचना ।
आद्या हत्कामलोद्भता गवां माता रणप्रिया ॥१५४॥
सत्क्रिया गिरिजा शुद्धा नित्यपुष्टत निरन्तरा ।
दुर्गा कात्यायनी चण्डी चर्चिका शान्तविग्रहा ॥१५५॥
हिरण्यवर्णा रजनी जगद्यन्त्रप्रवर्तिका ।
मन्राद्रिनिवासा च शारदा स्वर्णमालिनी ॥१५६॥
रत्नमाला रत्नगर्भा पृथ्वी विश्वप्रमाथिनी ।
पद्मानना पद्मनिभा नित्यतुष्टामृतोभ्दवा ॥१५७॥
धुन्वती दुःप्रकम्प्या च सर्यमाता दृषद्वती ।
महेन्द्रभगिनी मान्या वरेण्या वरदर्पिता ॥१५८॥
कल्याणी कमला रामा पञ्चभूता वरप्रदा ।
वाच्या वरेश्वरी वन्द्या दुर्जया दुरतिक्रमा ॥१५९॥
कालरात्रिर्महावेगा वीरभद्रप्रिया हिता ।
भद्रकाली जगन्माता भक्तानां भद्रदायिनी ॥१६०॥
कराला पिङ्गलाकारा नामभेदामहामदा ।
यशस्विनी यशोदा च षडध्वपरिवर्तिका ॥१६१॥
शङ्खिनी पद्मिनी सांख्या सांख्ययोगप्रवर्तिका ।
चैत्रा संवत्सररुढा जगत्सम्पूरणीन्द्रजा ॥१६२॥
शुम्भारिः खेचरी स्वस्था कम्बुग्रीवा कलिप्रिया ।
खगध्वजा खगारुढा परार्ध्या परमालिनी ॥१६३॥
ऐश्वर्यवर्त्मनिलया विरक्ता गरुडासना ।
जयन्ती हृद्गुहा रम्या गह्वरेष्ठा गणाग्रणी ॥१६४॥
संकल्पसिद्धा साम्यस्था सर्वविज्ञानदायिनी ।
कलिकल्मषहन्त्री च गुह्योपनिषदुत्तमा ॥१६५॥

निष्ठ दृष्टि स्मृतिर्व्याप्तिः क्रियावती ।
विश्वामरेश्वरेशााना भुक्तिर्मुक्तिः शिवामृता ॥१६६॥
लोहिता सर्पमाला च भीषणी वनमालिनी ।
अनन्तशयनानन्या नरनारायणो भ्दवा ॥१६७॥
नृसिंही दौत्यमथनी शङ्खचक्रगदाधरा ।
संकर्षणसमुत्तिरम्बिकापादसंश्रया ॥१६८॥
महाज्वाला महामूर्तिः सुमूर्तिः सर्वकामधुक् ।
सुप्रभा सुस्तना गौरी धर्मकामार्थमोक्षदा ॥१६९॥
भूमध्यनिलया पूर्वा पुराणपुरुषारणि ।
महाविभूतिदा मध्या सरोजनयना समा ॥१७०॥
अष्टादशभुजानाद्या नीलोत्पलदलप्रभा ।
सर्वशक्त्यासनारुढा धर्माधर्मार्थवर्जिता ॥१७१॥
वैराग्यज्ञननिरता निरालोका निरिन्द्रिया ।
विचित्रगहनाधारा शाश्वतस्थानवासिनी ॥१७२॥
स्थानेश्वरी निरानन्दा त्रिशूलवरधारिणी ।
अशेषदेवतामूर्तिर्देवता वरदेवता ।
गणम्बिका गिरेः पुत्री निशुम्भविनिपातिनी ॥१७३॥
अवर्णा वर्णरहिता निवर्णा बीजसम्भवा ।
अनन्तवर्णानन्यस्था शंकरी शान्तमानसा ॥१७४॥
अगोत्रा गोमती गोप्वी गुह्म्रुपा गुणोत्तरा ।
गौर्गीर्गव्यप्रिया गौणी गणेश्वरनमस्कृता ॥१७५॥
सत्यमात्रा सत्यसंधा त्रिसंध्या संसधवर्जिता ।
सर्ववादाश्रया संख्या सांख्ययोगसमुद्भवा ॥१७६॥
असंख्येयाप्रमेयाख्या शन्या शुद्धकुलोभ्दवा ।
बिन्दुनादसमुत्पतिः शम्भुवामा शशिप्रभा ॥१७७॥
विसङ्गा भेदरहिता मनोज्ञा मधुसूदनी ।
महाश्रीः श्रीसमुत्पतिस्तमःपारेप्रतिष्ठिता ॥१७८॥
त्रितत्वमाता त्रिविधा सुसूक्ष्मपलसंश्रया ।
शान्त्यतीता मलातीता निर्विकारा निराश्रया ॥१७९॥

शिवाख्या चितनिलया शिवज्ञानस्वरुपिणी ।
दैत्यदानवनिर्मात्री काश्यपी कालकल्पिका ॥१८०॥
शास्त्रयोनिः क्रियामूर्तिश्चतुर्वर्गप्रदर्शिका ।
नारायणी नरोद्भतिः कौमदी लिङ्गधारिणी ॥१८१॥
कामुकी ललिता भावा परापरविभूतिदा ।
परान्तजातमहिमा बडवा वामलोचना ॥१८२॥
सुभद्रा देवकी सीता वेदवेदाङ्गपारगा ।
मनस्विनी मन्युमाता महामन्युसमुभ्दवा ॥१८३॥
अमृत्युरमृता स्वाहा पुरुहुता पुरष्टुता ।
अशोच्या भिन्नविषया हिरण्यरजतप्रिया ॥१८४॥
हिरण्या राजती हैमी हेमाभरणभूषिता ।
विभ्राजमाना दुर्ज्ञेया ज्योतिष्टोमफलप्रदा ॥१८५॥
महानिन्द्रासमुद्भूतिरनिन्द्रा सत्यदेवता ।
दीर्घा ककुद्मिनी हृद्या शान्तिदा शान्तिवर्धिनी ॥१८६॥
लक्ष्म्यादिशक्तिजननी शक्तिचक्रप्रवर्तिका ।
त्रिशक्तिजननी जन्या षड्र्मिपरिवर्जिता ॥१८७॥
सुधामा कर्मकरणी युगान्तदहनात्मिका ।
संकर्षणी जगद्धात्री कामयोनिः किरीटिनी ॥१८८॥
ऐन्द्री त्रैलोक्यनमिता वैष्णवी परमेश्वरी ।
प्रद्युम्रदयिता दान्ता युग्मदृष्टिस्त्रिलोचना ॥१८९॥
मदोत्कटा हंसगति प्रचण्डा चण्डविक्रमा ।
वृषावेशा वियन्माता विन्ध्यपर्वतवासिनी ॥१९०॥
हिमवन्मेरुनिलया कैलासगिरिवासिनी ।
चाणूरहन्तृतनया नीतिज्ञा कामरुपिणी ॥१९१॥
वेदविद्याव्रतस्नाता धर्मशीलानिलाशना ।
वीरभद्रप्रिया वीरा महाकालसमुभ्दवा ॥१९२॥
विद्याधरप्रिया सिद्धा विद्याधरनिराकृतिः ।
आप्यायनी हरन्ती च पावनी पोषणी खिला ॥१९३॥
मातृका मन्मथोद्भूता वाजिा वाहनप्रिया ।
करीषिणी सुधावाणी वीणावादनतत्परा ॥१९४॥

सेविता सेविका सेव्या सिनीवाली गरुत्मती ।
अरुन्धती हिरण्याक्षी मृगाक्ता मानदायिनी ॥१९५॥
वसुप्रदा वसुमती वसोर्धारा वर्सुन्धरा ।
धाराधरा वरारोहा वरावरसहस्त्रदा ॥१९६॥
श्रीफला श्रीमती श्रीशा श्रीनिवासा शिवप्रिया ।
श्रीधरा श्रीकरी कल्या श्रीधरार्धशरीरिणी ॥१९७॥
अनन्तदृष्टिरक्षुद्रा धात्रीशा धनदप्रिया ।
निहन्त्री दैत्यसघ्नां स्रिहिका स्रिहवाहन ॥१९८॥
सुषेणा चन्द्रनिलया सुकीर्तिश्छत्तसंशया ।
रसज्ञा रसदा रामा लेलिहानामृतस्त्रवा ॥१९९॥
नित्योदिता स्वयंज्योतिरुत्सुका मृतजीवली।
वज्रदण्डा वज्रविह्न वैदेही वज्रविग्रहा ॥२००॥
मङ्गल्या मङ्गला माला मलिना मलहारिणी ।
गान्धर्वी गारुडी चान्द्री कम्वलाश्वतरप्रिया ॥२०१॥
सौदामिनी जनानन्दा भ्रुकुटीकुटिलानना ।
कर्णिकारकरा कक्ष्या कंसप्राणापहारिणी ॥२०२॥
युगंधरा युगावर्ता त्रिसंध्या हर्षवर्धिनी ।
प्रत्यक्षदेवता दिव्या दिव्यगन्धा दिवापरा ॥२०३॥
शक्रासनगता शाक्री साध्वी नारी शवासना ।
इष्टा विशिष्टा शिष्टेष्टा शिष्टाशिष्टप्रपूजिता ॥२०४॥
शतरूपा शतावर्ता विनता सुरभिः सुरा ।
सुरेन्द्रमाता सुद्युम्ना सुषुम्ना सर्यसंस्थिता ॥२०५॥
समीक्ष्या सत्प्रतिष्ठा च निवृत्तिर्ज्ञानपारगा ।
धर्मशास्त्रर्थकुशला धर्मज्ञा धर्मवाहना ॥२०६॥
धर्माधर्मविनिर्मात्री धार्मिकाणां शिवप्रदा ।
धर्मशक्तिर्धर्ममयी विधर्मा विश्वधर्मिणी ॥२०७॥
धर्मान्तरा धर्ममेघा धर्मपूर्वा धनाधरा ।
धर्मोपदेष्टी धर्मात्मा धर्मगम्य धराधरा ॥२०८॥
कापाली शाकला मूर्तिः कला कलितविग्रहा ।
सर्वशक्तिविनिर्मुक्ता सर्वशक्त्याश्रयाश्रया ॥२०९॥

सर्वा सर्वेश्वरी सूक्ष्मा सुसूक्ष्मा ज्ञानरूपिणी ।
प्रधानपुरुषेशेशा महादेवैकसाक्षिणी ।
सदाशिवा वियन्मूर्तिर्विश्वमूर्तिरमूर्तिका ॥२१०॥
एवं नाम्नां सहस्त्रेण स्तुत्वासौ हिमवान गिरिः ।
भयः प्रणम्य भीतात्मा प्रोवाचेदं कृताञ्जलिः ॥२११॥

४२. पूर्ववत्, पृ. ५२-५३

एका शक्तिः शिवैको ऽपि शक्तिमानुच्यते शिव :
शक्तयः शक्तिमन्तो ऽन्ये सर्वशक्तिसमुभ्दवा : ॥४२॥
शक्तिशक्तिमतोर्मेदं वदन्ति परमार्थतः
अभेदं चानुपश्यन्ति योगिनस्तत्त्वचिन्तका . ॥४३॥
शक्तयो गिरिजा देवी शक्तिमन्तो ऽथ शंकर
विशेष : कथ्यते चायं पुराणे ब्रह्मवादिभि : ॥४४॥

४२. रामजी शर्मा आचार्य (सं), *शिवपुराण प्रथम खण्ड*, वरेल, संस्कृति संस्थान, 1996, पृ १५२-५५

४३. प्रेमराज शर्मा पौडेल, *रामायण दोस्रो सं.*, ललितपुर, उर्मिला, २०४३, पृ.३१८-१९

झलल्ल झल्कने सधैं छ अर्ध-चन्द्र माथमा,
धधप्प तेज धप्कने, विशाल दिव्य गाथमा
त्रिलोकको त्रिशूलनै छ हातभित्र नाथको
निसर्ग भक्तको चिन्नु जटा-विशाल माथको

जटा-विशाल-माथमा, तरङ्ग-गङ्ग-भाषित
तृतीय-ज्ञान नेत्र झन्, त्रिपुण्डले सुशोभित
छ सर्प घाँटिमा ठूलो, विशाल रत्नहार झैं
यथार्थ प्राण-घातको, विचित्र व्यङ्ग्यचित्र नै

त्रिलोकमा सबै कुरो अवश्य भस्मरुप हो
ललाटको त्रिपुण्डले बताउने रहस्य यो

छ सासमा सधैं, परोपकार भावना
भनेर कालकूटले जताउने कुरो छ यो

बुझ्री नसक्नु चालको विचित्र काल-चक्र हो
बुझ्री नसक्नु भावको 'नमःशिवाय' मन्त्र हो

कतै प्रिया-वियोगमा बहाइ आँसु बर्बरी
लिएर लास काँधमा, सवारी भो कठैवरी !

कतै त कामदेवको पनी सखाप पार्नुभो
कतै समाधिमा जमी अनन्त वर्ष बस्नुभो

विराग ज्ञान टल्कने, सधैं उमासंगै हुने
न भोग हो, न जोग हो, छ पन्थ त्यो विचित्रको

भएभरी सबै कुरा, अनन्त-स्वप्न-तुल्य हो
तसर्थ लिङ्ग पूजिनु पनी त मूल-तत्त्व हो

यही छ पन्थ नाथको छ पन्थ यो विचित्रको
यही छ पन्थ भुक्तिको यही छ पन्छ मुक्तिको

डढाइ पाप-पुण्यका झिजा मिजा सुखी बनी
जगाइ भक्तिको धुनी निराश भै जहाँ पनी

चिताइने जती कुरो अवश्य झट्ट मिल्छ त्यो
तसर्थ विश्व स्वप्न हो, विचार, भित्र यै कुरो
जगाइ भक्ति बेसरी, लगाइ चित्त नाथमा
अनी जपौं- 'शिवः स्वयं, शिवः स्वयँ, शिवः स्वयम्'
अनन्त भावमा सुती सुखी बनौं, सुखी बनौं

४५. वीणा पौड्याल, *नेपाली मूर्तिकला र चित्रकला*, काठमाण्डौ , संस्कृति के. विभाग, त्रि.वि. २०५७, पृ. ५१

४६. नीलकण्ठ पुरुषोत्तम जोशी, *प्राचिन भारतीय मूर्तिविज्ञान*, पटना, विहार राष्ट्र भाषा परिषद्, १९७७, पृ. ९४

४७. J.N. Banerjee, The Development of Hindu Iconography, New Delhi, Munshiram Manoharlal, 1985, P. 472-73

❖❖❖

चौथो अध्याय

शिवलिङ्गका प्रकारहरू

शिवलिङ्ग परिचय

लिङ्ग शब्द र पूजाबारे विभिन्न धार्मिक ग्रन्थमा वर्णन पाइन्छ। सनातन धर्ममा सम्पूर्ण देव देवीको स्वरूप आकार मूर्तिमा कुँदेर पूजा गरिन्छ । शिव मात्रै यस्ता देव हुन् जसको मूर्ति र लिङ्ग दुवैको पूजा हुन्छ। भारत तथा नेपालका प्रसिद्ध तीर्थस्थलहरूमा शिवलिङ्ग नै मन्दिरको गर्भगृहमा स्थापना गरिएका छन् ।

शिवको निराकार स्वरूपको प्रतीक नै शिवलिङ्ग हो । त्यसगरी शिवको सकल (साकार) स्वरूपको प्रतीक विविध रूपका मूर्ति हुन् । यसैले निराकार (निष्कल) र रूपवान (सकल) दुवै रूपमा शिवको पूजा गरिन्छ ।

चिन्ह वा लक्षण भनेर लिङ्ग शब्दको अर्थ गरिएको छ। देवचिन्हको रूपमा लिङ्ग शब्द शिवको लिङ्गका लागि नै प्रयोग भएको छ। शिव लिङ्ग भनेर जेलाई पूजा गरिन्छ त्यसको सम्पूर्ण आकारप्रकार पुरुषको जननेन्द्रिय जस्तै हुन्छ। स्कन्दपुराणमा 'लयनालिङ्गमुच्यते' भनेर लिङ्गलाई लय प्रलयसँग सामन्जस्य गरिएको छ। प्रलयमा सम्पूर्ण कुरो भस्म भएर शिवलिङ्गमै समागमन हुन्छ। वेदशास्त्र पनि लिङ्गमै लीन हुन्छ। पछि सृष्टिको आदिमा लिङ्गबाटै सबै नै प्रकट हुन्छ। एउटा संयोग कस्तो परेको छ भने लिङ्ग शब्दको विभिन्न अर्थमध्ये लोकप्रसिद्ध अर्थ अश्लील छ। यौगिक अर्थमा कुनै अश्लीलता रहदैन । यसबाहेक अश्लीलता त प्रसङ्गबाट आउँछ । लिङ्ग अर्चना अश्लीलताको भावनाको कल्पना परममूर्खता, परमनास्तिकता र अनभिज्ञता हो । यसरी लिङ्ग शब्दको रहस्य तथा लिङ्ग ज्ञानबारे विस्तृत ढङ्गले वर्णन गरिएको छ ।[1]

शिवपुराणमा विभिन्न प्रकारका लिङ्गपूजा गर्ने विधान बताइएको छ। सादा, मुख, अष्टोत्तरशत, सहस्र, धर र वाणलिङ्गको चर्चा पनि गरिएको छ।

प्राचीन सभ्यतामध्ये सिन्धुघाँटीको सभ्यता पनि पर्दछ। सर जोन मासलले मोहनजोदारो र हरप्पामा प्राप्त भएका विभिन्न सील, मूर्तिहरू चिन्ने क्रममा पशुपति, शिवको मर्ति पनि आल्याएका छन्। पुरातत्त्वविद् *हिवलर*ले पनि सिन्धुघाँटीमा प्राप्त पुरतात्त्विक महत्त्वका अवशेषहरूमा मन्दिर र शिवलिङ्ग हुनसक्ने तथ्य बताएका छन्। *के. एन. शास्त्री*ले पुरुष देवताको पूजा सिन्धुघाँटीमा प्रचलित रहेको र शिवको लिङ्ग र प्राचीन स्वरूपको पूजा गरिने तथ्यबारे प्रकाश पारेका छन्। मोहनजोदारोमा भेट्टिएका शीलामा तीनवटा टाउको भएको पुरुष एउटा खुट्टामाथि अर्को राखेर आसनीमा बसेका छन्। नाङ्गो पुरुष मूर्तिको गुप्ताङ्ग ठाडो देखिन्छ र हात्ती, बाघ, भैंसी, गैंडा वरिपरि छन्। यस्तै खाले अन्य दुइवटा शिलाहरू म्याकेले हरप्पामा प्राप्त गरेको वर्णन गरेका छन्। शिवलिङ्ग र शिवमूर्ति दुवैको प्रचलन सिन्धुघाँटीको सभ्यतामा पाइन्छ। सर औरल स्टाइनले लिङ्गबाहेक थुप्रै योनीहरू पनि सिन्धुघाँटीमा प्राप्त गरेको बयान गरेका छन। लिङ्गपूजा गर्ने प्रचलन भारतबाहेक अन्यत्र पनि रहेको वर्णन विद्वान्हरूले गरेका छन्। डा.यदुवंशीले लिङ्गउपासना पश्चिम एसियाबाट भारतवर्षमा प्रवेश गरेको उल्लेख गरेका छन्। पश्चिम एसिया मेसोपोटामियामा लिङ्गको पूजा शिवको रूपमा नभएर उर्वरता सम्बन्धी देवताको रूपमा गरिन्थ्यो। इ.पू. चारहजार वर्षअघि नै लिङ्गपूजा प्रचलित देखिन्छ। सनातनधर्मको सबैभन्दा प्राचीन ग्रन्थ वेदमा वर्णन गरिएको शिस्नदेवतालाई पनि लिङ्गको रूपमा लिइएको छ। अनार्यहरूले पूजा गर्ने भनेर शिस्नदेवको वयान वेदमा पाइन्छ। वेदमा ऋषिहरूले ईन्द्रलाई स्तुति गर्दै आफूले यज्ञ गरेको ठाउँमा शिस्नदेवलाई पस्न नदिन अनुरोध गरेका छन्। शिस्नदेवलाई पूज्नेलाई असभ्य भनेर वर्णन पनि गरेका छन्।

शिवलिङ्गका तीनवटा तात्पर्य वा अर्थ छन्।

१. लिङ्ग चिन्हको रूपमा।

२. लिङ्ग, लिङ्गको रूपमा।

३. लिङ्ग ब्रह्माण्डको तत्त्वको रूपमा।

स्टेला क्यामरीसले ***दि प्रिजेन्स अफ शिव*** नामक पुस्तकमा पनि यी कुराको वर्णन गरेकी छिन्।[२] श्वेतश्वेत्तरोपनिषद्मा लिङ्गको चर्चा पवित्र परम्पराको रूपमा आएको छ। कुनै चिजको अस्तित्वको रूपमा पनि लिङ्ग शब्दको प्रयोग गरिएको छ। यसैक्रममा श्वेताश्वेत्तर उपनिषद्मा शिवको

लिङ्ग वा चिन्ह नभएको वर्णन छ । जसको अर्थ यसरी गरिन्छ- शिव भौतिक संसारभन्दा फरक ब्रह्म हुन् उनी विशेषताभन्दामाथि छन् । स्त्री र पुरुषलाई छुट्याउने क्रममा पनि लिङ्ग शब्दको प्रयोग गरिन्छ । स्टेलाले वीर शैवहरूले परिवारमा जन्मिएको नयाँ बच्चाको शरीरमा लिङ्ग बाँध्ने विधानको पनि उल्लेख गरेकी छिन् । वीर शैव (लिङ्गायत) हरूले जीवनभर लिङ्ग शरीरमा धारण गर्दछन् ।[३]

वेदमा रुद्रको उल्लेख स्वर्गको बादल र स्वर्गको राक्षसको रूपमा गरिएको छ । मानिस र जनावरलाई घाइते नबनाउन ऋग्वेदमा रुद्रको प्रार्थना गरिएको छ । अपकारी हानिकारक रुद्रको वर्णनमा खराब भाग्य परिवारमा नल्याउन अनुरोध छ । गाँउबाहिर गोरुको बलि रुद्रलाई दिइन्थ्यो। तीनै वैदिक देवता रुद्रदेखि महाकाव्यका शिवसम्म लगातार सम्बन्ध भएर शैवधर्मले आफ्नो बेग्लै पहिचान बनाउन सकेको छ । लिङ्ग र वैदिक देवता रुद्रको एकाकार रूप नै शिव लिङ्ग स्वरूपमा उपासना भएको देखिन्छ। महाभारत र रामायणकालमा आइपुग्दा लिङ्गपूजा झन् व्यापक भयो । देवता, दानव र मानव सबैले नै लिङ्गपूजा गरेको उल्लेख ती ग्रन्थहरूमा आउँदछन्। सुनको चल लिङ्ग बोकी, बोकी लङ्कापति रावणले युद्धको समयमा पनि पूजा गरेको वर्णन रामायणमा छ । स्कन्दपुराणको तेस्रो अध्यायमा शिवलिङ्ग नै विष्णु र शिवको एकाकार स्वरूप भएको उल्लेख छ । ब्रह्मा, इन्द्र, चन्द्रमा, सूर्य, कुवेर, वरुण, यमराज, वायु, आदि देवगण, लोकपाल सबैले विभिन्न पदार्थ र प्रकारका शिवलिङ्गहरू उपासना गर्दथे । गरुडपुराणमा विविध उपायबाट निर्माण गरिने शिवलिङ्गको वर्णन छ । नेपाल र भारतमा सङ्ख्याको हिसाबले सबैभन्दा बढी सादा शिवलिङ्ग छन् । लिच्छविकालका अभिलेख र मिति भएका सादा शिवलिङ्गहरू थुप्रै प्राप्त भएका छन् ।

शिवलिङ्गको प्रकार

साधारणतया लिङ्ग दुई प्रकारका हुन्छन् १. चल २. अचल

एक ठाउँबाट अर्को ठाउँमा सजिलै लान सकिने साना आकारका लिङ्गलाई चल लिङ्ग भनिन्छ। स्थायी रूपले कुनै स्थानमा स्थापना गरिएका चलाउन/उठाउन नसकिने लिङ्ग अचल लिङ्ग हो । प्रसिद्ध तीर्थ स्थल, मन्दिरहरूमा अचल शिवलिङ्ग नै स्थापना गरिएका छन् । अधिकांश अचल शिवलिङ्गहरू

ढुङ्गाको बनाइन्छ। चल शिवलिङ्ग भने विभिन्न पदार्थको बनाउने प्रचलन छ। *टी.ए. गोपीनाथ राव*ले पनि चल लिङ्गका विभिन्न प्रकारको उल्लेख गरेका छन्।[४] मृण्मय अर्थात् माटो, लोह अर्थात (धातु), रत्नज अर्थात् रत्नहरू, दारुज अर्थात् काठ, शैलज अर्थात् ढुङ्गा, आदि विभिन्न पदार्थले लिङ्ग निर्माण गरिने वर्णन अग्निपुराणमा छ। कालो र पोलेको दुवै प्रकारको माटोले शिवलिङ्ग बनाउन सकिन्छ। विशेष पूजाआजाका लागि अस्थायी (क्षणिक) लिङ्ग बनाउन र बिसर्जन गर्ने विधान पनि अग्निपुराणमा छ। गोपीनाथ रावले कामिकागाममा वर्णन गरिएको काँचो माटोको लिङ्गको चर्चा गरेका छन्। पहाडको टुप्पो वा नदीको किनारबाट सेतो शुद्ध माटो सङ्कलन गर्नुपर्दछ। त्यो माटोमा दूध, दही, घिउ, जौ र गहुँको पीठो चन्दनको धुलो, पारो आदि मिसाउनुपर्दछ एक महिनासम्म वा कम्तीमा एक दिन राख्नुपर्दछ। त्यसपछि आगममा निर्देशन गरिएअनुरूप लिङ्गलाई आकार दिनुपर्दछ। पाको माटोको लिङ्ग भने अभिचारिक उद्देश्यको लागि निर्माण गरिन्छ। शत्रुको नाश गर्न मन्त्र जादू, टुना सफल बनाउन पाको माटोको शिवलिङ्ग निर्माण गरिन्छ।[५]

सुन, चाँदि, तामा, काँस, फलाम, सिसा, पित्तल र टीन आदि आठ प्रकारका विभिन्न धातुहरूद्वारा शिवलिङ्ग निर्माण गर्न सकिन्छ। यस्तै प्रकारले विभिन्न रत्नहरू मोती, मुगा, पुष्पराज, नीलम, लसुने पन्ना, स्फटिक आदिको पनि शिवलिङ्ग बनाउन सकिन्छ।

विभिन्न दाजरुको (काठ) पनि शिवलिङ्ग बनाउने विधान कामीकागाम, शिवपुराणमा उल्लेख गरिएको छ। समी मधुक, कर्णिकार, मण्डुक, तिण्डुक, अर्जुन, पिपल, उदुम्बरा, खरिद, चन्दन, साल, विल्भ, वदर, देवदारु आदि रुखका काठबाट शिवलिङ्ग बनाइन्छ। रावले उच्चस्तरीय मूर्ति बनाउन प्रयोग गरिने रुख ज्याकको काठले पनि शिवलिङ्ग बनाउने उल्लेख गरेका छन्।[६] ढुङ्गा (सैलज) का पनि चल लिङ्ग बनाइन्छ। सानो हल्का ढुङ्गाका शिवलिङ्गहरू वीर शैव ((लिङ्गायत) सम्प्रदायका अनुयायीहरूले धारण गर्दछन्। अधिकांश ढुङ्गाका शिवलिङ्गहरू ठूलो आकारका जलहरीसहित अचल नै बनाइने नियम छ।

क्षणिक लिङ्ग

विभिन्न पूजाआजा व्रतमा क्षणिक लिङ्ग बनाउने प्रचलन छ। विभिन्न पदार्थद्वारा बनाइने त्यस्ता क्षणिक लिङ्गहरू पूजापछि विसर्जन गरिन्छ। वालुवा,

चामल, भात, नदी किनारको माटो, गोवर, नौनी, रुद्राक्ष, चन्दन धूलो, कुर्चघांस, फूल, पीठो, सख्खर आदिबाट क्षणिक लिङ्ग बनाउन सकिन्छ। विभिन्न लिङ्ग पूजापछिको फल प्राप्तिबारे पनि शैव ग्रन्थहरूमा विस्तृत वर्णन पाइन्छ। शिवपुराणमा शिवलिङ्ग महाव्रतविधि र महिमाको वर्णन छ। सेतो चन्दन मिश्रित जलले लिङ्गस्वरूप शिव र शिवालाई स्नान गराएर सैतै कमलको फूलले पूजा गर्नुपर्दछ। लिपपोत गरेको शुद्ध स्थानमा पद्मासनमा केसरीको मध्यभागमा औंलाजत्रो सानो सुन्दर शिवलिङ्ग स्थापना गर्नु पर्दछ। धनवानहरूले सुन वा रत्नको पनि पद्मासन बनाउन सक्छन्। केसरीको मध्यभागमा स्थापित शिवलिङ्गको बेलपत्रद्वारा पूजा गरिने विधानबारे पनि शिवपुराणमा वर्णन छ। बेलपत्रबाहेक सुगन्धित फूलहरू, धुप, घीउको बत्ती बाल्ने विधान पनि वर्णन गरिएको छ। घिउ हालेको खीर चढाएर मन्त्र पढ्दै शिवलिङ्गको परिक्रमा गर्नुपर्दछ। जसले यसप्रकार पञ्च गन्धमय शिवलिङ्गको सधैं अर्चना गर्दछन्, ती सव पापबाट मुक्त भएर शिवलोकमा प्रतिष्ठित हुन्छन्। यो शिवलिङ्ग-महाव्रत सवै व्रतमा उत्तम र गोपनीय छ।[७] लिङ्ग पुराणमा त्रिदेवको संयुक्त रूप नै शिवलिङ्ग हो भनेर बताइएको छ। लिङ्गको मूलमा ब्रह्मा, बीचमा विष्णु र सबैभन्दामाथि शङ्कर छन्। लिङ्ग महेश्वर, अर्घा महादेवी हुन्। चैतन्यरूप लिङ्ग सत्ता र प्रकृतिबाटै ब्रह्माण्डको रचना भएको छ र प्रलय पनि हुन्छ। शुद्ध मोक्षका लागि पनि उनैको आराधना गर्नुपर्दछ।[८]

विविध शिवलिङ्गमध्ये ढुङ्गाको भैकन पनि वाणलिङ्ग चल लिङ्गमै पर्दछ। शैवग्रन्थहरूमा वाण र नार्मद लिङ्ग परीक्षण गर्ने तरिका बताइएको छ।

भगवान् शङ्करको भनाइअनुसार पनि संसारको मूल कारण महाचैतन्य र मानिसहरूलाई लिङ्गात्मक भनेर थाहा पाएर जस्ले लिङ्गपूजा गर्दछ, त्यो मानिस समान मलाई प्रिय अरू छैन।

लोकं लिङ्गात्मक ज्ञात्वा लिङ्ग यो ऽर्चयते हि माम्
न मे तस्मात् प्रियतरः प्रियो वा विद्यते क्वचित्

पुराणहरूमा व्याख्या गरिएअनुसार पनि यो जगत् सुरु र अन्त्यमा अण्डाकार नै हुन्छ। त्यसैले ब्रह्माण्डको आकृति नै शिवलिङ्ग हो। शिव-शक्तिको सहवासबारे पशु, पक्षी, कीरा, फट्याङ्गप्रको पनि उत्पत्ति हुन्छ। शिव आफू अलिङ्ग हुन् तर उनैबाट लिङ्गको उत्पत्ति हुन्छ। भिन्न-भिन्न कामनाले गरिने शिवलिङ्गको अर्चनाको विधान पनि बेग्ला-बेग्लै छ।

कामीकागाममा स्वयम्भूलिङ्ग (आफैं उत्पन्न भएको) का बारेमा पनि वर्णन छ । स्वयम्भूलिङ्ग कुनै कारणले खण्डित भएमा पूजाको लागि वर्जित हुँदैन । नेपाल र भारतको विभिन्न ६४ वटा स्थानमा स्वयम्भू शिवलिङ्गहरू आफैं उत्पत्ति भएको विश्वास गरिन्छ । ती स्वयम्भू लिङ्गहरूको वर्णन विभिन्न शैवग्रन्थ्रहरूमा छन् ।

गणहरूले स्थापना गरेका शिवलिङ्गलाई गणय शिवलिङ्ग नामकरण गरिएको छ । काँक्रो र बेलजस्तो आकारको गणय लिङ्ग बनाउनुपर्दछ ।

ऋषिहरूले पूजा गर्न स्थापना गरेका लिङ्गलाई आर्स लिङ्ग भनिन्छ । बाहिरी बोक्रासहितको नरिवलको आकारजस्तै आर्स लिङ्गको आकार हुन्छ ।

मानिसहरूले धार्मिक ग्रन्थको निर्देशनअनुसार बनाएका शिवलिङ्गलाई मानुष लिङ्ग भनिन्छ । अचल शिवलिङ्गमा सबैभन्दा वढी सङ्ख्या मानुषलङ्गकै पाइन्छ । त्रिदेवको संयुक्त स्वरूपको कल्पना नै मानुषलिङ्ग हो । लिङ्गको सबैभन्दा तल्लो ब्रह्म भाग, बीचको विष्णु भाग र सबैभन्दा माथिको रुद्र भाग र ठाडो धर्सा ब्रह्मसूत्र कोरेर निश्चित आकारमा मानुष लिङ्ग बनाउने र स्थापना गरिन्छ । शिवलिङ्ग स्थापना गरिने मन्दिरको ढोका, गर्भगृहको लम्बाइ आदि कुरामा विचार पुऱ्याएर शिवलिङ्ग स्थापना गरिन्छ ।

दैविक लिङ्ग, सर्वदेशिक लिङ्ग, वर्धमान लिङ्ग, सैवाधिक लिङ्ग, स्वस्तिक लिङ्ग, त्रैरासिक लिङ्ग, आद्यलिङ्ग, आदि विधिन्न आकारप्रकारका लिङ्गको पनि वर्णन शैवग्रन्थहरूमा पाइन्छ । गोपीनाथ रावले पनि यसको उल्लेख गरेका छन् ।[१०] जीतेन्द्रनाथ वनर्जीले भने कामीकागाम अनुसार स्वयम्भू , दैविक, आर्स, गणपत्य, मानुष र वाणलिङ्ग आदि छ वटा स्थिर वा अचल लिङ्गको वर्गीकरण गरेर वर्णन गरेका छन् । रेवा वा नर्मदा नदीको किनारमा भेटिने वाणलिङ्गको वर्णन पनि वनर्जीले गरेका छन् । गण्डकी नदीमा प्राप्त हुने शालिग्राम वैष्णवहरूका लागि विशेष महत्त्वपूर्ण भए जस्तै नर्मदा नदीमा प्राप्त वाण लिङ्गको पनि छुट्टै महत्त्व छ ।[११] रूपमण्डनमा वाणलङ्गपासनाको विशेष वर्णन गरिएको छ । सूत्रधारमण्डनका अनुसार वाराणसी, प्रयाग, कुरुक्षेत्र, सरस्वती, नर्मदा, अन्तर्वेदी, केदार, प्रभास, आदि वाणलिङ्गको उत्पत्ति स्थल हो । रूपमण्डनको अर्को श्लोकमा महानदीमा भेट्टिएको पाषाणको पनि लिङ्गजस्तै महत्त्व बताइएको छ । सिद्धक्षेत्र र महानदीमा उत्पन्न भएको ढुङ्गालाई पनि भक्तिसहित पूज्नुपर्दछ ।

महानदी समुद्‌भूतं सिद्धंक्षेत्रादि सम्भवम्
पाषाणं परया भक्त्या लिङ्गवत् पूजयेत् सुधीः *(रूपमण्डन ४/७७)*

रूपमण्डनमा लिङ्ग पूजाको फलबारे पनि विस्तृत चर्चा गरिएको छ। सबै प्रकारको व्रत, तप, दान, तीर्थाटन र देवपूजाबाट जुन फल प्राप्त हुन्छ त्यसको करोडौं गुणा फल लिङ्ग पूजाबाट पाइन्छ ।

सर्वं व्रततपो दानं तीर्थ देवेषु (सर्वव्रततपोदानंतीर्थदेवेषु) यत्फलम् ।
तत् फलं कोटिगुणितं प्राप्यते लिङ्गपूजनात् *(रूपमण्डन ४/७९)*

यसरी नै धातुलिङ्गमा चढाइएको जल सय गुना, वाणलिङ्गमा चढाइएको जल पाँच सय गुना र स्वयम्भूवि लिङ्गमा चढाइएको जल हजार गुना पवित्र शिवतीर्थोदक मानिएको छ ।

पद्मे (धातवे, घटे वै) वै शतहस्तेषु वाणेषु च
शतेषु च (वाणे पञ्चशतेषु च)
स्वयम्भूवि सहस्रान्तं शिवतीर्थोदकं स्मृतम् *(रूपमण्डन ४/८२)*

मानुष लिङ्ग अन्तर्गत विभिन्न प्रकारका शिवलिङ्ग पर्दछन्। सादा, मुख, धर, अष्टोत्तरशत र सहस्र शिवलिङ्ग ।

सादा शिवलिङ्ग

पीठिकामाथि स्थापना गरिएको लिङ्ग जसमा मुख, हात आदि कुदिएको हुँदैन त्यसैलाई सादा शिवलिङ्ग भनिन्छ । ब्रह्मखण्ड, विष्णुखण्ड र रुद्रखण्ड गरेर त्रिदेवको संयुक्त स्वरूप र ब्रह्मसूत्र साधा लिङ्गमा अङ्कित गर्रिन्छ । ब्रहमसूत्र (लक्षको धारणा) लिङ्गमा कोर्ने विधान पनि सिद्धान्तसारवलीमा बताइएको छ । लिङ्गको रुद्र भागमा पनि दुईवटा ढाडो धर्सो तान्न सकिन्छ ।

पशुपति क्षेत्र, कुम्भेश्वर क्षेत्र, भक्तपुर हनुमानघाट क्षेत्र इन्द्रेश्वर महादेव परिसर पनौती, शङ्खमूल क्षेत्र, चाँगुनारायण क्षेत्र, लाजिम्पाट क्षेत्र, हाडीगाँउ क्षेत्र, ललितपुर सुनागुठी बूढानिलकण्ठ विष्णुपादुका, आदि ठाउँमा लिच्छवि र मल्लकालका सादा शिवलिङ्गहरू निकै मात्रामा भेट्टिएका छन्। पशुपति राजराजेश्वरीघाटमा खुला रूपमा रहेका एउटा ठूलो शिवलिङ्गमा प्रस्टसँग ब्रह्मसूत्र कुँदिएको देखिन्छ। मेरी सेफर्ड स्लुसरले नेपालका शिवलिङ्गहरूमा

देखिने ब्रह्मसूत्रको उल्लेख गरेकी छिन्। शिवलिङ्गमा टुप्पो र फेद छुट्याउन ब्रह्मसूत्रको प्रयोग आवश्यक मानिन्छ। सादा शिवलिङ्गका तुलनामा मुखलिङ्ग कम प्रचलित भएको तथ्यबारे पनि स्लुसरले चर्चा गरेकी छिन्।[१२]

विष्णुधर्मोत्तर पुराणमा पनि लिङ्गका प्रमुख तीनवटा भागको चर्चा गरिएको छ। लिङ्गको सवैभन्दा माथि वृत्ताकार भागलाई भोगपीठ, बीचको भाग भद्रपीठ र सबैभन्दा तलको भागलाई ब्रह्मपीठ भनिन्छ।[१३] डा. वृजभूषण श्रीवास्तबले लिङ्गपीठको चर्चा र लिङ्गपूजाको विकास शिश्न पूजाबाटै भएको उल्लेख पनि गरेका छन्। प्राचीन समयमा मानिसले शिश्नको पूजा प्रजनन शक्तिको प्रतीकको रूपमा गर्दथे। शिश्नपूजा संसारको विभिन्न प्राचीन सभ्यतामा प्रचलित सिन्धुघाँटीको सभ्यतामा शिश्नपूजाको अवशेष भेट्टिएको छ।[१४]

रूपमण्डनमा रत्न, धातु, काठ र ढुङ्गाको लिङ्ग र त्यसको फरक फरक मानको नौ- नौवटा लिङ्ग वनाउने विधान बताइएको छ। रत्नलिङ्गका बारेमा भनिएको छ कि सबैभन्दा सानो लिङ्ग एक अङ्गुलको हुन्छ र कमशः एक/एक अङ्गुल बढाउँदै अरू आठवटा लिङ्ग बनाउन सकिन्छ।[१५] यसरी धातुको शिवलिङ्ग बनाउँदा सबैभन्दा सानो आठ अङ्गुलको वनाउनु पर्दछ, त्यसपछि कमशः आठ/आठ अङ्गुल बढाउँदै जानुपर्दछ। यसरी नै काठको सबैभन्दा सानो सोन्ह अङ्गुलको बनाउनुपर्दछ। क्रमिक रूपमा सोन्ह-सोन्ह अङ्गुलं बढाउँदै नौवटा लिङ्ग बनाउन सकिन्छ। ढुंङ्गाको शिवलिङ्ग बनाउँदा पनि सबभन्दा सानो एक हातको वनाउनुपर्दछ। क्रमिक रूपमा एक/एक हात बढाउँदै नौ हातसम्मको बनाउनुपर्दछ।[१६]

रूपमण्डनमा लिङ्गमा रेखा बनाउने निर्देशन पनि दिइएको छ। ब्रह्मसूत्र कोर्ने र पीठिका निर्माण गर्ने विधान पनि विस्तृत रूपमा बयान गरिएको छ। लिङ्ग जुन पदार्थको बनाइन्छ त्यहीं पदार्थको पीठिका पनि निर्माण गर्नुपर्दछ। अपराजितपृच्छामा पनि यही कुरालाई नै समर्थन गरिएको छ।[१७] पीठिका पहाडी रूखको काठ वा पाको इँटबाट बनाउन सक्ने विधान पनि ***प्रतिमाविज्ञान***का पुस्तकमा छ।

चारकुने, गोलो आदि दश प्रकारका पीठिका हुन्छन्। मत्स्यपुराणमा पीठिका निर्माणको विस्तृत वर्णन गरिएको छ।[१८] देवपूजनका लागि दश प्रकारको वेदी निर्माण गरिन्छ। ढुङ्गाको मूर्तिका लागि ढुङ्गाकै पीठिका र

माटोको लागि माटोकै पीठिका प्रयोग गर्नुपर्दछ । काठ र मिश्रित पदार्थबाट पनि वेदीका बनाउन सकिन्छ । यसबाहेक शुभफलको इच्छा गर्ने व्यक्तिहरूले अरू पदार्थको वेदी नवनाउनु ।[१९] यसरी रूपमण्डन, अपराजितपृच्छ, मत्स्यपुराण आदि ग्रन्थमा लिङ्ग र पीठ बनाउने नियम बताइएको छ । टी. एन. गोपीनाथ रावले विभिन्न प्रकारका पीठहरूको उल्लेख गरेका छन् । भद्रपीठ, वज्र पद्मपीठ, श्रीकार पीठ, पीठ पद्म आदि पीठ र नालको पनि रेखा चित्रद्वारा रावले वर्णन गरेका छन् । शिवलिङ्ग बनाउँदा लिङ्ग पुमशिला (पुरुष ढुङ्गा) र पीण्डिका (पीठ) भने स्त्रीशिलाबाट बनाइने नियमको पनि रावले उल्लेख गरेका छन् ।[२०] काठमाडौं उपत्यकामा भेट्टिएका विभिन्न शिवलिङ्गहरूको ढुङ्गाको रङ्ग र स्तर अध्ययन गर्दा कुनै-कुनैमा फरक खाले ढुङ्गाको प्रयोग पाइन्छ तर अधिकांश शिवलिङ्ग एउटै खाले ढुङ्गाले बनाइएको छ । आगमहरूमा पुरुष ढुङ्गा र स्त्रीढुङ्गाको चर्चा भने गरिएको छ ।

सादा शिवलिङ्ग स्थापना गर्दा शिवको पञ्चमुखको कल्पना गरेर पूजा, आराधना गरिन्छ तर दृश्य रूपमा मुख कुँदिएको हुँदैन । शिवलिङ्गको सवैभन्दा माथिको पूजा भाग (भोगपीठ) मै जल अर्पण गरिन्छ । भोगपीठ(रुद्रभाग) भद्रपीठ (विष्णुभाग) र ब्रह्मपीठ (ब्रह्मभाग) मा क्रमैले पूजा गरिन्छ । शिवलिङ्गको माथिल्लो भाग अर्थात् टुप्पो र अन्य भाग छुट्याउन ब्रह्मसूत्रको धर्सो तानिन्छ । सादा शिवलिङ्ग स्थापना गरिएको पीठिकाको नाल पनि उत्तरतर्फ फर्किएको हुनुपर्दछ । शिवलिङ्गमा अर्पण गरेको जलपीठिकाको नालबाटै बाहिर बग्दछ । शिवमन्दिरमा दायाँतर्फबाट पूरा घुम्दा जल नाघिने भएकोले दायाँ र बायाँ दुवैतिरबाट अर्ध-अर्ध परिक्रमा गरेर पूर्ण गर्नुपर्ने विधान छ ।

लिच्छविकालका केही सादा शिवलिङ्गहरूमा अक्षर र मिति कुँदिएका छन् । संवत् ३८८ (इ.स.४६६) को नरवर्माले स्थापना गरेको शिवलिङ्ग लाजिम्पाट, धोवीचौरमा छ ।[२१] राजा मानदेवको समयमा सादा शिवलिङ्गहरू काठमाडौं उपत्यकाका विभिन्न स्थानमा स्थापना गरिएका थिए । मानदेवकी रानी क्षेमसुन्दरीले स्थापना गरेकी शिवलिङ्ग पनि लाजिम्पाट धोवीचौरमै छ । संवत् ३९० (इ.स.४६८) को त्यस शिवलिङ्गको शिलालेखमा राजा मानदेवको मुक्त काठले प्रशंसा गरेर धर्मकर्ममा मात्रै लाग्ने रानी क्षेमसुन्दरीले निर्माण गरेको शिवलिङ्ग र मन्दिरको चर्चा परेको छ ।[२२]

लिच्छविकालका यी दुवै शिवलिङ्ग ठूलो जलहरीमाथि स्थापित छन्। पीठिका, जलहरी, नाल, भोगपीठ, भद्रपीठ, ब्रह्मपीठ र ब्रह्मसूत्र कोरेर यी शिवलिङ्गहरू स्थापना गरिएका छन्। नरवर्मा र क्षेमसुन्दरी दुवैले स्थापना गरेका शिवलिङ्गको जलहरीमा अभिलेख कुँदिएको छ। नरवर्माले स्थापना गरेका शिवलिङ्गमा प्रस्टसँग...संवत् ३८८ ज्येष्ठ शुक्ल चतुर्दशीमा कल्याण गर्नामा कारण भएको मन्दिरसहितको मिल्दो राम्रो लिङ्ग यहाँ स्थापना गरे भनिएको छ। हाल धोवीचौरको ढिस्कोमा शिवलिङ्ग सुरक्षित भए पनि मन्दिरको अवशेष केही देखिँदैन। त्यस ढिस्कोमा राम्रोसँग अन्वेषण र उत्खनन गरेमा लिच्छविकालमा थुप्रै अवशेष भेट्टाउन सकिन्छ। संवत् ३९९ (इ.सं. ४७७) र संवत् ४०२ मा रत्नसङ्घले स्थापना गरेका शिवलिङ्ग पनि सादा नै छन्। दुवै शिवलिङ्गको जलहरीमै अभिलेख कुँदिएको छ।[२३]

हालसालै पशुपति क्षेत्रमै विमलसङ्घले स्थापना गरेको शिवलिङ्ग पनि भेट्टिएको छ। रत्नसङ्ध र विमलसङ्घ दुवैले स्थापना गरेको शिवलिङ्गको जलहरी अभिलेख छ। दुवै शिवलिङ्गको जलहरी भने फरक-फरक छ। रत्नसङ्घको ठूलो चारपाटे छ भने विमलसङ्घको गोलो छ। संवत् ४०७ र अभिलेख जलहरीमा कुँदिएको छ। यसमा अभिलेख कुंदिएको भागको लम्बाइ ९६ से.मि. र चौडाइ ३० से.मि. छ। आयस्ताका लागि विमलसङ्घले विभिन्न ठाउँको भूमि छुट्याइदिएको बेहोरा पाइन्छ।[२४]

संवत् ४१९ (इ.सं. ४९७) मानदेवकी रानी गुणवतीले नारायणचौरनजिकै स्थापना गरेकी सादा शिवलिङ्ग पनि अभिलेखकै कारण महत्त्वपूर्ण छ।[२५] यो शिवलिङ्ग पनि ठूलो जलहरीमाथि स्थापित छ र जलहरीमा अभिलेख कुँदिएको छ। स्थापनाकालमा ठूलो भव्यमन्दिरमा प्रतिष्ठापित यी शिवलिङ्गहरू हाल खुला रूपमा छन्। मानदेवकी रानी गुणवतीले आफ्नो बाबु किन्नरबर्माको अक्षय भइरहोस् भन्ने उद्देश्यले शिवलिङ्ग स्थापना गरेको उल्लेख नारायणचौरको शिवलिङ्गमा गरिएको छ।

मानदेवको छोरी विजयवतीद्वारा पशुपति सूर्यघाटमा स्थापित सादा शिवलिङ्गमा पनि अभिलेख छ। जलहरी वाहिरी भागमा कुँदिएको अभिलेखमा विभिन्न कलामा प्रख्यात विजयवतीले महादेवको जस्तै आफ्ना पति वार्तदेवलाभमा भक्ति राखेको कुरो वताउँदै मोक्षप्राप्तिको इच्छा राखेर

विजयश्वर लिङ्ग स्थापना गरेको वर्णन छ ।[२६] लिच्छविकालमा प्रायः सबै शिवलिङ्ग सादा नै छन् । मानदेवकै समयको वूढानीलकण्ठ, विष्णुपादुका डाँडोको फेदीस्थित खेतमा रहेको अभिलेख सहितको शिवलिङ्ग पनि सादा नै छ । सबै लोकको कल्याणको लागि तथा सबैको दुःख पनि नाश होस् भनी (श्रीमानदेव) राजा नम्रतापूर्वक भगवान्सँग प्रार्थना गरेको प्रस्तुत शिलालेखमा वर्णन गरिएको छ ।[२७] ठूलो जलहरीमा स्थापित यो सादा शिवलिङ्गको पनि जलहरीमै अभिलेख अङ्कित छ । पशुपति आर्यघाट, भस्मेश्वरमा अवस्थित शिवलिङ्ग पनि सादा छ र जलहरीमुनि आसनमा अभिलेख कुँदिएको छ। प्रतिहार ध्रुर्वसङ्खवार्तले विभिन्न देवताहरूको नाम स्मरण गरेर अभिलेखसहित शिवलिङ्ग संवत् ४५५ मा स्थापना गरेका थिए ।[२८] संवत् ४६२ को आभिरीले पशुपतिमा स्थापना गरेकी शिवलिङ्ग पनि अभिलेख र मितिको कारण महत्त्वपूर्ण छ । लिच्छविकालको यो शिवलिङ्ग पनि सादा छ र जलहरीमै अक्षर कुँदिएको छ । शिवलिङ्ग स्थापना गर्नुको उद्देश्य स्वर्गमा रहेका आफ्ना पतिको पुण्यवृद्धि होस् तथा चिरञ्जिवी भौमगुप्त आदि सन्तानहरूको सुखभोग आरोग्य आयु धेरै होओस् भन्ने छ ।

उक्त महादेवलाई तेल घस्नु, नुहाउनु, पूजा गर्नु, चन्दन, धूप नैवेद्य चढाउनु आदि र टुटफुट भएमा प्रतिसंस्कारका लागि तथा दिवङ्गत भएका पतिको पुण्य बढीबढाउ होओस् औं चिरञ्जिवी भौमगुप्त आदि सन्तानहरूको सुखभोग, आरोग्य आयु धेरै होओस् भन्ना निमित उनले खेत प्रदान गरिन्। यिनै कुराहरू मुख्यरूपले प्रस्तुत शिलालेखमा वर्णित छन् ।[२९]

संवत् ४१३ कुँदिएको जयलम्बले स्थापना गरेका अभिलेख सहितको शिवलिङ्गको पनि चर्चा गर्नु पर्दछ । पशुपति मन्दिरको उत्तरतर्फ एउटा विशाल त्रिशूल छ । त्यही त्रिशूल रहेको जलहरीमा अभिलेख छ । धनवज्र वज्राचार्यले पशुपतिको मानदेवको पालाको जयलम्बको अभिलेखको अनुवाद र व्याख्या चित्तबुझ्दो ढङ्गले गरेका छन् । जलहरीको ४२ अङ्गुल लम्बाइ र छ अङ्गुल चौडाइमा अभिलेख कुँदिएको छ । शिवलिङ्गको जलहरीमा कुँदिएको अभिलेखको भाव यस्तो छ ।

संवत् ४१३ ज्येष्ठ शुक्ल एकादशीको दिन राजा श्री मानदेवको पाउको निगाहबाट जयलम्बले भक्तिले शुद्धचित्त भई राजालगायत (सारा) संसारको हितको लागि जयश्वर भनी पृथ्वीमा नांउ चलेको शिवलिङ्गको

स्थापना गरे । यी भगवान शिवलिङ्गको कारण पूजा राम्ररी चलाउनको लागि आफ्नो पुण्य बढोस् भनी २०० मानिका पिण्डक (कुत) आउने ४५० भूमि कोइलाकाँटा गरी गुठी राखे ।[३०] विशेष निमित्त (कारण) लाई लक्ष्य गरी पर्व-पर्वमा गरिने पूजालाई नैमित्तिकपूजा (कारण) पूजा भनिन्छ । लिच्छविकालमा प्रचलित कारण पूजा भनेको विशेष पर्व दिनमा देवतालाई स्नान गराउनु, चन्दन आदि सुगन्धी वस्तु चढाउनु, फूल चढाउनु, वत्ती धूप बाल्नु, बाजा बजाउनु, जप गर्नु आदि रहेछन् भन्ने स्पष्ट हुन्छ । विशेष पर्व दिनमा मात्र गरिने कारणपूजालाई पनि यहाँ २०० मानिका कुत आउने ४५० भूमि गुठी राखिएको छ। यसबाट कारणपूजा अलि धूमधामसँग गरिन्थ्यो भन्ने देखिन्छ ।[३१]

मुख शिवलिङ्ग

पुराणहरूमा शिवलाई पञ्चमुखी भनेर सम्वोधन गरिएको छ। शिवपुराणमा सद्योजात, वामदेव, तत्पुरुष, अघोर र ईशान आदि पाँचवटा अवतारको वर्णन गरीएको छ ।[३२] सूतजीले शौनकजीलाई शिवजीको अवतारबारे वर्णन गरेको शतरुद्र संहितामा छ ।[३३] शिवका प्रथम अवतार सद्योजात, दोस्रो अवतार वापदेव, तेस्रो अवतार तत्पुरुष, चौथो अवतार अघोर र पाचौ अवतार ईशानबारे पनि शिवपुराणमा उल्लेख छ ।[३४]

मुख लिङ्गमा पनि शिवको यिनै अवतारलाई पाचौं दिशामा व्याप्त मानेर पूजा गरिन्छ । तत्पुरुष पूर्व, सद्योजात पशिचम, वामदेव उत्तर अघोर दक्षिण र ईशानलाई आकाशतर्फ कल्पना गरेर शिवलिङ्गमा मुहार कुँदिन्छ। शिवलिङ्गमा पाँच मुख बनाउँदा सद्योजात (पृथ्वीतत्त्व), वामदेव (जलत्त्व), अघोर (तेजतत्त्व), तत्पुरुष (वायुतत्त्व) र ईशान (आकाशतत्त्व) को प्रतीकको रूपमा ईशानको भने मुख बनाइँदैन ।[३५]

प्रतिमाविज्ञानका पुस्तकमा मुख लिङ्ग बनाउँदा १, ३ या ४ मुख बनाउने नियम बताइएको छ । नेपालमा एक मुखे शिवलिङ्गहरू थोरै प्राप्त छन् । रूपमण्डनमा एक मुखे लिङ्ग बनाउँदा मूल ढोकापट्टि फर्किएको बनाउने र तीन मुख बनाउँदा पछाडिपट्टि नबनाउने नियम बताइएको छ । मूलढोका भन्दा पछाडिको मुखको रङ् उजला, उत्तरको रातो, दक्षिणको कालो र अगाडिपट्टिको प्रज्ज्वलित अग्निजस्तै हुनुपर्दछ । सद्योजात, वामदेव

अघोर तत्पुरुष र पाँचौं ईशान हुन् जसलाई योगीहरूले पनि जान्दैनन् ।[३६] रूपमण्डनमा दुइ र पाँच मुख वनाउने शिवलिङ्गको विधान छैन ।[३७] विष्णुधर्मोत्तर पुराणमा पनि मार्कण्डेयले व्रजलाई महेश्वरको स्वरूप पञ्च मुखबारे बताएका छन् । सद्योजात, वामदेव, अघोर त्यसैगरी तत्पुरुष, ईशान यी शिवजीका पाँच मुखहरू हुन् भनी जान्नु । शिवजीका यी पाँच मुखहरूमध्ये सद्योजातलाई पृथ्वी भनिन्छ । त्यस्तै वामदेवलाई जल भनिन्छ । अघोरलाई तेजका रूपमा जानिन्छ । तत्पुरुषलाई वायु हो भनिन्छ । त्यसैगरी शिवजीका माथितिर रहेको पाँचौ मुख ईशानलाई आकाश भनिन्छ ।[३८]

काठमाडौं उपत्यकामा प्राप्त एकमुखे शिवलिङ्गमध्ये राजराजेश्वरी घाटको एक मुखे शिवलिङ्ग, पशुपति आर्यघाट पारिको एक मुखे शिवलिङ्ग, पशुपति मन्दिर चौघेराभित्र पूर्वपट्टिको एकमुखे शिवलिङ्ग, चागुनारायण मन्दिरको भण्डारभित्र रहेको धातुको मुखलिङ्ग आदि प्रमुख छन् । राजराजेश्वरी घाटको शिवलिङ्ग चोरी भइसकेको छ । पशुपति आर्यघाटको पारिको एकमुखे लिङ्गका बारेमा विज्ञहरूले विभिन्न ढङ्गले कलम चलाएका छन् । लिच्छविकालको यो एकमुखे शिवलिङ्ग सरल र आकर्षक छ । गोलो जलहरीमा स्थापित एकमुखे शिवलिङ्गको मुहारलाई पार्वतीको मुहार भनेर वर्णन गर्ने विद्वान्हरू पनि छन् । भारतीय पुरातत्त्वविद् कृष्णदेवले यो एकमुखे शिवलिङ्गको अनुहारको प्रशंसा गरेका छन् । भारतका गुप्तकालीन एकमुखे शिवलिङ्गको सम्झना गर्दै कृष्णदेवले छैठौं शताब्दीकै समय आर्यघाटको शिवलिङ्गलाई दिएका छन् ।[३९] सुन्दर ढङ्गले बनाइएको जटा, मुकुट मिल्दो तरिकाले लगाइएको रुद्राक्षमाला, चन्द्रमा, निधारमा तेस्रो आँखा र लामो कान र लोती सबैनै मिहिनेत गरेर सुहाउँदो ढङ्गले बनाइएको छ । काँधमा लत्रिएको तीनवटा जटाले पनि मूर्तिको सुन्दरता बढाएको छ । अधिकांश मुख शिवलिङ्गमा नाडीसम्मको दुवै हात बनाइन्छ र कमण्डलु, अक्षमाला लिएको देखाइन्छ। तर यो एकमुखे शिवलिङ्गमा हात नबनाउँदा झनै आकर्षक र स्वाभाविक देखिएको छ । ठूलो बदामी आँखा, लामो मिलेको नाक, मोटो ओठ र लाम्चो बान्की परेको मुहार, तालुमाथि मिलाएर बनाएको जटाको जुरो आदि सबै विशेषताले गर्दा यो एकमुखे शिवलिङ्ग नेपाली मूर्तिकलामा उत्कृष्ट छ। पटकपटक चोर्ने प्रयास भएको यस शिवलिङ्गको उचित संरक्षण आवश्यक छ ।

पशुपति राजराजेश्वरी घाटमा ढुङ्गाको सानो मन्दिरमा पनि एकमुखे शिवलिङ्ग स्थापना गरिएको थियो । त्यो हाल चोरी भइसकेको छ । चारवटा प्रस्तरको खम्बामाथि प्रस्तरकै छानो हालेर निमार्ण गरिएको लिच्छविकालीन प्राचीन शैलीको मन्दिरभित्र स्थापित एकमुखे शिवलिङ्गको अनुहार र नाडीसम्मको हात कुँदिएको छ । जटा सम्हाल्न लगाइएका सुन्दर मुकुट, निधारमा ठाडो तेस्रो आँखा, लामो सुलुत्त परेको आँखीभौँ, नानीसमेत देखाएर कुँदिएका आँखा, मिलेको आकर्षक नाक र ओठ, छाँटिएको गाला च्यूँडो आदि सबै अङ्ग नै कलाकारले मिहिनेत गरेर वनाएको प्रस्ट देखिन्छ । लामो कानको ठूलो लोतीमा सुहाउँदो ढङ्गले आठवटा पत्र र वीचको केशर पनि देखिने गरेर पुष्पकुण्डल, कुँदिएको छ । गलामा वीचमा ठूलो रुद्राक्ष र दायाँ बायाँ साना-साना रुद्राक्ष राखेर सुन्दर माला बनाइएको छ । अक्षय माला समातेको दायाँहात अभय मुद्रामा छ । बायाँ हातमा कमण्डलु छ । शिवको घाँटीमा तीनवटा मुजा अर्थात् कम्बुग्रीव पनि प्रष्टसङ्ग देखाइएको छ । हिन्दू र बौद्ध देवीदेवताका पवित्र मूर्तिमा सुन्दरता र विशिष्ट लक्षणको लागि घाँटीमा कम्बुग्रीव वनाउने प्रचलन छ । एउटा मात्रै मुख भएको यो शिवलिङ्ग कडा खाले पत्थर र सरल शैलीले गर्दा लिच्छविकालीन अन्तिम समयको हो भन्ने कुरमा शङ्का छैन । वागमती नदीको किनार, राजराजेश्वरी घाटमा स्थापित जनवरी, १९८५ मा चोरी भएको यो एकमुखे शिवलिङ्गको सुन्दरताबारे लैनसिंह वाङ्गदेलले पनि तारिफ गरेका छन् । वाङ्गदेलले यस शिवलिङ्गको समय भने बाह्रौं शताब्दी मानेका छन् ।[४०] पशुपति आर्यघांटपारि मृगस्थलीमा अवस्थित एकमुखे शिवलिङ्गको सुन्दर चित्र छापेर मेरी स्लुसरले पाचौं शताब्दीको समय तोकेकी छिन् ।[४१] राजराजेश्वरीघाट र मृगस्थली दुवै स्थानमा स्थापना गरिएका शिवलिङ्गको शैली र ढुङ्गाको गुणस्तरमा समानता भएकोले धेरै लामो अन्तरालमा नवनेको अनुमान गर्न सकिन्छ । एकमुखे शिवलिङ्गको चर्चा गर्दा चाँगुनारायणको भण्डारमा रहेको धातुको शिवलिङ्गको पनि वर्णन गर्नुपर्दछ । मूर्ति हेर्न नपाइने भएकोले चित्रको आधारमा यसको वर्णन गर्नुपर्दछ । मोहनप्रसाद खनालले धातुको एकमुखे शिवलिङ्गको सुन्दरता वर्णन गरेर त्यसको समय ई.सं.को छैठौं शताब्दी तोकेका छन् ।[४२] शिरमा बुट्टेदार रत्नजडित सुन्दर मुकुट छ । मुकुटको ठीक वीच भगमा फूलको पत्र र विन्दुले घेरा दिएर कीर्तिमुख बनाईएको छ । निधारमा वस्ने मुकुटको

भागमा पनि कपाल चुल्टी बुट्टा बनाइएको छ । कानमा ठूलो गोलो आकारको कानपाशा र घाँटीमा माला मिल्दो ढङ्गले कुँदिएको छ । घाँटीको मालामा रुद्राक्षको दाना र वेलपत्र पनि मिलाएर उनिएको छ । एकलुङ्ग मात्रै उनिएको रुद्राक्षको माला सुहाउँदो ढङ्गले गलामा पहिराइएको छ । दायाँ हात अभय मुद्रामा देखाएर त्यसैमा अक्षयमाला पनि कुँदिएको छ । बायाँ हातमा बिर्कोसहितको घडा छ । निधारमा तेस्रो आँखा, सुलुत्त परेको नाक, मुसुक्क हाँसेको ओठ, गोलो बान्कीको अनुहार सबै नै मिल्दो ढङ्गले कुँदिएको छ। यस मूर्तिको अध्ययन गर्न पाएका खनालजीले यस मुख लिङ्गमा अपूर्व शान्ति, करुणा र सौन्दर्य देख्ने सौभाग्य पाइन्छ भनेर वर्णन गरेका छन् ।[४३] वाङ्गदेलजीले भारतको मथुरा म्युजियममा रहेको एकमुखे शिवलिङ्ग (दोस्रो शताब्दी) को चित्र आफ्नो पुस्तकमा छपाएका छन् । भारतको गुडीमल्लममा एउटा विशिष्ट शैलीको शिवलिङ्ग भेट्टिएको छ । पुरुष जनेन्द्रियमा दुईवटा हात र दुईवटा खुट्टा, जटासहितको शिर र पूर्ण कदको शिवआकृति कुदिएको छ । विद्वान्हरूले गुडीमल्लमको त्यो शिवलिङ्गको समय ई.सं. पहिला शताब्दी मानेका छन् ।

पुराणहरूमा शिवलाई पञ्चमुखी भनेर बयान गरिएको छ । चित्र र मूर्तिको प्राय: चारवटै शिर बनाइन्छ । पाचौं शिर अदृश्य नै हुन्छ । शिवलिङ्गमा पनि एक दुईवटा बाहेक सम्पूर्णमा चारैदिशामा चारैमुख कुँदिएका छन्। प्राचीन मानिएका चतुरमुखी शिवलिङ्गहरू पशुपति क्षेत्र, हाँडीगाउँ, कुम्भेश्वर, भक्तपुर र लेले, बलम्बु, बल्खु आदि स्थानमा देख्न पाइन्छ । लैनसिंह वाङ्गदेलले बल्खुको पञ्चमुखी शिवलिङ्ग चौथो शताब्दी भन्दा अघिको हुनसक्ने अनुमान गरेका छन् ।[४४] तर बुझ्नु पर्ने कुरा के छ भने ढुङ्गाको स्तर कमसल भएमा वा खुलारूपमा घामपानी सहँदा पनि मूर्तिहरू बढी पुराना लाग्दछन । बल्खुको यो शिवलिङ्ग प्राचीन मूर्तिहरूमध्ये पर्दछ तर चौथो शताब्दीभन्दा अघिको भने पक्कै होइन ।

मथुरा सङ्ग्रहालयको कुषाणकालको एकमुखी शिवलिङ्ग र बल्खुको पञ्चमुखी शिवलिङ्गको शैलीमा समानता छन् । शिवलिङ्गमा चारैतर्फ बनाइएका मुखहरूमा शिवकै विभिन्न स्वरूप र अर्धनारीश्वर रूपको प्रतिकृति देखाइन्छ। कानको गहना र आयुध पनि शिवकै राखिन्छ । कुनै-कुनै शिवलिङ्गमा भने उत्तरतर्फको अर्धनारीश्वर रूपमा निधारमा तेस्रो आँखा बनाइँदैन । कानका

गहना पनि पार्वतीको रत्न वा पुष्पकुण्डल र शिवको सर्पकुण्डल देखाइन्छ। लेलेको सरस्वती कुण्डमा रहेको लिच्छविकालको चतुरमुखी शिवलिङ्गमा भने विष्णुको मूर्तिमा लगाइने मुकुट लगाइएको छ। मेरी स्लुसरले यस शिवलिङ्गमा देखाइएको घुम्रिएको कपाल भएको लकुलिशको शिरको उल्लेख गर्दै यो शिवलिङ्ग सातौं-आठौं शताब्दीको भनेर तोकेकी छिन्।[४५] त्यस्तै मृगस्थली जाने बाटोको बीचमै स्थापित अर्को चतुरमुखी शिवलिङ्ग (नवौं शताब्दी) को पनि फोटोसहित बयान गरेकी छिन्।[४६] लैनसिंह वाङ्देलले भने यो शिवलिङ्गको समय पाँचौं शताब्दी तोकेका छन्।[४७] शैली र ढुङ्गाको स्तर अध्ययन गर्दा यो शिवलिङ्ग लिच्छविकालको हो भन्ने कुरामा त शंका छैन तर मेरी स्लुसरले अडकल गरेको नवौं शताब्दीको वा वाङ्देलले अड्कल गरेका पाँचौं शताब्दी दुवै नभएर सातौं-आठौं शताब्दीताकाको हो। अभिलेख र मिति कुँदिएको सम्वत् ३८६ (इ.स.४६४) को त्रिविकम वामन मूर्तिको शैलीभन्दा यो शिवलिङ्गको लक्षण, कपालको ढाँचा, मुहारको भावभङ्गी सबै निकै परिस्कृत देखिन्छ। त्यसैले सातौं-आठौं शताब्दीताका निर्माण गरिएको शिवलिङ्ग हो यो।

पशुपति भुवनेश्वरी मन्दिरको चौघेराभित्र स्थापना गरिएको कृष्णनन्देश्वर शिवलिङ्ग उत्कृष्ट कलाको कारण चर्चित छ। ठूलो गोलो जलहरी, उत्तरतर्फ फर्किएको नाल, लम्बाइ चौडाइ मिलेको शिवलिङ्ग सबैले गर्दा यो आकर्षक छ। शिवको विभिन्न स्वरूपको प्रतिनिधित्व गरेर लिङ्गमा मुख कुद्ने प्रचलन छ। यस शिवलिङ्गमा भने चारै दिशामा हिन्दुहरूको चारधामको स्वरूप कल्पना गरीएको छ। पूर्वदिशातर्फ जगन्नाथ, पश्चिम द्वारका, उत्तर केदार र दक्षिण रामेश्वरम्को स्वरूप सम्झना गरेर पूजा आराधना गरिन्छ।[४८] शिवलिङ्गको चारैतिरका हातमा पनि विविध आयुध कुँदिएका छन्। दायाँ हात अभय मुद्रामा छ र त्यसैमा रुद्राक्ष माला छ, देब्रेमा कमण्डलु, त्रिशूल, फूल र चर्म राखिएको छ। शिवको मूर्ति बनाउँदा तेस्रो आँखालाई विशेष महत्त्व दिइन्छ। शिवलिङ्गका मुहारमा पनि सूर्य, चन्द्र र अग्निको स्वरूपको सम्झना गरेर तीननेत्र बनाइन्छ। यस शिवलिङ्गमा पनि पूर्व, पश्चिम र दक्षिणमा त्रिनेत्र बनाइएको छ उत्तरमा भने अर्धनारेश्वर स्वरूप भएकोले दुइटा मात्रै नेत्र बनाइएको छ। शिवको जटा अड्याउन रुद्राक्ष मालाको प्रयोग पनि सुन्दर ढङ्गले गरिएको छ।

पशुपति क्षेत्रको प्रसिद्ध त्रिशूल जात्रामा कृष्णनन्देश्वर शिवलिङ्गको प्रतीकस्वरूप तामाको सानो शिवलिङ्ग खटजात्रामा समावेश गरिन्छ। भुवनेश्वर मन्दिरको प्राङ्गणमा रहेको ढुङ्गेधाराबाटै जल ल्याएर शिवलिङ्गमा पूजा/स्नान गराइन्छ। यस ढुङ्गेधारालाई ज्ञानकुण्ड पनि भनिन्छ। ज्ञानेश्वर महादेव मन्दिरमा रहेको ढुङ्गेधारामा जस्तै यहाँ पनि रुन्चे लागेको वच्चालाई नुहाएमा ठीक हुने् विश्वास गरिन्छ। अरूहरूले स्नान गरेमा तीर्थस्थलहरूमा नुहाए सरि नै पुण्य प्रप्त हुने् विश्वास गरिन्छ।

नवौ-दशौं शताब्दीसम्ममा निर्माण भैसकेको कृष्णनन्देश्वर चतुरमुखे शिवलिङ्गमा लिच्छविकालमा चरमसीमामा पुगेको प्रस्तर कलाका झल्को पाइन्छ। सादा र सजीवपन नै यसको विशेषता हो।[४९] खुल्ला रूपमा रहेको यस शिवलिङ्गको संरक्षण पनि अति आवश्यक पक्ष हो।

पाटन संग्रहालयमा सोहौ-सत्रौं शताव्दीताकाको चतुरमुखे शिवलिङ्ग प्रदर्शन गरिएको छ। ५४.५ से.मी. लम्वाइ भएको यस शिवलिङ्गमा चारै दिशामा कुँदिएका मुहारको भावभङ्गी, केशश्रृङ्गार, मुकुट, लक्षण सवै नै फरक फरक छन्। पञ्चमुखी भनेर शिवलाई सम्बोधन गरिन्छ र शिवलिङ्गमा मुहार बनाउँदा चारै दिशामा चारवटा बनाइन्छ। रुद्रभाग अर्थात् शिवलिङ्गको टुप्पोमा मुहार बनाइदैन। यो शिवलिङ्गमा पनि पूर्व, पश्चिम, उत्तर र दक्षिण दिशामा चार मुहार कुँदिएका छन्। दक्षिणतर्फको मुहारलाई भैरव भनिन्छ गोलो आँखा, छरिएको आँखीभौं र जटामा नरखप्पर र चन्द्रमा , कानमा सर्प कुण्डल बनाइन्छ। उत्तरतर्फको मुहारमा अर्धनारीश्वरस्वरूप बनाइन्छ। पार्वती र शिवको आधा-आधा स्वरूप नै एउटै मूर्तिमा देखाइन्छ। कपालको ढाँचा, कानको कुण्डल, हातको आयुध सबै नै शिव र पार्वतीको फरक-फरक देखाइन्छ। शिवलिङ्गको मुहारमा बाहेक चित्र र पूर्ण शरीर दर्शाइएको मूर्तिमा अर्धनारीश्वरस्वरूप बनाइन्छ। यिनै नियमभित्र नै पाटन संग्रहालयको चतुरमुखे शिवलिङ्ग बनेको छ।

अवन्तीनिवासी ***वराहमिहिराचार्य***ले ज्योतिषको प्रधानग्रन्थ वृहत्संहितामा प्रतिमालक्षणबारे पनि विभिन्न कुराहरू लेखेका छन्। लिङ्गस्थापना गर्ने विधान, जमिनमा गाडिने लिङ्गको भाग, शुभ र अशुभ प्रकारका लिङ्ग, सहर, देश र मालिकलाई नाश गर्ने लिङ्ग आदिबारे पनि बृहत्संहितामा उल्लेख गरिएको छ। लिङ्ग चारभागको एक भागलाई जमीनमा गाड्नु, मध्यको

आठखण्डको एक भागलाई जलहरीमा गाड्नु, शेष भागलाई जलहरीमाथि राख्नु, लिङ्गको माथि देखिने भागको उचाइसरह नै चारैतिर पिंडीका वनाउनु । यसै प्रसङ्गमा पातलो र लामो शिवलिङ्गले देशलाई नाश गर्दछ, दुवैतर्फवाट हीन शिवलिङ्गले नगरलाई नाश गर्दछ, जुन लिङ्गको मस्तकमा क्षत हुन्छ त्यस लिङ्गले स्वामीलाई नाश गर्दछ भनेर चर्चा गरिएको छ ।[५०]

नेपाल खाल्डो (काठमाडौं उपत्यका) को निर्माण वस्ती वारेमा धार्मिक आख्यानको प्रसङ्ग पशुपतिको ज्योतिर्लिङ्गसँग गाँसिएको छ । नयनाथ पौडेलले पनि भाषा वंशावलीमा यस कुराको व्याख्या गरेका छन् ।[५१] नेपालको प्राचीन इतिहाससँग शैवधर्म र शिवलिङ्गको सम्वन्ध जोडिएको छ ।

पशुपतिक्षेत्र, पशुपतिमन्दिर चौघेराभित्र नै सादा र मुखलिङ्गहरू थुप्रै छन् । पीढिका माथि जलहरी त्यसमाथि शिवलिङ्ग स्थापना गरिएको र जल, दूध, दही, घिउ,मह, चिनीले स्नान गराएपछि वग्नको लागि उत्तरतर्फ फर्किएको डुड पनि निर्माण गरिएको छ ।

मल्लकालमा राजाहरूले एकै ठाउँमा थुप्रै शिवलिङ्गहरू स्थापना गरेका थिए । पशुपति क्षेत्रमा चौसठ्ठी लिङ्गको नामले प्रचलित सवै शिवलिङ्ग राजा प्रताप मल्लले स्थापना गरेका थिए । ने.सं ७७५ को शिलालेखमा राजा प्रताप मल्लले कोटिलिङ्गेश्वर मन्दिरको स्थापना गरेको चर्चा गरिएको छ ।[५२] पशुपतिमा प्रताप मल्लले गरेको तुलादान, यज्ञनिर्माण आदिको अध्ययन गरेपछि उनको शैवधर्मप्रतिको आस्था प्रस्ट हुन्छ ।

शाहकाल र राणाशासनमा पनि शिवलिङ्ग स्थापना गरेर थुप्रै भव्य मन्दिरहरू निर्माण भएका छन् । शङ्खमूलघाट, थापाथली कालमोचनघाट, त्रिपुरेश्वर, टेकुघाट, पचलीभैरव स्थान वरिपरि शाहकाल र राणाकालमा भव्य सुन्दर मन्दिहरू छन् जहाँ शिवलिङ्ग स्थापना गरीएका छन् । नदी किनारमा स्थापना गरिएका प्रमुख शिवलिङ्ग यसप्रकारका छन् । शंखमूलेश्वर शिवलिङ्ग, जयपद्मेश्वर, मृत्युञ्जय महादेव (जल वर्षिने महादेव), नर्मदेश्वर पञ्चवल्लभेश्वर, रिपूमर्दनेश्वर, त्रिपुरेश्वर महादेव, लक्ष्मीभक्तेश्वर महादेव, भस्मेश्वर महादेव, लक्ष्मीईश्वर महादेव, नर्मदेश्वर महादेव, वमविकटेश्वर महादेव (तीन देवल), पञ्चलिङ्ग महादेव, पूर्णेश्वर महादेव, कालमोचनघाट नजिकै हनुमान स्थानमा पनि सादा र चतुरमुखे शिवलिङ्गहरू खुला रूपमा छन् । नदीको किनारमाबाहेक दरबारक्षेत्रमा पनि भव्य सुन्दर मन्दिर बनाएर

शिवलिङ्ग स्थापना गरिएका छन् । काठमाडौं, पाटन र भक्तपुर दरवारक्षेत्रमा पनि मल्लकाल शाहकाल र राणाकालका शिवलिङ्ग स्थापित छन् ।

पी-पालले आफ्नो पुस्तकमा विदेशीको सङ्ग्रहमा भएको दुइवटा शिवलिङ्गको चित्र छपाएका छन् । ई.स. १०४६ मिति र अभिलेख भएको मुखलिङ्गको जलहरीको बीच भागमा फूलेको कमलको फूल सुन्दर ढङ्गले कुँदिएको छ । धातुको यस्तै एघारौं शताब्दीको सादा शिवलिङ्ग, पाटन सङ्ग्रहालयमा प्रर्दशन गरिएको छ । यस शिवलिङ्ग पनि फकेको कमलको फूलबाट निस्किएको देखाइएको छ । अभिलेख र मुखाकृति यसमा कुँदिएको छैन ।[५३] राजा भाष्करदेवको समयमा निर्मित धातुको यस शिवलिङ्गबाट उत्कृष्ट धातुकलाबारे धेरै कुरा थाहा पाउन मद्दत गर्दछ । *डा. स्याम्युएल एलिनबर्ग*को सङ्कलनमा भएको यो धातुको सानो (उचाइ ५ इ.) शिवलिङ्गको चारै दिशामा चारवटा मुखहरू सुन्दर र आकर्षक ढङ्गले कुँदिएका छन्। पञ्चतत्त्वको प्रतीकस्वरूप नै शिवका मुखहरूले पृथ्वी, जल, तेज, हावा र आकाशतत्त्वको प्रतिनिधित्व गरेको हुन्छ ।[५४]

*डोरिस विनर*को सङ्कलनमा पनि अर्को एउटा मुख शिवलिङ्ग छ। तामाको यस शिवलिङ्गको उचाइ तीन इञ्च छ । यसमा पनि चारै दिशामा शिवका चारमुख कुँदिएका छन् । विविध केश शृङ्गार, दायाँ हात अक्षयमालासहित अभयमुद्रामा बाँया हातमा पूर्ण कलश आदि आयुधले गर्दा सुन्दर देखिएको छ । पी.पालले शैलीको आधारमा यस शिवलिङ्गको समय नवौ शताब्दी तोकेका छन । यस शिवलिङ्गमा कुँदिएको मुखाकृतिको लक्षण अध्ययन गर्दा भारतको गुप्तकालीन कलाको झल्को पाइने कुरा पी.पालले पनि व्यक्त गरेका छन् ।[५५] मिति कुँदिएको (इ.सं १०४६) धातुको मुख शिवलिङ्ग भन्दा यो पुरानो देखिन्छ ।

पशुपति दक्षिण मूर्तिटोलमा ठूलो जलहरीमा चारमुखे शिवलिङ्ग स्थापना गरिएको छ । शिवको विभिन्न आकृतिको भावभङ्गी र अर्धनारेश्वर स्वरूप यस शिवलिङ्गमा सारै आकर्षक ढङ्गले कुँदिएको छ । शिवलिङ्ग स्थापना गरिएको जलहरीको नाल उत्तरतर्फ फर्काइएको छ र त्यसैको मुहारमा सारै राम्रोसँग शिव र पार्वतीको आधाआधा मुहार कुँदिएको छ । शिरमा केशको ढाँचा पनि फरक-फरक छ । पार्वतीतर्फ राम्ररी कोरेर उठेको जुरो बनाइएको छ भने शिवको आधा भागमा जटा र नर खप्पर गहनाको रूपमा कुँदिएको

छ । पार्वतीको कपाल तीन तहको मोतीको मालाले सिङ्गारिएको छ भने शिवको रुद्राक्ष मालाले । कानमा पार्वतीले ठूलो गोलो आकारको कुण्डल लगाएकी छिन भने शिवले सर्पकुण्डल । निधारमा शिवतर्फ तेस्रो आँखाको आधा भाग र पार्वतीतर्फ टीकाको आधाभाग सारै मिलाएर कुँदिएको छ । मिलेको आँखीभौं, आधा चिम्लिएको आँखा, सानो चुटुक्क परेको नाक र पातलो मिलेको ओठले गर्दा यो चतुरमुखी शिवलिङ्ग आकर्षक छ । पार्वतीले हातमा रुद्राक्षमाला र शिवले कमण्डलु समातेका छन् । शिवलिङ्गको रुद्रभाग र ब्रह्मभाग छुटयाउन बुट्टेदार पेटी बनाइएको छ । करिव १३ इन्चजति अग्लो यो शिवलिङ्ग पन्ध्रौ-सोऱ्हौ शताब्दीको कृति हो । *वाङ्देल*जीले फेब्रुअरी १९८५ मा हराएको शिवलिङ्गको राम्रो चित्र प्रकाशित गरेका छन् ।[५६]

पशुपति आर्यघाटको पुल तर्ने बित्तिकै जगसमेत देखिएको एउटा चतुरमुखी शिवलिङ्ग (पाँचौ-छैठौं शताब्दी) र पञ्चदेवल अगाडिको चतुरमुखी शिवलिङ्ग (आठौ नवौ शताब्दी) दुवै शैली र ढुङ्गाको गुणस्तरको हिसाबले उस्तै देखिन्छन् । चारै दिशामा शिवका चार प्रकारका मुहार कुँदिएको यी दुवै शिवलिङ्गमा रुद्राक्ष जपमाला र कमण्डलु शिवको दायाँ र बायाँ हातमा राखिएको छ । पञ्चदेवल अगाडिको शिवलिङ्गको ढुङ्गाको रङ्ग खैरो खाले र आर्यघाटपारिको शिवलिङ्गको रङ्ग कालो छ । दुवै शिवलिङ्गको रुद्रभाग छुट्याउन फूलवुट्टे पेटीको प्रयोग गरिएको छ । दुवै शिवलिङ्गमा विशेष प्रकारको पलिस लगाइएको छ । यी दुवै शिवलिङ्ग मुख लिङ्गको उदाहरणको रूपमा देखाउन सकिन्थ्यो तर दुभाग्यवश दुवै १९८७ मा र १९८४ मा चोरी भइसकेकोले हाल चित्रद्वारा मात्रै अध्ययन गर्न सकिन्छ । वाङ्देलजीले दुवै सुन्दर मुख लिङ्गको चित्र प्रकाशत गरेका छन् ।[५७]

लेलेको सरस्वतिकुण्डको चतुरमुखी शिवलिङ्गमाथि वर्णन गरिएका शिवलिङ्ग भन्दा धेरै नै अलंकृत देखिन्छ । त्यसैले लेलेको शिवलिङ्गलाई वाङ्देलले बाऱ्हौं शताब्दीको समय दिएका छन् तर अलंकारको हिसावले अलि पछिको तेह्रौं शताब्दीजस्तो लाग्दछ ।

देवपाटनको नवाली टोल जयवागेश्वरी क्षेत्रमा रहेको ताम्रेश्वर चतुरमुखी शिवलिङ्ग एउटा छुट्टै विशिष्ट कलाकृति र शैलीले गर्दा चर्चामा छ । धातुको यो शिवलिङ्ग ढुङ्गामाथि कोशको रूपमा राखिएर मात्रै नराखिएर खँदिलो शिवलिङ्गमै मुख कुँदिएको छ । सुन्दर केशसज्जा र विविध भाव मुखाकृतिमा देख्न सकिन्छ ।

निधारमा तेस्रो आँखा, नाडीसम्म कुँदिएको हातमा कमण्डलु र अक्षयमाला, अर्धनारीश्वर स्वरूपमा पार्वतीतर्फ निधारमा घुमिएको कपाल आदि यो शिवलिङ्गको विशेषता हो, कृष्णदेवले उनको पुस्तकमा ताम्रेश्वर शिवलिङ्गको चित्र प्रकाशित गरेर बाऱ्हौं शताब्दीको समय तोकेका छन् ।[५८] पशुपति क्षेत्रमा अध्ययन गर्ने विद्वान् गोविन्द टन्डनले पनि ताम्रेश्वरको वेग्लै शैलीबारे वर्णन गरेका छन् । उनकै भनाइअनुसार तामाको पातामा नभईकन तामालाई गालेर साँचोमा ढाली बनाइएको शिवलिङ्गले शिवलिङ्गको निर्माणमा नौलो आयाम थपिदिएको छ । जलहरी प्रस्तर र शिवलिङ्ग तामाको भएकोले पनि यो शिवलिङ्ग चर्चित छ । प्रस्तरका अरू शिवलिङ्गसँग दाँज्दा यसको समय एघारौं शताब्दीताका देखिन्छ । टन्डनजीले यसको समय दशौं/एघारौं शताब्दी तोकेका छन् ।[५९]

नेपालमा धातुको मूर्ति बनाउँदा मैन पगाल्ने विधि लस्ट वाक्स प्रोसेस र धातुको पाता पिटेर दुवै तरिकाले बनाइन्छ । यो नवालीटोलको ताम्रेश्वरमा भने बीचको लिङ्गको भाग खँदिलो धातुको र चारैतर्फका मुहार भने धातुको पाता पिटेर बनाएको देखिन्छ । पशुपतिक्षेत्रमा सादा र मुखे शिवलिङ्ग ढुङ्गाका त थुप्रै छन् तर धातुको भने औंलामा गन्न सकिने मात्रै भएकोले पनि ताम्रेश्वरको वेग्लै महत्त्व छ । नेपाली शैलीको ताम्रेश्वर मन्दिरको निर्माण र जीर्णोद्धारबारे धेरै कुरा त थाहा हुन सकेको छैन । तर डी.आर. रेग्मीले मल्लकालका प्रसिद्ध भारदार चिकुटीका दाजु माधेजुले हरिनाथ उपाध्यायको (ने.स.७९८) आचार्यत्वमा अहोरात्र यज्ञ गरी गजुर हालेको उल्लेख गरेका छन् ।[६०] देवपाटनमा वैद्यहरूले राखेका गुठीबाट हाल यस मन्दिरको पूजाआजा चल्दैछ ।[६१] ताम्रेश्वर (ताम्रलिङ्ग) मन्दिरभित्र स्थापना गरिएको धातुको खदीलो शिवलिङ्गको शैलीको अध्ययन गर्दा दशौं शताब्दीताकाको देखिन्छ ।

अष्टोत्तरशतलिङ्ग

मानिसले विभिन्न पदार्थबाट निर्माण गरेको शिवलिङ्गहरूमध्ये अष्टोत्तरशत शिवलिङ्ग पनि पर्दछ । नामैबाट प्रस्ट हुन्छ कि यस्तो लिङ्गमा १०८ वटा स-साना लिङ्गहरू एउटै ठूलो मूल लिङ्गमा कुँदिएको हुन्छ । पीठिका, जलहरी र त्यसमाथि स्थापित शिवलिङ्गमा थुप्रै स-साना शिवलिङ्गहरू कुँदिएको अष्टोत्तरशतलिङ्गको चित्र ***टी.ए. गोपीनाथ राव***ले प्रकाशित गरेका छन् । भारतको तिरुभोरियर्मा भेट्टिएको ढुङ्गाको अष्टोत्तरशतलिङ्गको चित्र हेर्दा मूल लिङ्गमा

ठाडो र तेस्रो रेखा तानेर त्यसैमा स-साना लिङ्ग कुँदिएको देखिन्छ।[६२] मूल लिङ्गको ढाडमा कुँदिएको स-साना लिङ्ग आधा मात्रै कुँदिएको लिङ्ग हो भन्न सकिन्छ। काठमाडौं उपत्यका र बाहिर विभिन्न मूर्तिहरू र शिवलिङ्ग भेट्टिएका ठाउँमा आजसम्म अष्टोत्तरशतलिङ्ग प्राप्त भएको थाहा छैन। पशुपति रामचन्द्र मन्दिरको पूर्वपट्टि स्थापना गरिएका थुप्रै शिवलिङ्गहरूमध्ये एउटा ठूलो पीठिका माथि स्थापना गरिएको शिवलिङ्ग र अन्य छुट्टाछुट्टै शिवलिङ्गको लागि स्थान छोडिएको प्वाल देखिन्छ। हाल रिक्त रहेका ती प्वालहरूमा छुट्टाछुट्टै लिङ्गहरू स्थापना गरिएको अनुमान गर्न सकिन्छ। एकादशरुद्र स्वरूप लिङ्ग स्थापना गर्न त्यस्तो पीठिका बनाइएको अनुमान गर्न सकिन्छ।

सहस्रलिङ्ग

यो नामैबाट हजार लिङ्ग एउटा मूल लिङ्गमा कुँदिने भन्ने वुझिन्छ। अष्टोत्तरशतलिङ्ग र सहस्रलिङ्गको शैली उस्तै हुन्छ खाली लिङ्गको संख्या मात्रै फरक हुन्छ। सहस्रलिङ्गमा कुँदिएका स-साना लिङ्गलाई मूललिङ्गमा तानिएका ठाडो तेस्रो रेखाले छुट्याएको हुन्छ। नेपालको वैतडीमा एउटा सहस्रलिङ्गको नमुना भेट्टिएको छ। एउटै शिवलिङ्ग पूजा गर्दा सहस्रलिङ्ग पूजा गरेको फल प्राप्तिको लागि यस्तो शिवलिङ्ग पूजा गरिन्छ।

धरलिङ्ग

धरलिङ्गमा पाँचदेखि चौसठ्ठीवटा धर्सो तानेर पाटापाटा छुट्याइन्छ। सुप्रभेदागममा पाँच, सात, नौ, वान्ह, सोन्ह, वीस, चौबीस र अठ्ठाइस पाटा छुट्याएर धरलिङ्ग बनाउन सकिने नियम बताइएको छ। यस्तै गरेर करनगाममा सोन्हवटासम्म धार वनाउन मिल्ने बताइएको छ। टी.ए. गोपीनाथ रावले भारतको तिरुभोरीपूरमा भएको धरलिङ्गको चित्र प्रकाशित गरेका छन्।[६३] रावले मयमतको अनुसार ब्रह्मभाग, विष्णुभाग र रुद्रभागमा ४, ८, १६, ८, १६ र ३२ वा १६, ३२ र ६४ वटा सम्म धर्सो तान्न सकिने वताएका छन्। यसरी मानुषलिङ्गको विभिन्न प्रकारबारे पुराण र प्रतिमा विज्ञानका पुस्तकमा विस्तारसँग बयान गरिएको छ। यी विविध लिङ्गहरूमध्ये नेपालमा पनि अधिकांश निर्माण गरेर पूजाआराधना गरिएका छन्।

पादटिप्पणी

१. राधेश्याम खेमका (सम्पादक) *शिवोपासनाङ्क*, गोरखपुर, गोविन्दभवन कार्यालय, जनवरी १९९३; पृ. २४१-४३ ।

२. Stella Kramrisch. The Presence of Siva, New Jersy, Princeton University Press, 1981, P. 166-67

३. पूर्ववत् , पृष्ठ, 164

४. T.A Gopinath Rao, Elements of Hindu Iconography, Volume II, Part I, Delhi, Motilal, Banarsidass, 1985, P. 76-79

५. पूर्ववत्, (पादटिप्पणी नं. ४) पृ. 76

६. पूर्ववत्, पृ. 77

७. हनुमान प्रसाद पोद्दार (सम्पादक) *संक्षिप्त शिवपुराण*, गोरखपुर, गोविन्दभवन कार्यालय, वि.सं. २०५२, पृ. 695-96

८. राधेश्याम खेमका, *शिवोपासनाङ्क* , गोरखपुर, गोविन्दभवन कार्यालय, जनवरी १९९३,पृ. १८०- ८१.

मूले व्रह्मा तथा मध्ये विष्णुस्त्रिभुवनेश्वरः ।
रुद्रोपरि महादेव : प्रणवाख्यः सदाशिवः ॥
लिङ्गवेदी महादेवी लिङ्गं साक्षान्महेश्वरः ।
तयो सम्पूजनान्नित्यं देवी देवश्च पूजितौ ॥

(लिङ्गपुराण).

९. पूर्ववत्, पृ.१८५

१०. T.A. Gopinath Rao, op.cit, f.n.4 p. 88-91

११. Jitendra Nath Banerjea, The Development of Hindu Iconography, Delhi, Munshiram Manoharlal 1985 p. 457-58

१२. Mary Shepherd Slusser, Nepal Mandala, Volume I, (Second ed.) Kathmandu, Mandala Bookpoint, 1998, P.224.

१३. विष्णुधर्मोत्तरपुराण ७४, २-४

१४. वृजभूषण श्रीवास्तव, *प्राचीन भारतीय प्रतिमा विज्ञान एवं मूर्तिकला* (द्वितीय संस्करण), वारांणसी, विश्वविद्यालय प्रकाशन, १९६० पृ. ६०–६१

१५. रूपमण्डन ४/४९

१६. वलराम श्रीवास्तब (सं.) रूपमण्डन, वाराणसी, मोतीलाल वनारसीदास, वि.सं.२०३१ पृ. १६५-१६६

रत्नमेकाङ्गुलं लिङ्गमङ्गुलाङ्गुलवृद्धितः
नवान्तं नव लिङ्गञ्च वृद्धिर्वा मुद्गमानिका ॥४९॥
धातोरष्टाङ्गुलं पूर्वमष्टामष्टाङ्गुलं वर्धनात्
त्रिहस्तान्तं नवैव स्युर्लिङ्गानि च यथाक्रमम् ॥५०॥
दृढकाष्ठमयं लिङ्ग कर्तव्यं षोडशाङ्गुलम्
षोडशाङ्गुलिका वृद्धि : षट्करान्तं नवैव हि ॥५१॥

(रूपमण्डनम्, चतुर्थोऽध्याय)

१७. **शैले नियोजयेच्छैलीं दारुजे दारुजां तथा**
पार्थिवे पार्थिवा कार्या लोहजे लोहजोत्तमा
रत्नजे धातुजा शस्ता रत्नजा तु विशेषतः
नान्ययोनि प्रकुर्वीत कृतायां वैरविग्रहे

(अपराजितपृच्छा २०७। (२८-२९)

१८. **देवस्ययजनार्थन्तु पीठिमादशकीर्तिता:**
शैलेशैलम यींदद्यात् पार्थिवेपार्थिवीं तथा ॥१९॥
दारुजेदारुजां कुर्यात् मिश्रेमिश्रां तथैव च
नान्ययो निस्तुकर्तव्या सदाशुभफलेप्सुभि ॥२०॥

(मत्स्यपुराण २६१/१९-२०)

१९. पूर्ववत्, मत्स्यपुराण, २६१/१८-२१।

२०. T.A. Gopinath Rao, op. cit, (F.N 4), P. 101-2

२१. (क) हरिराम जोशी, *नेपालको प्राचीन अभिलेख*, काठमाण्डौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३०, पृ. १५-१६
(ख) धनव्रज वज्राचार्य, लिच्छविकालका अभिलेख, काठाण्डौं, नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५३, पृ. ३१-३२
१. संवत् ३८८ शौर्य्येणा नीतिसहितेन विजित्य सम्यक्
चक्रे ....शुद्धकर्मा

२. ज्येष्ठमासे तस्याज्ञपा शुभमतेन्‌शुभवृद्धिलिङ्गम्‌
शुक्लदिवा १४ भृतेनभक्तिमहता नरवर्म्मनाम्ना
प्रासादसैस्थमनुरूपमिह प्र (कल्प्प)
.... चारुलिङ्गम

प्रस्तुत शिलालेखमा लिङ्ग प्रतिष्ठापन गरिएको कुरा वर्णित छ। यस समय शत्रुको दमन गर्ने विभिन्न उपायहरूको यहाँ व्यापक प्रचार रहेको
'शैार्थ्येण नीतिसहितेन विजित्य' भनी उल्लेख गरिएबाट वोध हुन्छ।

२२. पूर्ववत्‌ (पादटिप्पणी न.२१ क) पृष्ठ २४-२५
पूर्ववत्‌ (पादटिप्पणी न.२१ ख) पृष्ठ ३९-४०
कान्त्या कान्तिमतः सुरानिह महैव्विद्वत्तया पण्डितान्‌
शूराञ्शूरतयार्त्थिनोपि वसुभिश्शुद्धैर्थ्यशोभिर्न्नृपान्‌
दक्षिण्येन च दक्षिणानरमयत्‌ सर्वाश्च सर्वैगगुणैः
यः श्रीमान्स विशुद्धकाञ्चनवपुश्व श्रीमानदेवो नृपः १
पत्नी तस्याब्ज पत्रामलशुभनयना श्लाध्यसौभागयरूपा
संचित्य क्षेमसुन्दर्थ्यनुपमगुणधीर्द्धर्म्मकार्थ्यैककार्य्या
श्री मत्संस्थानरूपम्भवनमिह दृढक्तारयित्वानुरूपम्‌
ऐशानं लिङ्गमञ्यं विधिवदनुपमं स्थापयामास भक्त्या २
(संवत्‌ ३९० ज्येष्ठमासे शुक्लपक्षे दिव ७)

२३. (क) हरिराम जोशी, पूर्ववत्‌ (पादटिप्पणी न.२२) पृ: ३७-३८.
अभिलेख नं. १२
संवत्‌ ३९९ आषाढमासे शुकलदिवा १०
महेन्द्रसमवीर्य्यस्य कन्दर्प्पसदृशद्युतेः
राज्ञः श्रीमानदेवस्य सम्य (क्पा) लयतःप्रज्ञाः
तत्पादभक्त्या विधिवद्रत्नसङ्घेन सर्व्वदा
रत्नेश्वरः प्रयत्नेन स्थापितोयं सुरोत्तमः
भगवते रत्नेश्वराय रत्नसङ्खेन दत्तं क्षेत्रं यथा दुंलङ्ग्ग्रमप्रदेशे पश्चानां शतानाम्भूमिः ५०० खोपृङ्ग्ग्रमप्रदेशे षष्णां शतानाम्भूमिः ६०० दुंप्रङ्ग्रामप्रदेशे शतस्य भूमिः १०० हृस्प्रिङ्ग्रामप्रदेशे द्वथर्द्धस्य शतस्य भूमिः २५० विलिविक्षप्रदेशे अर्द्धतृतीयस्य भूमिः २५० वागवतीपारप्रदेशे

शतद्वयस्य भूमिः २०० बेम्मायाकशीत्युत्तरस्य भूमिः १८० खैनष्युप्रदेशे नवत्या भूमिः ९० वल-लप्रदेशे शतद्वयस्य भूमिः २०० यूपग्रामक्षेत्रप्रदेशे शतद्वयस्य भूमिः २०० *(अभिलेख नं. १३, पृ. ४०)*

१. (संवत्) ४०२ ज्येष्ठमास शुक्लपक्षदिव १३

श्रीमानदेवनृपतेश्चरणप्रसादात् यः सार्थवाह उरुधीः किल रत्नसङ्घः

२. .... मिनःप्रभुसङ्गनाम्नः लिङ्गाश्रिताकृतिरियञ्जथतो हिताय प्रभुकेश्वरश्य क्षेत्राभिलेख्यं यथा प्रङ्प्रिङ्प्रदेशे शतस्य भूमि १०० पिण्डक मानि-का...)

३. ... (प्र) देशे (प) ञ्चाशतो भमि ५० पिण्डकं मानिका। २२ मैशिङ्-प्रदेशे चत्वारिंशतो भूमि ४० पिण्डक मानिकाः २० वोतवोरुषोप्रदेशे षष्टेर्भूमि (६०..)

४. ... न्प्रदेशे त्रिंशतो भूमि ३० पिण्डकं मानिकाः १८ सीताटीजोल्प्रि प्रदेशे चत्वारिंशतो भूमि ४० पिण्डकं मानिकाः २५ प्रयिट्टिखाप्रदेशे त्रिशं (दु) त्तरस्य शतस्य (भूमि १३०)

५. पिण्डकं मानि ७२

(ख) धनवज्र वज्राचार्य, पूर्ववत्, पृ. ५५, ५८।

२४. श्यामसुन्दर राजवंशी, *देवपाटनको विमल संघको अभिलेख* रोलम्ब मिलिनियम इशु, Jan-June 2000, जोशी री.इ, पृ. १८०

२५. पूर्ववत्, *नेपालको प्राचीन अभिलेख,* अभिलेख नं. १८ टङ्गाल नारायणचौरनजिकै मानदेवकी रानी गुणवतीका शिवलिङ्गको अभिलेख

संवत् ४-९ ज्येष्ठशुक्लदिवा १३, अस्यान्दिवसपूर्व्वायाम्

भर्त्तुः श्रीमानदेवस्य प्रसादोपचिताश्रिया।

(भ)क्तया स्थापितं लिग (लिङ्ग) ङ्गुणवत्या शुभेच्छया॥

शैवन्देवालयस्थस्य पितुः किन्नरवर्म्मणः।

लिङ्गं संस्थाप्य यत्पुण्यधनञ्चाक्षय्यमस्त्विति॥

२६. पूर्ववत्, *नेपालका प्राचीन अभिलेख,* अभिलेख नं. २०

पशुपति सूर्यघाटको विजयवतीको अभिलेख,

१. यस्येच्छया जगदिदम्पृथु विश्वरूपम्

सर्ग्गस्थितिव्ययजराव्यसनादियोगैः

संयुज्यते वत तथा प्रतिमुच्यते च
तस्मै नमः सततमस्तु महेश्वराय १

२. सततसरलकान्तस्वाङ्गशोभासमृद्धः
अनुपहतयशोधीविक्कम श्रीप्रभावः
सुनयविदनुरक्तस्फीतस (द्) वृत्तलोकः
नृपतिरिह हतारिर्म्मानदेवो बभूव २

३. तस्यानवद्यगुणारत्ननिधानभूता
भूतानुकम्पचतुरा विनयप्रवीणा
वीणानिनादमधुरस्वरवल्गुवाक्या
श्रीभोगीनीति कथितास्य बभूव देवी ३

४. तस्यां स लिच्छवीकुदाम्वरपूर्ण्णाचन्द्रः
चन्द्रः प्रभामिव शरत्रिशि निर्म्मलायाम्
स्फीतौंजसं दुहितरं जनयाम्बभूव
आत्मनुरूपविविधामलससद्रगुणाढयाम् ४

५. नाभ्ना सा विजयवतीति राजपुत्री
प्रख्याता विविधकलाविचक्षणत्वात्
या पत्यौ हर इव वार्त्तदेवलाभे
भक्तत्वात्तदनुनयैकपेशलाभूत ५

६. तीव्रप्रसादजलधौतमनः कलङ्का
पुण्यकियापरिचयैकरसानुरक्ता
लिङ्गन्तदत्र विजयेश्वरमक्षयाय
सातिष्ठिपञ्जननोनयनाभिरामम् ६

७. संवत् ४२७ आषढशुक्लदिव १

२७. पूर्ववत्, *प्राचीन नेपालको अभिलेख*, अभिलेख नं. ९
बूढानीलकण्ठ, विष्णुपादुकास्थित शिवलिङ्गको अभिलेख :

१. .... स्त्वत्कृतेनेह यस्मात्
त्वत्तस्तस्माज्जगदविहतञ्जायते लीयते च
भक्तिप्राणैरमलमतिभिस्त्वम्मुनीन्द्रैर निन्द्यैः
देवैस्सेन्द्रैरपि च भगवन्स्तूयसे वन्द्यसे च १

२. .... कुमतिग्रस्तघोरान्धकारे
नानाकारे पचुरनरकप्रे ततिर्थ्यक्प्रतिष्ठे

ये सेवन्ते न खलु भगवंस्त्वां जना भक्तियुक्ता:
ते सेवन्ते जननमरणव्याधिदु:खखान्यभीक्ष्णम् २

३. (श्रीमानदेव) नृपति: प्रणतो जगाद
त्वत्स्थापनाजनितमस्ति यदत्र पुण्यम्
तत्विर्वलोकसहितस्य विवृध्दमूलम्
दु:खक्षयाय भगवन्मम सर्व्वथास्तु ३

४. (संवत् ३) ९६ प्रथमाषाढे शुक्लदिव १२
कैफियत- प्रस्तुत शिलाभिलेखमा
"(श्रीमानदेव) नृपति: प्रणतो जगाद
त्वत्स्थापनाजनितमस्ति यदत्र पुण्यम्
तत्सर्व्वलोकसहितस्य विवृद्धमूलम्
दु:खक्षयाय भगवन्मम सर्व्वथास्तु"

यो शिलालेखमा राजा मानदेवले शिवलिङ्ग प्रतिष्ठपन गरेको वर्णनले यिनि केवल आफुले मानेको धर्ममा मात्र कट्टर नभै धर्मको विषयमा सबै दुनियाँलाई पूर्ण स्वतन्त्रता होस् भनी ईच्छा गर्ने स्वतन्त्रताप्रिय शासक भएको विदित हुन्छ ।

२८. धनवज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख*, पूर्ववत् पृष्ठ १५५-५७

२९. हरिराम जोशी, *नेपालका प्राचीन अभिलेख*, अभिलेख नं. ४०
आभीरीको चौसठ्ठीलिङ्गक्षेत्रस्थित शिवलिङ्ग अभिलेख :

१. ऊँ आभीरी ख्यातगुणा भार्य्या परमाभिमानिन: सूनो: पुण्यविवृद्धये भर्त्तुर्देवत्वमित: प्रयातस्य १ पुण्येहनि धननिचयैर्द्विजजनमभिपूज्य दानमानाभ्याम

२. पुत्रेणानुज्ञाता चकार संस्थापनं शम्भो: २ दत्वा चाक्षयनीवीं वप्र परिच्छदविभूषादीन् अनुपरेश्वरसंज्ञाञ्च (ज्ञस्य) शम्भो (र्भु) वन महितस्यास्य ३

३. भगवते देवदेवायास्मै स्वयम्प्रतिष्ठापितायानुपरमेश्वरसँज्ञितायाभ्याङ्ग-स्नपन्नार्च्च नगन्धधूपबलिनिवेदनादिप्रवत्त नार्त्थं खण्डफुट्टप्रतिसं

४. स्कारर्त्थञ्च पतिदेवभ... वीरी (क्तयाभीरीभिषि) न्यापतये त्रिदिव-स्थाय पुण्यप्यायनार्त्थमायुष्मतादा (म) पत्यानाम्भौमगुप्तादीनाम्भोगारोग्यायुरानत्यावप्तये

५. वेण्ढण्टग्रामे स्वयपुपारे पितनदीक्षेत्रखण्डद्वयं दत्तमिति संवत् ४६२ जे (ज्यै) ष्ठमासे तिथौ द्वितीया (या) याम्-

३०. धनवज्र वज्राचार्य, *लिच्छविकाका अभिलेख*, दोश्रो सं. काठमाण्डौं, ने.ए.अ.सं., पृ. ६२-६३-६४

३१. धनवज्र वज्राचार्य, (पादटिप्पणी नं. ३०) पूर्ववत्, पृ. ६२-६३
पशुपतिको उत्तरतर्फ रहेको त्रिशूलको आसनीमा रहेको जलहरीमा कुँदिएको जयलम्भको अभिलेख :
१. ऊँ संवत् ४१३ श्रीमानदेवनृपतेश्वरणा प्रसादात्
भक्तया विशुद्धमतिना जयलम्भनाम्ना
लिङ्गयेश्वर मिति प्रथितं नृलोके
संस्थापितं सनृपतेर्ज्जगतो हिताप १
२. भगवतोस्य लिङ्गस्य कारण पूजायाः
सम्पक्प्रवर्तनाय स्वुपुण्याप्यायनार्त्थन्दत्तमक्ष यणीयम्
३. भूमिः४५० पिण्डकं मा २०० ज्यैष्ठशुक्लदिना ११

३२. राधेश्याम खेमका, *शिवोपासनाङ्क*, पूर्ववत् पृष्ठ ९७-९८

३३. हुनमानप्रसाद पोद्दार (सं.) *संक्षिप्त शिवपुराण*, पूर्ववत् पृष्ठ ३६६-६८

३४. हनुमानप्रसाद पोद्दार (सं.), पूर्ववत, (पादटिप्पणी नं. ७) पृ. ३६६-३६७

३५. वीणा पौड्याल, *नेपाली मूर्तिकला र चित्रकला*, काठमाण्डौं, ने.ई.प्रं. तथा.पु. केन्द्रिय विभाग, त्रि.वि, २०५७, पृ १९५

३६. वलराम श्रीवास्तब, रूपमण्डन, पूर्ववत् (पादटिप्पणीी नं. १७), पृ. १७९
मुखलिङ्ग त्रिवक्त्रं वा एकवक्रञ्चतुर्मुखम्
ऽम्मुखं चैकवक्त्रं स्यान्त्रिवक्त्रे पृष्ठतो नहि
पश्चिमास्यं स्थितं शुभ्रं कुत्तुमाभं तथोत्तरम्
याम्यं कृष्णं करालं स्यात् प्राच्यां दीप्ताग्निसन्निभम्
सद्यो वामं तथाऽघोरं तत्पुरुषं चतुर्थकम्
पञ्चमञ्च तथेशानं योग्रिनामथगोत्तरम् (मप्यगोचरम्)
(रूपमण्डन चतुर्थो अध्याय ९२/ ९३/ ९४

३७. पूर्ववत्, पृ. ७६

३८. मुकुन्दराज अर्याल, *विष्णु धर्मोत्तर पुराण र मूर्ति विज्ञान*, रोलम्बा, भो २०, जनवरी - जुन २००० नं. १ र २ पृ. १३६

सद्योजातं वामदेव अघोरं च महाभुज
तथा तं पुरुषं ज्ञेपयीनशमनं पञ्चामं मुखम ॥१॥
सद्योजातं मही प्रोक्तं वामदेव तथा जलम्
तेजस्त्वघोरं विद्यातं वायुस्ततपुरुषं मतम् ॥२॥
इशाने च तथा कासमूर्द्धस्थं पञ्चामं मुखम्
विभागेनाथ वष्यमि शम्भोवर्दन पञ्चकम् ॥३॥
महादेव मुखं ज्ञेयं पूर्व शम्भोमहात्मनः
नेत्राणि त्रिणि तस्पाङ्ग सोमसूर्यहुताशना ॥४॥
दक्षिणां तु मुखं रौद्रं भैरवं तत्प्रकीर्तिवम्
पश्चिमं यन्मुखं तस्य नन्दिवक्त्र तदुनयते ॥५॥
उमा वक्त्रं च विज्ञेयं तस्यदेवस्य चोत्रम्
सदा शिवाख्यं विज्ञेय पावन तस्य पञ्चामम् ॥६॥
त्रिलोचनानि सर्वाणि वामदेवं व्दिलोचानम्
महादेव मुख भुमिस्ततः स्वायद्भैरनं मुखम् ॥७॥
(विष्णुधर्मोत्तर पुराण तृतीयखण्ड उन्नचासौं अध्याय १-७)

३९. Krishana Deva, Images of Nepal, Delhi, Archacological Survey of India, 1984, P.31

४०. Lain S. Bangdel, Stolen images of Nepal, Kathmandu, Royal Nepal Academy, 1989, P.83

४१. Mary Shepherd slusser, Nepal Mandala, (Second ed.), Kathmandu Mandala book point, 1998, Photo No. 335

४२. मोहनप्रसाद खनाल, *नेपाली कला*, काठमाडौं साझा प्रकाशन, २०५२, पृ. २२९

४३. पूर्ववत्, पृ २२९

४४. लैनसिंह वाङ्गदेल, *प्राचीन नेपाली मूर्तिकलाको इतिहास*, काठमाण्डौं, ने.रा.प्र.प्र.,२०३९,पृ ९१

४५. Mary Shepherd slusser, op.cit. (f.n. 41), P.n. 337-38

४६. पूर्ववत्, P.n. 337-38

४७. लैनसिंह वाङ्गदेल, पूर्ववत् , (पदटिप्पणी नं. ४४) चित्र नं. ५९

४८. पूजारी श्री सुवर्ण आचार्यज्यू अनुसार

४९. वीणा पौड्याल, *नेपाली मूर्तिकला र चित्रकला*, काठमाण्डौं ,नेे.ई.से. तथा पुरातत्व के. विभाग, २०५७, पृ. १९७

५०. **चातुरस्रमनिखाते मध्यं कार्थ्यन्तु पिण्डिकाइवभ्रे**
दृइपोच्छ्येणा समा समन्तता विण्डका इक्भ्रात
कृईदीर्घ देशघ्नं पाइने विहीनं पुर नाशााय
यस्प क्षलं श्रतेन्मस्तके विनाशाय तल्लिङ्गम्

(वृहत्संहिता, ५९/५४-५५)

५१. नयनाथ पौडेल (सं.), *भाषा वंशावली*, काठमाडौं, नेपाल राष्ट्रिय पुस्तकालय, २०२०, पृ.२३

५२. गोविन्द टण्डन, *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन*, काठमाण्डौं, झरेन्द्र शमशेर र मञ्जु राणा, २०५३, पृ.४२६

५३. Patan Museum 20 P. 73

५४. Pratappaditya pal, <u>Nepal where the Gods or young</u>, U.S.A., Asia House Gallery, (N.D.) fig. 54-55 P. 126

५५. पूर्ववत् , पृ १२६

५६. लैनसिंह वाङ्गदेल, पूर्ववत् , (पादटिप्पणी नं.४०) पृष्ठ १४१-४२

५७. लैनसिंह वाङ्गदेल, पूर्ववत् , पृष्ठ ११६-२०९

५८. Krishana Deva , Ibid, (f.n.39), P.N. 54

५९. गोविन्द टण्डन, पूर्ववत् , (पादटिप्पणी नं.५२) पृष्ठ ४४९

६०. D.R. Regmi, Medieval Nepal, part iv, Patna, Firma KL Mukhopadhyay, 1966, P.336

६१. गोविन्द टण्डन, पूर्ववत् , (पादटिप्पणी नं.५२) पृष्ठ ५७५

६२. T.A. Gopinath Rao, op. cit. (f.n.4) P. 95-96

❖❖❖

पाँचौं अध्याय

सर्वेश्वर मन्दिरको कला एवं बास्तुकला

परिचय

काठमाडौं उपत्यकाको ललितपुर (पाटन) सहर विभिन्न विशेषताले गर्दा प्रसिद्ध छ । ललितपुर अर्थात् सुन्दरकलाको शहरको नामले प्रसिद्धि पाएको पाटनको कला र बास्तुकला देखेर पारखीहरू पनि जिब्रो टोक्दछन् । के विदेशी, के स्वदेशी सबैले पाटनको कलाकौशलको मुक्तकण्ठले प्रशंसा गरेका छन् ।

बेलाइती पर्सिभल ल्यान्डनले पाटनको कलाकौशल देखेर सानो दरबारक्षेत्रमा बनेको मन्दिर र दरबारको सुन्दरताको तालमेलवारे मुक्तकण्ठले बयान गरेका छन् ।[१]

भनिन्छ, ई.सं. २९९ मा राजा वीरदेवद्वारा पाटन सहरमा बस्ती बसालिएको थियो । काठमाडौं उपत्यकाका तीन सहरमध्ये पाटनलाई प्राचीन सहर भनिन्छ । यल, यूपग्राम, ललितपत्तन, मनिङ्गल आदि विभिन्न नाम पाटनका लागि विभिन्न समयमा प्रयोग भएको पाइन्छ ।

पाटन दरबारक्षेत्र मात्रै होइन त्यहाँका प्रत्येक वहाल, विहार, मन्दिर, स्तूप, मठहरूले यहाँको प्राचीन इतिहास र सुन्दरता बोकेका छन् । यस्तै प्राचीन बास्तुकलाको कुरो गर्दा कुम्भेश्वर मन्दिर परिसर अग्रपङ्क्तिमा पर्दछ । यहाँ त्यही मन्दिरको कला र बास्तुकलाको उल्लेख गरिँदैछ । कुम्भेश्वर मन्दिरको चौघेरा बाहिरको प्रसिद्ध ढुङ्गेधारामा स्थापित विभिन्न मूर्तिहरूको पनि चर्चा यसमा गरिने छ ।

विषय प्रवेश

मानिसले क्रमिक विकासक्रममा जङ्गल, गुफा ओडार छोडेर छाप्रो बनाएर वासस्थलको रूपमा विकास गरेको कुरो प्रागइतिहासले देखाएको

छ । मानिस र देवता दुवैको वासस्थानलाई घर र मन्दिर बास्तुकला अन्तर्गत अध्ययन गरिन्छ ।

मन्दिर, घर, पाटीपौवा सबैको निर्माण गर्ने विधान पनि प्राचीन धार्मिक पुस्तकहरूमा कुनै न कुनै रूपमा व्याख्या गरिएको छ। वेद र गृह्यसूत्रमा पनि वास्तुका बारेमा वर्णन छ । वैदिक ग्रन्थमा सामान्य रूपमा चर्चा भएको वास्तुकलाको गृह्यसूत्रमा विस्तृत विविधतासहित व्याख्या गरिएको छ ।

नेपालमा मन्दिर, दरबार र सामान्य घर पनि तला/तला बनाउने र भिरालो छाना हाल्ने प्रचलन प्राचीन समयदेखि नै रहेको तथ्य विभिन्न पुरातात्त्विक र साहित्यिक ग्रन्थहरूका आधारमा व्याख्या गरिन्छ । प्यागोडा शब्द भने चीन, बर्मा आदि देशमा निर्मित स्तूपका लागि पनि प्रयोग गरिन्छ । तल शैलीको *(पेगोडा)* जन्मथलो नेपालमा भएको मान्ने र नमान्नेका नियमहरू दुवैथरीको तर्क विचारणीय छ । हिमालयलाई पवित्र मान्ने नेपालीले आफ्नो धार्मिक बास्तुकलामा त्यसको छाप पक्कै पनि पारेका छन् । आर.एम. वर्निएरले पनि यो भावलाई राम्ररी वर्णन गरेका छन् । पवित्र हिमाल नै नेपाली धार्मिक बास्तुकलाको प्रेरणा मान्न सकिन्छ । तले छानो मन्दिरको जन्मो थलो हिमालयतिर भएको सङ्केत पाइन्छ । तलेशैली ***मल्टी स्टेज***को परम्परा पवित्र र हिमालीक्षेत्रको हावापानी अनुरूप नै विकसित भएको पाइन्छ ।[२]

डा. डिल्लीरमण रेग्मीले इतिहासको पुस्तकमा नेपाली वास्तुशैलीबारे पनि विभिन्न कुराको प्रकाश पार्नुभएको छ। उहाँले 'नेपालको शैली' र ***नेपाल स्टाइल*** भनेर तलेशैली मन्दिरको वयान गर्नुभएको छ । यस शैलीको मन्दिर निर्माण गर्ने प्रचलन नेपालमा अन्यत्रभन्दा पहिलेदेखि नै थियो। अन्यत्रबाट आएको प्यागोडाशैली भन्नु ठीक होइन । तलेशैलीको मन्दिरलाई नेपाली शैली नामकरण गर्नुपर्दछ ।[३] डा. रेग्मीको भनाइसँग सहमत हुँदै मैले पनि कुम्भेश्वर मन्दिरको शैलीलाई नेपालको शैली भनेर उल्लेख गरेकी छु। नेपालका मन्दिरहरूको निर्माण पुनर्निर्माणको कुरो गर्दा मानदेवको संवत् ३८६ (इ.सं. ४६४) को शिलालेख र अँशुबर्माको संवत् ३४ को (ई.सं. ६२९) पाटनको सुनधाराको शिलालेखको उल्लेख गर्नु पर्दछ । अंशुबर्माको शिलालेखमा इँटले (इष्टक) बनेको मन्दिरको जीर्णोद्धारको उल्लेख आएको छ । त्यस अभिलेखमा न्याउरी मूसाले खनेर प्वाल बनाएर जीर्ण भएको

मन्दिरको जीर्णोद्धार र पछिसम्म राम्रो अवस्थामा राख्न पाञ्चालीलाई खेत सुम्पेको कुरो उल्लेख छ ।[४] नेपालको वास्तुकलाबारे पुस्तक लेख्ने विद्वान् *एन. आर. बनर्जी* ले प्यागोडा वा देवल शैलीको मन्दिरको उल्लेख संवत् ३४ को शिलालेखमा आएको राय व्यक्त गर्नुभएको छ ।[५] यसरी पुरातात्त्विक प्रमाणका आधारमा पनि नेपाली शैली (प्यागोडा)को मन्दिरको प्राचीनता प्रमाणित गर्न सकिन्छ । लिच्छवि कालदेखि प्रचलनमा रहेको छानेशैलीको मन्दिर मल्लकाल र शाहकालमा पनि प्रचलित र व्यापक नै रहेको पाइन्छ । त्यस्तै नेपाली शैली (प्यागोडा)मा निर्मित पाटन कुम्भेश्वर मन्दिर धार्मिक, सांस्कृतिक र वास्तुशैलीको दृष्टिकोणबाट निकै नै महत्त्वपूर्ण छ ।

कुम्भेश्वर मन्दिरको पाँचवटा छानामध्ये सबैभन्दा माथिको छाना सानो र क्रमिकरूपमा तल्लो छाना ठूलो हुँदै आएको छ र काष्ठका तोरण, टुँडाल प्रशंसनीय छन् । प्राचीनताको कारणले गर्दा भक्तपुरको न्यातपोलभन्दा सर्वेश्वर मन्दिर चर्चित छ ।

टुँडाल (Struts)

यी पाँचवटै छानालाई काठका टुँडालले अड्याएको छ । विभिन्न देवीदेवताका सुन्दर आकृति कुँदिएको काष्ट टुँडालले मन्दिरको सुन्दरता बढाएको छ । चार कुनाका टुँडालले छानाको बढी भार थाम्नुपर्ने भएकोले अन्य टुँडालभन्दा ठूलो र चरा र जनावरको मिश्रित स्वरूप दर्शाइएको छ । शार्दूलको आकृतिको टुँडाल मन्दिरको छानाको चारैवटा कुनामा सुन्दर ढङ्गले कुँदिएका छन् । भेंडाको जस्तो सिङ, घोडाको जस्तो शरीर, चराको जस्तो प्वाँख, सिंहको जस्तो पञ्जा सबैको मिश्रित रूप नै शार्दूल हो । नेपालीकला वास्तुकलाका विभिन्न विशेषतामध्ये टुँडालमा कुँदिएका विभिन्न आकृति र शार्दूल पनि पर्दछन् । मन्दिरको अरू टुँडालभन्दा कुनाको टुँडालले दुवै छानाको भार थाम्नुपर्ने भएकोले आकृति कुँदन पनि कलाकारले विचार पुऱ्याएको देखिन्छ । अन्य टुँडालमा एउटा जनावर, देवता, मानवको आकृति कुँदिएको हुन्छ भने कुनाको टुँडालमा मिश्रित स्वरूप कुँदिएको छ । नेपालमा बनाइएको टुँडालहरूलाई तीन खण्डमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

१. सबैभन्दा माथि सुन्दरताका लागि फूलपात आदि, बीचमा देवीदेवताका विभिन्न आकृति, सबभन्दा पुराना टुँडालहरूमा देवताका दुइ

हात, एक शिर मात्रै बनाइएका छन् जस्तो पनौती इन्द्रेश्वर महादेव मन्दिरको टुँडाल, पाटन रुद्रवर्ण महाविहारको टुँडाल काठमाडौ, इटुमवहालको टुँडाल आदि उदाहरणका रूपमा देखाउन सकिन्छ । पछि क्रमशः शिर र हातको संख्या बढ्दै गएर सोह्रवटा हात र दश एघारवटा शिर पनि टुँडालमा देवीदेवताको कुँदन थालियो । सबभन्दा तल्लो भागमा भक्तभक्तिनी, पुराणको कुनै कथा, रति क्रियाका विभिन्न दृश्यहरू झल्काउने प्रचलन छ । यस्तै पाटनको यो कुम्भेश्वर मन्दिरको टुँडालमा पनि सुन्दर ढङ्गले शैवधर्मसँग सम्बन्धित दृश्यहरू अङ्कित गरिएको छ ।

पशुपतिको टुँडाल, तोरण र कुम्भेश्वरको टुँडाल, तोरणको कलाकृतिमा धेरै नै सामञ्जस्य पाइन्छ । पशुपति मन्दिरको पहिलो तलामा चारैतिर आँखीझ्यालले ढाकिएको छ र त्यही नै मिलाएर टुँडालहरू राखिइएको छ। पूर्व, पश्चिम, उत्तर र दक्षिण चारैदिशामा छ-छ वटा टुँडाल र चारकुनामा चारवटा मोटो टुँडालले कुम्भेश्वर मन्दिरको छाना अड्याएको छ । चारैतिर शक्तिसहित भैरवको काष्ठमूर्ति सुन्दर आकर्षक ढङ्गले कुँदिएको छ। शिवपुराणमा शिवको पूर्ण रूपको झलक नै भैरवस्वरूप हो भनेर वर्णन गरिएको छ । त्यसैले कुम्भेश्वर मन्दिरको टुँडालमा मुख्य देवता भैरव नै बनाइएको छ । नेपालका तलेशैलीका अन्य मन्दिरमा जस्तै यस मन्दिरको टुँडालमा पनि तीन तहको कलाकृति छ । टुँडालको सबैभन्दा तल्लो खण्डमा विभिन्न बाजासहित चरा जनावरको आकृति कुँदिएको छ । बीचमा छ वटा हात भएका भैरव र दुइवटा हात भएकी शक्ति मुख्य देवदेवीका रूपमा कुँदिएका छन् । सबैभन्दा माथिल्लो खण्डमा फूल, पात, लहरा आदि बनाइएको छ । भैरवले मुण्डमाला र उनको शक्तिले फूलमाला लगाएका छन् । पशुपति मन्दिरको टुँडालमा पनि विभिन्न जनावर र पक्षीको शिर भएका भक्त र गणहरूले बाजा बोकेको र बजाएको देखाइएको छ । मन्दिरको चारै कुनामा दुवैतिरको छानाको भार थाम्नुपर्ने भएकोले ठूलो टुँडाल बनाइएको छ। नेपाली कलाकारको एउटा विशेषता के छ भने वास्तुकला र कलामा स्थान र भावअनुसारको आकृति कुँद्ने । कुम्भेश्वरमा पनि मन्दिरको चारै कुनामा शार्दूल (काल्पनिक जनावर, चरा, विभिन्न जनावरको संयुक्तस्वरूप) स्थापना गरिएको छ । विभिन्न जनावर र पक्षीहरूको बल दर्शाउन संयुक्तरूपमा शार्दूल कुँद्नु कलाको विशेषता हो । शार्दूललाई अन्य मन्दिरमा जस्तो खाली

उभ्याएर मात्रै नराखेर, वहानमाथि उभ्याइएको छ। वहानजस्तै गरेर अन्य जनावरमाथि उभिएको शार्दूल भनै आकर्षक देखिएको छ।

कुम्भेश्वर मन्दिरको दोस्रो तलामा पनि छ-छवटा टुँडाल नै मिलाएर राखिएको छ। पहिलो तलामा जस्तै दोस्रोमा पनि भैरव र शक्ति मुख्य देवताको रूपमा कुँदिएका छन्। टुँडालको माथिल्लो भागमा फूल, पात, लहरा, वीचमा भैरव र शक्ति र सबैभन्दा तल सानो आकारमा देवीदेवता छन्।

कुम्भेश्वर मन्दिरको तेस्रो र चौथो तलामा भने चार-चारवटा टुँडाल मात्रै रखिएको छ। सबैभन्दा तल्लो छाना ठूलो र क्रमिक रूपमा सानो हुँदै गएकोले टुँडालको संख्या घट्दै गएको र साह्है मिलेको देखिएको छ।

पाँचौ छाना अड्याउन भने चारैतिर दुइवटा टुँडाल प्रयोग गरिएको छ। चारौँ र पाचौँ तलामा भने टुँडालकी देवीदेवताको आकार सानो भएकोले त्यति प्रस्ट छैन। जम्मा १०८ वटा टुँडालको उच्चस्तरीय काष्ठकला प्रशंसनीय छ।

मन्दिरका टुँडालहरूले नीतिकथा, चिन्हहरू सामाजिक क्रियाकलापको प्रस्तुति सँगसँगै सौन्दर्यानुभूति पनि गराइरहेको हुन्छ। नेपालको वास्तुकलासम्बन्धी अध्ययन गर्ने विद्वान् ***रोनाल्ड एम. बर्निएर***ले टुँडालवारेमा आफ्नो विचारमा व्यक्त गरेका छन्।[६] टुँडालका देवीदेवता प्रायः एक्लै नै कुँदिन्छ तर शिवपार्वती भने जोडी रूपमा पनि देखाइन्छ। स्वाभाविक आकार-प्रकारमा कुँदिने देवीदेवता बाहेक, बाउन्ने होचो आकारमा पनि विभिन्न देवीदेवता, वहान, अपसमारापुरुष, वेताल आदि कुँदिन्छन्। सत्रौं शताब्दी पछि निर्माण गरिएका अधिकांश मन्दिरहरूको टुँडालको तल्लोखण्डमा कामकलाका दृश्य अंकित छन्। स्त्री र स्त्री, दुइ स्त्री र पुरुष मानिस, स्वास्नी मानिस र जनावर, जनावर र मानिस, पुरुष र स्त्री रतिक्रियामा मग्न भएको दृश्य देखाइन्छ। यस्ता दृश्यहरू मन्दिरको टुँडालमा कुँदिएको बारे विभिन्न तर्कहरू दिइन्छन् तर ती त्यति स्वीकारयोग्य लाग्दैन। ***बर्निएर***ले पनि यस्ता कलाकृतिले टुँडालको कलाको महत्त्व खासै नबढाएको स्वीकार गरेका छन्।[७] ***एन. आर. वानर्जी***ले आफ्नो पुस्तकमा पाटनको रुद्रवर्ण महाविहार, पशुपति भुवनेश्वर मन्दिरको सुन्दर टुँडालको चित्र प्रकाशित गरेका छन्।[८] यसै गरेर मेरी स्लुसरले पाटन उकुवहालको यक्षिणीको सालभञ्जिका मुद्राको टुँडाल र पिम्छे वहालको (जाम्नुन्नदवन विहार) दुइवटा

टुँडालको चित्र प्रकाशित गरेकी छिन् ।[९] पिम्छे वहालको दुवै टुँडालमा महेश्वरी र वैष्णवी नन्दी र गरुड वाहनमाथि उपरखुट्टी लगाएर उभिएका छन् । अन्य टुँडालमा जस्तै माथिल्लो भागमा फूल पात र तल्लो भागमा अश्लील कामुक दृश्य अङ्कित गरिएको छ । चटचाङ्गकी देवी लज्जालु स्वभावकी कुमारी केटी भएकीले मन्दिरको टुँडालको अश्लील दृश्य देखेर मन्दिरमा खस्दिनन् त्यसैले प्राकृतिक प्रकोपबाट बचाउन यस्तो कामुक दृश्य कुँदेको तर्क प्रायः धेरैले गर्दैछन् जुन तर्कयुक्त छैन । लज्जालु स्वभावको संस्कृति भएको नेपाल जस्तो देशमा मन्दिर र विहारजस्तो धार्मिक क्रियाकलाप गरिने स्थानमा कामुक दृश्य विभिन्न आसनमा देखाउनुको पछाडि धार्मिक कारण नै प्रमुख रूपमा देखिन्छ । ध्यान र योगलाई सनातन (हिन्दू) धर्ममा विशेष महत्त्व दिइएको छ । आफ्नो चञ्चल मनलाई एकाग्र पारेर ईश्वरमा लीन हुने शिक्षा यसले प्रदान गरेको छ । ध्यान, जप, पूजापाठको लागि सबैभन्दा राम्रो स्थान देवस्थल हो । त्यसैले त्यस्तो स्थलमा गएर कामुकदृश्य देखेर जसले आफ्नो मन र इन्द्रियलाई जित्न सक्दछ त्यही नै जितेन्द्रिय हो । हिन्दूदर्शनमा प्रकृति र पुरुष भनेर स्त्री र पुरुषको एकाकार शक्तिस्वरूपको कल्पना गरिएको छ । तान्त्रिक मतले प्रचार पाएपछि त झन् स्त्री र पुरुषको एकाकारस्वरूपको पूजापाठमा वृद्धि भयो । शिव-शक्तिका विभिन्न क्रियाकलापलाई योगीहरूले मात्रै बुझ्न सक्ने भाषामा टुँडालको तल्लो खण्डमा दर्शाइएको मान्न सकिन्छ । तान्त्रिक पूजाको विधानमा पञ्चमकारलाई विशेष महत्त्व दिइन्छ । जस्तै– मद्य, मत्स्य, मांस, मत्स्यमैथुन, मुद्रा त्यसैले यसैको प्रभावबाट मन्दिर, विहार आदि ठाँउमा यस्तो दृश्य कुँदिएको मान्न सकिन्छ । सामान्य मानिसले तन्त्रको गहन र गुह्य कुराहरू व्याख्या र पठनपाठनबाट नबुझ्ने भएकोले साङ्केतिक भाषाले बुझाएको र विभिन्न चिन्हहरू प्रयोग गरेको उपज नै कामुक कलाकृति हुन् । जीवात्मा र परमात्माको मिलनको क्षणमा हुने सुखानुभूति वा परम आनन्दको घडीलाई साधारण मानिस वा गृहस्थ आश्रममा बस्नेले पनि बुझ्नको लागि नै टुँडालमा यस्ता दृश्यहरू कुँदिएका हुन् ।

तन्त्रका विभिन्न विधिहरू गर्ने क्रममा ब्रह्मचारी योगीले पनि स्त्रीसाथीसँग सम्भोग गरेर भित्री ज्ञान खुलाउनुपर्ने कुराको विस्तृत वर्णन *फिलिप रसन*ले उनको पुस्तक *दी आर्ट अफ तन्त्र*मा गरेका छन् ।[१०]

तन्त्रलाई परमानन्दको सम्प्रदायको रूपमा पनि व्याख्या गरिएको छ। ब्रह्माण्डको संभोग जीवन शैली, कर्मकाण्ड, जादू, पुराण, दर्शन, आदिमा केन्द्रित भनेर तन्त्रलाई मानिन्छ। तन्त्रको विशेष समभ्रूदारी छ, परम्परागत कटरपन्थी ब्राह्मण, अन्य धार्मिक र मनोवैज्ञानिक पद्धतिभन्दा यो फरक छ।[११] त्यसैले टुँडालमा देखाइएका कामुकदृश्यहरूको तन्त्रसँग सरोकार देखिन्छ।

तोरण (Tympanum)

मन्दिर र विहारको ढोका, झ्यालमाथि राखिने अर्धचन्द्राकार कलात्मक वस्तुलाई नै तोरण भनिन्छ। माटो, ढुङ्गा, काठ र धातुको तोरणहरू नै काठमाण्डौं उपत्यकामा निर्माण भएका छन्। आजकल नयाँ निर्माण गरिएका मन्दिरहरूमा सीमेन्ट, ***प्लाष्टर अफ प्यारिस***द्वारा पनि तोरण बनाएर राखिएको छ। तोरणको कलात्मक पक्ष सँगसँगै धार्मिक महत्त्व पनि छ। ढोकामाथिको तोरणलाई पवित्र मानेर पूज्दछन्। ***रोनाल्ड एम्. बर्निएर***ले नेपालका मन्दिर र विहारहरूको तोरणको सुन्दरताको मुक्त कण्ठले प्रशंसा गरेका छन्। बास्तुकला र सजावटको वस्तुको रूपमा तोरणको विकास नेपालमा प्रशस्त भएको तथ्य बर्निएरले बयान गरेका छन्। पाटन मच्छेन्द्रनाथ मन्दिरको तोरणलाई कलाकृतिले झपक्क सिङ्गारेको भनेर बर्निएरले बयान गरेका छन्।[१२]

तोरणको बीचभागमा त्यही मन्दिरको गर्भगृहमा स्थापना गरिएको देवदेवी वा परिवारसँग सम्बन्धित मूर्ति नै कुँदिएको हुन्छ। शिवको मन्दिर छ भने तोरणको बीचमा शिवलिङ्ग वा परिवारको सदस्य गणेश पनि राख्न सकिन्छ। तोरणको सबैभन्दा माथिल्लो भागमा भने छत्र राख्ने परम्परा छ र अधिकांश तोरणमा गरुड वा छेपुले नागनागिन समाते र मुखमा हालेको देखाइन्छ। कुम्भेश्वरको मन्दिरमा पनि चारै दिशामा बीचको ढोकामाथि तोरण राखिएको छ। पश्चिम पट्टिको मूलद्वारबाट भित्र पस्ने बित्तिकै धातुको नन्दी र धातुकै तोरण देखिन्छ। तीनवटा ढोकामध्ये खोल्न मिल्ने बीचको ढोकामाथि तोरण राखिएको छ। तोरणको सबैभन्दामाथि बीचमा छत्र, त्यसपछि शिव-पार्वती चारवटा हात भएका गरुड, भैरवको शिर, छेपु, र सबैभन्दा तल चारवटा शिर र दायाँ पाउ नन्दीमा टेकेको शिव मूर्ति मिलाएर कुँदिएको छ। शिवको दायाँबायाँ भीमसेन र कुबेर स्थानक मुद्रामा

बनाइएको छ। शिवको उभिएको मूर्तिमा गणेश, कुमार बनाउने प्रचलन छ। यहाँ भने भीमसेन र कुबेर बनाइएको छ। हातमा गदा लिएका भीमसेन र न्याउरी मूसा लिएका कुबेर दुवै शिवभन्दा सानो आकारमा बनाइएका छन्। कुम्भेश्वर मन्दिरमा कुबेरको ढुङ्गाको मूर्तिहरू पनि छन्।

मन्दिरको उत्तरतर्फको गाह्रोमा पनि तीनवटा जोडिएको काठको ढोका बनाइएको छ। बीचको ढोका मात्रै धेरै जसो खोलिने चलन छ। बीचकै ढोकामाथि काठको तोरण राखिएको छ। पश्चिम ढोका माथिको तोरण भने काठमाथि धातुको पाता पिटेर बनाइएको छ। विषयवस्तु भने चारैवटा तोरणको उस्तै छ। तोरणको सबैभन्दामाथि छत्र, त्यसपछि गरुड, नाग, नागिन र विद्याधर नै कुँदिएका छन्। विभिन्न पुराणहरूमा सर्प (नाग) र गरुडको बीचमा भएको झगडाको उल्लेख पाइन्छ। गरुड र नागको दुश्मनी देखाउन मूर्तिकला, चित्रकलामा गरुडले आफ्नो खुट्टाको नङग्राले नाग च्यापेको वा चुच्चोले समातेको देखाइन्छ। गरुडले नागलाई आफ्नो बसमा लिएर गहनाको रूपमा छाती, पाखुरा, नाडी र खुट्टामा प्रयोग गरेको चित्र र मूर्ति थुप्रै छन्। हाम्रा धार्मिक ग्रन्थहरूमा वर्णन गरिएका कथा र त्यसैलाई आधार मानेर कुँदिएका मूर्ति र चित्रकलाले प्रतीकात्मक रूपमा विभिन्न शिक्षा उपदेश प्रदान गरेको हुन्छ। यही अनुरूप नै गरुडको मूर्तिकला पनि लिन सकिन्छ।[१३] गरुडको पक्षी र मानव दुवै आकृतिका मूर्तिहरू प्राप्त छन्। अधिकाश प्राचीन गरुडमूर्तिहरूको अनुहार हात र खुट्टा पूर्ण रूपमा मानिसको जस्तो हुन्छ। हातको दायाँ र बायाँ झुण्डिएको पखेटाले गर्दा मात्रै पक्षी भनेर छुट्याउन सकिन्छ। अधिकांश प्राचीन गरुड मूर्तिको अनुहार कलिलो बालकको जस्तै भुक्कुले हुन्छ। यसै क्रममा प्रतापादित्य पालले बादलमा उडेर अडिरहेको देवपुत्रसँग नेपाली गरुडमूर्तिलाई दाँजेका छन्।[१४] मल्लकालमा भने मानव मुहार र चराको अनुहार दुवै प्रकारका गरुड मूर्तिहरू बन्न थाले। यही क्रमसा कुम्भेश्वर मन्दिरको तोरणमा भएको गरुडको चराको मुख बनाइएको छ। चारवटा हातमध्ये दुइवटा हातले अमृत घट समातेको पनि देखाइएको छ। विष्णु र गरुडपुराणमा गरुडको प्रसङ्ग बढी आएको छ। कश्यप ऋषिका पत्नी कद्रुबाट नागहरू र विनताबाट गरुड जन्मिएका थिए। भागवतपुराण र रामायणमा विनता र कद्रूको बाजीको प्रसङ्ग साह्रै रोचक ढङ्गले प्रस्तुत गरिएको छ।[१५] ठट्टैठट्टामा

विनता र कद्रूले सूर्य भगवान्को घोडाको पुच्छरको रङ्गको बारेमा वादविवाद गर्न थाले र कुरो बाजीसम्म पुग्यो । कद्रूले घोडाको पुच्छर कालो र विनताले सेतो भएको जिद्दी गरेर बाजी ठोके । बाजीमा नागहरूको मिलिमतो र षड्यन्त्रले गर्दा विनताको हार भयो । बाजीको सर्तअनुसार विनताले कद्रूको दासत्वस्वीकार गर्नुपऱ्यो । गरुडले कुरो बुझेपछि आमालाई दासत्वबाट मुक्त गराउन, स्वर्ग गएर इन्द्रसँग भयङ्कर युद्ध लडेर अमृतघट पृथ्वीमा ल्याए । नागहरूको मागअनुसार गरुडले स्वर्गबाट पृथ्वीमा अमृतकलश ल्याएकोले नेपाली कलाकृतिमा गरुडले अमृतघट समातेको देखाइन्छ । नागहरूका पानको लागि गरुडले अमृतघट स्वर्गबाट ल्याएपछि कुशमा राखेका थिए । देवराज इन्द्रले थपक्क टिपेर स्वर्गमै लगे । अमृतपान गर्न नपाएको झोकमा नाग (सर्प)हरूले कुश चाटे । कुशको कडा धारले नागहरूको जिब्रो काट्यो र दुइवटा भयो । गरुडले अमृत ल्याएर आफ्नो आमालाई दासत्वबाट मुक्त गरे । यस घटनापछि गरुड र सर्पहरूको दुश्मनी कलामा पनि देखाइन्छ । अमृतहरण गरुडको पराक्रमले गर्दा वैष्णवमन्दिरवाहेक शैव र अन्य सम्प्रदायका मन्दिरमा पनि गरुडको उपस्थिति देखाइन्छ । त्यसैले कुम्भेश्वरको तोरणमा पनि गरुडको चित्रण अमृतहरणको स्वरूपमा गरिएको छ। तोरणको सबैभन्दा तल्लो खण्डको बीचमा चार शिर भएका शिव नन्दीमा उभिएका छन् ।

पूर्वपट्टिको काष्ठतोरण पनि पूर्णरूपमा अलङ्कृत छ । विभिन्न समयमा जीर्णोद्वार गरिएको वा पूर्णरूपमा फेरिएको भए पनि पुरानै कलाशैली पछ्याउने नेपाली कलाकारको प्रवृत्तिले गर्दा स्थापनाकालकै कलाको झल्को पाइने कुरामा शङ्का रहँदैन । यस तोरणमा पनि सबैभन्दामाथि छत्र त्यसपछि शिव र पार्वती, गरुड पक्षी र गरुडको दायाँबायाँ नाग, नागिन र सबैभन्दा तल बीचमा पञ्चमुखी शिव चारशिरसहित नन्दीमाथि, दायाँ पाउ राखेर उभिएका छन् । शिवको दायाँ र बायाँ मुसा र मयूर वाहनसहित गणेश र कुमार पनि उभिएका छन् । अन्य टुँडालमा जस्तै यसमा पनि खाली ठाउँमा ड्र्यागन, फूल पात, विद्याधर र परीहरू कुँदिएका छन् ।

दक्षिणतर्फको तोरणमा पनि छत्र, शिव-पार्वती, गरुड, नाग र नागिन, कीर्तिमुख आदि कुँदिएको छ । तोरणको सबैभन्दा तल्लो भागको बीचमा नन्दीमाथि खुट्टा राखेर उभिएका शिव छन् । पश्चिमतर्फको ढोकामा जस्तै

यस तोरणमा पनि शिवको दायाँबायाँ भीमसेन र कुबेर कुँदिएको छ। भीमसेनको दायाँ हातमा गदा र कुबेरको बायाँहातमा रत्नहरू ओकल्दै गरेको न्याउरीमूसा पनि प्रतिमा विज्ञानको नियम अनुरूप नै बनाइएको छ।

यसरी सर्वेश्वर (कुम्भेश्वर) महादेव मन्दिरको चारैवटा तोरणहरूमा सम्पूर्ण नियम पालन गरेर कलाकृति बनाइएको छ।

ढोका

छाने शैलीको मन्दिरमा गर्भगृहको बीचमा देव मूर्ति/लिङ्ग स्थापना गरिएको हुन्छ। ती देवताको प्रकृतिअनुरूप ढोका राखिएको हुन्छ। मन्दिरको चारैतिर राखिएको ढोका पनि विशेष अवसरमा मात्रै खोलिन्छ। विशेष पूजा र समयमा कुम्भेश्वरको पनि चारैवटा ढोका खोलिन्छ। दैनिक पूजा र दर्शनको लागि भने अधिकांश समय पश्चिमतर्फको ढोका मात्र खोलिन्छ। मन्दिरको बाहिरी गाऱ्होको भित्र र बाहिर दुवैतिर प्रदक्षिणा पथ छ। शिवलिङ्ग स्थापना गरिएको भित्री गर्भगृहमा भने पूजारीबाहेक सर्वसाधारण प्रवेश गर्न पाउँदैनन्। शिवलिङ्ग स्थापना गरिएको सम्पूर्ण मन्दिरहरूमा चारैदिशामा ढोका निर्माण भएका हुन्छन्। यसै अनुरूप कुम्भेश्वरको मन्दिरमा पनि चारैतिर तीनतीन वटा ढोका बनाइएका छन्। अधिकांश समय पश्चिमतर्फको बीचको ढोका मात्रै खुल्छ भने विशेष पर्वमा चारैतिरको ढोका खोलिन्छ। गाऱ्होभरिको चौकोशमा बनाइएको ३ ढोकामध्ये बीचको अलिक ठूलो छ। त्यही ढोकामाथि तोरण राखिएको छ। नेपालका अधिकांश मन्दिरमा ढोकाको दायाँबायाँ सूर्य, चन्द्र, अष्टमङ्गल चिन्ह बनाइन्छ। यस कुम्भेश्वर मन्दिरमा पनि ढोका सँगैको काठको कारनिसमा विभिन्न कलाकृति कुँदिएका छन्। अष्टमङ्गल, कलश, श्रीवत्स, पद्म, ध्वज, चक्र, मत्स्य, छत्र, शंख चिन्ह र दिक्पाल र अष्टमातृका पनि कुँदिएका छन्। कुम्भेश्वर मन्दिरको पश्चिमतर्फको गाऱ्होमा ऐरावत हात्तीमा चढेका इन्द्र र बाराही काष्ठमूर्ति दायाँबायाँ मिलाएर राखिएको छ। ढोकाको सबैभन्दा तल्लो भागको दायाँबायाँ भैरवको छुट्टै मूर्ति पनि स्थापना गरिएको छ। दशवटा हातमा विविध आयुध लिएका चार शिर, गोलो डरलाग्दो ठूला आँखा, मुण्डमाला लगाएका भैरवको वहानको रूपमा सर्प र कुकुर पनि बनाइएको छ। नेपालका अधिकांश मन्दिरमा काष्ठढोका, तोरण र टुँडाललाई पनि जीर्णोद्धार गर्ने क्रममा धातुले मोडिएको हुन्छ। कुम्भेश्वर मन्दिरको

मूलढोकामा पनि वीचको भाग धातुले मोडिएको छ। मन्दिरको पश्चिमपट्टिको पेटीमा दायाँतर्फ त्रिदेव र बायाँतर्फ गणेशको ढुङ्गे मूर्ति स्थापना गरिएको छ। एउटै ढुङ्गे फलकमा ब्रह्मा, शिव र विष्णुको आयुधसहितको मूर्ति कुँदिएको छ। सृष्टिकर्ता ब्रह्माको तल वाहनको रूपमा हाँस, पालनकर्ता विष्णुको तल गरुड र संहारकर्ता शिवको बीचमा बनाइएको मूर्तिमा जोडी, नन्दी बनाइएको छ। धेरै पुरानो मूर्तिफलक नभए पनि एउटै मूर्तिफलक कुँदिएको हुँदा मूर्तिकलाको इतिहासमा यसको छुट्टै महत्त्व छ। मूल मन्दिरको पश्चिमतर्फको पेटीमा भएको गणेशको मूर्ति भने सामान्य खालको छ।

गौरीकुण्ड (गोसाइँ कुण्ड) भएको उत्तर दिशातर्फको मूल मन्दिरको ढोका पनि कलात्मक छ। यो ढोकामा भने काठको मात्रै प्रयोग गरिएको छ, धातु छैन। बीचको ढोकामाथि काष्ठ तोरण छ। दायाँवायाँ भने चीड बुट्टा, जस्तो काटेर कलात्मक आकर्षक ढोका बनाइएको छ। तीनवटा ढोका मध्ये बीचको ढोकाको दायाँबाया कलात्मक बुट्टे मझ्यौला खाले खम्वाहरू बनाइएको छ। मन्दिरको ढोकाको दायां तर्फ गरुड वाहनमा वसेकी वैष्णवी देवी र वायां नरवाहनमा वसेकी पेट भित्र पसेको करङ्ग, करङ्ग देखिने कालीको काष्ठमूर्ति सानो खोपा भित्र बनाइएको छ। उत्तर तर्फको ढोका माथिका टुँडालमा शक्ति सहित भैरव बीचको खण्डमा बनाइएको छ भने तल्लो खण्डमा देवी, कुमारी, शिवको गण नरकङ्काल र चराको शिर र शरीर मानिसको (डाकीरूप) भएको साना तर आकर्षक मूर्तिहरू बनाइएका छन्। मानिसको शरिरमा नन्दिको शिर बनाएको काष्ठकला पनि टुँडालको तल्लो खण्डमा देख्न सकिन्छ। उत्तरतर्फको ढोकाबाटै मन्दिरको भित्री प्रदक्षिणा पदमा प्रवेश गर्न सकिन्छ।

पूर्वपट्टिको तीनढोका पनि काठको नै छ। विभिन्न धार्मिक र लौकिक कला पनि यस ढोकामा गरिएको छ। माहेश्वरी र कौमरीदेवी ढोकाको चौकोसभन्दा बाहिर कुँदिएको छन्। पूर्व पट्टिको पेटीमा भने प्रस्तरको घोडासहित कुबेर र अन्नपूर्ण देवीको मूर्ति स्थापित छ। अन्नपूर्णले पूर्णघडाबाट अन्न झिक्दै गरेको देखाइएको छ। काठको ढोकाको सवैभन्दा तल्लो खण्डमा अन्य ढोकामा जस्तै दायाँ र वायाँ भैरवको काष्ठमूर्ति छ।

दक्षिणतर्फको तीन ढोकामा पनि बुट्टा कुँदिएको छ। तोरण र बुट्टेखम्वा भएको काष्ठढोका आकर्षक छ। दक्षिणतर्फको पेटीमा खम्वामा अड्याइएको

घन्ट छ। अरू ढोकामा जस्तै ढोकाको चौकोसको तल्लो खण्डको दायाँ र वायाँ काष्ठ भैरवका मूर्ति कुँदिएको छ।

सर्वेश्वर (कुम्भेश्वर) मूल मन्दिरको गर्भगृहमा जलहरीसहितको कालो ढुङ्गाको शिवलिङ्ग स्थापना गरिएको छ। ठूलो र सानो दुइवटा नागले जलहरी बेरिएको छ। पाटनका जीतगोविन्द अमात्यले स्व. सुवर्ण कुमारीदेवीको मोक्षका लागि यो सुनौलो जलहरी वि.सं.१९७५ मा चढाएका थिए।

नित्यपूजा गर्दा शिवको मुहार कुँदिएको कोश बाहिर झिकेर राखिन्छ। पूजाको सबै कर्म समाप्त भएपछि कोश र छतरी ओडाइन्छ। शिवलिङ्गको जलहरी सङ्गैको कमलासनमा अभिलेख कुँदिएको छ। त्यहाँ बताएअनुसार नव्वेसालको भुकम्पमा देवल भत्कदा ठूलो क्षति भएको थियो। त्यसैबेला सर्वेश्वर महादेवको मुहार कुँदिएको कोश पनि बिग्रिएको थियो। श्री ५ महेन्द्र, श्री सुशील शम्शेर र अन्य भक्तजनले चन्दा जम्मा पारेर छत्र, गहना, पूजाको भाँडाकुँडा बनाएर विभिन्न विधि सम्पन्न गरेर २०२२ सालमा चढाएका थिए। परिशिष्टमा यो अभिलेख समावेश छ। यसैमा शिवलिङ्गको सबैभन्दा माथि राखिने तामाको छाता (चदुवा)का बारेमा पनि उल्लेख छ। पाटनका चिरिकाजी र श्रीमती रामदेवी डङ्गोलले चदुवा चढाएका थिए।

मुख्य मन्दिरको गर्भगृहको बीचमा सर्वेश्वर शिवलिङ्ग र कुम्भेश्वर शिवलिङ्ग उत्तरपूर्व (इशान कोण) कुनामा छ। कुम्भ ऋषिले कुम्भबाटै तपोवलले उत्पन्न गराएका कुम्भेश्वर शिवलिङ्गको पूर्वतर्फ ऋषि र कमण्डलु पनि देख्न सकिन्छ। ने.स. ८४९ को शिलालेखअनुसार रामशङ्करले श्रीधर नारायणको (विष्णु) मूर्ति पनि स्थापना गरेका थिए। सर्वेश्वर शिवलिङ्गको पूर्वदक्षिण कुनामा (अग्नेय कोण) विश्वेश्वर महादेव पनि स्थापना गरिएको छ। पाञ्चायन देवता पूजा गर्ने विधानमा गणेश, सूर्य, दुर्गा, विष्णु र शिवमध्ये एकलाई बीचमा स्थापना गरेर चारैतिर अन्य देवीदेवता स्थापना गरिन्छ। सर्वेश्वर शिवलिङ्ग स्थापना गरिएको गर्भगृहभन्दा बाहिर गणेश, विष्णु, सूर्य र देवीका मूर्तिहरू छन्।

शिवलिङ्ग स्थापना गरिएको मन्दिरमा चारै दिशा ढोका बनाएर चारै मुख दर्शन गर्न सकिने बनाइएको हुन्छ। यस सर्वेश्वर शिवलिङ्ग दर्शन गर्न पनि भक्तजनहरूले त्यो सुविधा पाउँदछन्। मन्दिरको गर्भगृहभित्र भने पुजारीहरू मात्रै प्रवेश गर्न पाउछन्। भक्तजनहरूले शिवलिङ्ग छोएर पूजा

गर्न पाउँदैनन् । भुइँतलाको दक्षिणपूर्व कुनामा भण्डारकोठा भएकोले पूरा घुम्न सकिँदैन उत्तरतर्फको बाहिरी ढोकाबाट मन्दिरको भित्री भागमा प्रवेश गर्न सकिन्छ । भित्री प्रदक्षिणा पथबाट बाहिर हेर्दा यस मन्दिरमा एउटा मात्रै कक्ष रहेको जस्तो देखिन्छ तर सारै सुन्दर ढङ्गले भण्डारकोठा र भित्री प्रदक्षिणा पथ निर्माण गरिएको छ ।

सर्वेश्वर महादेवको शिवलिङ्ग ढाक्ने कोशहरू तीनवटा छन् । १. चारै दिशामा मुख कुँदिएको स्वर्ण जलम गरिएको दैनिक पूजा समाप्त गरेर सधैँ शिवलिङ्ग ढाक्ने कोश । २. सर्वेश्वर शिवलिङ्गमा एक महिनासम्म र श्रावण शुक्ल चतुर्दशीको पर्वमा नागदह (पोखरी)मा खटमा राखिने नागले बेरेको स्वर्ण जलप भएको शिवकोश । ३. कार्तिकको मुखाष्टमीको दिनमा राखिने बुद्धको मूर्ति कुँदिएको तामाको कोश ।

जलहरीको नाल उत्तर दिशातर्फ फर्काइएको छ र शिवलाई अर्पण गरिएका जल, दूध, दही मह, चिनी, घ्यू, आदि यसैबाट बगेर तल झर्दछ । शिवमन्दिरमा नियमपूर्वक परिक्रमा गर्नेले दायाँ पारेर घुम्दा पूरा घुमेर जल नाघ्नु हुँदैन । तर अधिकांश भक्तहरूले दायाँतर्फबाट पूरा परिक्रमा गरेको देखिन्छ जुन शास्त्रनियम विरुद्ध छ । शिव प्रदिक्षणाक्रमको विधि *बृहत् पुरश्चर्यार्णव* नामक ग्रन्थमा बताइएको छ । यामलतन्त्रको शिव प्रदक्षिणक्रमको पनि *बृहत्पुरश्चर्यार्णव*मा समावेश गरिएको छ । पहिले दायाँ अनि बायाँ जानुपर्दछ । प्रणाल (उत्तर र पर्वाको बीचमा पर्ने जलहरीको निकासलाई नाघ्नु हुन्न । परिक्रमा गर्दा वृष (नन्दी) मुख पश्चिमबाट चण्डेश्वर (उत्तर गएको जलहरी) सम्म र पुनः त्यहाबाट फर्केर वृषमुखसम्म हुँदै सोमसुत्र या उक्त नलिका सम्म, सोम सुत्रबाट फर्केर चण्डेश्वर, त्यहीबाट फर्केर पुन वृषमुखा सम्म आई दर्शन गर्नुपर्दछ । शिवप्रदिक्षणक्रमलाई यस्तो तन्त्रको उद्धरण गर्दै *बृहत् पुरश्चर्यार्णव*मा उल्लेख गरिएको छ ।[१६] गृहस्थ र सन्यासीले परिक्रमा गर्ने बेग्लाबैग्लै नियमको उल्लेख पनि हेमाद्रि ग्रन्थमा गरिएको छ । सन्यासीले सधैँ दायाँतर्फबाट पूर्व दायाँ प्रदक्षिणा गर्नुपर्छ र ब्रह्मचारीले बायाँतर्फबाट पूर्व दायाँ प्रदक्षिण गर्नुपर्छ र गृहस्थीले बायाँबाट दायाँ दायाँबाट वायाँ प्रदक्षिणा गर्नुपर्छ । 'शिवस्यार्ध प्रदक्षिणा' अनुसार शिवजीलाई पूर्ण प्रदक्षिणा गर्नुहुँदैन, आधा प्रदक्षिणा गर्नुपर्छ अन्यथा प्रत्यवाय लाग्दछ ।[१७] अतः हामीले पशुपति आदि शिवमन्दिरमा परिक्रमा गर्दा उत्तरतर्फ पूर्वबाट

पश्चिम र पश्चिमबाट पूर्वको द्वार ब्रह्मनाल वा जलहरी नालिका नाघेर परिक्रमा गर्नुहुँदैन ।

सर्वेश्वर (कुम्भेश्वर) शिवलिङ्गको जलहरीको गोलाइ १२६ ई. र लम्बाइ १७/१.५ ई छ । यस्तै शिवलिङ्गको गोलाइ २५ ई र लम्बाइ १७५ ई छ । शिवलिङ्गको तामाको कोशमा मुख कुँदिएको छ । यो नयाँ कोशको गोलाइ २७.५ ई र लम्बाइ १७ ई छ ।[१८]

हाल यस मन्दिरका पुजारी हरि प्रिया कान्त राजोपाध्यायका नाति माधवश्याम शर्मा हुनुहुन्छ । मङ्गलबजार भीमसेनस्थान अगाडि पुर्ख्यौली घरमा माधवश्याम शर्मा बस्नुहुन्छ । पूजारी माधवश्याम शर्माअनुसार सर्वेश्वर महादेव मन्दिरमा विभिन्न वैदिक र अन्य पूजा आजा, जात्रा गरिन्छ। कार्तिक महिनाको कुष्माण्ड नवमीभन्दा अघिल्लो दिन अर्थात् गोपाल अष्टमी मूल शिवलिङ्गमा बुद्धकोश राखेर पनि पूजा गर्ने परम्परा छ ।

सर्वेश्वर मन्दिरको उत्तरतर्फ खुला रूपमा रहेको मुखलिङ्गः मन्दिरलाई प्रदक्षिणा गर्ने बाटोमैं जलहरी बिनाको शिवलिङ्ग चारपाटे प्रस्तरमाथि स्थापना गरिएको छ । १३ इन्च लम्बाइ र २४ इन्च गोलाइ भएको यो शिवलिङ्गको कलाशैली उच्च् कोटीको छ । चारै दिशामा शिवका बेग्लाबेग्लै मुहार कुँदिएका छन् । तत्पुरुष, सद्योजात, वामदेव र अघोर मुखको भावभङ्गी दर्शाउन कलाकार सफल भएका छन् । नाडी सम्मको हात र ती हातमा कमण्डलु र रुद्राक्षमाला देखाइएको छ । जटा र जटा मुकुटको शैली पनि आकर्षक छ । शिवलिङ्गको रुद्रभाग र ब्रह्मभाग छुट्याउन बुट्टेदार पेटीको प्रयोग गरिएको छ । अघोर मुख कुँदिएको दक्षिणतर्फको भैरव अनुहार डरलाग्दो देखाउन कलाकार सफल भएका छन् । छरिएको आँखीभौं देखाउन फुकेको नाक, तेस्रो आँखा सबै नै मिलाएर बनाइएको छ । जलहरीसहितको आठ-नौवटा सादा शिवलिङ्ग खुला रूपमा कुम्भेश्वर मन्दिर वरिपरि छन् । सानो मन्दिरभित्र पनि सादा शिवलिङ्ग स्थापना गरिएको छ । एउटा मुखलिङ्ग बाहिर खुल्ला रूपमा र अर्को मन्दिर भित्र छ । मन्दिर परिसरको ढुङ्गेधाराको पश्चिमपट्टिको कैलाशमा पनि जलहरीसहितको शिवलिङ्ग छ । योबाहेक मूल मन्दिरमा सर्वेश्वरको सादार कुम्भेश्वर रूपमा शिवलिङ्ग र कोश स्थापना गरिएको छ । यसरी सर्वेश्वर मन्दिर परिसरमा मात्रै एक दर्जनभन्दा बढी शिवलिङ्गहरू छन् ।

झ्याल

सर्वेश्वर मन्दिरको चारैवटा तलामा गाह्रोको बीचमा मिलाएर झ्याल राखिएको छ। झ्यालको मुख्य काम उज्यालो र घामभित्र आउन दिनु हो। आवश्यकताअनुसार झ्यालको खापा खोल्न र बन्द गर्न मिल्ने हुनुपर्दछ। मन्दिरमा भने सुन्दरताको लागि खोल्न मिल्ने र नमिल्ने दुवै प्रकारका झ्यालहरू राखिएका हुन्छन्। यस मन्दिरमा पनि दोस्रो तल्लादेखि पाँचौं तल्लासम्म गाह्रोको बीचमा झ्याल र दायाँबायाँ दुइ/दुइवटा टुँडाल समान दुरीमा मिलाएर राखिएको छ। सर्वेश्वर मन्दिरको पश्चिमतर्फ स्थिति पाटीको मूलढोका माथिको काठको झ्याल पनि साह्रै सुन्दर छ। सूर्य रथको आकृतिमा कुँदिएको यो काठको झ्याल मल्ल काष्ठकलाको चरम उत्कर्षको नमूना हो। सूर्यजस्तै पूर्ण गोल आकृतिमा कुँदिएको झ्याल माथिको तोरणमा पनि सुन्दर बुट्टा कुँदिएको छ। सूर्यको प्रतीक गोलो झ्यालको वरिपरि बटारिएको सर्पको जीउ र माथिल्लो भागमा छत्र बनाइएको छ। झ्यालको चौकोस, खम्वा सवैमा नै सुन्दर बुट्टा कुँदिएका छन्। सबैभन्दा तल्लो भागमा बाह्रवटा आदित्यको प्रतीकस्वरूप बाह्रवटा वायुपङ्खे घोडा कुँदिएका छन्। गाह्रोभन्दा केही बाहिर आएको यस विमान झ्यालले आकाशमा दौड्ने सूर्यको झल्को प्रदान गर्दछ। सूर्य झ्याललाई पूर्ण रूपमा सूर्यको मूर्ति जस्तै बनाइएको छ। सूर्यको प्रतिमामा रथको दायाँबायाँ उषा र प्रत्युषालाई अन्धकार हटाउन धनुले वाण प्रहार गर्न लागेको देखाइन्छ। यस झ्यालमा पनि उषा र प्रत्युषालाई हातमा धनु लिएर वाण प्रहार गर्न लागेको देखाइएको छ। झ्यालको विभिन्न ठाउँमा मिलाएर सिंह, गरुड र ड्रायगन पनि कुँदिएको छ। सूर्यमुखी झ्यालको ठीक तल निर्मित मन्दिरको पश्चिमतर्फको ढोका पनि निकै सुन्दर छ।

गौरीकुण्ड (गोसाइँकुण्ड)

(कुम्भेश्वर) महादेव मन्दिरको उत्तरतर्फ सानो मन्दिरभित्र गौरीकुण्ड (गोसाइँकुण्ड) छ। जलहरीसहितको सानो शिवलिङ्ग, रामको प्रस्तर मूर्ति, नारायणको सानो मूर्ति पनि त्यही स्थापना गरिएको छ। सफा चिसो पानी कुण्डबाट सधैं नै आइरहन्छ। यो कुण्डको बारेमा विभिन्न किम्वदन्ती प्रचलनमा छ।

रसुवा जिल्लामा पर्ने प्रसिद्ध तीर्थस्थल नीलकण्ठकुण्डमा (गोसाइँकुण्ड) जनैपूर्णिमा र दशहरामा ठूलो मेला लाग्दछ। कालकूट विषपान गरेपछि

शिवले आफ्नो छटपटी मेटाउन गोसाइँकुण्डमा सुतेका थिए । यस क्षेत्रको पानी बग्दैबग्दै पाटन सर्वेश्वर (कुम्भेश्वर)मा आइपुगेको विश्वास गरिन्छ। कुनै बेला एकजना भक्तको कमण्डलु गोसाइँकुण्डमा डुबेको थियो । त्यो कमण्डलु केही दिनपछि पाटनको सर्वेश्वर मन्दिरको यही सानो कुण्डमा भेट्टियो । त्यसपछि त गोसाइँकुण्ड पुग्न नसक्ने भक्तजनले पाटनको गोसाइँकुण्डमैं स्नान गर्न थाले । जनैपूर्णिमाको दिन रसुवाको गोसाइँकुण्ड र पाटनको कुम्भेश्वरको गौरीकुण्ड (गोसाइँकुण्ड) दुवै स्थानमा धुमधामसँग मेला लाग्दछ । काठमाडौं उपत्यका र अन्य स्थानमा धामीझाक्री, ढयाङ्ग्रो, ठटाउँदै, उफ्रदै, मन्त्र जप्दै पाटन सर्वेश्वर (कुम्भेश्वर)मा गएर पूजाआजा गर्दछन् । सर्वेश्वर परिसरभित्रका शिवलिङ्ग र अन्य देवीदेवतालाई स्नान गराउन र चढाउन यही कुण्डकै जल प्रयोग गरिन्छ । बाह्रै महिना चौबीसै घण्टा चिसो जल आउने यो पाटनको गोसाइँकुण्डमा जनैपूर्णिमाको दिनमा मेला भर्न आउनेहरूको घुइचो लाग्दछ ।

गरुडासन विष्णु

नेपालमा पश्चिम ढोकाबाट प्रवेश गरेर सर्वेश्वर महादेवको मन्दिरलाई परिक्रमा गर्दा उत्तरतर्फ अग्लो खुला स्थानमा गरुडासनको विष्णुको प्रतिमा छ । पुरानो मूर्ति चोरी भएकोले हाल नयाँ मूर्ति स्थापना गरिएको छ। कलाको दृष्टिकोणबाट यो मूर्ति वर्णनीय छैन तर शैवमन्दिर क्षेत्रमा भएको वैष्णवमूर्ति भएकोले उल्लेख गर्नु आवश्यक छ ।

नेपालमा विष्णुको तीन प्रकारका मूर्तिहरू स्थापना गरेर पूजा गर्ने चलन छ ।

१. स्थानक (उभिएको) जसमा लक्ष्मी र गरुड विष्णुको दायाँबायाँ उभिएका हुन्छन् । विष्णुको मूर्तिभन्दा लक्ष्मी र गरुडको मूर्ति सानो आकारको बनाइएको हुन्छ । उभिएका चतुर्विंश र चुतुरब्यूह विष्णुका मूर्ति पनि बनाइन्छ ।
२) आसन (बसेको) जसमा विष्णु गरुडमाथि पद्मासनमा वा घोडा चढेको जस्तो गरेर बसेका हुन्छन् ।
३) शयन (सुतेको) मूर्तिमा विष्णुलाई नाग बिछ्यौनामा पल्टिएको देखाइन्छ। विष्णुको चारवटा हातमा शंख, चक्र, गदा र पद्म आयुध पनि कुँदिएको हुन्छ । विष्णुको पाउमा लक्ष्मी र गरुड पनि बनाइन्छ ।

सर्वेश्वरको गरुडासन विष्णुको कुरो उठाउँदा चाँगुनारायण स्थानमा भएको लिच्छविकालीन सुन्दर मूर्तिको सम्झना गराउँछ। नेपालको दश रुपैयाँको नोटमा चाँगुनारायणको गरुडासन विष्णुको चित्र छापिएको छ।

हारती अजिमा

सर्वेश्वर मन्दिरको पूर्वतर्फ हारती अजिमाको मन्दिर छ। एकतले छानेशैली (प्यागोडा शैली)को मन्दिरभित्र हारती अजिमाको मूर्ति स्थापना गरिएको छ। काठमाडौं उपत्यकामा कुमारी, आमा, हजुरआमाको रूपमा स्त्री शक्तिलाई पूजा गर्ने व्यापक चलन छ। विश्वको प्राचीन सभ्यतामध्ये सिन्धुघाँटीको सभ्यता पर्दछ। सिन्धुघाँटीमा उत्खनन गर्दा प्राप्त अवशेषको आधारमा चार/पाँच हजार वर्षअगाडि नै मातृदेवीको पूजा गरिन्थ्यो भन्ने प्रमाणित भइसकेको छ। लैनसिंह वाङ्देलले नेपालमा मातृदेवीको पूजावारे आफ्नो विचार व्यक्त गर्दा कुषाणकालमा मातृदेवीको पूजा गर्ने चलन खुव चलेको र नेपालमा त्यसकै प्रभावस्वरूप मातृकागणका मूर्तिहरू वनेको चर्चा गरेका छन्।[१९] नेपाली संस्कृति, कला, बास्तुकलावारेगहिरोसँग अध्ययन गरेर पुस्तक प्रकाशित गर्ने विदुषी मेरी स्लेफड स्लुसरले आमा/हजुरआमा शीर्षकअन्तर्गत शीतला र हारतीको चर्चा गरेकी छिन्।[२०] विफरदेवीको रूपमा शीतलाको पूजा गर्ने प्रचलन काठमाडौंमा छ। हारतीलाई भने बच्चाहरूका संरक्षिकाको रूपमा पूजा गरिन्छ। बौद्ध साहित्यमा हारतीलाई वालक अपहरणकारीको रूपमा वर्णन गरिएको छ। भगवान् बुद्धको उपदेश सुनेपछि हारतीमा परिवर्तन आएको र उनी बच्चाको संरक्षिका भएको वर्णन पाइन्छ। त्यसैले काठमाडौंमा पाइएका हारतीका मूर्तिमा काखमा र वरिपरि बच्चैबच्चा राखिएको हुन्छ। सर्वेश्वर (कुम्भेश्वर) परिसरमा छाने मन्दिरभित्र स्थापित हारतीको मूर्ति नयाँ हो। तर पाटनक्षेत्रमा भने मातृदेवी र हारतीका प्राचीन मूर्तिहरू छन्। च्यासलहिटीको गजलक्ष्मी (ईस्वी दोस्रो, तेस्रो शताब्दी), हौगलवहालको मातृका (इस्वी तेस्रो, चौथो शताब्दी), चपटोलको हारती (ईस्वी छैठौं, सातौं शताब्दी) आदि उदाहरणका रूपमा देखाउन सकिन्छ। बालाजुको बाइसधारा पार्कभित्रै सानो छानेशैलीको मन्दिरभित्र पनि पुरानो हारतीको मूर्ति (ईस्वी चौथो, पाँचौं) स्थापित छ। भारतमा कुबेरसँगै एउटै फलकमा हारतीको मूर्ति बनाउने प्रचलन छ। नेपालमा भने त्यता मूर्तिहरू प्राप्त भएका छैनन्।

ललितादेवी

सर्वेश्वर मन्दिरको पूर्वदक्षिण कुनामा भित्तामा ललितदेवीसहित दशवटा ठूला/साना शिला पनि स्थापना गरिएको छ । ललितादेवीको अगाडि जनावरलाई पानी खुवाउने ठूलो ढुङ्गाको भाँडो राखिएको छ । भित्तामै छानो निकालेर ठूलो आकारको खोपामा मनकामना माइको पनि स्थापना गरिएको छ ।

चारमुखे शिवलिङ्ग

यस्तै क्रमले सानो मन्दिरभित्र हरिद्रा गणेशको पुरानो मूर्ति र अर्को शिखर शैलीको मन्दिरभित्र जलहरीसहित चारमुखे शिवलिङ्ग स्थापना गरिएको छ । प्रतिमा विज्ञानको नियम पालन गर्दै शैव मन्दिर बाहिर नन्दी पनि राखिएको छ । शिखरशैलीको मन्दिरभित्र भक्तभक्तिनीको सुन्दर प्रस्तर मूर्ति पनि स्थापित छ ।

मूल मन्दिरको दक्षिणपूर्व कुनामा कैलाश छ । कैलाश जान भऱ्याङ् चढनु पर्दछ । भऱ्याङ्को दायाँबायाँ पेटी बनाइएको छ । त्यस पेटीमा विभिन्न सम्प्रदायसँग सम्बन्धित देवदेवीको मूर्तिहरू छन् ।

बगलामुखी

नेपालमा प्रचलित विभिन्न धर्महरूमध्ये शाक्त एउटा प्रमुख धर्म हो। कुमारीको रूपमा घरघरमा कन्याकेटीलाई पूजा गर्ने प्रचलन यहाँ व्यापक रूपमा पाइन्छ । देवीको सप्त र अष्ट मातृका र नवदुर्गा स्वरूपको जपआराधना काठमाडौं उपत्यकामा मात्रै हैन नेपालभर नै प्रचलित छ । दश महाविधाको मूर्ति स्थापना र पूजा आराधना भने पाटनमा नै प्रचलित छ । देवीहरूको पूजा गर्ने परम्परा लिच्छविकालभन्दा अघिदेखि नै थियो तर दशमहाविद्याको उल्लेख भएको र मन्दिरस्थापना गरेको प्रमाण भने छैनन् । मल्लकालमा भने दशमहाविद्याको मूर्ति स्थापना र पूजा गर्ने प्रचलन व्यापक थियो । काममा सफलता हासिल गर्न, बढुवा हुन वा नयाँ काम थाल्न दशमहाविद्या मध्यकी बगलामुखीको दर्शन पूजा गर्ने चलन छ । बिहिबार र शनिबार सर्वेश्वर मन्दिर परिसरमा रहेको बगलामुखीको दर्शन गर्ने मानिसको ठूलै घुइँचो लाग्दछ। वगलामुखीबाहेक **१. काली २. तारा ३. षोडशी (सिद्धिलक्ष्मी)** ४. भुवनेश्वरी **५. भैरवी ६. छिन्नमस्ता ७. धूमावती ८. मातङ्गी ९. कमला** आदि

दशमहाविद्याका मन्दिरहरू पाटनका विभिन्न स्थानमा छन् । सतीदेवी (पार्वती) को विभिन्न नौ वटा रूप भनेर दशमहाविद्याको वर्णन आएको छ । दक्षप्रजापतिले आयोजना गरेका यज्ञमा शिव र पार्वतीलाई निम्तो आएन । शिवले यसलाई सहज ढङ्गले लिए तर पार्वतीले भने अपमान भएकाले वदला लिने विचार गरिन् । शिवलाई कैलाशमा छाडेर पार्वती आफू दक्षको यज्ञमा गइन् । दक्षद्वारा आफ्नो पतिको अपमान हुँदा सहन नसकेर पार्वतीले आफ्नै रूपबाट दशमहाविद्या उत्पन्न गराइन् । आफ्ना पिताद्वारा अपमानित हुनुपर्दा यज्ञकुण्डमै हामफालेर प्राण त्याग गरिन् । त्यसैले सतीदेवीकै शरीरको अंशको रूपमा दशमहाविद्याहरूका पूजा/आराधना गरिन्छ ।

सर्वेश्वर महादेवको मूल मन्दिरको दक्षिणतर्फ बगलामुखीको मन्दिर छ । वर्गाकार दुइतले मन्दिरमा बगलामुखी स्थापित छिन् । बगलामुखीसँगै अरू मातृकाहरूका प्राचीन मूर्ति पनि गर्भगृहमै लहरै स्थापना गरिएको छ । प्राचीन कालमा स्वयम्भूको रूपमा बगलामुखी जलमा उत्पत्ति भएको विश्वास गरिन्छ । राणाप्रधानमन्त्री श्री ३ भीम शम्शेरले वि.सं. १९८८ मा हालको वगलामुखी मन्दिर निर्माण गराएका थिए । भीम शमशेरले देवीको वहान सिंहलाई पनि प्रस्तरको खम्बामाथि स्थापना गरे । तत्कालीन समयमा पूजाको क्रममा १०८ ओटा बोका पनि वलिचढाइएको थियो । श्री ३ भीमशमशेरले निर्माण गराएका बगलामुखीको मन्दिर जीर्ण भएकाले बि.सं. २०३८ सालमा शरदचन्द्र शाह र क्याप्टेन बबी शाहले जनसहयोग लिएर जीर्णोद्धार गर्ने कार्य गरे । भीमशमशेरको पालामा बनाइएको तोरणसहितको चाँदीको देवीको स्वरूप जीर्ण भएकोले हाल मङ्गलबजारको पाटन म्यूजियममा प्रदर्शन गरिएको छ र त्यहाँ चाँदिको नयाँस्वरूप बनाएर स्थापना गरिएको छ ।

बगलामुखी मन्दिर दुइ तले छ । दोस्रो तल्ला सानो भएकोले वाहिरबाट झट्ट हेर्दा एउटै तला जस्तो लाग्दछ । बगलामुखीदेवी स्थापना गरिएको गर्भगृहको ठीकमाथि भिरालो छानामा तीनवटा गजुर राखिएको छ । गजुरमाथि छत्र र तीनवटा पाताका पनि राखिएको छ । दोस्रो तलामा काठको टुँडाल र काठकै झ्याल छन् । सुन्दरताको लागि बनाइएका झ्यालहरूमा काष्ठमूर्तिहरू पनि छन् ।

गर्भगृहमा स्थित बगलामुखीको मुख्य प्रतिमालाई मात्रै छोप्ने गरेर भित्रै चाँदीको गजुर, छाना, तोरण, खम्बा बनाइएको छ । सातवटा सर्पफणाले

गजुरमाथि छत्रको काम गरेको छ। मन्दिरको दुवैतिर सर्पको बटारिएको शरीर कलात्मक छ। बगलामुखीदेवीको दायाँबायाँ गणेश, कुमार र गरुडले खुट्टाको नङ्ग्राले नागनागिन च्यापेको मूर्ति पनि चाँदीको तोरणमा देखाइएको छ।

चैत्रकृष्ण चतुर्दशीभन्दा अघि बगलामुखीमा विशेष पूजा गरिन्छ। बगलामुखीको विशेष तान्त्रिक पूजा मन्त्रणा दोस्रो तलामा गर्ने प्रचलन छ। फागुण महिनाको पहिलो हप्ताको शनिवार क्वावहालका गुभाजुहरूद्वारा कान्तिटोलका ज्यापूहरूले आयोजना गरेको विशेष पूजा सम्पन्न गरिन्छ। काली, तारा, षोडशी, भुवनेश्वरी, कमला दश महाविद्याका हातले बनाएको चित्र बगलामुखी मन्दिरको बाहिरी गाह्रोमा लहरै टाङ्गिएको छ। दशमहाविद्याका यी आकर्षक चित्रहरू कोपुण्डोलका भैरवलाल श्रेष्ठले चढाएका हुन्। त्यसैले पाटन बगलामुखी दर्शन गर्न जाँदा दशै महाविद्याको दर्शन हुन्छ।

प्रसिद्ध तन्त्रसाधक धनशमशेर ज.ब.रा.ले दशमहाविद्याको जन्मतिथिहरू पनि उल्लेख गरेका छन्। त्यसअनुसार बगलामुखीको जन्मतिथि बैशाखसुदी चतुर्दशी शनिबार हो। दशमहाविद्यामा छुट्टाछुट्टै गायत्रीहरू छन् जसमध्ये बगलामुखी गायत्री यसप्रकार छ–

स्थिरमाया समुच्चार्य बगलपदतो मुखी
विघ्नहे दुष्ट पदतःस्तम्भनीपदमुच्चरेत्
धमीहीति पदस्यान्ते तन्नोदेवी प्रचोदयात्

पहँलो वस्त्र लगाएकी, देवी शत्रुको छातीमा चढेकी, बायाँ हातले शत्रुको जिब्रो तानेकी, दायाँ हातको गदाले शत्रुलाई प्रहार गरेको बगलामुखीको स्वरूप ध्यान गर्दा हृदयमा अङ्कित हुनुपर्छ। शिव र दशमहाविद्याको दिशाअनुसारको स्थानस्वरूप पनि स्व. डिल्लीबहादुर श्रेष्ठले आफ्नो अप्रकाशित पाण्डुलिपिमा कोर्नुभएको छ।

उन्मत्त भैरव

शिवपुराणमा शिवको भयावह स्वरूप भैरवको विस्तृत उल्लेख पाइन्छ। तन्त्र चूडामणिमा ५१ शक्तिपीठ र ५१ वटै भैरवहरूको उल्लेख छ।

शिवलिङ्गको दक्षिणतर्फको मुहारलाई नै भैरव मानिन्छ। नेपालका प्रायः सम्पूर्ण शिवमन्दिरमा दक्षिणतर्फ भैरवको कीर्तिमुख वा उन्मत्त भैरव मूर्ति स्थापना गरिएका छन्।

काठमाडौं उपत्यकामा मल्लकालका भैरवका मूर्तिहरू थुप्रै छन्। विभिन्न वाहान, विभिन्न पदार्थ र विभिन्न नामका भैरवकामूर्ति र चित्रहरू उपत्यकाभित्र यत्रतत्र भेटिन्छन्। पाटन सर्वेश्वर महादेवको दक्षिणतर्फ पनि काठको उन्मत्त भैरवको मूर्ति छ। बगलामुखीको पूर्वतर्फको कोठामा पश्चिमतर्फ फर्किएको काठको करिव छ फीट कालो अग्लो रङ्ग लगाइएको उन्मत्त भैरवको मूर्ति छ। दशवटा हातमा विभिन्न आयुध कपालपात्र, खटवाङ्ग, नरमुण्ड, खड्ग, डमरु, पास, कत्री राखिएका छन्। दुइ हात बिन्दु मुद्रामा छ। वेताल र सर्पमाथि टेकेर उन्मत्त भैरव उभिएका छन्। असिताङ्ग, रूरू, चण्ड, क्रोध, उन्मत्त, कपाल, भीषण, संहार आदि आठ भैरवहरू प्रसिद्ध छन्। यी आठ भैरवका परिवारमा अन्य सातसात भैरव जोडेर चौसठ्ठी भैरवको पूजा गर्ने व्यापक प्रचलन काठमाडौं उपत्यकामा छ। आठैवटा भैरवका शक्तिहरू पनि तोकिएका छन् : १. असिताङ्ग/ब्रह्मायणी २. रुरु/माहेश्वरी ३. चण्ड/कौमारी ४. क्रोध/भद्रकाली (वैष्णवी) ५. उन्मत्त/वाराही ६. कपाल/इन्द्रायणी ७. भीषण/महाकाली (चामुण्डा) ८. संहार/महालक्ष्मी। भैरव र शक्तिहरू दुवैको पूजा नेपाल र विशेष गरेर उपत्यकामा ज्यादै नै प्रचलित छ। उन्मत्त भैरवको मूर्ति भएको कोठामै काठको गणेश, कुमार र देवीको तीनवटा मूर्ति उत्तरतर्फ फर्काएर स्थापना गरिएको छ। भैरव स्थापना गरिएको कोठामा प्रवेश गर्ने ढोकामाथि अर्धचन्द्राकार तोरण राखिएको छ। तोरणमा ६ वटा हात भएको भैरव र दायाँबायाँ गणेश र शक्तिको मूर्ति कुँदिएको छ। अन्य तोरणमा जस्तै सबैभन्दामाथि गरुडले नागनागिनलाई नङ्ग्राले समातेको दर्शाइएको छ। तोरणको तल्लो भागको दायाँबायाँ हिटी मग पनि कुँदिएको छ।

बगलामुखी मन्दिरको पूर्वपट्टिको कोठामा काठको उन्मत्तभैरवको मूर्तिको प्रसङ्ग उल्लेख गर्दा पशुपति मन्दिरको दक्षिणतर्फ रहेको धातुको उन्मत्त भैरवको पनि सम्झना हुन्छ। ने.स.५८८ (इ.सं. १४६७)मा नारायण भट्टले स्थापना गरेका धातुको १० फिट अग्लो भैरव मूर्ति छ। पशुपति र कुम्भेश्वर दुवै ठाउँमा सन्तानको कामनाले उन्मत्तभैरवको पूजा गर्ने चलन छ। सर्वेश्वर मन्दिरका पूजारीले नै उन्मत्तभैरवको पनि दैनिक पूजा गर्दछन्। नवरात्रीमा हाँसको बलि चढाएर भैरवको मूर्तिमा विशेष पूजा गरिन्छ। भैरवको मूर्ति स्थापना गरिएको कोठामा नवरथामा जमरा पनि राखिन्छ।

बगलामुखी थानमा अवस्थित उन्मत्तभैरवको ढोका अधिकांश समय बन्द रहने भएकोले भक्तजनले आँखीझ्यालबाटै दर्शन गर्नुपर्दछ। मल्लकालमा निर्मित अधिकांश काष्ठमूर्ति टुक्राटुक्रा काठ जोडेर बनाइएका छन् तर यो उन्मत्तभैरवको मूर्ति एउटै सङ्लो काठमा कुँदिएको छ। बगलामुखीको पूर्वतर्फको पेटीमा उल्लेख गर्नुपर्ने केही प्रस्तरका मूर्तिहरू छन् जसमा कुमार, कुबेर, स्थानक मुद्रामा शिव पार्वती, शीतलामाइ भनेर पूजिने पुरुष मूर्ति (सूर्य), द्वादशनारायण, रथमा आरुण सूर्य, नागराज, उमामहेश्वर आदि पर्दछन्।

उमामहेश्वर

नेपालका कलाकारले मूर्ति कुँदन साह्रै मनपराएका विषयवस्तुमा उमामहेश्वर फलक पर्दछ। उपत्यका भित्रका अधिकांश स्थानमा लिच्छविकालभन्दा अघिदेखिका उमामहेश्वर मूर्ति प्राप्त भएका छन्। चाँगुनारायण स्थान, पाटनको सिकुवही, पाटनकै चामुण्डा मन्दिर, आदि ठाउँमा प्राचीन उमामहेश्वर मूर्ति फलक देखिन्छ। कुम्भेश्वर परिसरभित्र पनि लिच्छविकालका तीनओटा उमामहेश्वर मूर्ति छन्। कैलाशमा स्थित उमामहेश्वर मूर्ति सन् १९८५ मा चोरी भएकोले हाल त्यस्तै शैलीमा नयां मूर्ति स्थापना गरिएको छ। कैलाश जादा चढ्ने भऱ्याङ्गको दायाँतर्फको कुनामा दुइवटा प्राचीन मूर्ति देखिन्छन्। उपत्यकामा प्राप्त भएका विभिन्न समयका उमामहेश्वर मूर्तिको शैलीभन्दा कुम्भेश्वरको यो मूर्ति फलकको शैली फरक छ। शिवको चारवटा हातमध्ये अगाडिको दायाँ हात वरद मुद्रामा र पछिल्लोले नन्दीको सिङ् समातेको छ त्यस्तै बायाँतर्फको माथिल्लो हात अभय मुद्रामा छ र रुद्राक्ष माला समातेको छ, बायाँतर्फ पृष्ठभूमिमा त्रिशुलको चित्र कोरिएको छ। अरू शैव मूर्तिमा देखिने त्रिशुलभन्दा यो फरक ढङ्गले बनाइएको छ। बायाँतर्फको हातमै तुम्बी लिएको देखिन्छ। शिवको मुहार खण्डित भएकोले भावभङ्गी थाहा पाउन सकिँदैन। शिरमा लगाएको तीन चोसे मकुट भने प्रष्ट छ। कानमा कुण्डल, गलामा कण्ठहार, पाखुरामा केयुर र काँधसम्म लत्रिएको जटा वनाउन कलाकारले मिहेनत गरेको प्रष्ट देखिन्छ। शिवको छाती चौडा फराकिलो र पाखुरा पुष्ट देखिएबाट यो मूर्तिको प्राचीनता सहजै अनुमान गर्न सकिन्छ। शिवभन्दा अलिक तल तल्लो आसनमा पार्वती बसेकी छिन्। अरू उमामहेश्वर फलकमा जस्तो

यसमा पार्वतीको बसाइँ अस्वभाविक ढङ्गको छैन । पार्वतीको दाहिने हातमा एउटा कमलको फूल छ। पार्वती र सेविकाको बीचमा एउटा बालक उभिएको देखिन्छ । उमामहेश्वर फलकमा तल्लो खण्डमा गणपतिको रूपमा गणेशलाई कुँदने चलन छ। यसैले यो बालक कुमारको रूपमा देखाइएका हुन्। कुमारको पछाडि पार्वतीको सेविका दायाँ हातमा चामर र बायाँ हातमा केही खानेकुरा लिएर अलि अग्लो आसनमा बसेकी छिन् । सेविकाले घाँटीमा लगाएको कण्ठहार, गोडामा लगाएको कल्लीको ढाँचा पशुपति तीलगङ्गाको त्रिविक्रम वामन विष्णुमूर्ति फलकको विन्दयावलीको जस्तै छ । यो मूर्ति फलकको सबैभन्दा माथिल्लो खण्डको दायाँ र बायाँ शिवरक्षकको छातीसम्म कुँदिएको भाग देखाइएको छ। रक्षकको हातको त्रिशुल भाग प्रष्टसँग चिनिन्छ । यो मूर्ति फलकको कलाकृति हेर्दा प्रारम्भिक अवस्थाको भनेर सहजै अनुमान गर्न सकिन्छ। मूर्ति फलकमा गङ्गा र गणहरूको अनुपस्थितले पनि यस कुरालाई प्रमाणित गर्दछ। यो मूर्ति पाँचौं/छैठौं शताब्दीमा बनिसकेको थियो ।

यो उमामहेश्वर फलकसँगै त्यही कुनामा अझ पुरानो उमामहेश्वरको खण्डित अर्को मूर्ति छ। नन्दी र शिव पार्वती मात्रै कुँदिएको यस फलकमा आयुध, गण, रक्षक, गङ्गा आदि केही पनि कुँदिएको छैन। शिवपार्वती र नन्दीको अनुहार खण्डित भएकोले भावभङ्गी भन्न सकिदैन। चौथा/पाँचौं शताब्दीताका बनेको यो उमामहेश्वर मूर्ति फलक बेवास्ता गरेर त्यस्तै फालिएको छ। भक्तजनले पनि यी उमामहेश्वरलाई पूजा गर्दैनन्। तर कलाको दृष्टिकोणबाट यी दुवैमूर्ति महत्त्वपूर्ण छन् । उमामहेश्वर मूर्तिफलकको विकासक्रममा यी दुवै फलकको साह्रै ठूलो महत्त्व छ।

कुम्भेश्वर/सर्वेश्वर मन्दिर परिसरको कैलाशमा स्थापित उमामहेश्वर (अक्टोवर २०, १९८५ मा चोरी भएको) कलाको दृष्टिकोणबाट उत्कृष्ट मूर्ति फलक हो। करीव ३० ईन्च उचाइ भएको खरानी रङ्गको लाईम ढुङ्गामा कुँदिएको कैलाशको यो उमामहेश्वर फलक माथिल्लो भागमा सूर्य, चन्द्र र जलहरी सहितको शिवलिङ्ग बनाइएको छ । माथिल्लो भागमै स्त्रीरूपमा गङ्गानदीलाई दर्शाइएको छ । चारवटा हात भएकी गङ्गाले दुवै हातले समातेको पछ्यौरी हावामा उडेको भाव झल्काउन कलाकार सफल भएका छन् । शिवपुराणमा वर्णन गरिएअनुसार स्वर्गबाट गङ्गा पृथ्वीमा आउँदा शिवले

आफ्नो जटामा त्यसको भार थामेको दृश्य कलाकारले निपूर्णतासाथ देखाएका छन्। फलको माथि गङ्गाको प्रस्तुति स्त्रीरूपमा छ भने उनको हातबाट वर्सेको जलधारा नदीको रूपमा शिवजटामा पुगेको छ। कलाकारले प्रतिमाविज्ञान र धर्मशास्त्र दुवैको अध्ययन गरेर त्यहाँको निर्देशनलाई पूर्णरूपमा पालन गरेका छन्। सम्पूर्ण मूर्तिफलकमा कैलाशको भान दिनको लागि चट्टानको बुट्टा कुँदिएको छ। मूर्तिफलकको बीचको भागमा श्रृङ्गारीक भावमा बसेका उमाहेश्वर र तिनका रक्षक, सेविका, नन्दी र बालक कुमार छन्। अण्डाकार प्रभावलि शिवको शिर पछाडी बनाइएको छ। विन्दु र अग्नी ज्वालाको बुट्टाको प्रभावलि सिङ्गारिएको छ। व्याघ्रचर्म ओछ्याएर शिव प्रसन्न मुद्रामा पार्वतीलाई अङ्गालेर सुखासनमा बसेका छन्। कलाकारले बाघको कान, आँखा, नाक र मुखसमेत व्याघ्रचर्ममा स्वभाविक ढङ्गले कुँदेका छन्। शिवको शिरमा मिलाएर खण्डखण्ड पारेको जटा, मुकुट र अर्धचन्द्र छ। जटाको केही भाग काँधमा लत्रिएको पनि छ। शिवको फराकिलो पुष्ट निधार, निधारमा ठाडोतेस्रो आँखा, लामचीला दुइ आँखा, नाक, मुख, कान, चौडा छाती, मीलेको तिघ्रा पाखुरा सबै अङ्गप्रत्यङ्ग कलाकारले खुबै मिहिनत गरेर बनाएका छन्। शिवको दायाँ कानमा सर्पकुण्डल र बायाँ कानमा पुष्पकुण्डल, गलामा रुद्राक्ष र वेलपत्रको कण्ठहार, पाखुरामा सर्पबलय, नाडीमा चुरा, लगौटी अड्याउन बुट्टे कम्मरवन्ध, वायां काँधबाट तल झरेको यज्ञोपवित आदि एक एक वस्तु शास्त्रीय निर्देशन अनुरूप नै बनेको छ। शिवको दायाँतर्फ घुडा मोडेर बसेका नन्दी छन्। नन्दीको शीरको मकुट, ढाडको जुरो, घाँटीको माला र मुहारको शान्तपन सबै नै कलाकारले मेहनत गरेर बनाएको छन्। नन्दीको दायाँतर्फ कुमार अर्धपर्यङ्क आसनमा छुट्टै बसेका छन्। शिवपार्वतीको मूल मूर्तिभन्दा कुमारको मूर्ति धेरै नै सानो छ उनको प्रसन्न अनुहार, कानमा गोलो कुण्डल, काँधमा यज्ञोपवीत, कम्मरका पटुका सबै वस्तु राम्ररी बनाइएको छ। पार्वती हल्का ढङ्गले शिवको बायां तिघ्रामाथि दायाँ हात टेकेर बसेकी छिन्। पार्वतीको देब्रे हातमा डाँठसहितको फूल छ। पार्वतीको कम्मरभन्दा माथि वस्त्र देखिँदैन। शिवको देब्रे हातले पार्वतीको स्तन हल्का ढङ्गले स्पर्श गरेको दृश्य यो उमामहेश्वर फलकमा पनि देख्न सकिन्छ। पार्वतीको कम्मरभन्दा तलको वस्त्र धोती बुट्टे कम्मरबन्धले अड्याएको छ। आसनीबाट तल झरेको पार्वतीको पाउ घुँडा मारेर बसेकी

सेविकाले हातमा थापेकी छिन् । पार्वतीको कपालको शैली, मुकुट, कानको कुण्डल, गलाको कण्ठहार, हातको बाला सवै नै सुहाउँदो एवं आकर्षक ढङ्गले बनाइएको छ । यो उमामहेश्वर मूर्तिफलकको सवैभन्दा तल्लो खण्ड विशेष चाखलाग्दो छ । चारवटा हात भएका गणेश दायाँखुट्टा भुइँमा टेकेर बीचमा नाच्दैछन् । गणेशको दायाँबायाँ ३ टाउको, ३ हात भएको ज्वरेस्वर (?) र दुब्लो पातलो भृङ्गी नाच्दैछन् । त्यस्तै, जनावरको मुख र मानिसको शरीर भएमा अन्य दुइ गण मादल र झ्याली पिट्दैछन् । शिवगणहरूले नाचगान गरेको रमाइलो दृश्य तल्लो खण्डमा देखाइएको छ । यो उमामहेश्वर मूर्ति फलक चौधौं पन्ध्रौं शताब्दीताकाको कृति हो भन्ने कुरामा शङ्का छैन । शिवपरिवारका सम्पूर्ण सदस्य यसमा उचित स्थानमा राखेर कुँदिएकोले यो मूर्ति पूर्ण र आकर्षक देखिन्छ । भक्तजनले पुरानो मूर्तिकै स्थानमा नयाँ मूर्ति बनाएर स्थापना गरेका छन् । नयाँ मूर्तिको कलाकृति पुरानोको तुलनामा निकै नै फिक्का देखिन्छ । मूर्ति विशेषज्ञहरूले पुरानो मूर्तिफलकको उत्कृष्ट कलाको प्रशंसा गरेका छन् ।[२१]

नागराज

वगलामुखी मन्दिरको पूर्वपट्टिको पाटोमा नागराजको ४१ × २० इ.लम्बाइ चौडाइ भएको भव्य ढुङ्गेमूर्ति छ । श्रावण पञ्चमीको दिनमा नागदेवताको पूजा गर्ने र मूल ढोकामा अष्टनागको चित्र टास्ने चलन हामीकहाँ व्यापक रूपमा छ । अर्धदेवता *डेमी गड*को रूपमा नागदेवताको पूजा भारत र नेपालमा निकै व्यापक छ । नागले आफ्नो स्वरूप इच्छा लागेअनुसार बदल्न सक्ने विश्वास गरिन्छ । नाग मानिसको स्वरूपमा तुरुन्तै फेरिने धार्मिक र अन्य किम्बदन्ती हामीकहाँ खवै प्रचलनमा छ । घरनजिकै पानीको श्रोत मुहान भएको ठाउँमा नागको पूजा गरिन्छ ।

शिवसँग नागको सम्बन्ध घनिष्ट छ । शिवले शरीरको विभिन्न भागमा नागको गहनाहरू लगाउँदछन् । कालकूट विष पिउनसक्ने शिव मृत्युञ्जय भएकाले विषालु सर्पहरूलाई पनि शरीरमा धारण गर्न सक्दछन् । मानिसहरूले शरीरको विभिन्न भागमा बहुमूल्य गहनाहरू लगाउने ठाउँमा शिवले सर्प धारण गर्दा गहना लगाउने कार्यलाई नै व्यंग्य गरेर प्राणघातकीय वस्तु गहना नै हुनसक्ने अर्ती प्रदान गरेको त हैन ? कुम्भेश्वर मन्दिरमा

पनि पशुपति, बासुकी नागको जस्तै भव्य मन्दिर थियो होला तर हिजोआज नागराजको मूर्ति खुला र असुरक्षित अवस्थामा छ ।

हाम्रा पुराणहरूमा नागको (क) प्रमुख र (ख) दलित दुइ प्रकारको स्वरूप देखिन्छ । शेषनागलाई बलरामको अवतार मानिन्छ र उनको पूजाअर्चना विष्णुका अवतार कृष्ण सरह नै गरिन्छ । दलित रूपमा, कृष्णको कालीयदमनस्वरूप विष्णुको शेषशायी रूप र गरुडले नागनागिनलाई समातेको स्वरूप वा परास्त स्वरूप देखाइन्छ । नागको स्वरूप भने पूरै मानव आकृति, पूरै सर्प स्वरूप वा आधा मानव आधा सर्प स्वरूपमा देखाइन्छ ।

हिन्दू र बौद्ध दुवै धर्मावलम्बीहरू नागलाई विशेष श्रद्धापूर्वक पूजा आराधना गर्दछन् । मन्दिर र विहारमा गाऱ्होको बाहिर भागमा ढोकामाथि नागजोडीको शिर र शरीर बनाइएको हुन्छ । नागलाई रक्षकको रूपमा पनि पूजा गरिन्छ । शाक्यमुनि बुद्धलाई विभिन्न समयमा नागले रक्षा गरेको थियो । नागलाई बुद्धले विशेष ज्ञानहरू प्रदान गर्नुभएको र ती ज्ञान नागले उचित समयमा नागार्जुनलाई दिएको वर्णन बौद्ध धार्मिक ग्रन्थमा पाइन्छ । पञ्चध्यानी बुद्धहरूमध्ये उत्तरदिशाका अधिपति अमोघ सिद्धिलाई फणा फिजाएर सातवटा नागले रक्षा गरेको चित्रण चित्र र मूर्तिमा पाइन्छ । पशुपति मन्दिरको पूर्व र उत्तर कोणमा रहेको प्रसिद्ध बासुकी र मूर्ति, पाटन कुम्भेश्वर र पुरातत्त्व बगैंचाको वासुकी मूर्ति पाटन सुन्दरीचोकका नागका मूर्तिहरू, काठमाडौं र भक्तपुर दरबारभित्रका धारामा रहेका नागमूर्तिहरू र टुँडिखेल छेउमा रहेको नागस्थानबाट यहाँका बासिन्दाका नागपूजा प्रतिको आस्था प्रस्ट हुन्छ ।[२२]

एघारवटा नागको गुजुल्टीएको शरीरलाई आसन र शिरलाई छाता बनाएर नागराज बसेका छन् । कम्मरभन्दा माथिको भाग नाङ्गो र तल्लो भागमा धोती लगाएका नागराजको कानमा ठूलो आकारको कुण्डल, गलामा चेप्टो हार नाडीमा वाला छ । निधारको बीचमा गोलो खोपिल्टा छ । नागमणिको विभिन्न अद्भूत कामबारे थुप्रै कथन नेपाली समाजमा प्रचलन छ । मूर्तिनिर्माण गर्दा (चारौं पाँचौ शताब्दीमा) त्यहाँ बहुमुल्य रत्न जडिएको थियो होला ।

स्थानक विष्णु/इचगुनारायण

३१ × २१ ईन्च नाप भएको एउटा पुरानो विष्णुमूर्ति कुम्भेश्वर मन्दिर परिसरको उत्तरपूर्वको सानो मन्दिरभित्र स्थापित छ । मूर्ति झट्ट हेर्दा हाँडीगाउँको

सत्यनारायण मन्दिरको नारायण जस्तै देखिन्छ। पुरानो मूर्ति भएकोले यसको समय चारौं पाँचौं शताब्दी अनुमान गर्न सकिन्छ। लैनसिंह वाङ्गदेलले यो विष्णुको मूर्तिलाई चारौं शताब्दीको मानेका छन्।[२३] मूर्तिमा देखिएको सादापन, आयुध र हस्तमुद्राको आधारमा पाचौं शताब्दीभन्दा पछाडिको मूर्ति यो होइन भनेर ठोकुवा गर्न सकिन्छ। चक्र, गदा, शङ्ख र एकहात वरदमुद्रामा छ। वाङ्गदेलले एउटा हात कोप्रो पारेर वरदमुद्रामा राखेको आधारमा पनि यस मूर्तिलाई प्राचीन मूर्ति मानेका छन्।[२४]

सर्वेश्वर महादेव मन्दिर परिसरको उभिएको विष्णुको छाती फुकेको पाखुरा पनि वलीष्ट देखिन्छ। विष्णुका प्राचीन मूर्तिहरू गरुड र लक्ष्मीविना नै बनाइएका छन् जस्तो हाडीगाउँको विष्णु पाटन कसाइटोल थापाहिटीको विष्णु, हाँडीगाउँ धनगणेश मन्दिरको विष्णु आदि। यस विष्णुको शिरमाथि सातवटा नागको फडा छाताको रूपमा कुँदिएको छ। नागफडा तल शंख पनि सुन्दरढङ्गले बनाइएको छ। सर्वेश्वर मन्दिर परिसरको प्राचीन मूर्तिमा यो पनि पर्दछ।

कुबेर

उत्तर दिशाका दिक्पाल धनसम्पत्तिका देवता, कुबेरको पूजा गरिन्छ। पुलस्त्यका छोरा विश्रवा र इडविडाको पुत्रको रूपमा कुबेरको उल्लेख शिवपुराणमा गरिएको छ। विश्रवाको छोरा भएकोले वैश्रवण कुबेर र ईडविडाको गर्भबाट जन्म लिएकाले कुबेरलाई ऐडविड पनि भनिन्छ। ब्रह्माको मानस पुत्रको रूपमा पनि कुबेरको उल्लेख गरिएको छ। घोडा, हात्ती, भेडा वा मानिसलाई कुबेरको वहानको रूपमा देखाइन्छ। प्रतिमा विज्ञानको पुस्तकमा कुबेरको मूर्ति बनाउदा पुट्ट पेट उठेको न्याउरी मुसासँगै बसेको र रत्न ओकल्न लागेको देखाउनु भन्ने निर्देशन छ। सर्वेश्वर महादेव मन्दिरको पूर्वतर्फको पेटीमा र कैलाशमा जान भऱ्याङ्ग चढ्दा दायाँतर्फ र कुबेरको छुट्टाछुट्टै मूर्ति छ , एक शिर, दुइ हात र वाहनको रूपमा घोडा कुँदिएको कुबेरको यो मूर्तिमा रत्न ओकल्न लागेको न्याउरीमुसा पनि सुन्दर ढङ्गले देखाइएको छ। मूर्तिफलक एकसरो प्रभावलिले ढाकिएको छ। कुबेरको शिरमा मकुट, गलामा हार, कानमा कुण्डल, पाखुरामा केयुर र नाडीमा चुरा सबै नै आकारमा सानो भए पनि मिलाएर कुँदिएको छ।

सर्वेश्वर मन्दिरको तोरणमा पनि कुबेरको मूर्ति कुँदिएको छ। सर्वेश्वर मन्दिर परिसरभित्र कुबेर मूर्तिको बाहुल्य छ। शिवभक्तहरूमा कुबेरको पनि गणना गरिन्छ। त्यसैले यस सर्वेश्वर (कुम्भेश्वर) मन्दिर क्षेत्रमा काष्ठ र प्रस्तरका कुबेर मूर्तिहरू निर्मित छन्। जन्मदेखिनै कुबेर (गुणनिधि) शिवभक्त थिए। लामो समयसम्म शिवआराधना गरेर तपस्या गरेपछि कुबेरले शिवदर्शन पाए। शिवको तेजले आँखा बन्द गर्नुपरेको र पछि खोलेर एकटक लागेर पार्वतीलाई हेर्दा देब्रे आँखा नै दृष्टिविहीन भएको वर्णन पनि पुराणमा पाइन्छ। शिव र पार्वती दुवैले पुत्रवत् व्यवहार र माया गरेकाले कुबेरको प्रतिमा शैवमन्दिरमा स्थापन गर्नु शास्त्रअनुरूप नै हो।

सूर्य

प्राचीन समयदेखि नै सूर्यको पूजाआजा, ब्रत नेपालको समाजमा प्रचलित छ। वैदिक देवता सूर्यलाई सम्बोधन गरिएका मन्त्रहरू वेदमा थुप्रै छन्। ऋग्वेदमा सूर्यलाई जगतको आत्मा भनिएको छ।[२५] सूयोपनिषदमा सूर्यलाई ब्रह्मा, विष्णु र रुद्रको रूप मानिएको छ। वेदमा केही देवतालाई पनि सूर्यको रूपमै मानिएको छ। ती हुन्– सवितृ, धाता, मित्र, अर्थमा, विष्णु, विवस्त, पषन, भग आदि। उपत्यकामा सूर्यका विभिन्न प्रकारका मूर्तिहरू प्राप्त छन्।

१. गोलो रूपमा आकाशमा देखिने सूर्यको स्वरूप,
२. कमलफूल हातमा समातेर मानव आकृतिमा उभिएको सूर्य,
३. सात घोडाले तानेको रथमा बसेको, एउटा मात्रै घोडामा बसेको,
४. सूर्य अन्य आठ ग्रहहरूसँगै स्थानक मुद्रामा उभिएको मूर्ति,
५. शिव र सूर्य शिवभाष्कर स्वरूपमा एउटै मूर्ति फलकमा दर्शाइनु,

सर्वेश्वर मन्दिर परिसरको पश्चिमदक्षिण कुनामा सूर्यको दुइवटा ढुङ्गेमूर्ति स्थापित छ। सात घोडाले तानेको अरूणले हाँकेको रथमा चढेको सूर्यमूर्ति नयाँ हो। उन्नाइसौं शताब्दीको अन्त्यतिर बनेको यो मूर्तिको शैली भने नेपालका प्राचीन मूर्तिहरू सरह नै छ।

सूर्यको मूर्ति चिन्ने आधार घोडाले तानेको रथ, वुट लगाएको पाउ, वरिपरि अष्ट ग्रह, दायाँबायाँ दण्ड र पिङ्गल, दुवैहातमा लामो डाँठसहितको कमलको फूल आदि हुन्। कुम्भेश्वरको तथाकथित यो सूर्यमूर्तिमा ती सबै

वस्तुको अभाव छ । वाङ्गदेलले भने जस्तो यो पुरुष मूर्तिलाई सूर्य मान्न सकिँदैन । स्थानीय व्यक्तिहरूले शितलामाई भनेर पूजा गर्दछन् तर स्त्री मूर्ति यो होइन । यस मूर्तिको तल्लो भागमा स्वास्नी मानिसहरूको सानो आकारको आकृति कुँदिएको छ तर सूर्य भन्न सकिने आधार छैन । लैनसिंह वाङ्गदेलले भने यो मूर्तिको देव्रेतर्फको हातमा पुष्पदलसहितको ठूलो कमलको फूल लिएको आधारमा सूर्यमूर्ति भनेर वर्णन गरेका छन् ।[२६] यो पुरुषमूर्तिको फराकिलो छाती, कम्मरभन्दा माथि नाङ्गो तल लत्रेको पटुका र धोतीको ढाँचा, सबै नै प्राचीन मूर्तिका शैली हुन् तर सूर्यमूर्ति भने होइन । ***मेरी स्लुसर***ले अनुमान गरेको जस्तै हारतीका पति पाञ्चिक पनि हैनन् । नेपालमा अभिलेख र मिति भएको सूर्यमूर्तिहरू थुप्रै भेट्टिएका छन् । ***मोहनराज खनाल***ले अहिलेसम्म गरिएका सर्वेक्षणका क्रममा तिथिमितियुक्त सूर्यका ४३ वटा मूर्तिहरू पाइएको उल्लेख गरेका छन् । जसमध्ये पन्ध्रौ शताब्दीदेखि अठारौं शताब्दीसम्म मात्रै ३६ वटा मूर्तिहरू तिथिमितियुक्त छन् ।[२७]

राजकृतिमहाविहार (टेवहाल) प्रवेश गर्ने ठाउँको वायाँतर्फको पसलभित्र गुहमित्रको अभिलेख छ । त्यहाँ उल्लेख भएअनुसार राजा मानदेवबाट राम्ररी पृथ्वीको पालन गरिरहनुभएको बेलामा, कल्याण चिताउने सार्थवाह गुहमित्रले संवत् ४०२ आषाढ शुक्ल पूर्णिमाको दिन इन्द्रनामक भगवान् सूर्यलाई भक्तिपूर्वक यहाँ स्थापना गरे..... ।[२८]

ने.सं. १८५ (ई.स. १०६४) को प्रद्युन्नकामदेवको पालामा स्थापित सूर्यमूर्ति, ने.सं. २०३ (ई.स.१०८२)मा स्थापित सौगलटोलको सूर्यमूर्ति, ने.स.२७९ (इ.स. ११५९) को नक्सालको सूर्यमूर्ति ने.स. ५१४ (इ.स.१३९३ को वनेपाको सूर्य मूर्ति लिच्छवि कालपछि यस सम्प्रदायमा वढेको आस्थाबारे केही भन्न सकिन्छ ।

भक्तपुरको सङ्ग्रहालयमा ने.सं. ५८९ (इ.सं १४६८)को सूर्यमूर्ति प्रदर्शन गरिएको छ । सिद्धपोखरीबाट ल्याएको चन्द्र र सूर्य दुवै मूर्ति भक्तपुर सङ्ग्रहालयमा छन् । मण्डलाकार सूर्य मूर्तिको वरिपरि अन्य आठ ग्रहहरू कुँदिएका छन् । सातवटा वायुपङ्खी घोडाले सूर्यको रथ तानेको छ । सर्वेश्वर महादेव मन्दिरको नयाँ सूर्य मूर्तिमा भने अन्यग्रहहरू छैनन् । दायाँबायाँ अन्धकारलाई हटाउन लागेको उषा र प्रत्युषा देखाउने प्रचलन छ । यस मूर्तिमा भने धनुषले अन्धकार हटाउन लागेको दुइ पुरुषलाई देखाइएको छ । सूर्यका दुवै हातमा

फक्रिएको कमलको फूलको डाँठ छ। इ.सं १३९४ को बनेपाको सूर्यमूर्ति र सर्वेश्वर महादेव मन्दिरको सूर्यमूर्तिको शैलीमा सामञ्जस्य पाइन्छ।

बगलामुखी मन्दिरको पश्चिमपट्टि अग्लो पेटीमा छानेशैलीका दुइवटा मन्दिर छन्– मन्दिरको गर्भगृहमा केदारनाथ र वद्रीनारायणका मूर्ति स्थापित छन्।

केदारनारायण

चारवटा हातमा शङ्ख, चक्र, गदा र पद्म लिएर समपाद मुद्रामा उभिएका नारायणको दायाँ र बायाँ लक्ष्मी र सरस्वतीको आर्कषक साना मूर्ति र फलकमा तल्लो खण्डमा गरुड कुँदिएका छन्। जलहरीमाथि स्थापना गरिएको केदारनारायणको शिर पछाडि ज्वालावलि, प्रभावलि पालकलाको प्रभावले हावादारी शैलीको छ। बीसौं शताब्दीमा पुनर्निर्माण गरिएको छानेशैलीको सानो मन्दिर भए पनि यो आकर्षक छ। हिन्दूहरूको चारधाम वद्री केदारनाथ, रामेश्वरम, द्वारका र जगन्नाथ तीर्थस्थलमा पुग्न नसके पनि यहाँ पूजाआराधना गर्दा त्यही फल प्राप्त हुने विश्वास गरिन्छ।

वद्रीनारायण

वद्रीनारायणको मूर्ति स्थापना गरेको मन्दिर पनि दुइतले नै छ। भुइँतलाको गर्भगृहमा चारवटा हातमा विविध आयुध लिएका वद्रीनारायणको ढुङ्गेमूर्ति छ। दायाँतर्फको माथिल्लो हातमा गदा र तल्लोमा शङ्ख लिएका वद्रीनारायणको मूर्ति छ। वद्रीनारायणको दुवैतर्फ कमलको फूलमाथि देवीहरू छन्। वद्रीनारायण मन्दिरको उत्तरतर्फको पेटीमा प्रस्तरका चारवटा शिलालेखहरू छन्। सर्वेश्वर मन्दिरको पश्चिमतर्फ नन्दी स्थापना गरेको खम्बासँगै रहेको ठूलो अभिलेख शङ्करनारायण स्थापना गरेको पाटीको शिलालेख र मन्दिर परिसरभित्रै रहेको पोखरीको शिलालेख गरेर अन्य छ/सात वटा शिलालेख पनि अध्ययनको क्रममा महत्त्वपूर्ण छन्।

हरिशङ्कर (हरिहर)

सर्वेश्वर महादेव मन्दिरको मूलढोकाबाटभित्र प्रवेश गरेपछि दायाँतर्फको पाटीको एउटा कोठामा हरिशङ्करको मूर्ति स्थापना गरिएको

छ। सनातनधर्मको विभिन्न सम्प्रदाय मध्ये शैव र वैष्णव प्रमुख हुन्। दुवै सम्प्रदायका अनुयायीहरूले शिव र विष्णु भनेका एकै हुन् भन्ने भाव बुझन भनेर नै यस्ता एकाकार स्वरूपका मूर्तिहरू कुँदिएको देखिन्छ। ३४×१४ इन्च अग्लाइ र चौडाइ भएको यो हरि शङ्करको मूर्ति सबैभन्दा तल्लो खण्डमा पद्मपीठ बनाइएको छ। एक शिर, दुइ पाउ र आठ हात कुँदिएको यो मूर्तिको दायाँतर्फ शिवको अंशतर्फ नन्दी र बायाँतर्फको विष्णुको अंशमा गरुड वाहनको रूपमा कुँदिएको छ। हरिशङ्करले दायाँपाउ, नन्दी र बायाँपाउ गरुडमा टेकेका छन्। मूर्ति फलकको दायाँ र बायाँ पार्वती र लक्ष्मी कमल फूलको आसनीमा उभिएका छन्। कुनै पनि मूर्ति फलकमा मूल देवताभन्दा अरू देवताहरू सानो आकारमा कुँदिने नियम अनुरूप नै यस फलकमा पनि हरिशङ्कर भन्दा पार्वती र लक्ष्मी साना आकारमा कुँदिएका छन्। पार्वती र लक्ष्मीको मूर्ति सानो भए पनि केशसञ्जा, मुकुट, कान, घाँटी र नाडीका गहना र वस्त्र आकर्षक ढङ्गले बनाइएको छ। यो हरिशङ्करको मूर्ति देखेपछि पाटन हरिशङ्कर मन्दिरको हरिशङ्कर, देवपाटनको हरिशङ्कर, रानी पोखरीको हरिशङ्कर र भक्तपुर राष्ट्रिय सङ्ग्रहालयको हरिशङ्कर (हरिहर) को सम्झना हुन्छ। कलाको दृष्टिकोणबाट भक्तपुर रा.स. को हरिहरमूर्ति सर्वोकृष्ट छ। सर्वेश्वर मन्दिरको हरिशङ्करमूर्ति फलकमा शिव र विष्णु दुवैको वहान नियमअनुरूप नै बनाइएको छ। आयुध, गहना, माला र वस्त्रको प्रस्तुति भने भक्तपुरको मूर्तिमा सारै सुन्दर ढङ्गले गरिएको छ। शिवपट्टिको मालामा मुण्डमाला र विष्णुतर्फको माला तुलसीपत्र राम्ररी छुट्याउने गरेर वनाइएको छ। सर्वेश्वर महादेव मन्दिरको हरिशङ्कर मूर्तिमा पनि शिवको कानमा सर्प कुण्डल र विष्णुको कानमा रत्नकुण्डल, घाँटीमा कण्ठहार, घुडासम्म लत्रने वनमाला र शिव र विष्णुको आ-आफ्नो अर्ध भागमा आफ्नो प्रमुख आयुध दर्शाइएको छ।

हरिशङ्करको (हरिहर) मूर्तिबारे चर्चा गर्दा देवपाटन गचाननिको संवत् ४८७ (इ.५६५) को स्वामीवार्तले स्थापना गरेका मूर्तिको सम्झना हुन्छ। त्यस मूर्तिको पादपीठमा रहेको सुन्दर शैलीको भाषाद्वारा त्यसबेलाको राजनीति र विभिन्न सम्प्रदाय लागेका मानिसहरूलाई राम्रो अर्ती दिइएको छ। त्यस्तै संसारमा मानिसहरूको भिन्नाभिन्नै देवताहरू भक्तिभाव हुन्छ

पक्षपातमा परेर मनमा भ्रम भएका ती मानिसहरूको पक्षपात हटाउनको लागि विष्णुले र महादेवले आधा आधा भई यसरी जुन एउटै रूप लिनुभएको त्यस (रूप) ले रक्षा गरोस् ।[२९]

स्वामीवार्तले स्थापना गरेका मूर्ति इ. १३४९ मा भएको शमसुद्दीनको विनाशकारी आक्रमणबाट नष्ट भएको थियो ।[३०] यसरी छैठौं शताब्दीदेखि अठारौं शताब्दी सम्मनै हरिहरको मूर्ति स्थापना गर्ने प्रचलन नेपाली समाजमा पाइन्छ । धार्मिक सहिष्णुताको यो राम्रो उदाहरण हो ।

ढुङ्गेधाराका महत्त्वपूर्ण मूर्तिहरू

१. **उमामहेश्वर (मृतुञ्जय)** - चौंधौं-पन्ध्रौं शताब्दी

२. **चतुर्मुख विष्णु** - दशौं-एघारौं शताब्दी

३. **शिव भास्कर** - बाऱ्हौं-तेऱ्हौं शताब्दी

४. **वलराम/कालियदमन** - आठौं-नवौं शताब्दी

५. **उमामहेश्वर** - आठौं-नवौं शताब्दी

६. **हरिहर** - दशौं-एघारौं शताब्दी

७. **उभिएका शिवपार्वती** - सत्रौं-अठारौं शताब्दी

८. **घण्टाकर्ण (स्कन्द/कुमार)** - आठौं-नवौं शताब्दी

सर्वेश्वर मन्दिरको मूलढोका वाहिर पशिचमपट्टि नै टाँसिएको ढुङ्गेधारा कलाकृतिको दृष्टिकोणबाट त्यति महत्त्वपूर्ण छैन । पशिचमउत्तर कुनामा गणेश मन्दिरसँगैको फराकिलो ढुङ्गेधारामा रहेका मूर्तिहरूमध्ये केहीको यहाँ वर्णन गरिन्छ ।

उमामहेश्वर (मृत्युञ्जय) चौधौँ/पन्धौँ, शताब्दी

कुम्भेश्वर धाराको पशिचमपट्टिको भितामा एउटा नौलो शैलीको उमामहेशवर मूर्ति छ । २१ × २० ई. नाप भएको यो उमामहेश्वर मूर्ति मल्लकालको एउटा उत्कृष्ट नमूना हो । फलकको सबैभन्दा माथिल्लो खण्डमा छत्र, हातमा फूल माला लिएका परीहरू त्यस्तै बीचको भागमा चारवटा हात भएका शिवरक्षकहरू शिवकै आयुध र भेषभूसामा दर्शाइएको छ । यो मूर्ति फलकको बीचको भागमा कुँदिएका शिवपार्वतीको बसाइँ र हातमा लिएको कुम्भ भने नौलो शैलीको छ । ठूलो फक्रेको कमलको फूलमाथि

शिवपार्वती पलेटी कसेर बसेका छन् र शिवको बायाँ तिघ्रामाथि नै पार्वती पनि पलेटी कसेर बसेकी छिन्। शिव र पार्वती दुवै प्रसन्न मुद्रामा छन्। नेपालमा आजसम्म प्राप्त उमामहेश्वर मूर्तिमध्ये नौलो प्रस्तुतिको कारण यो चर्चित छ। रामले रावणको वध गरेपछि अयोध्या फर्केर आयोजान गरेको यज्ञमा अगस्त्य ऋषि आएनन्। त्यसपछि ऋषिको कुटी भएको सर्वेश्वर क्षेत्रमा राम आफैं पाल्नुभयो। ऋषिको सल्लाहअनुसार ब्रह्महत्या (रावण) मोचन गर्न रामले कोटी तीर्थको जल मन्त्रणा गरेर सर्वेश्वर क्षेत्रमै निकाल्नुभयो। गोसाइँकुण्ड (गौरीकुण्ड) नामले प्रसिद्ध कुण्ड नै रामले मन्त्रणा गरेर निकालेको जल मानिन्छ। रामको ब्रह्महत्या मोचन भएपछि अगस्त्य ऋषि अयोध्या जानुभयो। अयोध्याबाट फर्केर ऋषिले सर्वेश्वर क्षेत्रमै बसेर तपस्या गर्नुभयो। कलशबाट उत्पन्न भएको कुम्भेश्वर शिवलिङ्गलाई पनि स्थापना गर्नुभयो। सर्वेश्वरको मूल लिङ्ग भएको गर्भगृहको पूर्वउत्तर कुनामा सानो स्वरूपको कुम्भेश्वरलिङ्ग स्थापना गरिएको छ। यसरी यही क्षेत्रमा हातमा कुम्भ लिएका शिवपार्वतीको मूर्ति प्राप्त हुनमा शिवको कुम्भेश्वर स्वरूपको झल्को दिइएको मान्न सकिन्छ।

शिवको विभिन्न स्वरूपमध्ये एउटा मृत्युन्जय रूप हो। कालका पनि काल शिवको अराधनाबाट मृत्युलाई जित्न सकिन्छ। यही भाव यो उमामहेश्वर फलकमा देखाइएको छ।

चतुरमूर्ति (चतुरमुख) विष्णु

सर्वेश्वर मन्दिरको ढुङ्गेधाराको बीचमा ठूलो जलहरीमाथि गरुड र लक्ष्मीसहित समपाद मुद्रामा उभिएका विष्णुको मूर्ति छ। चारैदिशामा कुँदिएको यो विष्णुको मूर्तिले शिवलिङ्गको सम्झना गराउँछ। १४ × १२ ई. नापको यो मूर्ति त्यस ढुङ्गेधाराको मुख्य आकर्षणको केन्द्र भएको छ। विष्णुको विभिन्न प्रकारका मूर्तिहरू कुँद्ने नियम प्रतिमा विज्ञानको पुस्तकमा पाइन्छ। जसमध्ये लक्ष्मी र गरुड दायाँबायाँ बसेको स्थान स्वरूप, गरुड बसेको आसनमूर्ति, नागको बिछ्यौनामा सुतेको शयन मूर्ति आदि प्रमुख हुन्। यीबाहेक विष्णुको परिवारका सदस्यहरू शंकर्षण (वलराम), प्रद्युम्न र अनिरुद्रलाई पनि एउटै मूर्तिफलकमा चारैतिर कुँदेर चतुर्व्यूह स्वरूप पूजने चलन पनि नेपाल र भारतमा पाइन्छ। चतुर्व्यूहमूर्तिको राम्रो उदाहरण

पाटन दरबारक्षेत्रको चारनारायण, (ने.सं. ६८६/इ.सं.५६६ मा पुरन्दर सिंहद्वारा स्थापित) चाँगुनारायणको चारनारायण र नारायणहिटिको चारनारायण, (भक्तपुर तुलाछेंटोलको चतुर्व्यूहमूर्ति, नक्साल ढुङ्गेधाराको मूर्ति, दत्तात्रेयमन्दिर अगाडिको चतुर्व्यूह, शंखमूलको चतुर्व्यूहमूर्ति, मालिगाउँको चतुर्व्यूहमूर्ति आदि प्रमुख छन् । यसमध्ये कुम्भेश्वर र मालीगाउँको मूर्तिमा चारै दिशामा विष्णु, लक्ष्मी र गरुड कुँदिएको छ तर आयुध भने फरक छैन । त्यसैले यी मूर्तिलाई चतुर्व्यूहभन्दा चतुर्मूर्ति भन्नु उपयुक्त हुन्छ ।

मालीगाउँस्थित (२२ × १३ ई.) बाह्रौं शताब्दीताकाको चतुर्मूर्ति सूक्ष्म कलाकारिताले गर्दा चर्चित छ । सर्वेश्वर मन्दिर ढुङ्गेधाराको चतुर्मूर्तिको शारीरिक बनोट र कला भने त्यति उत्कृष्ट देखिँदैन । चतुर्व्यूह, चतुर्मूर्ति, चतुर्मुख आदि नामले सम्वोधन गरिने यस्ता मूर्तिहरूलाई नारायण मात्रै पनि भनिएको छ । उदाहरणको रूपमा नारायणहिटी स्थानको एउटा अभिलेख देखाउन सकिन्छ । त्यहाँ वर्णन गरिएअनुरूप ब्राह्मण वंशीधर ओझा (ले) माघ त्रयोदशीका दिन श्रीनारायण (चतुर्व्यूह नारायण) को वर्षवन्धन गर्नुपर्ने (उल्लेख) छ ।[३१] चतुर्व्यूह (चार स्वरूप) नारायणबाहेक विष्णुको चतुर्विंशति (चौबीसस्वरूप) स्वरूपमा मूर्तिनिर्माणबारे रूपमण्डन, अग्निपुराण, पद्मपुराण, मानसोल्लासमा विस्तृत उल्लेख पाइन्छ ।

जीतेन्द्रनाथ वनर्जीले वासुदेवका मूर्तिहरूको यस्तो वर्गीकरण गुप्तकाल अघि नै भैसकेको उल्लेख गर्नुभएको छ ।[३२]

अहिर्बुधन्यसंहितामा वासुदेव, सङ्कर्षण, प्रद्युम्न र अनिरुद्रबाटै चतुर्विंशति विकासको स्वरूप बुझाइएको छ ।

१. **वासुदेव** - केशव, नारायण र माधव

२. **सङ्कर्षणाबसू** - गोविन्द, विष्णु र मधुसुदन

३. **प्रद्युम्नबाट** - त्रिविक्रम, वामन र श्रीधर

४. **अनिरुद्रबाट** - ऋषिकेश, पद्मनाम र दामोदर

यी सोह्र रूपबाहेक अरू आठ रूपको पनि वृहत्संहितामा उल्लेख छ । पुरुषोत्तम, अधोक्षज नरसिंह र अच्युतको स्वरूपबाट जनार्दन, उपेन्द्र हरि र कृष्णको उत्पत्ति भएको मानिन्छ ।[३३]

यसरी विष्णुका चार र चौबीस स्वरूप निर्माण गरेर पूज्ने चलन भारत र नेपालमा धेरै पहिलेदेखि नै पाइन्छ । चतुर्मुख विष्णुमूर्ति १. माधवादि

चतुर्मुख र २. वासुदेवादि चतुर्मुख विष्णु गरेर दुइ प्रकारका छन्। यस्ता मूर्तिमा विष्णुको शरीर एउटै हुन्छ, शिर लक्षणअनुसार र बाहुमा विविध आयुध हुन्छ। जस्तो माधवादि चातुर्मुख विष्णुको पूर्वपट्टि शान्त माधवको मुख, दक्षिणपट्टि नृसिंहको मुख, पश्चिमपट्टि कपिलको मुख र उत्तरपट्टि वराहको मुख हुन्छ। यो लक्षणअनुसारको विष्णुमूर्ति चाँगुनारायणको ईशानपट्टि छ। यस्तै वासुदेवादि चतुर्मुख विष्णुको चार शिर हुन्छ। वासुदेवको हातमा चक्र र शङ्ख, सङ्कर्षणको हातमा मुसल र हलो, प्रद्युम्नको हातमा धनु र वाण र अनिरुद्रको हातमा चर्म र खड्ग आयुधको रूपमा देखाउनु पर्दछ। विष्णु धर्मोत्तरमा प्रष्टसँग वासुदेवादि चतुर्मुख विष्णुको लक्षण बताइएको छ।

द्वौ द्वौ भुजौ तु विज्ञेयौ प्रतिवक्त्रं महात्मनः
वासुदेवस्य करयो विज्ञेयौ सर्परात्रियौ
सङ्कर्षणस्य करेयोस्तथा मुसललाङ्गले
प्रद्युम्नस्य तथा ज्ञेयौ चाप्रवाणैं महाभुजः
अनिरुद्धस्य विज्ञेयौ चर्मखड्गौ विचक्षणैः

व्यूहमूर्तिकाबारेमा पनि विष्णुधर्मोत्तरमा प्रष्टसँग वर्णन गरिएको छ। चार रूप एउटै मूर्तिफलकमा कुँदने (चतुर्व्यूह) र चौवीसवटा (चतुर्विंशति) विष्णुको रूपहरू र आयुधको फेरबदल गरेर बनाउने प्रचलन छ। नेपालमा विष्णुको चतुर्व्यूहस्वरूप कुँदिएका मूर्तिफलकहरू काठमाण्डौं, पाटन र भक्तपुरमा पनि प्राप्त भएका छन्। केही मन्दिरभित्र स्थापित चतुर्व्यूह मूर्तिमा भने देवताको लक्षणअनुरूप विविध आयुध कुँदिएका छन्। अधिकांश व्युहमूर्तिमा भने एउटै प्रकारका आयुध छन्। मालीगाउँ र कुम्भेश्वर ध्वंसको व्यूहमूर्तिमा पनि विष्णुको आयुध एकै प्रकारका छन्। त्यसैले यस्तो मूर्तिलाई चतुरमुख मात्रै भनेर वर्णन गरिन्छ। मालीगाउँको पन्ध्रौं शताब्दीताकाको यस्तै शैलीको मूर्तिलाई ***मेरी स्लसर***ले चतुर्मुख भनेर वर्णन गरेकी छिन्।[३४]

सर्वेश्वर/कुम्भेश्वरको ढुङ्गेधाराको बीचमा स्थित विष्णुको मूर्तिलाई पनि चतुर्मुखविष्णु भन्न सकिन्छ। पाटन शंखमूल धारमा एउटा सुन्दर वासुदेव चतुर्व्यूहमूर्ति छ। नदी किनारको भकारीमाथि रहेको त्यस मूर्तिमा चारै दिशामा वासुदेवको चारैवटा बेग्लाबेग्लै स्वरूप विविध आयुधले सजिएको छ। शंखमूलको विष्णुव्यूह मूर्ति हो भने कुम्भेश्वर धाराको चतुर्मुख विष्णु मूर्ति हो। विष्णुका चारवटा हातमध्ये दायाँ माथिल्लोमा चक्र, तल्लोमा पद्म

र वरदमुद्रा, देब्रेतर्फको माथिल्लो हातमा गदा र तल्लोमा शंख छ। विष्णुको नाइटोभन्दा माथिको भाग नाङ्गो छ र तल्लो भागमा पटुकासहित धोती लगाइएको छ। शिरमा मुकुट, कानमा कुण्डल, गलामा हार, पाखुरामा केयुर, नाडीमा बाला र देब्रे काधबाट झरेको जनै सबै नै यथास्थानमा मिलाएर बनाइएको छ। विष्णुको आसनीको कमलको फूल अलंकृत छ। लक्ष्मी र गरुडको लागि पनि पद्मासन बनाइएको छ। विष्णुको दायाँतर्फ लक्ष्मी त्रिभङ्ग मुद्रामा उभिएकी छिन्। दुइवटा हातमध्ये दायाँतर्फको हात वरदमुद्रामा र बायाँतर्फको हातमा डाँठसहितको कमलको फूल छ। केश सज्जा, गरगहना, धोतीको बुट्टा सबै नै सुन्दर आकर्षक देखिए पनि शरीर अलि पुड्को र नमिलेको जस्तो छ। बायाँतर्फ गरुड अरू विष्णु फलकमा जस्तै अञ्जलि मुद्रामा छन्। नमस्कार गरेर उभिएका गरुडको कानमा कुण्डल र पाखुरा, नाडी र गोडामा सर्पको गहना छ। गरुडले पनि कम्मरभन्दा तल धोती र पटुका लगाएका छन्। विष्णु मूर्तिहरूमा गरुडको उपस्थिति अनिवार्य मानिन्छ। वैष्णव मन्दिरहरूका अग्रभागमा खम्बामाथि भक्तको रूपमा गरुडलाई प्रस्तुत गर्ने प्रचलन नेपालमा निकै पाइन्छ। गरुडको दुइ हातमा छत्र र पूर्ण कलश बनाउनुपर्दछ, त्यस्तै अरू दुइ हात अञ्जलि मुद्रामा देखाउनुपर्दछ। सर्वेश्वर मन्दिर परिसर र ढुङ्गेधारामा शैवसम्प्रदायसँग सम्बन्धी मूर्तिहरूको बाहुल्य हुँदाँहुदै पनि आठवटा वैष्णव सम्प्रदायसँग सम्बन्धित मूर्तिहरू छन्। चतुर्मुख विष्णुको मूर्ति यी सबै मूर्तिहरूमध्ये महत्त्वपूर्ण मानिन्छ।

अमरकोशमा गरुडलाई गरुर्डमान्, गरुड तार्क्ष्य, वैनतेय, खगेश्वर, नागान्तक, विष्णुरथ, सम्पूर्ण, पन्नगाशन आदि नामले सम्बोधन गरिएको छ। महाभारतको आदिपर्वमा विष्णुले गरुडलाई आफ्नो वाहन बन्न अनुरोध गरेपछि गरुडले स्वीकार गरेका थिए। विष्णुपुराणमा गरुडको महत्त्व विस्तृत ढङ्गले वताइएको छ। विष्णुसँग गरुडको सम्बन्ध भएजस्तै उनका भाइ अरूणको सूर्यसँग छ। सूर्यको सारथी गरुडका दाजु अरूण हुन्। लिच्छविकालदेखि आधुनिक कालसम्मका गरुडमूर्तिको संख्या १४२ वटा भएको कुरा *खनाल*जीले वताएका छन्।[३५] प्रतिमा-विज्ञान पुस्तकमा गरुडको प्रतिमा बनाउँदा दुइदेखि आठवटा हातसम्म बनाउन सकिने, चराको मुख र नङ्ग्रा वा मानिसकै मुख र शरीर बनाउन सकिने नियम बताइएको छ।

श्रीतत्त्वनिधि ग्रन्थमा गरुडको हात अञ्जलिमुद्रामा देखाउनुपर्ने नियम तोकिएको छ। यसै नियमलाई पछ्याएर नेपाली कलाकारले बनाएका प्रायः सम्पूर्ण गरुडमूर्ति र सर्वेश्वर मन्दिर बाहिरको ढुङ्गेधारामा स्थित चतुर्मूर्तिको गरुड पनि अञ्जलिमुद्रामा छन्। गरुड मूर्तिलाई चिन्ने एउटा प्रमुख आधार पखेटा हो। त्यसैले यो फलकमा पनि नमस्कार मुद्रा र पखेटाले मात्रै गरुड चिनिन्छन्। मान सत्रअनुसार गरुडको प्रतिमा नौ तालमा बनाइनुपर्दछ। विष्णुधर्मोत्तर र रूपमण्डनमा गरुडको अझ विस्तृत वर्णन गरिएको छ। चारै दिशाको प्रतिनिधित्व गर्ने गरेर एउटै मूर्ति फलकको पूर्व, पश्चिम, उत्तर र दक्षिणतर्फ शिव, विष्णुको साथै बुद्धको पनि विभिन्न रूप कुँदने प्रचलन नेपालमा छ।

शिव-भाष्करमूर्ति

नेपाल उपत्यकामा विभिन्न प्रकारका सूर्यमूर्तिहरू प्राप्त भएका छन्। तीमध्ये कुम्भेश्वर ढुङ्गेधाराको उत्तरतर्फ रहेको शिवभाष्कर मूर्ति एउटा छुट्टै कलाकृतिले गर्दा चर्चामा छ। १८ × १४ नाप भएको कमसल खालको ढुङ्गामा कुँदिएको यो मूर्ति खिइसकेकोले अध्ययन गर्न निकै गाह्रो छ। उपत्यकाभित्र शिव र सूर्यको यस प्रकारको मूर्ति जम्मा दुइवटा प्राप्त छन्। एउटा कुम्भेश्वर धारामा र अर्को चोभारमा। *अर्याल*जीअनुसार यसप्रकारको शिव भाष्कर मूर्ति भारतमा पनि प्राप्त छैनन्। विशाल भारतमा पनि अप्राप्य मूर्ति भएकोले शिवभाष्कर मूर्तिको विशेष महत्त्व छ।[३६] सम्वत् ३१८ (१२६१ ई.सं.)को फर्पिङ टुटेपानीको अभिलेखबाट पनि सूर्य, शिवभाष्करबारे धेरै कुरा थाहा पाइन्छ। यस अभिलेखको शीर्षभागमा सूर्यस्तोत्र कुँदिएको छ। त्यहाँ बताएअनुरूप शिव र सूर्य दुइ नभई एउटै देवता हुन्। अभिलेखमा बताएअनुसार मोहरूपी अन्धकारमा परेका प्राणीहरूलाई ज्ञानरश्मिद्वारा उद्धार गर्ने भनी सूर्यदेवलाई मानिसबाट सूर्यलाई ज्ञानको देवताको रूपमा पनि लिएको देखिन्छ। [३७] कुम्भेश्वर धारा र चोभारको शिवभाष्कर मूर्तिशैली, विषयवस्तु उस्तै छ। कुम्भेश्वर धाराको मूर्ति बढी जीर्ण देखिन्छ। मूर्तिफलकमा सबभन्दा तल सूर्य-रथ दौडाउने घोडा कुँदिएको छ। फलकको दायाँबायाँ विभिन्न देवता कुँदिएका छन्। मूर्ति फलकको ठीक बीच भागमा दुवै हातमा कमलको फक्रिएको फूल लिएका सूर्य छन्। सूर्यभन्दा पछाडि तर

केही माथि अक्षयमाला त्रिशुल हातमा लिएका शिव छन् । मूर्ति फलकको सबैभन्दामाथि आकाशमा हातमा फूलको माला लिएर उड्दै गरेका परीहरू दर्शाइएका छन् । हिन्दूदर्शनको निचोडको रूपमा ब्रह्मा, विष्णु र महेश्वरको एकाकार स्वरूप लिइन्छ । सूर्यनारायण भन्ने शब्दबाटै सूर्यलाई विष्णुको रूपमा पनि मानिने कुरो प्रष्ट छ । धार्मिक ग्रन्थहरूमा विष्णुकै शिर आकाशमा पुगेर सूर्य भएकोसमेत उल्लेख छ । यसरी विष्णु, शिव र ब्रह्माको एकाकार स्वरूप शिवभाष्कर मूर्ति देखाउन खोजिएको हो । यसै प्रसङ्गमा पनौतीको सूर्यको मूर्तिमा दायाँबायाँ शिव र विष्णु कुँदिएको छ । त्यसमा ब्रह्माको स्वरूप नै सूर्य हो भनेर देखाइएको छ । विद्वानहरूले समेत तर्कपूर्ण र चितवुझ्दो ढङ्गले सूर्यभाष्कर शब्द र मूर्तिबारे व्याख्या गरेका छैनन्। *प्रतापादित्य पाल* र *डी. भट्टाचार्य*ले फर्पिङ्गको शिवभाष्कर शब्द परेको अभिलेखको उल्लेख त गरेका छन् तर त्यससम्वन्धी कुनै तर्क दिएका छैनन् ।[३८]

*लैनसिंह वाङ्देल*ले बाह्रौं शताब्दीको सूर्य भनेर यस मूर्तिको उल्लेख गरेका छन् । *अर्याल*जीले भन्नुभएको जस्तै शिवभाष्कर मूर्ति त्यस्ता भक्तहरूले स्थापना गर्दथे जसको इष्टदेवता शिव र कुलपुरुष भने सूर्य देवता हुन्थे ।[३९] ई.सं. ४८० को सूर्यसम्वन्धी उल्लेख भएको मूर्तिको पादपीठ मात्रै प्राप्त भएकोले मूर्तिबारे केही भन्न सकिँदैन । गृहमित्रले इन्द्र नामको दिवाकर (सूर्य) मूर्ति स्थापना गरेको कुरो त्यस अभिलेखबाट थाहा पाइन्छ । लिच्छवि राजा मानदेवको समयदेखि नै सूर्यपूजा र मूर्तिस्थापनाको प्रचलन रहेको तथ्य त्यसै अभिलेखबाट प्रष्ट हुन्छ । प्रद्युम्न कामदेवको समयमा स्थापना गरिएको ने.सं.१८५ (ई.सं.१०६५) पाटन थापाहिटीको सूर्यमूर्ति नै अभिलेख र मिति भएको पुरानो मूर्ति हो । उत्तर भारतको परम्परा अनुरूप घुंडासम्म आउने लामो वुट र कलर भएको ट्यूनिक लगाएका सूर्य र दक्षिण भारतको परम्परा अनुरूप नाङ्गो खुट्टा र धोती लगाएका सूर्य दुवै शैली नेपालमा प्रचलित छ । रथमा आरुढा भएका सूर्यको कम्मर वा तिघ्रा सम्म मात्रै देखाइन्छ । यसमा पनि सूर्यको पाउ नदेखाउने नियम नै लागु भएको पाइन्छ । खगोलशास्त्र, ज्योतिषशास्त्रमा सूर्यको गतिको मुख्य भूमिका छ । नवग्रहहरू मध्ये सूर्यलाई मूख्य मानेर ग्रहराज भनिन्छ । वेदमा सूर्य र सूर्य पूजाका साह्रै ठूलो महिमा बताइएको छ । वैदिककालदेखि सूर्य पूजा, व्रत प्रचलनमा रहे पनि मूर्ति वनाएर पूजा गर्ने चलन भने पछिको हो । साम्वपुराण

अनुसार श्री कृष्णको पालामा साम्बले श्वेतद्वीप (हालको इरान) बाट मग जातिका ब्राह्मण झिकाइ ताम्रपर्णीको तिरमा साम्वपुरको स्थापना गरी त्यही कोणार्कमा सूर्यको स्थापना समेत गरे । शतपथ ब्राह्मणमा बाह्र आदित्यको उल्लेख गरेर चैत्रदेखि फाल्गुणसम्म एक/एक महिनाका सूर्यको नाम र पूजा जप विधि बताइएको छ ।[४०]

कालीयदमन

१३ × ९ ई. नापको कालियदमनको सानो तर सुन्दरमूर्ति कुम्भेश्वर धाराको उत्तरतर्फको खोपामा छ । पाटनमा कालीयदमनको मूर्ति अन्त भेट्टिएको छैन । काठमाडौंमा हनुमानढोकाभित्र पत्थर र काठवाट वनेको कालियदमनको मूर्तिहरू छन् । हनुमानढोकाभित्र ढुङ्गाको ठूलो (८५ × ७२ ई.) सातौं/आठौं शताब्दीको कालीयदमन मूर्ति छ । कृष्ण र कालीयदमनको अनुहारको भावभङ्गी स्वाभाविक ढङ्गले जसरी देखाइएको छ त्यसबारे स्वदेशी र विदेशी विद्वान्, कलापारखीहरूले प्रशंसा गरेका छन् । हनुमानढोका दरबारको चोकमा सत्रौं शताब्दीको काठको कालियदमन मूर्ति पनि छ । लाजिम्पाट सकोनाबाट ल्याएर हनुमानढोका सुन्दरचोकमा प्रताप मल्लले राख्न लगाएका ढुङ्गाको काली मूर्तिकै नक्कलमा काठको यो कालीयदमन मूर्ति पनि निर्माण गरिएको छ । भगवत्मा श्रीकृष्णको बाल लीलाबारे प्रकाश पारिएको छ । बालककालमै श्रीकृष्णले विभिन्न असुरहरूलाई तह लगाउनु भएको थियो । तीमध्ये कालीय पनि एउटा थिए ।

हरिवंशको विष्णुपर्वमा कृष्णद्वारा कालीयनागको दमन, कालीय समुद्रमा फर्केको विस्तृत वर्णन गरिएको छ । यमुनाको किनारमा एक योजन क्षेत्रफल भएको ठूलो जलकुण्ड थियो । जलकुण्डको वरिपरि भएका प्वालमा सर्पहरू बस्नाले त्यहाँको वातावरण डरलाग्दो थियो । साक्षात नागराज कालीय त्यहीं कुण्डमा बस्दथे । गरुडबाट बच्न कालीय समुन्द्र छोडेर त्यस कुण्डमा आएर बस्न थालेका थिए । कालीयले समुद्रमा मिल्न जाने यमुनाको पानी विषाक्त पारेका थिए । कृष्णले सबै कुरो बुझेपछि त्यहाँको पानी ब्रजबासीले प्रयोग गर्न सक्ने उपायबारे सोचेर नागलाई वध गर्ने निधो गरेर कुण्डको छेउमा उम्रिएको कदम्बको बोटमा चढेर पानीमा हाम्फाले । हरिवंशमा नागराजको पाँचवटा मुखको पनि वर्णन गरिएको छ । कालीयको पाँचवटा

मुखबाट जिब्रो छिटोछिटो लपलप गरेर भित्रबाहिर गर्दा आगो निस्कन्थ्यो। कालीय भयंकर र स्थूल शिरले घेरिएको थियो।

पञ्चास्यः पावकोच्छ्वासश्चलज्जिह्वो ऽ नलाननः
पृथुभिः पञ्चभिर्घोरै : शिरोभिः परिधारितः ॥६॥

(हरिवंश, विष्णुपर्व, द्वादशोऽध्याय ६)

कालीयको श्रीमती, छोरा, सेवक र अन्य नागहरूले पनि मुखबाट विष मिसिएको आगो ओकल्दै कृष्णलाई झम्टिए। सर्पहरूले कृष्णलाई बेरे, डसे तर दवीशक्तिको कारण उनलाई केही पनि भएन। नन्द, सङ्कर्षणले कृष्णको हौसला बढाउन यसरी तारिफ गर्न थाले। "गोपहरूको आनन्द बढाउने महाबाहु श्रीकृष्ण! कृष्ण जसको विष नै असहस्र छ, सर्पराजलाई अब शीघ्र नै दमन गर"। रोहिणीका छोरा सङ्कर्षणको साङ्केतिक वचन सुनेपछि कृष्णले सर्पको बन्धन फुत्काए र कालीयको टाउकोमाथि आफ्ना पाउले कुल्चिएर नाच्न थाले। कृष्णको पाउले कुल्चिएपछि कालीयले विषवमन गरे र जीवन दानको भिक्षा मागे। कृष्णले यमुनाको जल त्यागेर समुद्र जाने निर्देशन दिए। कालीय पत्नी तथा भाइ-बन्धुसँगै समुद्रमा गए। हरिवंशको यस कथनलाई आधार मानेर कालीयदमन मूर्ति कुँदिएका हुन्छन्। सफल कलाकारले निर्जीव ढुङ्गामा सम्पूर्ण कथावस्तुलाई सजीव ढङ्गले कदेर प्रस्तुत गर्न सक्नुपर्दछ। नेपालका कालीयदमन मूर्तिहरूमा श्रीमद्भागवत र हरिवंशको सम्पूर्ण वर्णनलाई साह्रै सफलतापूर्वक दर्शाइएको पाइन्छ। हनुमानढोका सुन्दरीचोकको भव्य कालीयदमन मूर्तिबारे गौतम वज्रले आफ्नो उद्‌गार व्यक्त गरेका छन्।[४१]

सर्वेश्वर/कुम्भेश्वर मन्दिर बाहिरको ढुङ्गेधारामा अवस्थित कालीयदमनको मूर्ति सानो भएर पनि प्रष्ट कलाकृतिको कारणले चर्चित छ। हातमा गदा लिएर कृष्णले कालीयनागलाई हान्न लागेको भाव पाटनको मूर्तिमा पाइन्छ। हनुमानढोकाको कालीयदमन मूर्तिमा कृष्णको प्रस्तुति सानो वालकको रूपमा र पाटन ढुङ्गेधाराको कालीयदमनमा अलि हुर्केको केटाको रूपमा गरिएको छ। हनुमानढोकाको कालीयदमन मूर्तिफलकमा वालकृष्णले पटुका वा कपडाको धराले नागराजलाई पिट्न लागेको देखाइएको छ। *पी. पाल*ले भारतको मथुरा संग्रहालयमा प्रदर्शित कालीयदमन मूर्तिफलकको चित्र आफ्नो पुस्तकमा प्रकाशित गरेका छन्।

त्यसमा कालीय नागको फडामाथि उभिएको कृष्णको पाउ निकै ठूलो छ। उनले नेपालको कालीयदमन मूर्तिमा बालक कृष्ण र विशाल शरीरधारी कालीयको बीचमा भएको द्वन्दलाई सफलतापूर्वक दर्शाइएको चर्चा गरेका छन्। *पी. पाल*ले नेपाली कलाकार मथुराको कलाकृतिबाट प्रेरित भएको हुनुपर्ने विचार व्यक्त गरेका छन्। *पी. पाल*ले पाटन ढुङ्गेधाराको कालीयदमन मूर्ति र क्यामरीजको यूनिभरसीटी लाईब्रेरीको कालियदमन चित्रको पनि उल्लेख गरेका छन्। उनले हनुमानढोकाको कालीयदमनको नक्कलमा बनाइएका कालीयदमनका यी साना मूर्तिले विशेष प्रभाव नपारेको राय व्यक्त गरेका छन्।[४२] हनुमानढोकाको कालीयदमन मूर्तिमा कालीयनागको पाँच शिर र पाटनको कालीयदमन मूर्तिमा नागराज कालीयदमनलाई सातवटा फडायुक्त देखाइएको छ। हनुमानढोकाको जस्तो मानवआकृतिमा कालीयलाई देखाइएको छैन। मूर्तिफलकको सबैभन्दा तल मानव आकृतिमा नाग पत्नीलाई विन्तीभावले नमस्कार गरेर बसेको दृश्य भने हरिवंशमा वर्णन गरेअनुरूप नै छ।

सर्वेश्वर (कुम्भेश्वर) ढुङ्गेधाराको उमामहेश्वर

शिवको सौम्य मूर्तिअन्तर्गत १. गंगाधर मूर्ति २. सोमस्कन्द मूर्ति ३. उमामहेश्वर मूर्ति ४. चन्द्रशेखर मूर्ति आदि पर्दछन् जसमध्ये नेपालमा उमामहेश्वर मूर्ति प्रशस्त बनेका छन्। टी. ए. गोपीनाथ रावले शिवको सौम्यरूप, सुखासन मूर्तिअन्तर्गत नै उमामहेश्वरको वर्णन गरेका छन्।[४३] जीतेन्द्रनाथ बनर्जीले पनि उग्र (घोर) सौम्य (शान्त) दुइ प्रकारले शिव मूर्तिको वर्गिकरण गर्न सकिने उल्लेख गरेका छन्।[४४]

उपत्यकामा उमामहेश्वरका थुप्रै मूर्तिहरू छन्। काठमाडौं उपत्यकाका कलाकारले रुचाएका विषयवस्तुमा उमामहेश्वरको फलक पर्दछ। उपत्यकामा प्राचीन, मध्यकालीन, मल्लकालीन र शाहकालीन समयमा बनेका थुप्रैथुप्रै उमामहेश्वरका मूर्तिहरू छन्।[४५] पाटन कुम्भेश्वर ढुङ्गेधाराको उत्तरतर्फको भित्तामा एउटा सुन्दर मनमोहक उमामहेश्वरको मूर्ति छ। पुराण र प्रतिमाविज्ञानका विभिन्न पुस्तकहरू रूपमण्डन, विष्णुधर्मोत्तर, मत्स्यपुराण, अपराजितापृच्छा आदि विभिन्न पुस्तकमा उमामहेश्वरमूर्ति निर्माण गर्ने नियम बनाइएको छ। ती पुस्तकमा वर्णित अधिकांश नियमहरू नेपाली

कलाकारले पच्छ्याएर मूर्ति बनाएको पाइन्छ । पुस्तकको निर्देशनबाहेक नेपाली कलाकारले आफ्नै मनले सामान्य हेरफेर पनि गरेको पाइन्छ ।

कुम्भेश्वर धाराको उमामहेश्वरमूर्तिलाई तीन खण्डमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । सबैभन्दा माथिल्लो खण्डमा आकाशको दृश्य देखाउन बादल बनाइएको छ । फलकको बीचमा गङ्गा (स्त्री रूपमा) स्वर्गबाट तल पृथ्वीमा झर्दै गरेको दृश्य छ जुन साह्रै स्वाभाविक ढङ्गले चारवटा हातमध्ये दुइवटा हात नमस्कार मुद्रामा र दुइ हातले पछ्यौरा समातेको देखाइएको छ । आकाशबाट पृथ्वीमा झर्न लागेको देखाउन गङ्गाको खुट्टामाथि फर्केको, हावामा पछ्यौरी फहराएको स्वाभाविक दृश्य, मूर्ति, फलकमा दर्शाइएको छ । गङ्गा दायाँ बायाँ शिवका रक्षकगणहरू पहाडबाट निस्कन लागेको भावमा कम्मरसम्म देखाइएको छ । प्रतिमा निर्माण नियमअनुरूप नै शिवका प्रतिहारहरूको चारवटा हातमा अक्षयमाला, त्रिशूल, तुम्वी र मातुलिङ्ग कुँदिएको छ । शिरमा जटा मिलाएर मुकुट बनाएको छ र कानमा कुण्डल, गलामा हार, नाडीमा चुरा पनि देखाइएको छ ।

मूर्ति फलकको बीचमा चारवटा हात भएका शिव र दुइवटा हात भएकी पार्वती कुँदिएको छ । शिवको शिर पछाडी प्रभामण्डल बिन्दुयुक्त र अग्निज्वालाले घेरिएको छ । प्रभामण्डलले शिवको दैवीस्वरूप इङ्गित गरेको छ । शिवको शिरमा चन्द्रमा र जटामुकुट आकर्षक ढङ्गले कुँदिएको छ । कुममा दुईचारवटा जटा लत्रेको, कानमा रत्न कुण्डल, गलामा कण्ठहार र नाडीमा चुरा, पटुका र त्यसको सुर्केनी गाँठो, छोटो धोती (कछाड) र शिवको सौम्य मुहार झल्काउन कलाकारले गरेको मेहनत सफल भएको देखिन्छ । शिव र पार्वती श्रृङ्गारिक भाव उमामहेश्वर फलकमा झल्काइन्छ । यस फलकमा पनि भद्र तालले पतिपत्नीको प्रेम दर्शाइएको छ । सुखासनमा बसेका शिवले बायाँतर्फको एउटा हातमा परशुसहितको त्रिशुल आयुधको रूपमा र अर्को हात पार्वतीको कुममा अड्याएका छन् । पार्वतीले पनि आफ्नो दायाँ हात शिवको देब्रे तिघ्रामा अड्याएर प्रेमप्रदर्शन गरेकी छिन् । काठमाडौं उपत्यकामा बनाइएका धेरैवटा उमामहेश्वर फलकमा पार्वतीको बसाइ अलि अस्वाभाविक ढङ्गको हुन्छ तर यो कुम्भेश्वर धाराको उमाको बसाइ स्वाभाविक छ । पार्वतीको शारीरिक अनुपात पनि मिलाएर बनाइएको छ । मिलेको पुष्ट स्तन, छिनेको कम्मर,

फुकेको पुट्ठा सबै नै स्वाभाविक ढङ्गले बनाइएको छ। पार्वतीको कम्मरबन्धको बुट्टा, धोतीको बुट्टा, कानको गोलो आकारको कुण्डल गलाको कण्ठहार, नाडीको चुरा पाउको पाउजु सबै नै आकर्षक ढङ्गले बनाइएको छ। पार्वतीले ओढेको पछ्यौरीको ढाँचा, आसनीबाट तल झारिएको पार्वतीको दायाँ पाउ सानी बाउन्ने सेविकाले थामेको दृश्य, पार्वतीको देब्रे हात मोडिएको आफ्नै घुँडामा अड्याएको र हातमा बसेको सुगाचरी सबैको योजना मिल्दो ढङ्गले कलाकारले गरेका छन्। पार्वतीको पछाडि उभिएकी सेविकाले चारवटा हातमा विविध आयुध लिएकी छिन्। अधिकांश उमामहेश्वर फलकमा देखाइएका पार्वतीका सेविकाहरूको दुइवटा मात्रै हात बनाइएको हुन्छ। मूर्ति फलकको बीचमै शिवतर्फ घुँडा मारेर बसेकी नन्दी जुरोसहित देखाइएको छ। नन्दीको टाउकोमै हातमा पताकासहित सुरा लिएका कुमार दुवैतिर खुट्टा झारेर बसेका छन्। बालसुलभपन कुमारको अनुहारमा झल्काउन कलाकार सफल भएको मान्नुपर्दछ, यो उमामहेश्वर फलकको बीचको खण्डमा पर्वतको भान पार्न चट्टानहरू कुँदिएको छ। शिवका गणहरू कुँदिएको फलकको तल्लो खण्ड साह्रै नै आकर्षक छ। प्राचीन उमामहेश्वर फलकमा गणहरू बनाइएको छैन। त्यसपछि क्रमिक रूपमा गणहरूको सङ्ख्या बढ्दै गएको पाइन्छ। पाटन सीकुबट्टी, चामुण्डा, सकोना आदि स्थानमा प्राप्त उमामहेश्वरका मूर्तिहरूमा गणहरू बनाइएको छैन। शिव, पार्वती र नन्दीको मात्रै उपस्थिति देखाइएको छ। पछि समयसँगसँगै परिवारका सदस्यहरूका सङ्ख्यामा पनि वृद्धि भयो र फलकको तल कुँदिने गणहरूको संख्या सातदेखि नौसम्म हुन पुग्यो। यो कुम्भेश्वर धाराको उमामहेश्वर फलकमा भने सात गणहरू बनाइएको छ। पाँच गणहरू उभिएर नाच्दै, गाँउदै र बाजा बजाउँदै छन् र दुइ (उलुक र वानर मुख) गण भने बसेर बाजा बजाउँदै छन्। सिंहको मुख भएको गणले घाँटीमा डोरीको सहायताले झुण्ड्याएको मादल ठटाउँदै छ, दुब्लो, पातलो करङ् मात्रै भएका भृङ्गी एउटा खुट्टा उचालेर नाच्दै छन्, कानमा घण्ट झुन्ड्याएको एक बालक गण (घण्टाकर्ण) पनि हात शिरभन्दा माथि पुऱ्याएर नाच्दै छन्, चारवटा हात भएका गणेश पनि खुट्टा फट्टचाएर नृत्य मुद्रामा छन्। पेटमा पनि अनुहार भएको कुस्माण्ड गण पनि हात उठाएर नाच्दै छ। यसरी फलकको सबैभन्दा तल गणहरूको प्रस्तुति यस

फलकमा साह्रै आकर्षक छ । शिवको दायाँ खुट्टा चोइटा उप्किएर बिग्रिएको बाहेक फलक राम्ररी संरक्षित छ । *कृष्णदेव*ले यो उमामहेश्वरमूर्ति फलकको मुक्तकण्ठले प्रशंसा गर्दै नवौं शताब्दीको समय तोकेका छन् ।[४६]

रूपमण्डनमा उमामहेश्वरको वर्णन जसरी गरिएको छ, त्यही अनुरूप नै मूर्तिहरू बनाइएको छ । उमासँग शङ्कर छन् । शङ्करको दाहिने हातमा मातुर्लिङ्ग र त्रिशूल छ । बायाँतर्फको एक हातले उमालाई आलिङ्गन गरेको र अर्कोमा नागेन्द्र (सर्प) छ । उमाको एक हात शिवको काँधमा र दोस्रो हातमा ऐना छ । सबभन्दा तल वृष, कुमार र गणेश बनाउनु पर्दछ । शरीरमा मासु नभएको भृङ्गी नाच्दै गरेको देखाउनु पर्दछ ।[४७]

हिन्दू दर्शनअनुरूप प्रकृति र पुरुषको मिलनको प्रतिमूर्ति नै उमामहेश्वरमूर्ति फलक हो । काठमाडौं उपत्यकामा बनाइएका थुप्रै उमामहेश्वरको मूल स्रोत र प्रस्तुति एउटै भए पनि विविधता पाइनु नै एउटा प्रमुख विशेषता हो । पाटन चामुण्डामन्दिरको चौघेरामा रहेको पूर्व लिच्छविकालको उमामहेश्वर मूर्ति होस् वा सरस्वतीकुण्ड लेलेको दुवैले मूल विषयवस्तु एउटै भए पनि मूर्ति फलकमा पाइने विविधता नै रोचक पक्ष हो ।

एउटै मूल विषयवस्तुमा मूर्ति बनाईकन पनि शैलीमा विविधता हुनु नै नेपाली कलाकारले बनाएका उमामहेश्वरमूर्ति फलकको विशेषता हो ।

शिवपुराणमा विश्वको उत्पत्तिपालन र संहार गर्ने परब्रह्मको विस्तारसँग व्याख्या भएको छ । व्याघ्रचर्म लगाउने, पिनाक धारण गर्ने शिवको परोपकारी कार्य कालकूट विषसेवनको वर्णन पुराणहरूमा पाइन्छ । योगीको रूपमा ख्याति कमाएका शिवले पार्वतीसँग वैवाहिक सम्बन्ध गाँसेर पारिवारिक जीवन बिताउनुको पछाडि सम्पूर्ण देवलोकको कल्याण नै निहित थियो । शिवको सौम्यमूर्ति उमामहेश्वरले त्यही कुरा संकेत गरेको छ । चार आश्रम व्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्यासमध्ये मानवसृष्टि नै रोकिने भएकोले यो आश्रम प्रति धर्मशास्त्रहरूले विशेष महत्त्व दिएका छन् । योगी, तपस्वी, सन्यासीको रूपमा प्रसिद्ध शिवले समेत गृहस्थ आश्रमको महत्त्व बुझेर पार्वतीसँग विवाह गरेर पारिवारिक जीवनमा प्रवेश गरेको तथ्य उमामहेश्वर मूर्ति फलकबाट थाहा पाइन्छ ।

ललितवन महाविहार (कुन्तिवही) को बुद्ध

(दशौं शताब्दी) ४० × २९ ई. नापको शाक्यमुनि बुद्धको प्रस्तरको एउटा मूर्ति फलक कुम्भेश्वर ढुङ्गेधारानजिकै छ । कुम्भेश्वर मन्दिर परिसरको पश्चिमउत्तर कुनामा स्थित स्तुपको पश्चिमतर्फ खोपामा स्थापना गरिएको यो बुद्धको मूर्ति सुन्दर र नौलो कलाकृतिले गर्दा चर्चामा छ । शाक्यमुनि बुद्धको घुम्रिएको कपाल, महापुरुषको लक्षण उष्णिश, लामो कान, पातलो मुजा परेको चिवर सबै नै मिहिनेत गरेर बनाइएको छ । शाक्यमुनि बुद्धले वायाँ हातले चिवरको सप्को समातेका छन् । उनको अनुहारको भावभङ्गी र हातखुट्टाको औला सुन्दर ढङ्गले बनाइएको छ । बुद्धको दायाँवायाँ जनै लगाएका दुइ पुरुष आकृति कुँदिएका छन् । बुद्धको वायाँतर्फको पुरुष देवता (इन्द्र)ले लामो डाठ भएको छाता ओडाएका छन् । बौद्धधर्म ग्रन्थमा वर्णन भएअनुसारको घटना यसमा दर्शाइएको छ । बुद्धको जीवनमा दरवार त्याग, बोधिज्ञान प्राप्ति, ज्ञान प्रचार र महापरिनिर्माणलाई प्रमुख घटना मानिएको छ । त्यस्तै, अन्य गौण घटनामा बुद्धले एकैचोटी हज्जार स्वरूप विश्वरूप देखाएको र तुषीतलोक (स्वर्गलोक) मा गएर आफ्नी आमा मायादेवीलाई भेटेर धर्म उपदेश दिएको वर्णन छ । स्वर्गबाट पृथ्वीमा आउँदा बुद्धले छाताको (प्यारासुट ?) प्रयोग गरेका थिए । कुन्ती वहीको बुद्धमूर्तिले यसै घटनाको सम्झना गराउँछ ।

शाक्यमुनि बुद्धत्व प्राप्त गरेर कपिलवस्तु आउँदा उनलाई भव्य स्वागत गरिएको थियो । ब्रह्मा, विष्णु, महेश्वर र इन्द्रले पुष्पवृष्टि, फलवृष्टि र छाता ओढाउने कार्य गरेका थिए । त्यसैले यसमा छाता ओढाउने निधारमा तेस्रो आँखा भएका इन्द्र र हातमा तुम्बी लिने शिव हुन् । ललित विस्तारमा वर्णन गरे अनुसार नै बुद्धको जन्म देखाइएका मूर्तिफलकमा पनि ब्रह्मा, विष्णु, शिवले पुष्पवृष्टि गरेको देखाइन्छ ।

पादटिप्पणी

१. Parcival Landan, ... As an ensemble, the Durbar in Patan probably remains the most picturesque collection of buildings that has been set up in so small a place by the piety of oriental man

२. Ronald M. Bernier, *The temples of Nepal*, Delhi, S.Chand and company Ltd, 1978 (Second revised edition) P. 14-15

३. D.R. Regmi, *Medieval*, part II, Calcutta, Firma K.L. Mukhopadhyay, 1966, P . 871-72.

४. हरिराम जोशी......

(क) टुटे फुटेका इँटका अन्तरवाट पसेका न्याउरीमूसा र मूसाको वथानले भताभुङ्ग परिदिएको ढोकाका खापा झ्यालहरु केही बांकी नरहेको, काठपातहरू जीर्ण भैसकेको भाटिङ (ग्राम) को देवमन्दिरलाई जतनसँग जीर्णेद्धार गरेर सो देवमन्दिर पछि धेरैकाल सम्म राम्रो हालतमा रहिरहोस् भन्नाको लागि भाटिङग्रामको दक्षिण तर्फ रैकरको रुपमा रहेको चौसट्ठी वीस (१२८०) मानिक कूत आउने खेत र दक्षिण-पश्चिमतर्फ ६ वीस (१२०) मानिक कूत आउने खेत कोईला काँटा गरी माटिङ्गग्रामका पाञ्चालिकहरुलाई सुम्पिएको छ। यो कुरा तिमिहरूलाई थाहाहोस् ।

(ख) धनव्रज वज्राचार्य, *लिच्छविकालका अभिलेख*, दोस्रो संस्करण, काठमाडौं नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५३ पृ. ३३९-४१.

५. N. R. Banerjee, Nepalese Architecture, Delhi, Agam Kala prakashan, P. 134-35

६. Ronald M Bernier, op.cit (fn.2) P. 32-34

७. पूर्ववत् (F.n.4) पृ. ३३

८. N.R. Banerjee, op.cit. (f.n.3) P. XVIL, XVIII, XIX, XXI.

९. Mary shephered slusser, Nepal Mandala, vol.2 Kathmandu, Mandala book point, 1998, plote No. 162-163.

१०. Philip Rowson, *The Art of Tantra*, Delhi, Vikas publishing house pvt. ltd., 1973. P.98.

११. Philip Rowson, op. cit. P. 9

१२. Ronald M. Bernier, op.cit. (f.n.) P. 41-42

१३. वीणा पौड्याल, *नेपाली मूर्तिकला र चित्रकला*, काठमाण्डौं, ने.इ. स. तथा पु. के. विभाग, त्रि.वि. २०५७, पृ. ४९

१४. P.Pal, *Vaisnava Iconology in Nepal*, Calcutta, Asiatic Society, 1985, P. 118.

१५. श्रीमद्भागवत ६.६.२२. / ३.१९.११.
महाभारत आदिपर्व १६.२० / ३३. १५

१६. श्री ५ को सरकार, सञ्चार मन्त्रालय-प्रकाशक), भगवान् श्री पशुपतिनाथको दर्शनपद्धति तथा महात्म्य, काठमाडौं, २०४६, पृ.२६.

पदान्तरे पदं न्यस्य करौ चलनवर्जितौ
स्तुतिर्वाचि हृदि ध्यानं चातुरङ्गप्रदक्षिणम्

❖❖❖

सव्यं ब्रजेत्ततो ऽसव्यं प्रणालं नैव लङ्घयेत्
वृषं चण्डं वृषं चैव सोमसूत्रं पुनर्वृषम्
चण्डं चा सोमसूत्रं चा पुनश्चण्डं पुनर्वृषम्

❖❖❖

अर्धचन्द्रं महेशस्य पृष्ठतइचा समीरितम्
शिवोप्रदक्षिणे मन्त्री अर्धचन्द्रक्रमेण च
सव्यासव्यक्रमेणैव सोमसूत्रं न लङ्घयेत्

❖❖❖

अपसव्यं, यतिः कुर्यात् सव्यं तु ब्रह्मचारिणः
सव्यापसव्यं गृहिणो नित्यशम्भोः प्रदक्षिणाम्

❖❖❖

१७. पूर्ववत् (पाद टिप्पणी नं १४) पृ. २७

१८. सर्वेश्वर (कुम्भेश्वर) मन्दिर पुजारी श्री माधव श्याम (३८ वर्ष) र उहाँका अनुजश्याम शर्मा (३२ वर्ष) ले नापेअनुसार टिपोट गरीएको।

१९. लैनसिंह वाङ्गदेल, *प्राचीन नेपाली मर्तिकलाको इतिहास*, काठमाण्डौ, नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान, २०३९, पृ. २३.

२०. Marys S. Slesser, *Nepal Mandala*, Two Vol, Kathmandu., Mandala Book Point, 1998, P. 328-29

२१. L.S. Bangdel, *The Stolen Images of Nepal, Kathmandu*, Royal Nepal Academy 1989, P. 88

२२. (पादटिप्पणी, वीणा पौड्याल, *नेपाली मूर्तिकला र चित्रकला*, काठमाडौं, २०५७ संस्कृति कन्द्रीय विभाग, पृ. ७७-७८।

२३. (Lain S. Bangdal, Inventors of Stone Sculptures of Kath Valles, Kath, Royal N.A.,,1995. P. 238)

२४. लैनसिंह वाङ्गदेल, *प्राचीन नेपाली मूर्तिकलाको इतिहास*, काठमाडा, ने.रा.प्र.प्रं, २०३९, पृ ११४)

२५. सूर्य आत्मा, *जगतस्तस्थुषश्च*

२६. लैनसिंह वाङ्गदेल, *प्राचीन नेपाली मूर्तिकलाको इतिहास*, काठमाडौं, ने.रा.प्र.प्र., २०३९, पृ. ७८-७९.

२७. मोहनप्रसाद ख॰गल, *नेपाली कला*, ललितपुर साझा प्रकासन,२०५२ पृ.१५०.

२८. धनवज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख*, काठमाडौं, ने.ए.अ.सं., २०५३, पृ. ५९-६०

२९. धनवज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख*, काठमाडौं, पर्ववत्, पृ. १९९-२००

३०. मोहनप्रसाद खनाल, *नेपाली कला*, ललितपुर, साझा प्रकासन, २०५२, पृ.२२५

३१. शोभा ढुंगाना, *नारायणहिटी नारायणस्थान : एक अध्ययन*, एम्.ए. शोधपत्र, त्रिभुवन विश्वविद्यालय वि.सं. २०५३.

३२. जीतेन्द्रनाथ वनर्जी, *द डेभलपमेन्ट अफ हिन्दु आइकनोग्राफिक*, दिल्ली, मन्सुरी, राम मनोहरलाल, ३८७-८८

३३. वलराम श्रविास्तव, *रूपमण्डन*, वाराणसी, मोतीलाल वराणसीदास, वि.सं. २०२१, पृ. १९-५१

३४. Mary Slusser, *Nepal Mandala, Vol.2*, Kath., Mandala Book Point P. 385.

३५. मोहन प्रसाद खनाल, *नेपाली कला*, ललितपुर साझा प्रकासन, २०५२, पृ.१५८.

३६. Mukunda Aryal, "*The Development of Solarcult and Shivabhaskar in Nepal*", Nepalese Culture, Vol I, 2036 (1979) NEHCA, Instruction Committee Kritipur. P. 28-34.

३७. हरिराम जोशी, *मध्यकालीन अभिलेख*, प्राचीन नेपाल संख्या ५३-५६, पुरातत्व विभाग, कामाडौं। पृ २८-२९.

३८. P. Pal, D. Bhattacharya, *The Astral Divinities of Nepal*, Varanasi, 1989, P. 8.

३९. मुकुन्द अर्याल, पूर्ववत्, पृ. ३४.

४०. सूर्यको मास-सम्बद्ध नामहरू महीना नाम ऋषि अप्सरा गन्धर्व राक्षस भल्ल नाग मधु(चैत्र) धाता पुलस्य कृतस्थली तुक्बुरु हेति रथकृत् वासुकि माधव(वैशाख) अर्यमा पुलह पुञ्जिकस्थली नारद प्रहेति ओजः कच्छनीर शुक्र (ज्येष्ठ) मित्र अत्रि मेनका हहा पौरुषेय रथस्वन तक्षक शुचि (आषाढ) वरुण वशिष्ठ रम्भा हूहू शुक्र चित्रस्वन सहजन्य नभ (श्रावण) इन्द्र अङ्गिरा प्रम्लोचा विश्वावसु वर्य श्रोता एलापत्र नभस्य (भाद्र) विवस्वान् भृगु अनुम्लोचा उग्रसेन व्याघ्र आसारण शङ्खपाल तप (आश्विन) पूषा गौतम घृताची धनञ्जय वात सुरुचि सुषेण तपस्य (कार्तिक) कतु भरद्वाज वर्चा पर्जन्य सेनजित् विश्व ऐरावत सह (मार्ग) अंशु कश्यप उर्वशी ऋतसेन विद्युच्छत्र ताक्ष्र्य महाशङ्ख पुष्य (पौष) भग आयु पूर्वचित्ति स्फूर्ज अरिष्टानेमी उर्ण कर्कोटक इष (माघ) त्वष्टा जमदग्नी तिलोतमा शतजित् ब्रह्मपेत धृतराष्ट्र कम्वल उर्ज (फाल्गुन) विष्णु विश्वामित्र रम्भा सर्यवर्चा मखापेत सत्यजित् अश्वत्तर

४१. गौतमवज्र वज्राचार्य, *हनुमानढोका राजदरवार*, काठमाडौं, नेपाल र एशियाली अध्ययन संस्थान, २०३३, पृ. १०७.

४२. Pratapaditya Pal, *Vaisnava Iconology in Nepal*, Calcutta, The Asiatic Society, 1985, P. 88-90

४३. Rao T.A. Gopinath, *Elements of Hindu Iconography*, Delhi, Motolal Banarsidass 1985, p. 129 (Volume II, Part I)

४४. Banerjea Jitendranath, *The Development of Hindu Iconography*, Delhi, Munshiram Manohuralal, 1985, p. 464.

४५. पौड्याल वीणा, *नेपाली मूर्तिकला र चित्रकला*, काठमाडौं, संस्कृति विभाग, त्रि.वि., २०५७, पृ.१८

४६. Deva Krishna, *Images of Nepal*, Delhi, Archaeological survey of India, 19984. P.

४७. बलराम श्रीवास्तव, *रूपमण्डनम्*, पूर्ववत्, पृ. १५९-१६०

उमामहेश्वरं वक्ष्ये उभया सह शङ्करः
मातुलिङ्ग त्रिशुलञ्च धरते दक्षिणे करे
अलिङ्गितो बमहस्ते नागेन्द्रं (नागेन्द्रा) द्वितीये करे
हरस्कन्ध उमाहस्ते दर्पणे द्वितीये करे

(रूपमण्डनम्, ४/२७-२८)

❖❖❖



छैटौं अध्याय

सर्वेश्वर मन्दिरका प्रमुख पूजापर्वहरू

जनैपूर्णिमाको भव्यमेला

अनुकरणीय जीवनपद्धति अपनाएर गहकिला ग्रन्थहरू लेखेर मन्त्रद्रष्टा ऋषिहरूले समाजलाई मार्गनिर्देशन गरेका छन् । भौतिक सुखसुविधा त्यागेर अध्ययन, मनन, अध्यापनमा लागेका तीनै कर्मठ ऋषिहरूलाई विशेषपर्व, पूजामा सम्झने चलन छ । त्यस्तै ऋषिहरूमध्ये सप्तर्षि कश्यप, अत्रि, भरद्वाज, विश्वामित्र, गौतम, जमदग्नि र वशिष्ठको पूजाआराधना जनैपूर्णिमामा गरिन्छ । विभिन्न मनुमध्ये वैवस्वत मनुको पालो अहिले चलिरहेको छ । तीनै ऋषिहरूलाई साउन महिनाको पूर्णिमा (ऋषितर्पणि) र भदौ शुक्लपक्षको ऋषिपञ्चमीमा (महिलाहरूले विशेष पूजा गर्ने) सम्झने, पूज्ने चलन छ । हिन्दूहरूको विभिन्न महत्त्वपूर्ण संस्कारमध्ये व्रतवन्ध एउटा हो । त्यो संस्कार पुरुषहरूको मात्रै गरिन्छ । व्रतवन्ध संस्कारमा जनै (यज्ञोपवीत) धारण गर्ने महत्त्वपूर्ण कार्य गरिन्छ । जनै हरेक वर्ष साउन महिनाको पूर्णिमा अर्थात् ऋषितर्पणिमा फेर्ने चलन छ । ब्रह्मा, विष्णु र महेश्वर त्यस्तै देव, ऋषि र पितृऋणको प्रतीक तीन/तीन डोरा भएको जनै गायत्री मन्त्र जपेर यसै दिन फेर्ने चलन छ । तागाधारी पुरुषहरूले नदी पोखरी, कुण्ड आदि स्थानमा नुहाएर, देवदेवीको दर्शन गरेर जनै र डोरो (रक्षाबन्धन) बाध्ने कार्य गर्दछन् । जनै नलगाउने स्त्रीहरूले पनि डोरा बाध्ने कार्य जनैपूर्णिमाको दिनमै गर्दछन् । यसै दिन पाटनको कुम्भेश्वर पोखरीमा सर्वेश्वर महादेवको लिङ्ग कोश खटमा राखेर पूजा गरिन्छ । यस दिन कुम्भेश्वरमा मेला भर्न हजारौं भक्तजन जम्मा हुन्छन् । झाँक्रीहरू ढयाङ्ग्रो ठटाउँदै बाटोमा पर्ने देवस्थलहरूमा एकैछिन रोकिँदै बिस्तारै हिडँदै कुम्भेश्वर पुग्दछन् । रसुवाको गोसाइँकुण्ड, नेपालका विभिन्न स्थानका अन्य कुण्ड तीर्थस्थलहरू र कुम्भेश्वरमा जनैपूर्णिमाको बेलामा भव्य मेला लाग्दछ । कुम्भेश्वर मन्दिर परिसर र वरिपरि जनैपूर्णिमाको दिनमा ब्राह्मणहरू जनै र रक्षाबन्धन लिएर बसेका

हुन्छन् । तामाको भाँडोभित्र यज्ञोपवीत हालेर बेसार लगाएर गायत्रीको आव्हान गरेर मन्त्र शुद्ध बनाइन्छ ।[1] जनै पूर्णेको अघिल्लो दिन नै कपाल खौरी, नङ, दाह्री काटेर शुद्ध भएर एक छाक मात्रै चोखो खानु पर्ने नियम छ । जनैपूर्णिमाको दिन पवित्र जलाशयहरूमा गएर स्नान गर्ने, ब्राह्मणलाई सिधा दान दिने र मन्त्रिएको जनै धारण गर्ने चलन छ । विधिपूर्वक मन्त्रिएको जनै लगाउँदा पढिने मन्त्र ब्रह्मोपनिषदमा छ–

यज्ञोपवीत परमं पवित्रं प्रजापतेर्यत्सहजं पुरस्तात्
आयुष्यमग्र्यं प्रतिमुन्चा शुभ्रं यज्ञोपवीतं वलमस्तु तेज :

(ब्रह्मोपनिषद्)

पुरानो जनै पनि मन्त्र पढेरै शरीरबाट झिक्ने र चोखो ठाउँमा सेलाउने प्रचलन छ । त्यसपछि उपनयन संस्कार गर्दाखेरी सुनेको मन्त्र गायत्री जप्नु पर्दछ ।

ऊँ भू र्भूवः स्वः
तत्सवितुर्वरेव्यं भर्गो देवस्य धीमहि
धियो यो नः प्रचोदयात्

(शुक्ल यजुर्वेद ३/३५)

जनैपूर्णिमाको दिनमा कुम्भेश्वर मन्दिरको वातावरण अति नै रमणीय हुन्छ । चेतोनाथ आचार्यले रक्षाबन्धनको राम्ररी व्याख्या गरेका छन् । 'रक्षायै वन्धनम्' अथवा रक्षार्थम् जस्तो, व्युत्पति गरे पनि यस शब्दबाट रक्षाको लागि बाँधिने सूत्र भन्ने अर्थ बुझिन्छ । कुनै देवदेवीको प्रीतिका लागि उनीहरूको यन्त्र विशेष तयार गरी पूजा गर्ने, धारण गर्ने बालरक्षाको लागि विभिन्न रङ्गको धागो बाँध्ने चलन व्यवहारमा चलेको छ । अग्निस्थापनाविधि सम्पन्न गरिदा रक्षोघ्न मन्त्र पढी रक्षाडोरक पूजा गर्ने र पछि यसलाई पुरोहितद्वारा नारीमा बाँध्ने गरेको पनि देखिएकै छ । रक्षाबन्धन पनि रक्षाकै निमित्त बाँधिने अभिमन्त्रित डोरो हो ।[2]

रक्षाबन्धनको डोरो हातमा बाँध्दा पढिने मन्त्रको सम्बन्ध बलि राजा, देव र दानव युद्धसित छ ।

येन बद्धो वली राजा दानवेन्द्रो महावलः
तेन त्वां प्रतिबध्नामि रक्षे मा चल मा चल

एकपल्ट देवता र दानवको युद्धमा देवगण स्वर्गको किल्लाबाट सुरक्षित ढङ्गले बाहिर निस्कनै सकेनन् । देवराज इन्द्रलाई साह्रै पिर पऱ्यो, उनले आफ्ना गरु वृहस्पतिसँग सल्लाह गरे । श्रावण शुक्ल चतुर्दशीको दिन इन्द्रले वृहस्पतिसँग केही उपाय गर्न अनुरोध गरेपछि उनले भोलिपल्ट पूर्णिमाको दिन सुरक्षाको लागि रक्षाविधान तयार पारे । गुरु वृहस्पतिले मन्त्र गरेर तयार पारेको डोरो पूर्णको दिन इन्द्राणी देवीले इन्द्रको हातमा लगाइदिइन् । त्यसबेला गुरुले मन्त्र 'येन बद्धो...' पढेका थिए । त्यसपछि इन्द्रले नेतृत्व गरेका युद्धमा देवताहरूले दानवमाथि विजय प्राप्त गरे । त्यसैले जनैपूर्णिमाको दिनमा सर्वेश्वर/कुम्भेश्वर मन्दिरको वरिपरि र बाहिर ढुङ्गेधारामा समेत ब्राह्मणहरू बसेर डोरो बाध्ने काम गर्दछन् । संस्कृतिविद् हरिराम जोशीले पनि सर्वेश्वर/कुम्भेश्वर क्षेत्रमा गरिने जनैपूर्णिमा मेलाको उल्लेख गरेका छन् । ...भगवान् सर्वेश्वर महादेव ललितपुरको ललितारण्यस्थित कुण्डमा शीतलता प्राप्तिको अभिलाषाले आएको कुरा यहाँ ज्यादै प्रचारित लोकोख्यानबाट हामी थाहा पाउन सक्दछौं । यो कुण्ड नै वर्तमानकालको कुम्भेश्वर कुण्ड हुन् । चौधौं शताब्दी (ई.) मा उपर्युक्त ललितारण्यमा उक्त कुण्ड फेला पर्नुको साथै त्यहाँ सर्वेश्वर महादेवको शिवलिङ्गको अतिरिक्त सो ठाउँमा अन्य अनेकौं देवीदेवता मूर्तिहरू, शिवलिङ्गहरू पनि प्राप्त भएको थियो । यही थलोमा कुम्भेश्वर ऋषिको आश्रम थियो । ...कुम्भेश्वरस्थित कुण्डमा भगवान् शिवले शीतलता प्राप्तिको लागि आएर डुबुल्की मारेको विश्वास गरिन्छ । ...श्रावणशुक्ल पूर्णिमाको दिन शिवलुतीको साथै ललितपुर कुम्भेश्वरमा पनि ठूलो मेला लाग्दछ ।[३] नेपालका महत्त्वपर्ण चाडपर्वहरूबारे शोधखोज गर्ने *मेरी एण्डरसनले 'द फेस्टीवल अफ नेपाल'*मा कुम्भेश्वरको जनैपूर्णिमा जात्राको बारेमा वर्णन गर्दा एकजना भक्तको गोसाइँकुण्डमा खसेको धातुको पानीको भाँडो (कमण्डलु) कुम्भेश्वरको कुण्डमा भेट्टिएको उल्लेख गरेकी छिन् । त्यसैले जनैपूर्णिमामा रसुवाको गोसाइँकुण्ड पुग्न नसक्ने मानिसहरू पाटनको सर्वेश्वर/कुम्भेश्वरको कुण्डको जलले स्नान गर्ने र सेचन गर्ने गर्दछन् ।[४]

ब्राह्मण, पुरोहितबाट रक्षावन्धन बाधेर यज्ञोपवित धारण गरेर सम्पन्न गरिने जनैपूर्णिमाको त्यसै दिन सर्वेश्वर/कुम्भेश्वर स्थानमा भने पोखरीमा

खटमा स्थापना गरिने नागैनागले बेरिएको शिवलिङ्ग कोशको दर्शन गर्न धामी, झाँक्री र भक्तजनहरूको ठूलै घुइँचो लाग्दछ। परोपकारी शिवको चरित्र प्रशंसनीय छ। देवता र दानव दुवैले पूज्ने शिवलाई जनैपूर्णिमाको पवित्र दिन धामी, झाँक्री र ब्राह्मण दुवैले पूजा अर्पण गर्दछन्। पाटन क्षेत्रमै सर्वेश्वर मन्दिर परिसरमा सम्पन्न गरिने जनैपूर्णिमा पर्व अति नै महत्त्वपूर्ण मानिन्छ। यही दिन भिजाएको गेडागुडी उमारेर स्वादिष्ट क्वाँटी खाने र वर्षाको कामना गरेर भ्यागुतोलाई भात दिने रमाइलो काम पनि गरिन्छ। काठमाण्डौ उपत्यकामा ब्याँजा नकेगु नामले चिनिने यो चाड कृषकवर्गको लागि महत्त्वपूर्ण छ।

२. अक्षयतृतीया

वैशाख महिनाको शुक्ल पक्षको तृतीया तिथिमा दान गरिएका विभिन्न वस्तु कहिल्यै नाश नहुने (अक्षय) भएकोले यस दिनको व्रतपूजा दानको विशेष महत्त्व छ। भविष्यपुराणमा अक्षय तृतीयाको दिन जलले भरिएको गाग्री पूजा गरेर दान दिनाले शिवलोकमा स्थान सुरक्षित हुने वयान गरिएको छ। फल, सातु र सर्वत भरिएको घडा ब्रह्मा, विष्णु, महेश्वर र पितृहरूलाई सम्झी दान गरिन्छ। सर्वेश्वर मन्दिरमा पनि अक्षय तृतीया पर्व श्रद्धासँग मनाइन्छ। तामाको ठूलो भाँडामा सर्वत तयार गरेर सर्वेश्वरलाई चढाइन्छ। सर्वेश्वरलाई अर्पण गरेपछि प्रसादको रूपमा भक्तजनहरूलाई बाँडिन्छ। अक्षय तृतीयामा पनि सर्वेश्वर मन्दिरमा भक्तजनको घुइँचो लाग्दछ।

३. रुद्रीपाठ

हरेक संक्रान्ति (महिनाको पहिलो दिन) पवित्र मानिन्छ। सूर्य हरेक महिनाको पहिलो दिन एक राशिबाट अर्को राशिमा जान्छन्। बाह्रै महिनाको पहिलो दिनलाई विशेष मानेर पूजा गर्ने र मौसमअनुसारको प्रसाद खाने चलन छ। प्रत्येक महिनाको पहिलो दिन रुद्री गर्ने चलन नेपाली समाजमा व्यापक छ। सर्वेश्वर मन्दिरमा पनि हरेक महिनाको पहिलो दिन धार्मिक ग्रन्थको निर्देशनअनुसार रुद्री गरिन्छ। वैशाख महिनामा भने पूरा महिना नै रुद्री पाठ गर्ने चलन छ। मूल पूजारीबाहेक अरू ब्राह्मणहरूलाई पनि वैशाख महिनाको रुद्रीमा समावेश गर्ने चलन सर्वेश्वर मन्दिरमा छ। मन्दिरकै

व्यवस्थामा सम्पन्न गरिने रुद्रीमा भक्तजनहरूले पनि आफन्तहरूका नाममा पाठ गराउन सक्दछन् ।

४. साउनको सोमवार

शिवको पूजा व्रत गर्न वर्षको ३६५ दिन नै उपयुक्त भए पनि साउनको सोमवारलाई विशेष महत्त्वपूर्ण मानिन्छ । काठमाडौं उपत्यकाका प्रमुख शिव मन्दिरहरूमा साउनको सोमवार महिलाहरूले विशेष पूजा आराधना गरेको देखिन्छ । यस दिन एक छाक चोखो खाना खाएर शिवजीको विशेष पूजा गरिन्छ ।

सर्वेश्वर मन्दिरमा पनि साउनको सोमवार भक्तहरूको घुइँचो लाग्दछ । शिवको दैनिक पूजामा चढाइने वेलपत्र, चन्दन, अक्षता, जौ, तिल, फलफूल, पान, मसला, मिठाइ, चिनी, घिउ, मह, दूध दही, वस्त्र नै सोमवारको पूजामा पनि चढाइन्छ । भक्तहरूले पूजाभन्दा अघि गोदान र पछि पूर्णपात्रो र सिदा दान पनि गर्दछन् । विशेष कामनाले भाकल गरिएको छ भने त्यो पूर्ण गर्न कन्याकेटी पूजा गरेर दानदक्षिणा दिइन्छ ।

पहिलो पल्ट साउनको सोमवारको ब्रत लिदा पाँचवटा सोमवार परेको महिना भएमा उत्तम मानिन्छ । शिवभक्तहरूले बाह्रै महिनाको सोमवार विशेषपूजा र व्रत लिने पनि गर्दछन् । सर्वेश्वर महादेव मन्दिरमा पनि साउनको सोमवार विशेषपूजा पाठको आयोजना गरिन्छ ।

५. शिवरात्रि

महादेव शिवलिङ्गको रूपमा उत्पन्न हुनुभएको रात नै शिवरात्रि हो । पुराणहरूमा शिवरात्रिको ठूलो महिमा वर्णन गरिएको छ । लिङ्ग र स्कन्दपुराणमा पुरुष र स्त्री दुवैले शिवरात्रिको दिन ब्रत बसेर विशेषपूजा आराधना गरेमा प्राप्त हुने फलको उल्लेख छ । शिवरात्रिको दिन एकजना शिकारीले थाहै नपाईकन शिवलाई वेलपत्र चढाएको र त्यसको फल प्राप्तिले शिवलोक प्राप्त गरेको आख्यान प्रचलित छ ।

सर्वेश्वर मन्दिरमा पनि शिवरात्रिको दिन विशेषपूजा गरिन्छ । मल्लराजा सिद्धिनरसिंह मल्लले शुरु गरेको पूजा बाजा बजाएर मन्दिरभित्र ल्याइन्छ । मल्ल राजाको प्रतिनिधित्व तरवारले गरेको हुन्छ । सिद्धिनरसिंह मल्ल धार्मिक

प्रवृत्तिका राजा थिए । शिव कृष्णका विशेष भक्त भए पनि अवलोकितेश्वरलाई पनि एकै स्वरूप मान्दथे । त्यसैले होला शिवरात्रिको दिन गुठीद्वारा ल्याइएको पूजा सर्वेश्वरलाई अर्पण गरेर शिवजीको माला मछिन्द्रनाथलाई पहिराइन्छ । बाजा बजाउँदै आएका गुठीयारहरूले राजाको तरवार बोक्दै सर्वेश्वर त्यसपछि मछिन्द्रनाथ र मीननाथको दर्शन पूजा गर्दछन् । धार्मिक सहिष्णुताको यो एउटा राम्रो उदाहरण हो ।

सर्वेश्वर मन्दिरमा शिवरात्रिको दिन तीनपटकसम्म विशेषपूजा गरिन्छ । शिवरात्रिको अघिल्लो रातको बाह्र बजेभन्दा अघि र पछि शिवलिङ्गको कोश निकालेर जल चढाउँदै विधिपूर्वक पूजा शुरु गरिन्छ । पूजाका सम्पूर्ण विधि शास्त्रअनुरूप नै गरिन्छ । रातमा दुइपल्ट पूजा गरे पछि दिउँसो फेरी तेस्रो पटकको पूजा शुरु हुन्छ । सर्वेश्वर मन्दिरमा शिवरात्रिको रात जाग्राम बस्दै धुनी जगाउँदै तरकारी, हलुवा पकाएर खाने चलन पनि छ । मन्दिर वरिपरि दीप प्रज्वलन गरेपछि वातावरण नै रमाइलो हुन्छ ।

गोपाष्टमी, पञ्चबलि र वर्षबन्धनपूजा

विभिन्न प्रमुख पूजाबाहेक कार्तिक महिनाभर बत्ती बाल्ने (दीपमाला) र कार्तिकको मुखाष्टमीको विशेषपूजा सर्वेश्वर मन्दिरमा गरिन्छ । कार्तिक महिनाको कुष्माण्डा नवमीभन्दा अघिल्लो दिन गोपाष्टमीमा सर्वेश्वर महादेवको शिवलिङ्गमा बुद्धमूर्ति अङ्कित तामाको कोश राखेर पूजा गरिन्छ । बुद्ध र शिव एकै स्वरूपका हुन् भन्ने भाव यस प्रकारको पूजाबाट प्रष्ट हुन्छ ।

सर्वेश्वर मन्दिरमा गरिने विभिन्न पूजामध्ये शिवरात्रिको अघिल्लो दिन सम्पन्न गरिने वर्षवन्धन पूजा विधि एउटा हो । मन्दिरको दक्षिणपश्चिम कुनामा होम गरेर यो पूजा गरिन्छ । मन्दिर स्थापना भएको दिनको सम्झनामा यस्तो पूजा गर्ने चलन छ । वर्षवन्धन पूजा बलगामुखीदेवीको मन्दिरमा पनि गरिन्छ । वगलामुखी मन्दिरअगाडि तामाको भाँडोमा धान र चामल मिसाएर (सरुवा) पकाइन्छ र कागजमा लेखिएको भैरवको चित्र राखेर पूजा गरिन्छ । होम समाप्त भएपछि सर्वेश्वरलाई स्नान गराइन्छ र मन्दिरको पूर्वतर्फको वाटो वाजा वजाउँदै सरुवा पकाएको भाँडो बोकेर मङ्गलबजार क्षेत्र घुम्दै दोबाटोहरूमा सरुवा चढाउने गरिन्छ । सरुवा चढाएपछि भक्तजनहरू सर्वेश्वर मन्दिरकै आँगनमा फर्केर आउँछन् ।

सर्वेश्वर मन्दिर परिसरमा रहेको कीर्तिमुखभैरव झङ्केश्वरी देवी (पीठ) बगलामुखीलाई फागुन महिनामा पञ्चवलि बोका, भेंडा, हाँस, माछा र राँगो चढाइन्छ। पञ्चवलि चढाइने दिन सर्वेश्वर मन्दिरमा पनि विशेष पूजाको आयोजना गरिन्छ। पञ्चवलि चढाउन घोडेजात्राभन्दा अघि फागुन महिनाको कुनै पनि दिन साइत हेरेर जुराइन्छ।

सर्वेश्वर मन्दिर क्षेत्रमा मनाइने प्रमुख पूजा र जात्राहरूको सङ्क्षिप्त परिचय मात्रै यसमा दिइएको छ। यसको विस्तृत वर्णन विशेष पूजा र पर्वहरूको साङ्केतिक अर्थ र तुलनात्मक अध्ययन पुस्तकको दोस्रो खण्डमा गरिएको छ।

पादटिप्पणी

१. पुण्य निरौला, *पर्वमाला*, काठमाडौ, मोहन निरौला, २०५४, पृ. ६९-७०

२. चेतोनाथ शर्मा आचार्य, *हाम्रा धार्मिक चाडपर्व*, काठमाण्डौं, सनातनधर्म सेवासमिति, २०४५, पृ. ९५-९६.

३. हरिराम जोशी, *नेपालका चाडपर्व*, ललितपुर, जोशी रिसर्च इ. २०६०, पृ ८१-८२

४. Mary M Anderson, *The festivals of Nepal*, London, Rupa and Co, 1977 P. 97-98

❖❖❖

सातौं अध्याय

निष्कर्ष

ब्रह्माले रजोगुण स्वीकार गरेर सृष्टि गरे, विष्णुले सत्वगुण स्वीकार गरेर पालन गरे र महेश्वरले तमगुण स्वीकार गरेर संहारको जिम्मा लिए। सनातन (हिन्दू) धर्ममा त्रिदेवको बेग्लाबेग्लै कार्य र रूप वर्णन गरिए पनि एउटै शिवलिङ्गमा तीनैजना एकाकार स्वरूपमा छन्। त्रिदेव र शक्तिलाई एकाकार स्वरूपमा पूजा गर्ने चलन नै लिङ्ग पूजा हो, जुन व्यापक छ।

वैदिक धर्म यज्ञप्रधान थियो। वेदमा वर्णन गरिएका देवदेवीको आव्हान मन्त्रद्वारा गरिन्थ्यो। देवता, परमेश्वर, इश्वर, ब्रह्म निराकार छन् भनेर त्यही अनुरूप ऋचाहरूको रचना गरिएको थियो। निराकार ईश्वरतत्त्व, ब्रह्म सर्वसाधारणलाई बुझ्न गाह्रो भएकोले विस्तारै चिन्ह र स्वरूपको आकृति कुँदियो र त्यसैलाई मानिसले सहज रूपमा स्वीकार गरे। वेदमा रगतको भोको र मानिसको मासु खाने भनेर रुद्रको [illegible] वर्णन गरिएको छ। रुद्रलाई प्रार्थना गर्दा मानिस र जनावरलाई घाइते नबनाउन अनुरोध गरिएको छ। तर विस्तारै रुद्रको चरित्रमा परिवर्तन भयो र वैद्यको पनि वैद्य भनेर रुद्रलाई सम्बोधन गर्न थालियो। गृहसूत्रमा रुद्रलाई दिने गोरुको वलि र सुलगभा यज्ञको वर्णन गरिएको छ। शिवको विनाशकारी स्वरूप रुद्र, सर्व, उग्र, अशिवनीबाट परिवर्तन हुँदै आएर भव, पशुपति, महादेव र इशान भयो। संहारका देवताको रूपमा चिनिने रुद्र विस्तारै पशुका मालिक पशुपति र कल्याणकारी र देवताका पनि देवता महादेव भनेर सम्बोधन गरिन थाले। संहारका देवताको रूपमा सम्बोधन र पूजा गरिने शिवलाई विस्तारै सृष्टिको कारण मान्न थालियो। सृष्टि र प्रलयको एउटै विन्दुबाट उत्पत्ति भएकोले त्यही विषयवस्तु नै जलहरी र पीठिकामा स्थापना गरिएको शिवलिङ्गमा देखाइन्छ। शिवको प्रतीक लिङ्ग उर्वरता र साक्षात् ब्रह्मको स्वरूप पनि मानिन्छ।

गीतामा व्यक्त गरिएको भावबाट पनि यो अझ प्रष्ट हुन्छ। संसारको समस्त चराचर सृष्टि प्रकृतिबाट उत्पन्न हुन्छ, ती सबैको योनी अर्थात्,

उत्पन्न गर्ने माता प्रकृति हुन् र म वीज दिने शिवलङ्ग पिता हूँ अर्थात् मूल प्रकृति परमात्मा नै उनै मातापिता (योनी-लिङ्ग) रूपमा विविध वस्तुहरूको उत्पादन गर्दछन् ।

सवीयोनीषु कौन्तेय ! मूर्तयः संभवन्ति याः ।
तासां ब्रह्म महद्योनिरहं वीजप्रदः पिता ॥ ४ ॥

(गीता १४/४)

हे अर्जुन ! सम्पूर्ण मनुष्य, पशु, पक्षी, कीरा आदि योनीमा जति शरीरहरू उत्पन्न हुन्छन्, ती सबैको आमा प्रकृति, वावु म हुँ ।

निराकार, निर्विकार, व्यापक दृक् या पुरुषतत्त्वको प्रतीक नै लिङ्ग हो र अनन्त ब्रह्माण्डोत्त्पत्तिनी महाशक्ति प्रकृति नै योनी, अर्घ या जलहरी हो, पुरुषबाट मात्रै वा प्रकृतिवाट मात्रै सृष्टि हुन सक्दैन। पुरुष निर्विकार कूटस्थ र प्रकृति ज्ञानविहीन जड हुन् । त्यसैले सृष्टिको लागि दृक्-दृश्य, प्रकृति-पुरुषको सम्वन्ध अपेक्षित हुन्छ । गीतामा पनि यही कुरो विस्तृत ढङ्गले बुझाइएको छ ।

मम योनीर्महद्ब्रह्म तास्मनार्भ दधाम्यहम्
संभव ! सर्वभूतानां ततो भवति भारत

(गीता १४/३)

हे अर्जुन ! प्रकृति मेरो गर्भाधान स्थान हो, त्यसमा म चित्सत्तारूपी गर्भधारण गराउँदछु, त्यस संयोगवाट सम्पूर्ण प्रजा उत्पन्न हुन्छन् । 'शिवलिङ्गोपासना रहस्य' मा करपात्रीजी महाराजले यही कुरालाई अझ विस्तृत ढङ्गले सम्झाउनु भएको छ । प्रकृतिरूपी योनीमा प्रतिष्ठित भएर नै पुरुषरूप लिङ्गको उत्पादन गर्दछन् । योनी-लिङ्गको सम्वन्धविना कतै पनि कसैको सृष्टि नै हुँदैन । तर बुझ्नुपर्ने कुरो के छ भने मासु र छालाको लिङ्ग र योनीको विषयमा यो खुम्चिएको छैन । लिङ्ग शब्द व्यापक अर्थमा प्रयोग भएको छ । उत्पत्तिको उपादानकारण पुरुषत्वका चिन्ह नै लिङ्ग हो । दृश्य अण्डरूप ब्रह्म नै अदृश्य पुरुष-ब्रह्मको चिन्ह हो र उनै संसारका उपादान पनि हुन्, त्यसैले लिङ्ग पद वाच्य हो । गहुँ जौ आदि अन्नको जुन भागवाट टुसा निस्किन्छ त्यसलाई योनी भनिन्छ । दाना निस्कनुभन्दा पहिला जुन छत्र देखिन्छ त्यही लिङ्ग हो । ब्रह्मा या देवताहरूको संकल्पवाट उत्पन्न सृष्टिको पनि लिङ्ग र योनी सित सम्बन्ध छ । अर्थात् शिव-शक्तिलाई नै यहाँ

लिङ्ग योनी शब्दले सम्वोधन गरिएको छ। शिवपुराणमा लिङ्ग शब्दको व्युत्पत्ति गर्दै भनिएको छ–

लिङ्गमर्थ हि पुरुषं शिवं गभयतीत्यदः
शिवशक्त्याइचा चिन्हस्य मेलनं लिङ्गमुच्यत

(शिवपुराण, विद्येश्वरसंहिता)

अर्थात् शिवशक्तिको चिन्हको मिलन नै लिङ्ग हो । लिङ्गमा विश्वप्रसूतिकर्ताको अर्चना गर्नुपर्दछ । यो परमार्थ शिवतत्त्वको गमक, वोधक भएको कारणले पनि लिङ्ग भनिन्छ । माघ कृष्ण चतुर्दशी महाशिवरात्रिको दिन कोटि सूर्यको समान तेजोमय शिवलिङ्गको प्रादुर्भाव भएको हो । शिवपुराणमा लेखिएको छ एकमात्र शिव नै निर्गुण निराकार भएकोले निष्कल छन्, शेष सवै सगुण विग्रहयुक्त भएकोले सकल भनिन्छ । निष्कल भएको कारणले नै शिवको निराकार (आकार विशेषशून्य) लिङ्ग नै पूज्य हुन्छ । शिव सकल, निष्कल दुवै भएकोले उनको निराकार लिङ्ग र साकार स्वरूप दुवैको पूजा हुन्छ ।[१]

त्यसैले शिवलिङ्गको पूजाआराधनामा अचम्म मान्नु पर्दैन । विश्वको उत्पत्ति, स्थिति र संहार शिवलिङ्गबाटै हुने भएकोले पवित्र तीर्थस्थलहरूमा शिवको लिङ्ग नै स्थापना गरिन्छ । त्रिदेवको एकाकार स्वरूप र अर्धनारीश्वर दुवै शिवलिङ्गमा संयुक्त रूपमा विराजमान छन् । सादा शिवलिङ्गमा योनी र लिङ्गको एकाकार स्वरूपलाई नै दिव्यप्रकृति र परमपुरुषको रूपमा व्याख्या गरिन्छ । पञ्चमुखी शिवको मुहार पाँचौं दिशामा दर्शाउदा भने तत्पुरुष, सद्योजात, वामदेव, अघोर र ईशान पंञ्चतत्त्वको बेग्लाबेग्लै मुहार बनाइन्छ । शिवको वेग्लाबेग्लै स्वरूप दर्शाइने मुख शिवलिङ्गमा भने दक्षिणतर्फ उग्र स्वरूप भैरव र उत्तरतर्फ भने शक्ति (पार्वती)को मुहार कुँदिन्छ । त्यसैले शिव लिङ्गमै अर्धनारीश्वरको भाव भेटिन्छ । अर्धनारीश्वरको यही भावको विकसित स्वरूप नै अर्धनारीश्वर शिवपार्वती मूर्ति फलक हो जसमा एउटै मूर्तिको वायाँतर्फ (पार्वती) र दायाँतर्फ शिवस्वरूप कुँदिन्छ र यसरी वन्दना गरिन्छ ।

नीलप्रवालरुचिरं विलसन्त्रिनेत्रं
पाशारुणोत्पलकपालत्रिशूलहस्तम्
अर्धाम्विकेशमनिशं प्रतिभक्तभूषं
वालेन्द्रबद्धमुकुटं प्रणमामि रूपम्

भगवान् अर्धनारीश्वर शिवको शरीरको दाहिने भाग नीलवर्ण र वायाँ भाग प्रवाल अर्थात् मुँगाको कान्ति समान लालवर्णको छ । उहाँका तीन नेत्र सुशोभित छन् । उहाँका बायाँ हातमा पाश र लाल कमल विराजमान् छन् तथा दायाँतिरका दुइ हातमा त्रिशूल र कपाल (खोपडी)स्थित छन् । यसरी जसका अङ्गहरूमा अलगअलग आभुषण सुशोभित छन् र जसका शिरमाथि बालचन्द्र तथा मुकुट विराजमान छन् र वायाँतिर भगवती पार्वती र दायाँतिर भगवान् शिवको सम्मिलित त्यस स्वरूपलाई मेरो नमस्कार छ ।

यो धत्ते निजमाययैव भुवनाकारं विकारोज्झितो
यस्याहु : करुणाकटाक्षविभवौ स्वर्गापवर्गाभिधौ
प्रत्यग्बोधसुखाद्वयं हृदि सदा पश्यन्ति यं योगिन
स्तस्मै शैलसुताञ्चितार्धवपुषे शश्वन्नमस्तेजसे

जो निर्विकार भएर पनि आफ्नो मायाद्वारा नै विराट् विश्वको आकार धारण गर्नुहुन्छ, स्वर्ग तथा -मोक्ष जसको कृपाकटाक्षको नै वैभव हो भन्ने बताइएको छ र योगीहरू जसलाई सधैं आफ्नो हृदयभित्र अद्वितीय आत्मज्ञानानन्द स्वरूपमा नै देख्दछन् । जसको आधा शरीर शैलपुत्री पार्वतीद्वारा सुशोभित छ ती तेजोमय भगवान् शिवलाई मेरो नित्य निरन्तर नमस्कार छ ।[२]

भक्तपुरको प्रसिद्ध पाँच तले (न्यातपोल) मन्दिर सिद्धिलक्ष्मी तान्त्रिक देवीको लागि र पाटनको पाँच तले सर्वेश्वर/कुम्भेश्वर मन्दिर भने शिवलिङ्ग स्थापनाको लागि निर्माण गरिएको हो । भक्तपुरको पाँचतले मन्दिर पाँचैवटा पेटीमाथि र पाटनको सर्वेश्वर मन्दिर एक पिटीमाथि उठाएर निर्माण (ने.सं.५१२, इ.सं. १३९१) गरिएको छ । नेपाल अधिराज्यमा भएका दुइवटा मात्रै पाँचतले मन्दिर आ-आफ्नो विशिष्ट बास्तुशैलीको कारण चर्चित छन् । पाटनको सर्वेश्वर मन्दिर प्राचीनता (चौधौं शताब्दी) र उच्च काष्ठकलाका लागि प्रसिद्ध छ ।

शैव र अन्य सम्प्रदाय सौर, वैष्णव, शाक्त र बौद्धधर्मसँग सम्बन्धित मूर्तिहरू पनि मन्दिर परिसर र वरिपरि भएकोले सर्वेश्वर/कुम्भेश्वर क्षेत्रको ऐतिहासिक र साँस्कृतिक महत्त्व छ । बगलामुखी स्थानभित्र साह्रै भग्न अवस्थाका मातृकाहरूका ढुङ्गेमूर्तिहरू छन् । तेस्रो/चौथौ शताब्दीताकाका

यी मातृकाहरूको मूर्ति दर्शन गरेपछि वल्खुको मातृका, कीर्तिपुर वाघभैरव गणेशस्थानको मातृका, पशुपति जयवागेश्वरीको मातृका, टुँडालदेवीको मातृका, कमलादि गणेशस्थानका मातृका र पाटन हौगलवहालको मातृकाको सम्झना हुन्छ। अन्य स्थानका मातृकाको दाँजोमा बगलामुखीका मातृकाहरू भग्न र शिरविहीन छन्। कुनै आक्रमणको प्रभाव त हैन ?

काठमाडौं उपत्यकाको इतिहाससँगै पशुपतिको ज्योतिलिङ्गको उत्पत्ति गाँसिएको छ। तर हालको पशुपतिको शिवलिङ्ग वि. सं. १४१७ मा महामन्त्री जयसिंहराम वर्द्धनले स्थापना गरेका हुन्। बंगालका शासक शमसुद्दीनले वि. सं. १४०६ मा पिंबहाल, स्वयम्भू र पशुपतिमा आक्रमण गरेका थिए। खण्डित, टुक्रिएको शिवलिङ्ग पूजा योग्य नहुने भएकोले आक्रमणको दश वर्षपछि जवसिंहराम वर्द्धनले नयाँ शिवलिङ्ग निर्माण गरेर स्थापना गरेको वर्णन गोपालराज वंशावलीमा पाइन्छ। कुम्भेश्वर मन्दिरमा आक्रमण गरेको प्रमाण त छैन तर शिर विहीन केही मूर्तिहरू देख्दा अनुमान भने गर्न सकिन्छ। शमसुद्दीनले काठमाडौं उपत्यकामा आगो लगाउने, भत्काउने र लुटपाट गरेर हाहाकार मच्चाएका थिए। यसभन्दा अघि डोय (तिरहुते)हरूले वि. सं. १३६८ मा काठमाडौं उपत्यकामा हमला गरेर देवस्व हरण गरेका थिए। वि. सं. १५७६ मा पाल्पाका राजा मुकुन्द सेनले पनि काठमाडौं उपत्यकामा आक्रमण र लुटपाट गरेका थिए। यसरी देशभित्र र बाहिरको आक्रमणको उद्देश्य देवस्थलभित्र सुरक्षित सुन, चाँदी र पैसा लुट्नु देखिन्छ। आक्रमणकै क्रममा विधर्मीहरूले भने मूर्ति फुटाउने, मन्दिर भत्काउने र ज्यादै दुःख दिने गरेका थिए। त्यसैले बगलामुखीका देवीहरूको मूर्ति पनि कतै आक्रमणको मारमा त परेको हैन ?

पाटनको सर्वेश्वर/कुम्भेश्वर मन्दिरको निर्माण भने जयस्थितिमल्लको शासनकालमा महाजन जयभीमले गराएका थिए। जयस्थिति मल्लको शैवधर्मप्रति विशेष श्रद्धा थियो। कुम्भेश्वर परिसरमा लिच्छविकालीन अभिलेख प्राप्त भएबाट कुम्भेश्वर मन्दिर लिच्छविकालमा बनेर मल्लकालमा जीर्णोद्धार मात्रै गरिएको त हैन ? भन्ने शंका पनि उठ्छ तर यथेष्ट प्रमाणबिना प्रमाणित गर्न सकिँदैन। सर्वेश्वर/कुम्भेश्वर मन्दिरको पेटीमा अवस्थित लिच्छविकालीन (लिपि अंशुवर्माको ताकाको) अभिलेख– "कल्याण होस्। ...कारण भएका भगवानको प्रतिष्ठाले ठूलो पुण्य हुन्छ भनी सम्झेर तीनै लोकका गुरु भएका

भगवान्को प्रतिष्ठा गरियो ।" भनिएको छ । भगवान् प्रतिष्ठा गरेको कुरा प्रष्टसँग बताइएकोले त्यस क्षेत्रको धार्मिक महत्त्व लिच्छविकालदेखि नै भएको अनुमान गर्न सकिन्छ तर पाँचतले मन्दिर र शिवलिङ्गका स्थापनावारे भने भन्न गाह्रो छ । ने. सं ५५९ र ५७१ को शिलालेखवाट कुम्भेश्वर पूजारीले महालक्ष्मीको मूर्ति स्थापना गरेको देखिन्छ । हाल मूर्तिको अभिलेख भएको भाग मात्रै प्राप्त छ । पाटनका राजा श्रीनिवास मल्लको ने. सं. ७९३ को कुम्भेश्वर वहालको शिलालेखमा 'श्री मत् श्री श्री सर्भेश्वर' भनेर सम्वोधन गरिएको छ । त्यस्तै ने. सं ८२१ को योगनरेन्द्र मल्लको अभिलेखमा पनि 'ॐ नमः सर्व्वेश्वराय' भनेर शिलालेख शुरु गरिएको छ ।

लिङ्गपूजा धेरै नै पुरानो प्रचलन हो । ऋग्वेदमा शीश्नदेवताको प्रसङ्ग आउँछ जसलाई लिङ्गपूजा भनेर मानिएको छ । हुन त लिङ्गपूजाको प्रष्ट उल्लेख ऋग्वेदमा छैन तर पनि अधिकांश विद्वान्हरूले शिश्नदेवलाई पूजा गर्ने समूहको चर्चा गरेका छन् । वैदिक समाजमै एउटा वर्ग लिङ्गपूजा गर्दथे जसलाई आर्यहरूले आफ्‌भन्दा फरक र आफ्नो शत्रुको रूपमा हेर्दथे । आर्यहरूले आफ्ना पवित्र कर्मकाण्डमा बाधा पुऱ्याउने असभ्य जङ्गली जमातको रूपमा लिङ्ग पूज्नेहरूका वर्णन गरेका छन् । तर विस्तारै ऋग्वेदको समयपछि लिङ्गपूजा व्यापक भयो । भारतवर्ष मात्रै हैन विश्वको प्राचीन सभ्यतामा उर्वरताको लागि लिङ्गपूजा गरिने तथ्यवारे ईश्वर चन्द्रत्यागीले *'सेक्सिजम इन एन्सियन्ट इण्डिया'* नामक पुस्तकमा प्रष्ट पारेका छन् । वैदिक आर्यहरूका जंगली शत्रुले मात्रै लिङ्गपूजा गर्दथे भन्ने भनाइसँग सहमत हुन सकिँदैन । प्राचीन सभ्यताका जन्मदाता मानिने द्राविडियनहरूले पनि लिङ्गपूजा अङ्गालेका थिए । ऋग्वेदमा सम्मानको दृष्टिले नहेरिने शिश्न (लिङ्ग) पूजा समयसँगै व्यापक र सम्मानीय हुँदै गयो । मैत्रयानीसंहिता र शतपथब्राह्मणमा लिङ्ग स्थापना र पूजाको विधान समेत बताइएको छ । अथर्ववेदमा आएको शब्द 'स्कम्भ'ले (स्तम्भ) पौराणिक कथा ज्योतिर्मय लिङ्गको उत्पत्ति जनाउँछ । ब्रह्मा र लिङ्गको आदि र अन्त्य पत्ता लगाउन नसकेको वर्णन गर्दै शिव र उनको लिङ्गपूजाको महत्ता पुराणहरूमा बढ्दै गएको देखिन्छ । श्वेताश्वर उपनिषदमै रुद्रलाई योनीहरूको मालिक भेनर सम्बोधन गरिएबाट शिवलिङ्गको व्यापकता बुझ्न सकिन्छ । पाटनको पाँचतले मन्दिरको गर्भगृहको बीचमा स्थापना गरिएका शिवलिङ्ग (सादा ढुङ्गा) र धातुको मुख भएको कोशलाई सर्वेश्वर महादेव भनेर सम्वोधन

गरिन्छ। गर्भगृहकै उत्तरपूर्व कुनामा स्थापना गरिएको सानो शिवलिङ्गलाई कुम्भेश्वर भनिन्छ। किम्बदन्तीअनुसार अगस्त्यऋषीको अराधनाले कलश (कुम्भ)बाट उत्पन्न भएका शिवलिङ्ग नै कुम्भेश्वर हुन्। यसरी यो मन्दिरको मूल लिङ्ग सर्वेश्वर हुन् तर यो मन्दिर कुम्भेश्वरको नामले प्रसिद्ध छन्। ऋषि अगस्त्यको सल्लाहअनुरूप रामले आफ्नो ब्रह्मह्त्या (रावण वध) पखाल्न सर्वेश्वर लिङ्गकै उत्तरतर्फ वाण प्रहार गरेर कोटी तीर्थस्थलको जल निकाल्नु भएको थियो। हाल गोसाइँकुण्ड (गौरीकुण्ड) भनेर यो स्थल प्रसिद्ध छ र जलसेचन गर्न र जनैपूर्णिमामा स्नान गर्ने, मेला भर्ने भक्तजनको घुइँचो लाग्दछ।

दशमहाविद्याको थलोको रूपमा पाटन चिनिन्छ। आठै दिशामा दशमहाविद्याहरू व्याप्त छन्। स्व. दिल्लीबहादुर श्रेष्ठजी (ल.पु. छायवहाल) को संकलन भएको पाण्डुलिपिवाट यो प्रष्ट हुन्छ। सर्वेश्वर महादेव मन्दिरको दक्षिणतर्फ बगलामुखीको प्रसिद्ध मन्दिर छ। शिवको शक्तिको रूपमा बगलामुखी दक्षिणतर्फ स्थापना गरिएको छ। कुनै पनि रोकिएको काम सफलतापूर्वक गर्न, नयाँ काम सुरु गर्न र जीवनको हरेक मोडमा सफलता प्राप्त गर्न बगलामुखीको पूजा, जप र व्रत बस्ने चलन छ। विहीबार यी देवीको विशेष पूजा गरिन्छ। बगला गायत्री जप गरेर देवीबाट सिद्धि प्राप्त गर्ने विश्वास गरिन्छ।

स्थिरमायां सुमुच्चार्य बगलपदतो मुखी
विध्नहे दुष्ट पदताः स्तम्भनीपदमुच्चरेत्
धीमहीति पदस्यन्ते तन्नोदेवी प्रचोदयात्॥

सर्भेश्वर मन्दिरको उत्तरतर्फ अवस्थित गोसइँकुण्ड (गौरीकुण्ड) र ठूलो पोखरीमा जनैपूर्णे र अघिल्लो दिन ठूलो मेला लाग्दछ। साउन महिनाको पूर्णिमामा (ऋषितर्पणि) रसुवा जिल्लाको गोसाइँकुण्ड र पाटनको सर्वेश्वर मन्दिर/कुम्भेश्वरमा ठूलो मेला लाग्दछ। सर्वसाधारण मानिस र धामी झाँक्री दुवैले ऋषितर्पणि (जनै पूर्णिमा) मा मेला भर्न रसुवा र पाटनको साथसाथै सङ्खुवासभाको सभापोखरी, भोजपुरको साल्मापोखरी, ओखलढुङ्गाको ककनी, सिन्धुपाल्चोकको पाँचपोखरी, गोर्खाको ठूलो र सानो दूधपोखरी, मुगुको ऋणमोक्ष दह, हुम्लाको वाडपालो मन्दिर, कालीकोटको गरुड वाहिनी आदि ठाउँमा पनि जान्छन्।

सर्वेश्वर महादेव मन्दिर परिसरभित्रको ठूलो पोखरीमा खटमाथि नागले बेरेको शिवलिङ्गको खोल (कोश) राखिन्छ। पूर्णिमाको अघिल्लो दिनको आधा रातदेखि नै दर्शन गर्नको लागि घुइँचो लाग्दछ। समुद्रमन्थन गरेपछि निस्किएको विष पिएर छट्पछिएका शिव कुम्भेश्वरको कुण्ड र गोसाइँकुण्डमा सुतेका थिए। त्यही घटनाको सम्झना सर्वेश्वर/कुम्भेश्वरको जनै पूर्णेको मेलाले सम्झाउछ। धामी, झाँक्री परम्परा नेपाली समाजमा परापूर्वकालदेखि नै थियो। आज पनि हिमालदेखि तराइसम्म वसोवास गर्ने नेपालीहरू भूत, प्रेतमा कुनै न कुनै रूपले विश्वास गर्दछन्। त्यसैले धामी झाँक्रीले विभिन्न मन्त्रद्वारा झारफुक गर्ने प्रचलन अहिले पनि छ। धामी झाँक्रीले पूजने, मन्त्र जप्ने देवतामा शिव प्रमुख हुन्। त्यसैले कुम्भेश्वरमा जनैपूर्णेको दिनमा धामी, झाँक्रीको जमघटको एउटा बेग्लै स्थान छ।

शिवलिङ्गमा सहस्रजलधारा अहोरात्र चढाउनु पर्दछ। शिव अग्नि तत्त्वको प्रतीक भएकोले पानी परिराख्दा विश्वको सृष्टि र संहार कार्यमा सन्तुलन हुने विश्वास गरिन्छ। धतुरोको फलफूल र वेलपत्र शिवलाई मन पर्दछ। मालती, चमेली, कुन्द, जुही, केतकीको फूल शिवजीलाई चढ्दैन। शिवजीको पूजा गर्दा त्रिपुण्ड र रुद्राक्ष शरीरमा धारण गर्नुपर्दछ। शैवग्रन्थहरूमा हराक्ष, शिवप्रिय, अमर र पुष्पचामर आदि नामले रुद्राक्षलाई सम्वोधन गरिएको छ। शरीरमा रुद्राक्षमाला र त्रिपुण्ड धारण नगरी पूजा गरेमा फल प्राप्त नहुने वर्णन शैव ग्रन्थहरूमा छ।

विना भीमत्रिपुण्डेणा विना रुद्राक्षमलया
पूजितो ऽपि महादेव नस्यातस्य फलप्रदः ॥

देवता र दानव दुवै शिवभक्त छन्। शिवभक्त रामले लङ्का पुग्न समुद्रमा पुल बनाउँदा रामको ईश्वर रामेश्वर शिवलिङ्ग स्थापना गरेका थिए। यिनै रामको ब्राह्मण भोजनमा एकपल्ट शिव पुगेर भोजन गरे। राम-सीताको आतिथ्य सत्कारबाट प्रसन्न भएर शिवले पुरुषोत्तमलाई केही माग्न अनुरोध गरे। रामले हाँसेर महाराज, हजुर विष पान गर्नुहुन्छ, आभूषणको नाममा सर्प लगाउनु हुन्छ, हात्तीको छालाको वस्त्र लगाउनु हुन्छ, तपाईंको वाहन बूढो गोरु छन्, भूत, प्रेत, पिशाच तपाईंका सेवक छन्। हामीलाई तपाईंका कुनै पनि वस्तु उपयोगी छैनन्। त्यसैले चरणकमलको भक्ति नै प्रदान गर्नुस्। रामको यस्तो वचन सुनेपछि शिवले

फेरी भन्न लाग्नु भयो तैपनि अरू केहि माग रामले आफ्नो सभामा शिवले कथा सुनाउनु पर्ने प्रस्ताव राखे । शिवले प्रस्ताव स्वीकार गरे । रामको सभामा लामो समयसम्म कथावाचकको रूपमा शिव रहे ।

अशनं गरलं फणी कलापो
वसनं चर्म च वाहनं महोक्षः ।
